# पठन सिप विकास तालिम स्रोत सामग्री

# प्रारम्भिक कक्षा १–३

नेपाल सरकार

शिक्षा मन्त्रालय

**शैक्षिक जनशक्ति विकास केन्द्र**

सानोठिमी, भक्तपुर

**प्रकाशक**

नेपाल सरकार
शिक्षा मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

© : प्रकाशकमा

प्रथम संस्करण - वि.सं. २०७४

## सल्लाहकार

देवकुमारी गुरागाईं
खगेन्द्रप्रसाद नेपाल
शिवकुमार सापकोटा
डा. वेन्डी रेलेङ्गिता

## लेखक

विष्णुप्रसाद अधिकारी
पुण्यप्रसाद घिमिरे
नेत्रप्रसाद दाहाल
ढुण्डीराज अर्याल
शङ्कर अधिकारी
हरिप्रसाद निरौला
स्मिता नेपाल
नवीनकुमार खड्का
पुरुषोत्तम घिमिरे
राजु विश्वकर्मा
तेजबहादुर थापा
कुछ्रतनारायण चौधरी
योगेन्द्रबहादुर कुरुम्बाङ

## विषयवस्तु सम्पादन

पुण्यप्रसाद घिमिरे
नेत्रप्रसाद दाहाल
स्मिता नेपाल

## भाषा सम्पादन

देवकुमारी गुरागाईं
रजनी धिमाल
योगेन्द्रबहादुर कुरुम्बाङ

## ो भनाइ

विद्यालय शिक्षाको गुणस्तर बढाउन शिक्षकहरूको पेसागत दक्षतामा अभिवृद्धि हुनु आवश्यक छ । शिक्षकको पेसागत विकासका लागि प्रचलित विभिन्न माध्यमहरूमध्ये शिक्षक तालिम एक महत्त्वपूर्ण उपाय भएको कुरामा दुई मत हुन सक्दैन । शिक्षक तालिमबाट प्राप्त ज्ञान र सिपको कक्षाकोठामा उचित प्रयोग हुन सकेको खण्डमा शिक्षण सिकाइ प्रभावकारी हुन्छ । प्रभावकारी शिक्षण सिकाइबाट नै गुणस्तरीय शिक्षाको अपेक्षा गर्न सकिन्छ ।

आधारभूत तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने उद्देश्यले नेपाल सरकार, शिक्षा मन्त्रालयलेकक्षा १, २ र ३ लाई लक्षित गरी राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ प्रवर्धन कार्यक्रम सञ्चालनमा ल्याएको छ । पाठ्यक्रममा आवश्यक समायोजन तथा शैक्षणिक सामग्री विकास सँगसँगै यस कार्यक्रमको एउटा महत्त्वपूर्ण पक्ष शिक्षकको पेसागत विकास पनि हो । तसर्थआधारभूत तहमा मूलत: नेपाली भाषा विषय अध्यापनरत शिक्षकहरूका लागि प्रारम्भिक तहमा पढाइ सिप विकासका अतिरिक्त एकीकृत पेसागत विकासका विषयवस्तुलाई समेटेर शिक्षक पेसागत विकास प्रारूप, २०७२ अनुरूपको ढाँचामा पन्ध्र दिनेसक्षमतामा आधारित शिक्षक तालिम पाठ्यक्रम विकास गरिएको छ । उक्त तालिम पाठ्यक्रम बमोजिमका विषयवस्तु समेटेर प्रशिक्षक एवम् शिक्षक दुवैका लागि उपयोगी हुने गरी यो तालिम सामग्री  विकास गरिएको हो ।

पाठ्यक्रम विकास केन्द्रद्वारा कक्षा १, २ र ३ को नेपाली विषयको परिमार्जित सिकाइ उपलब्धि र विकसित शिक्षक निर्देशिका तथा अभ्यास पुस्तिकालगायत अन्य शैक्षणिक एवम् सन्दर्भ सामग्रीसँगको आबद्धतालाई मुख्य आधार मानी यो सामग्री विकास भएको छ । यस तालिम सामग्रीमा नमुना र अभ्यासलाई जोड दिँदै क्रियाकलापमुखी र सान्दर्भिक बनाउने प्रयास गरिएको छ । प्रशिक्षक निर्देशनमार्फत तालिम सञ्चालनका क्रममा गराइने क्रियाकलापहरूलाई बढी सहभागी केन्द्रीत गराउने प्रयास भएको छ । शिक्षक तालिमका क्रममा प्रदर्शन, छलफल, अभ्यास, सामग्रीको प्रयोग आदि जस्ता क्रियाकलापमा सबै सहभागीहरूको समान, सक्रिय र उच्च सहभागिता कायम गराई अपेक्षित ज्ञान, सिप र अभिवृत्तिको विकास गराउन प्रस्तुत तालिम सामग्रीले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

प्रस्तुत तालिम सामग्री तयार पार्नका लागि विभिन्न क्षेत्रबाट आवश्यक सल्लाह र सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरू, लेखक तथा सहयोगी संस्था EGRPप्रति आभार व्यक्त गर्दै रचनात्मक सुझाव र सल्लाहका लागि केन्द्र सदैव हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छ ।

वि.सं. २०७४, वैशाख

शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

# विषयसूची


| | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| एकाइ १ : | प्रारम्भिक कक्षा पढाइको अवधारणा तथा सिद्धान्त | १ |
| एकाइ २: | प्रारम्भिक कक्षा पढाइ पाठ्यक्रम | १० |
| एकाइ ३ : | शिक्षण विधिहरू | २१ |
| एकाइ ४ : | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | ३२ |
| एकाइ ५ : | शैक्षणिक सामग्री | ३९ |
| एकाइ ६ : | पढाइका तत्त्वहरू | ४८ |
| एकाइ ७ : | अन्य विषयसँग पढाइ सिपको अन्तरसम्बन्ध | ११५ |
| एकाइ ८ : | कक्षाकोठा व्यवस्थापन | १२५ |
| एकाइ ९: | मूल्याङ्कन तथा उपचारात्मक शिक्षण | १५८ |
| एकाइ १०: | बालबालिकाको सिकाइ सुधारका लागि अभिभावक तथा समुदायसँगको सहकार्य | १७५ |
| एकाइ ११: | परियोजना कार्य | १८६ |

# एकाइ १

# प्रारम्भिक कक्षा पढाइको अवधारणा तथा सिद्धान्त

**अपेक्षित सक्षमता**

- पढाइको अवधारणा तथा महत्त्व आत्मसातीकरण
- प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको अवधारणा, सन्दर्भ एवम् नीति तथा कार्यक्रम सिँहावलोकन
- राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका अवयवहरूको समीक्षा

## १.१ पढाइको अवधारणा तथा सिद्धान्त

अर्थपूर्ण तरिकाले कुनै सङ्केतलाई विसङ्केतन गर्ने संज्ञानात्मक प्रक्रिया नै पढाइ हो । अर्थात् दिइएको विषयवस्तुलाई अर्थबोध हुनेगरी पढ्ने क्रिया वा प्रक्रिया नै पढाइ हो । पाठकको पूर्वज्ञान, अनुभव, प्रवृत्ति, सामाजिक तथा सांस्कृतिक स्तरले पढाइमा प्रभाव पार्छ । पठन सिप विकासका लागि निरन्तर अभ्यास, पढ्ने सिपविकास र शुद्धीकरणको आवश्यकता पर्दछ । पढ्दा पाठकले कतिपय शब्दलाई आकृतिको रूपमा र कतिपय शब्दलाई भावको रूपमा बुझ्दछ । अर्थपूर्ण तरिकाले उपयुक्त गतिमा पढाइ सिपको विकास भएको विद्यार्थीले भविष्यमा राम्रो सिकाइ उपलब्धि हासिल गर्ने हुनाले प्रारम्भिक कक्षामा पढाइ सिपको महत्त्व छ । यस तहमा नै पढाइ सिप कमजोर भएमा अन्य सबै विषयहरूमा सिकाइ कमजोर हुन्छ । किनकि पढाइ नै सबै सिकाइको पूर्वाधार हो ।

प्रारम्भिक तहमा पठन सिपविकास गर्न केही आधारभूत सिद्धान्तहरू प्रतिपादन गरिएका छन् । विद्यार्थीले आफ्नो पहिलो भाषामा पढ्न पाएमा उनीहरूमा पढाइ सिपको राम्रो विकास हुन्छ । पहिलो भाषामा आधारभूत दक्षता हासिल नगरेसम्म अपरिचित (दोस्रो भाषालाई शिक्षणको माध्यम भाषाको रूपमा प्रयोग गर्न सकिँदैन । यसरी भाषिक सिपको विकास गर्न पढाइ सिपर अर्थ दुवैलाई सन्तुलित रूपमा जोड दिन जरुरी हुन्छ । भाषा सिकाइको प्रारम्भमा ध्वनि सचेतीकरण, ध्वनि र सङ्केतको अन्तरसम्बन्धलाई जोड दिनुपर्छ । प्रारम्भिक कक्षामा पढाइ सिपविकास गर्दै शिक्षण गर्ने क्रममा सुरुमा पढ्नका लागि सिकाइ (Learning to Read) र त्यसपछि सिक्नका लागि पढाइ (Reading to Learn) भन्ने अवधारणाअनुरूप पढाइका आधारभूत तत्त्वहरू ध्वनि सचेतीकरण, लेख्य वर्ण सचेतीकरण, पठन प्रवाह, शब्दभण्डार र बोधको सन्तुलित संयोजनको सिद्धान्त अवलम्बन गरिएको छ ।

छापामा आधारित जानकारीलाई राम्रोसँग बुझेर व्याख्या गर्न सक्नु नै पढाइ हो । लेख्य चिह्नहरूलाई देखेर, पढेर, बुझेर त्यसको अर्थ थाहा पाउनु नै पढाइ हो । जब हामी हाम्रा आँखा प्रयोग गरेर देखिएका चिह्नहरू दिमाग प्रयोग गरेर शब्दमा र ती शब्दहरूलाई वाक्यमा बदल्छौँ, त्यसले हामीलाई केही सञ्चार दिन्छ । पढाइ जानकारी लिने सिपभएकाले विषयवस्तुको ज्ञान र धारणा दिएर बोल्नका लागि ठुलो सहयोग पुऱ्याउँदछ । यसरी हेर्दा पढाइ ज्ञान लिने र दिने दुवै सिपपनि हो ।

## १.२ पढाइ सम्बन्धी विश्वव्यापी सिद्धान्तहरू

पढाइ सिप विकासका निम्न प्रकारका आफ्नै विशेषता तथा सिद्धान्तहरू छन् :

१. पढाइ सिप विकास, विषयवस्तु बोध र पठन प्रवाह विकासका लागि बालबालिकाको पहिलो

भाषा/मातृभाषामा सिकाइ सहजीकरण सम्बद्ध क्रियाकलाप सञ्चालन गर्दा सिकाइ सजिलो र छिटो हुन्छ ।

२. भाषिक सिपका आधारभूत पक्षहरूको विकास अपरिचित भाषाबाट असजिलो र कठिन हुन्छ ।

३. २ देखि ३ वर्षपछि पहिलो भाषाका सिप अन्य भाषामा स्थानान्तरण गर्न सजिलो हुन्छ ।

४. भयरहित तथा बालमैत्री तरिकाबाट सिकाइ सहजीकरण सम्बद्ध क्रियाकलाप सञ्चालन गरिएमा बालबालिकाहरूले प्रारम्भिक तहमानै पहिलो, दोस्रो र अन्य भाषा एकैसाथ पनि सिक्न सक्छन् ।

५. कम्तीमा ५ वर्षदेखि ८ वर्षसम्म मातृभाषाको माध्यमबाट शिक्षा दिनु उपयुक्त हुन्छ ।

६. एकदेखि दुई वर्षको पूर्वप्राथमिक शिक्षाले सामान्यतया कथ्य/मौखिक भाषा विकासमा सहयोग गर्दछ ।

७. प्रारम्भिक कक्षाको पढाइलाई विषयकै रूपमा स्थापना गर्न सके पछिल्ला कक्षामा सिकाइ उपलब्धि हासिल गर्ने दरमा वृद्धि हुन सहयोग पुग्छ ।

### १.३ राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कक्षा कार्यक्रमको सन्दर्भ तथा आवश्यकता

नेपालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापनापछिका सरकारी योजना तथा नीतिमा शिक्षाले उच्च प्राथमिकता पाउँदै आएको छ । नेपालमा आभारभूत तथा प्राथमिक शिक्षा परियोजना (BPEP), प्राथमिक शिक्षा परियोजना (PEP), प्राथमिक शिक्षा विकास परियोजना (PEDP), माध्यमिक शिक्षा विकास परियोजना (SEDP), शिक्षाका लागि खाद्य कार्यक्रम(FFEP), शिक्षक शिक्षा विकास परियोजना ( TEP), माध्यमिक शिक्षा सहयोग कार्यक्रम(SESP) जस्ता विभिन्न शैक्षिक परियोजनाहरू कार्यान्वयन गरिए । यी परियोजनाका अनुभवबाट सबैका लागि शिक्षा (EFA), विद्यालय क्षेत्र सुधार योजना (SSRP) लगायतका कार्यक्रम कार्यान्वयन हुँदा समग्रमा विद्यालय शिक्षामा गुणस्तर, पहुँच, समता र संस्थागत क्षमता विकासमा विशेष जोड दिएको थियो । यस्ता कार्यक्रमले शिक्षामा पहुँच, समता, गुणस्तर तथा संस्थागत क्षमता अभिवृद्धिमा जोड दिएर विभिन्न कार्यक्रम सञ्चालन भएकाले नेपालमा शैक्षिक पहुँच र समताका क्षेत्रमा उल्लेख्य सफलताहासिल हुँदै आएको देखिए तापनि गुणस्तर र सिकाइमा नेपाल अझै पनि पछाडि रहेको देखिएको छ । यसरी गुणस्तर र सिकाइमा अपेक्षित रूपमा सुधार नहुनुका विविध कारणमध्ये हाम्रा विद्यार्थीमा पढ्ने र बोध गर्ने क्षमता कमजोर हुनु पनि एउटा कारणका रूपमा देखिएको छ । आधारभूत विद्यालय तहको शैक्षिक गुणस्तरमा सन्तोषजनक प्रगति नहुनुका विभिन्न कारणमध्ये प्रारम्भिक कक्षाका विद्यार्थीहरूको पढाइ सिपतथा पढ्ने बानीको अपेक्षितरूपमा विकास नहुनु पनि एउटा मुख्य कारण भएको तथ्य विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययनहरूले देखाएका छन् ।

विभिन्न अध्ययन अनुसन्धानले पढाइको सम्बन्ध बोध र अभिव्यक्ति क्षमतासँग हुने भएकाले सिकाइलाई प्रभावकारी बनाउन पढाइ सिप विकास शिक्षणको आधारभूत आवश्यकता भएको कुरा दर्शाएका छन् । यसै कुरालाई दृष्टिगत गर्दै पढाइ क्षमता सुधारलाई सन् २०१५ पश्चात्का शैक्षिक कार्यक्रममा गुणस्तर सुधारको सोच अगाडि आएको छ। नेपालका सम्पूर्ण बालबालिकाको पढाइसम्बन्धी आधारभूत सिप विकास सुनिश्चित गर्न नेपाल सरकारले पनि प्रतिबद्धता व्यक्त गरेको छ । यसै परिप्रेक्ष्यमा नेपालले पनि प्रारम्भिक कक्षामा

पठन सिपसुधार केन्द्रित गरी राष्ट्रिय प्ररम्भिक कक्षा पठन सिप विकास कार्यक्रम अगाडि सारेको छ ।

**१.३.१ कार्यक्रमको आवश्यकता तथा महत्त्व**

पठन र बोध क्षमता कमजोर हुँदा समग्र सिकाइ नै कमजोर हुने भएकाले सिकाइलाई प्रभावकारी बनाउन पढाइ सिप विकासलाई आधारभूत र अनिवार्य ठानिन्छ । शैक्षिक दृष्टिले बोध र अभिव्यक्ति क्षमता विकासको पहिलो चरण पढाइ हो । अर्थात् पढाइको मुख्य उद्देश्य भनेकै बोध र अभिव्यक्ति क्षमताको विकास गर्नु हो । विद्यार्थीको संज्ञानात्मक क्षमता एवम् शब्दभण्डारको वृद्धि गर्दै स्वाध्ययनको बानी निर्माण र बौद्धिक क्षमताको विकास गर्न पनि पढाइ सिप आवश्यक हुन्छ । त्यस्तै बुझेर पढ्न तथा पढेर बुझ्नका लागि पढाइ सिपअनिवार्य मानिन्छ । यो भाषा विषयमा मात्र नभई अन्य विषयमा पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ । समग्र सिक्ने तरिका र सिकाइमा सुधार गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न पढाइ सिप विकास अनिवार्य मानिएको छ ।

पढाइ भनेको स्पष्ट बुझ्ने गरी सहज गतिका साथ पढ्ने क्षमता हो । यस सन्दर्भमा पढाइ सिपले अभिव्यक्ति वा लेखाइ सिपसमेतलाई बुझाउँछ । गहिरिएर पढ्ने, पढेका कुरा राम्ररी बुझ्ने, बुझेका कुरालाई मौखिक र लिखित अभिव्यक्तिमार्फत अरू समक्ष पुऱ्याउनका लागि पढाइ सिपको समुचित विकास हुनुपर्दछ । पढ्नुको अर्थ सैद्धान्तिक ज्ञानमात्र नभई व्यावहारिक ज्ञान तथा प्रयोग गर्नु पनि हो । पठित सामग्रीको भाव चाँडो बुझेर ग्रहण गर्न, विविध सन्दर्भ एवम् अभिप्राय बुझेर प्रयोगमा ल्याउन, स्वाध्ययनमा रुचि जगाउन, समीक्षात्मक क्षमता विकास गर्न र सिर्जनात्मक क्षमता बढाउन पढाइ सिपको समुचित विकास गरी त्यसको प्रयोग गर्न जरुरी मानिन्छ । यसले सम्बन्धित भाषाको शिक्षणमा मात्र नभई सबै विषय पढ्ने र बुझ्ने कार्यमा प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउँछ । त्यसैले तल्लो तहबाट नै बुझेर पढ्ने र पढेर बुझ्ने, सिक्ने क्षमता विकास गराउन प्रारम्भिक कक्षाबाट यसको अभ्यास जरुरी भएको हो ।

**१.३.२ नेपालमा पठन सिपसम्बन्धी वर्तमान अवस्था**

हाम्रो देशमा प्रारम्भिक कक्षाको राष्ट्रिय रूपमा उपलब्धि परीक्षण सन् १९९० मा कक्षा ३ र ५ मा गरिएको पाइन्छ । त्यसपछि सन् २००९ देखि विभिन्न गैर सरकारी संस्थाहरूले आआफ्नै ढङ्गले विभिन्न जिल्लामा प्रारम्भिक कक्षामा पठन सिपपरीक्षण गर्दै आएको पाइन्छ । सन् २०१४-२०१९ का लागि पञ्चवर्षीय कार्यक्रमको रूपमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रम स्वीकृत भई लागू भएको छ ।

केही अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नेपालमा पढाइ सिप विकासको अवस्था बारेमा गरेको अध्ययनले निम्न कुरा औँल्याएको पाइन्छ :

- कक्षा २ का ४३ प्रतिशत विद्यार्थीले मात्र सबै अक्षरहरू शुद्धसँग पढ्न सक्छन् (Room to Read-2009)।
- अल्प विकसित देशको गरिबी प्रारम्भिक कक्षामा रहेको कमजोर पठन क्षमतासँग सम्बन्धित रहेको तथ्य विभिन्न अध्ययन अनुसन्धानले देखाएका छन् । कमजोर पठन क्षमताका कारण विद्यार्थीलाई विद्यालय जान मन नपर्ने, विद्यालय छाड्ने, कक्षामा असफल भई कक्षा दोहोऱ्याउने जस्ता समस्या सिर्जना हुन्छन् । पढ्ने र पढेका कुरा बुझ्ने जस्ता पढाइका आधारभूत सिपवा क्षमताको अभावमा पुस्तानुपुस्ता चलिरहेको गरिबीको दुष्चक्रबाट उम्कन नसक्ने कुरा आरटिआई -२००९ को प्रतिवेदनले

देखाएको छ । सो अध्ययनले अर्को कुरा के पनि देखाएको छ भने बालबालिकालाई पढाइ सुरु गर्न विभिन्न सिप र अनुभव आवश्यक पर्छ । जुन बालबालिकामा साक्षरता सम्बन्धी पूर्वज्ञान राम्रो छ ती बालबालिका तिनीहरूका दौँतरी माफ पढाइ सम्बन्धी कुरामा अग्र पङ्क्तिमा हुन्छन् । यिनै तथ्यका आधारमा पठन सिप विकास तथा प्रवर्धनका लागि प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको आवश्यकता ठानिएको हो ।

- राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको प्राविधिक कार्य समूहले सन् २०१३ मा काठमाडौँ, काभ्रेपलाञ्चोक र चितवन जिल्लाका केही विद्यार्थीहरूको पढाइ क्षमताको परीक्षण गरेको थियो । उक्त परीक्षणको सङ्क्षिप्त परिणाम देहायअनुसार रहेको छ :

कक्षा २ र ३ को मौखिक पठनगति र पठन बोध नतिजा :

| पढाइ सिप | कक्षा २ | | कक्षा ३ | |
|---|---|---|---|---|
| | औसत प्रतिशत | शून्याङ्क प्रतिशत | औसत प्रतिशत | शून्याङ्क प्रतिशत |
| अक्षर ध्वनि पढाइ ज्ञान (सही अक्षर प्रतिमिनेट) | २८.६ | ८ | ३९.९ | ४ |
| मात्रा पढाइ (सही मात्रा प्रतिमिनेट ) | १५.८ | ३१ | २७.९ | १६ |
| निरर्थक शब्द पढाइ (सही शब्द प्रतिमिनेट) | ६.६ | ३४ | ११.७ | १९ |
| मौखिक पठन गति (**सही शब्द पाठको प्रतिमिनेट**) | १४.२ | ३७ | २७.२ | १९ |

**कक्षा २ र ३ को पठन प्रवाह परीक्षण नतिजा**

| परीक्षण गरिएका सिप | कक्षा २ को सुरुमा | कक्षा ३ को सुरुमा |
|---|---|---|
| दिइएका ६० अक्षरमध्ये प्रतिमिनेट शुद्धसँग पढेका अक्षरको सङ्ख्या | ३४.६ | ४९.४ |
| दिइएका ६० मध्ये प्रतिमिनेट शुद्धसँग पढेका शब्दको सङ्ख्या | १८.८ | ३५.१ |
| दिइएका ५० परिचित शब्दमध्ये प्रतिमिनेट शुद्धसँग पढेका शब्द सङ्ख्या | १३.३ | २०.२ |
| दिइएका ६० शब्दमध्ये मौखिक पढाइको गति प्रति मिनेट | १२.७ | २३.३ |

यसरी यी अध्ययन अनुसन्धानहरूले पढाइ सिपकमजोर भएको देखाउँछन् । प्रारम्भिक तहमा नै पढाइ सिपकमजोर रहेका विद्यार्थी कक्षाचढ्दैनन् । चढे पनि कमजोर नै रहन्छन् । सिकाइमा जटिलता थपिँदै जान्छ । तर प्रारम्भिक तहमै पढाइ सिपराम्रो भएमा थप ऊर्जा मिल्दै जान्छ । उत्साह बढ्दै जान्छ । पढाइ संस्कृति निर्माण हुन्छ र यसैबाट सिकाइ उपलब्धिमूलक बन्दै जान्छ ।

### १.४ कार्यक्रमसम्बन्धी नीति तथा कार्यक्रम

नेपालमा २०४६ सालको परिवर्तन पश्चात् शिक्षा क्षेत्रमा विभिन्न परियोजना र कार्यक्रम लागू गरिए पनिशैक्षिक गुणस्तर र सिकाइमा अपेक्षित सुधार हुन नसकेको र शैक्षिक गुणस्तरमा सन्तोषजनक प्रगति

नहनुका विभिन्न कारणमध्ये सिक्ने र सिकाउने पक्ष कमजोर देखिएको छ । विद्यालयक्षेत्र सुधार कार्यक्रमको मध्यावधि मूल्याङ्कन, २०१२ ले आधारभूत तहमा शैक्षिक पहुँचमा उल्लेख्य सुधार भए पनि शैक्षिक गुणस्तरमा सन्तोषजनक प्रगति नहुनुका विविध कारणमध्ये प्रारम्भिक कक्षाका विद्यार्थीको पढाइ सिपअपेक्षित रूपमा विकास नहुनु पनि एक मुख्य कारण भएको उल्लेख गरेको छ । विभिन्न अभ्यास र परीक्षणका तथ्य एवं परिवेशसमेतलाई दृष्टिगत गर्दै विद्यालयक्षेत्र सुधार कार्यक्रमको विस्तारित योजना (२०१४/०१५-२०१५/०१६) ले आफ्नो एक सहयोगी कार्यक्रमका रूपमा पढाइ सिप विकास कार्यक्रम अगाडि सारेको हो । वर्तमान विद्यालयक्षेत्र विकास कार्यक्रम (SSDP)ले पनि आफ्नो ध्यान शिक्षाको गुणस्तर अभिवृद्धिमा केन्द्रित गर्दै यसका विभिन्न उपायमध्ये प्रारम्भिक कक्षाका विद्यार्थीहरूको साक्षरता सिप विकासका लागि पढाइ सिप विकास प्रवर्धन कार्यक्रममा पनि जोड दिएको छ । उक्त कार्यक्रमले साक्षरता र गणितीय सिप विकासका लागि कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रम विकास गर्ने र सोअनुसार पाठ्यसामग्रीमा पुनरावलोकनका माध्यमबाट प्रारम्भिक कक्षाका विद्यार्थीहरूको पढाइ सक्षमतामा केन्द्रित गरी न्यूनतम सिकाइ सक्षमताको सुनिश्चितता गर्ने व्यवस्था गरेको छ । त्यस्तै विद्यालयक्षेत्र विकास कार्यक्रमले नियमित रूपमा कक्षाकोठामा आधारित पठन सिप परीक्षण (CB-EGRA)को व्यवस्था गर्दै निरन्तर मूल्याङ्कनसँग जोड्नुपर्ने कुरामा पनि जोड दिएको छ । यसरी उक्त कार्यक्रमले शिक्षाको गुणस्तर अभिवृद्धिका लागि एक सहयोगी कार्यक्रमको रूपमा प्रारम्भिक कक्षाका विद्यार्थीहरूको पढाइ सिपप्रवर्द्धन कार्यक्रमलाई लिइएको छ ।

## १.५ राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका प्रमुख लक्ष्य तथा अवयवहरू

### १.५.१ कार्यक्रमका अपेक्षित लक्ष्य र उपलब्धिहरू

विद्यार्थीको सिकाइमा केन्द्रित रही शिक्षाको गुणस्तर सुधार गर्ने लक्ष्य सहित कक्षा १ देखि ३ सम्मका सबै विद्यार्थीको पढाइ सिपसुधार गर्ने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यसका लागि शैक्षिक गुणस्तर सुधार गर्ने, विशेष गरी प्राथमिक कक्षाका विद्यार्थीहरूको सिकाइ अभिवृद्धि गर्ने, कक्षा दोहोऱ्याउने, कक्षा छोड्ने आदि जस्ता शैक्षिक क्षतिको न्यूनीकरण गर्ने, विद्यार्थीमा अन्तरनिहित क्षमताको पूर्ण विकास गरी दक्ष र स्वयम्प्रेरित सिकारुको रूपमा विकास गर्ने जस्ता कार्यक्रमिक लक्ष्यहरू निर्धारण गरिएका छन् । साथै पढाइ सिपशिक्षण सिकाइमा सुधार, राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम(NEGRP) का लागि प्रणालीगत क्षमता विकास र सहयोगको अभिवृद्धि तथा पढाइका लागि अभिभावक, परिवार र समुदायको सहभागितामा वृद्धि यस कार्यक्रमले अपेक्षा गरेका मुख्य उपलब्धिहरू हुन् ।

### १.५.२ कार्यक्रमका प्रमुख अवयवहरू

यस राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका ७ ओटा प्रमुख अवयवहरू छन् ।

१. प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको सुदृढीकरण

२. शैक्षणिक ढाँचा

३. सामग्री विकास, उत्पादन र वितरण

४. शिक्षकको पेसागत विकास र शैक्षणिक सहयोग

५. निरन्तर मूल्याङ्कन र उपचारात्मक सहयोग, EGRA, CB-EGRA

६. सामुदायिक विकास र सहयोग

## ७. अनुसन्धान, अनुगमन र मूल्याङ्कन

माथिका हरेक अवयवअन्तर्गत अपेक्षित उपलब्धि तथा हालसम्मको उपलब्धि अवस्था तलको तालिकामा दिइएको छ ।

| क्र.स. | प्रमुख अवयव | अपेक्षित उपलब्धि (नतिजा) | वर्तमान अवस्था |
|---|---|---|---|
| १ | प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको सुदृढीकरण | ● पूर्व विद्यालयउमेर समूहका बालबालिकामा पूर्व साक्षरता सिपअभिवृद्धिका लागि प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको शैक्षणिक ढाँचाको परिमार्जन भएको हुने । पढाइका पाँच तत्त्वहरूलाई समावेश गरी शिक्षण गर्ने | ● संशोधित शिक्षा ऐन अनुरूप प्रारम्भिक बाल शिक्षा विद्यालय संरचनाभित्र आएको र यो तहको शैक्षणिक ढाँचा परिमार्जन तथा पढाइका तत्त्वहरूलाई समावेश गरी शिक्षण गर्ने पद्धति विकास गर्न पाठ्यक्रम परिमार्जन तथा सुधारका लागिकार्य भइरहेको । |
| २ | शैक्षणिक ढाँचा | ● यस कार्यक्रमको अन्त्यमा एकीकृत पाठ्यक्रम प्रयोगमा आएको हुने<br>● प्रत्येक कक्षामा पढाइ, लेखाइ र बोधलगायत तिन प्रकारका आधारभूत सिपका न्यूनतम सिकाइको सक्षमता परिभाषित भएको हुने<br>● कमजोर विद्यार्थीका लागि उपचारात्मक सहयोगको प्रावधानसहित निरन्तर मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन भएको हुने<br>● शिक्षकहरू विद्यार्थीको सक्रिय सिकाइको सहजीकरणका लागि तयार भएको हुने<br>● शैक्षणिक कार्य ढाँचा प्रारम्भिक कक्षा पढाइ सिपकार्यक्रमको प्रमुख अवधारणा तथा सिद्धान्तसँग अनुकूलन भएको | ● प्रारम्भिक कक्षा पढाइ कार्यक्रम अन्तर्गत शैक्षिक सत्र २०७५ देखि कक्षा १ मा एकीकृत पाठ्यक्रम लागू गर्ने तयारी भइरहेको<br>● कक्षा १, २ र ३ का लागि पठन तत्त्वगत सिकाइ उपलब्धि निर्धारण गरिएको र सोही बमोजिम हरेक दिनको कक्षामा सबै पठन तत्त्व समावेश हुने गरी ९० मिनेटका क्रियाकलाप विकास गरिएको<br>● पठन तत्त्वगत आधारमा निरन्तर विद्यार्थी मूल्याङ्कनका साधन विकास भइरहेको<br>● कार्यक्रम लागू भएका विद्यालयमा त्यहाँको परिवेश र अनुकूलता बमोजिम नेपाली विषयका लागि ९० मिनेटको समय व्यवस्थापन गरिएको र पाठ्यक्रम विकास केन्द्रले यसको लागि एकीकृत पाठ्यक्रम ढाँचा तयारी सुरु गरेको |

| क्र.स. | प्रमुख अवयव | अपेक्षित उपलब्धि (नतिजा) | वर्तमान अवस्था |
|---|---|---|---|
| | | हुने । पढाइका सिपमा जोड दिन नेपाली विषयका लागि कम्तीमा ९० मिनेटको समय निर्धारण भएको हुने<br>● पढाइ, लेखाइ र बोधका आधारभूत सिपमा सबै विद्यार्थीले दक्षता हासिल गरेको हुने | |
| ३ | सामग्री विकास, उत्पादन र वितरण | ● सबै प्राथमिक विद्यालयमा पढाइ तथा शैक्षणिक सामग्री पर्याप्त मात्रमा उपलब्ध भएको हुने<br>● प्रत्येक विद्यालयका प्रारम्भिक तहका कक्षा १-३ मा पढाइकुनाको व्यवस्था भएको हुने<br>● प्रत्येक विद्यालयका पढाइ कुनामा कम्तीमा ५० सेट शैक्षणिक तथा पाठ्यसामग्री शिक्षक तथा विद्यार्थीदुवैको प्रयोगका लागि सधैँ उपलब्ध भएको हुने<br>● विद्यार्थीहरूले घरमा अध्ययनका लागि निरन्तररूपमा पाठ्य सामग्रीहरू लैजाने व्यवस्था भएको हुने | ● पठन सिप विकासका लागि कक्षा १-३ मा आवश्यक शैक्षणिक सामग्री विकास गरी कार्यक्रम लागू भएका सबै विद्यालयसम्म पुगेको<br>● कार्यक्रम लागू भएका सबै विद्यालयमा कक्षा पढाइकुनाको व्यवस्था गरी, १४९ शीर्षकका सन्दर्भ सामग्रीहरूको (कक्षा १-३) स्तरीकरण गरी विद्यालयहरूमा पुऱ्याइएको |
| ४ | शिक्षकको पेसागत विकास र शैक्षणिक सहयोग | ● कक्षा १-३ लगायत नेपाली विषयका समग्र प्राथमिक शिक्षकहरूले पढाइ सिपसिकाउने तालिम पाएको हुने<br>● मागअनुसार शिक्षकहरूले शैक्षणिक सहयोग पाएको हुने | ● कार्यक्रम लागू भएका ६ जिल्लामा कक्षा १ र २ मा विशेष गरी नेपाली पढाउने शिक्षकले पठन सिप विकास सम्बन्धी तालिम प्राप्त गरेको र कक्षा ३ का शिक्षकलाई आ.व. २०७३/७४ मा टिपिडि ढाँचामा तालिम प्रदान गरिँदै |

| क्र.स. | प्रमुख अवयव | अपेक्षित उपलब्धि (नतिजा) | वर्तमान अवस्था |
| --- | --- | --- | --- |
| | | | • शैक्षिक सत्र २०७५ देखि थप २० जिल्लामा सघन रूपमा यो कार्यक्रम लागू गरी त्यहाँका शिक्षकहरूलाई तालिम प्रदान गर्ने योजना रहेको<br>• शिक्षकहरूलाई निरन्तर स्थलगत प्राविधिक सहयोग पुऱ्याउनका लागि तालिम प्राप्त पठन उत्प्रेरकको व्यवस्था गरिएको<br>• कार्यक्रम लागू भएका जिल्लामा कार्यरत विद्यालय निरीक्षक, स्रोतव्यक्ति लगायत हरेक विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समिति समेतलाई अभिमुखीकरण/तालिम प्रदान गरिएको |
| ५ | निरन्तर मूल्याङ्कन र उपचारात्मक सहयोग, EGRA/CB (EGRA) | • सबै विद्यार्थीले कक्षाअनुसार न्यूनतम सिकाइ सक्षमता हासिल गरेको हुने | • पढाइको तहगत सिकाइ उपलब्धि स्तरीकरण (पठन प्रवाह र बोध ) गर्न कक्षा २ का लागि प्रति मिनेट ४५ र कक्षा ३ का लागि ६० शब्द निर्धारण गरिएको<br>• प्रारम्भिक कक्षाको पढाइ मूल्याङ्कनका सन्दर्भमा आ.व. २०७३/७४ मा २६०० विद्यालयमा CB-EGRA (Classroom Based Early Grade Reading Assessment) गरिएको<br>• निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति सुदृढीकरण गर्ने सन्दर्भमा पठन तत्त्वगत आधारमा मूल्याङ्कन गर्नका लागि पनि साधन विकास भइरहेको<br>मूल्याङ्कन सँगसँगै उपचारात्मक |

| क्र.स. | प्रमुख अवयव | अपेक्षित उपलब्धि (नतिजा) | वर्तमान अवस्था |
|---|---|---|---|
| | | | शिक्षण पद्धति पनि अवलम्बन गरिएको |
| ६ | सामुदायिक विकास र सहयोग | ● उपयुक्त साधन तथा प्रक्रियामार्फत विद्यालयहरूको नियमित अनुगमन गरिएको हुने<br>● शिक्षणमा सुधारका लागि समयमै शिक्षकले सहयोग प्राप्त गरेको हुने | ● समुदाय परिचालनसम्बन्धी बृहत् रणनीति विकास<br>● बालबालिकाको पढाइ सिप विकासमा अभिभावक तथा समुदायको सहभागिता अभिवृद्धि गर्न स्थानीय गैर सरकारी संस्थासँग स्थानीय तहमै समन्वय र सहकार्य गरी समुदाय परिचालकको व्यवस्था<br>● विद्यालयसमेतको सहभागितामा टोल पढाइ समूहहरू गठन गरी नियमित क्रियाकलापहरू सञ्चालन<br>● बालबालिकाको पढाइ प्रवर्धन गर्न पढाइ मेला, पढाइ प्रतियोगिता जस्ता क्रियाकलापहरू सञ्चालन<br>● बालबालिकाको पढाइ सिप विकासमा अभिभावक तथा समुदायलाई सक्रिय बनाउनका लागि रेडियोमार्फत सचेतनामूलक सामग्री प्रसारण भइरहेको |
| ७ | अनुसन्धान, अनुगमन र मूल्याङ्कन | ● कार्यक्रम सम्बद्धविद्यालयमा विद्यालयव्यवस्थापन समिति तथा शिक्षक अभिभावकसङ्घ पूर्ण रूपले सक्रिय भएको हुने<br>● विद्यालयमा नियमितरूपले अभिभावक भेलाको आयोजना भएको हुने<br>● विद्यालयका कार्यक्रममा ७० प्रतिशतभन्दा बढी अभिभावकहरू उपस्थित भएको हुने | ● स्थानीय स्तरमा जिल्ला शिक्षाकार्यालयदेखि लिएर विद्यालयमा विद्यालयव्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घसमेतलाई आवश्यक अभिमुखीकरण गरी निरन्तर अनुगमन र सहयोगमा सहभागी गराइएको<br>● केन्द्रीय स्तरबाट निकायगत अनुगमन भइरहेको<br>● बालबालिकाको पढाइ सम्बन्धी अभिभावकहरूको सचेतना एवम् |

| क्र.स. | प्रमुख अवयव | अपेक्षित उपलब्धि (नतिजा) | वर्तमान अवस्था |
|---|---|---|---|
| | | | सक्रियता वृद्धि भएको<br>● प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई थप प्रभावकारी बनाउने सन्दर्भमा विभिन्न अध्ययन तथा अनुसन्धान कार्य भइरहेको<br>● कार्यक्रमलाई प्रभावकारी बनाउन सुरु, मध्य र अन्त्यमा कार्यक्रमको मूल्याङ्कन गरी प्राप्त नतिजाका आधारमा नीति र कार्यक्रम थपघट गर्ने प्रावधान रहेको |

**प्रशिक्षक निर्देशन ९० मि.**

१. पढाइ के हो र यसको महत्त्व के छ भन्ने बारेमा सहभागीहरूबिच छोटो मस्तिष्क मन्थन गराउनुहोस् र बुँदा टिपोट गर्नुहोस् । त्यसपछि प्रशिक्षकले माथि दिइएका विषयवस्तुका आधारमा पढाइको अवधारणा, महत्त्व तथा यसका सिद्धान्तका बारेमा छलफल गराउनुहोस् ।

२. माथि दिइएका अध्ययन नतिजाहरूलाई समेत आधार मानी नेपालमा पढाइ सिप विकासको अवस्थाबारे छलफल गराउनुहोस् । उक्त छलफलका आधारमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागू गर्नुपर्ने आवश्यकता बोध गराउँदै कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुहोस् ।

३. पठन सिप विकास सम्बन्धी विद्यमान नीति तथा कार्यक्रम र राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको संक्षिप्त परिचयसहितको प्रस्तुति सहित छलफल गराउनुहोस् ।

४. सहभागीहरूलाई ७ ओटा तत्वगत समूहमा विभाजन गरी हरेक समूहलाई यस कार्यक्रमका ७ अवयवमध्ये एक एक ओटा अवयवका अपेक्षित उपलब्धि तथा हालको अवस्थाबारे पढ्ने सामग्री दिनुहोस् । ती सामग्री पढिसकेपछि हरेक समूहलाई आफूले अध्ययन गरेको अवयवको बारेमा छोटो प्रस्तुति गर्न लगाउनुहोस् । अन्तमा प्रशिक्षकले छुटेका महत्त्वपूर्ण कुरा थप गर्दै निष्कर्ष दिनुहोस् ।

# एकाइ २
# प्रारम्भिक कक्षा पढाइ पाठ्यक्रम

**अपेक्षित सक्षमता**

- प्रारम्भिक कक्षा (कक्षा १ देखि ३) पढाइका लागि पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि तथा क्षेत्र र क्रमको समीक्षा
- पढाइ सिप विकासमा केन्द्रित भई विकास गरिएको शिक्षक निर्देशिकाको ढाँचा विश्लेषण
- सिकाइ उपलब्धि तथा क्षेत्र र क्रम, शिक्षक निर्देशिका, अभ्यास पुस्तिका एवम् पाठ्यपुस्तकबिचको अन्तरसम्बन्ध लेखाजोखा

**विषयवस्तु**

**२.१ प्रारम्भिक कक्षा (कक्षा १ देखि ३) को पाठ्यक्रममा पढाइ**

पाठ्यक्रमले सम्पूर्ण शैक्षणिक प्रक्रियालाई मार्गनिर्देशन गर्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ ले पाठ्यक्रमलाई शिक्षाका लक्ष्य हासिल गर्न बनाइएको शैक्षिक कार्यक्रमको रूपमा परिभाषित गरेको छ । समग्रमा पाठ्यक्रमले सक्षमता, सिकाइ उपलब्धि, विषयवस्तु तथा यसको क्षेत्र र क्रम, सिकाइ सहजीकरण विधि एवम् मूल्याङ्कन प्रक्रिया जस्ता अङ्गहरू समेटेको हुन्छ ।

कुनै पनि शैक्षणिक पद्धतिमा परिवर्तनको सुरुवात पाठ्यक्रमबाट नै गरिनुपर्छ । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागू भएको सन्दर्भमा पाठ्यक्रम विकास केन्द्रले कक्षा १, २ र ३ को नेपाली विषयको पाठ्यक्रमलाई पुनरावलोकन गरी पठन तत्त्वमा आधारित भई सिकाइ उपलब्धि निर्धारण गरेको छ । विगतमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चारओटा भाषिक सिपमा आधारित भई सिकाइ उपलब्धि निर्धारण गरिएको र यसैअनुसार विषयवस्तुको क्षेत्र र क्रम विकास गरिएकामा हाल अन्तर्राष्ट्रिय अभ्यास समेतलाई अध्ययन गरी ध्वनि पद्धति (Phonics approach) अवलम्बन गरिएको छ । सिकारुको ध्वनि सचेतनासँग लेख्य सङ्केतको सम्बन्ध स्थापित गराई पढाइ तथा लेखाइ शिक्षण गरिने यो अवधारणाबमोजिम पठन सिपलाई ५ ओटा तत्त्वहरू: ध्वनि सचेतीकरण, लेख्य वर्ण सचेतीकरण, पठन प्रवाह, शब्दभण्डार र पठन बोधमा विभाजन गरिएको छ र लेखाइ सिपलाई थप गरिएको छ ।

तिन ओटै कक्षाका सिकाइ उपलब्धिहरूलाई यिनै पठन तत्त्वगत आधारमा निर्धारण गरी १९२ दिनका लागि क्षेत्र र क्रम समेत विकास गरिएको छ । साथै ती सिकाइ उपलब्धिहरूको विस्तृतीकरण र उदाहरणसहितको तालिका समेत विकास गरिएको छ । यसले शिक्षकहरूलाई वस्तुगत रूपमा स्पष्ट मार्गनिर्देशन प्रदान गर्ने अपेक्षा गरिएको छ । शिक्षकहरूको सहजताका लागि तत्त्वगत सिकाइ उपलब्धिको सूची शिक्षक निर्देशिकामा नै समावेश गरिएको छ ।

**२.२ पाठ्यक्रमले तोकेको क्षेत्र र क्रम**

एक शैक्षिक सत्रमा पठनपाठनका लागि तोकिएको १९२ दिनका लागि हरेक दिन सबै पठन तत्त्वअन्तर्गत समेट्नुपर्ने विषयवस्तु तथा क्रियाकलाप समावेश गरी कक्षागत रूपमा विस्तृत क्षेत्र र क्रम विकास गरिएको छ । कक्षा १ र २ मा हरेक दिन ६ ओटै तत्त्वहरूको प्रयोगलाई ध्यान दिइएको छ र हरेक चौथो वा सातौं दिनमा पुनरावृत्तिको व्यवस्था गरिएको छ । यो क्षेत्र र क्रम पनि शिक्षकको सहजताका लागि शिक्षक निर्देशिकामै समावेश गरिएको छ ।

**कक्षा १को सिकाइ उपलब्धिमा आधारित क्षेत्र र क्रमः**

| | चित्रकथा, थोप्ला जोडाइ (आलेखन) र रङ भराइ : २ हप्ता | लयबोध (धर्का लेखन) : २ हप्ता | वाक्यमा शब्द पहिचान र गणना : १ हप्ता | स्वरवर्ण उच्चारण र पहिचान : ६ हप्ता | व्यञ्जन वर्ण उच्चारण र मात्रा पहिचान तथा प्रयोग : १४ हप्ता | अर्धाक्षरी वर्ण उच्चारण र पहिचान : ३ हप्ता | शब्दको सुरुमा भएका समान ध्वनिको पहिचान : १ हप्ता | शब्दको अन्तमा भएका समान ध्वनिको पहिचान : १ हप्ता | समान संरचना भएका शब्दको उच्चारण र पहिचान : १ हप्ता | भाषिका र शिष्टाचारका शब्दको उच्चारण : १ हप्ता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ध्वनि सचेतीकरण | सुनाइ तथा बोलाइ क्रियाकलाप<br>१. पूर्वज्ञान<br>२. अनुमान<br>३. स्वअनुभव | सुनाइ तथा बोलाइ क्रियाकलाप<br>१. प्रस्तुतीकरण<br>२. अभ्यास<br>३. प्रस्तुति (सस्वर वाचन : एकल, जोडी, सानो समूह, ठुलो समूह र सबै) | सुनाइ तथा बोलाइ क्रियाकलाप (मात्रा नलागेका, मात्रा लागेका र संयुक्त अक्षर प्रयोग भएका २, ३, ४ र ५ शब्दले बनेका वाक्य)<br>१. उच्चारण<br>२. शब्द पहिचान<br>३. गणना | सुनाइ तथा बोलाइ क्रियाकलाप (अ, आ, इ, उ, ए, ओ)<br>१. ध्वनि पहिचान<br>२. उच्चारण<br>३. ध्वनि जोड्ने र छुट्याउने | सुनाइ तथा बोलाइ क्रियाकलाप (क देखि ज्ञ सम्म)<br>१. ध्वनि पहिचान<br>२. उच्चारण<br>३. ध्वनि जोड्ने र छुट्याउने | सुनाइ तथा बोलाइ क्रियाकलाप (क देखि ह् सम्म)<br>१. ध्वनि पहिचान<br>२. उच्चारण<br>३. ध्वनि जोड्ने र छुट्याउने | सुनाइ तथा बोलाइ क्रियाकलाप<br>१. ध्वनि पहिचान<br>२. उच्चारण<br>३. ध्वनि जोड्ने र छुट्याउने | सुनाइ तथा बोलाइ क्रियाकलाप<br>१. ध्वनि पहिचान<br>२. उच्चारण<br>३. ध्वनि जोड्ने र छुट्याउने | सुनाइ तथा बोलाइ क्रियाकलाप<br>१. ध्वनि पहिचान<br>२. उच्चारण<br>३. ध्वनि जोड्ने र छुट्याउने | सुनाइ तथा बोलाइ क्रियाकलाप<br>१. ध्वनि पहिचान<br>२. उच्चारण |
| लेख्य वर्ण सचेतीकरण | १. शब्द र चित्रको तालमेल<br>२. लेखन अभ्यास<br>३. थोप्ला जोडाइ<br>४. रेखा निर्माण<br>५. चित्र निर्माण | १. शब्द र चित्रको तालमेल<br>२. धर्का लेखन अभ्यास<br>३. थोप्ला जोडाइ<br>४. रेखा निर्माण<br>५. चित्र निर्माण | १. शब्द र चित्रको तालमेल<br>२. धर्का लेखन अभ्यास<br>३. थोप्ला जोडाइ<br>४. रेखा निर्माण<br>५. चित्र निर्माण | १. वर्ण पहिचान र उच्चारण (अ देखि अः सम्म)<br>२. वर्ण ढाँचाको अनुकरण<br>३. वर्णको सङ्केतन र विसङ्केतन | १. वर्ण पहिचान र उच्चारण<br>२. वर्ण ढाँचाको अनुकरण<br>३. वर्णको सङ्केतन र विसङ्केतन<br>४. बाह्रखरी मालाको पहिचान र प्रयोग | १. शब्दमा आधा वर्णको पहिचान र उच्चारण<br>२. आधा वर्ण र आधा वर्ण प्रयोग भएका शब्दको ढाँचाको अनुकरण<br>३. सङ्केतन र विसङ्केतन | १. शब्द पहिचान र उच्चारण<br>२. वर्ण र मात्रा ढाँचाको अनुकरण<br>३. वर्ण र मात्राको सङ्केतन र विसङ्केतन<br>४. बाह्रखरी मालाको प्रयोग गरी शब्द निर्माण | १. शब्द पहिचान र उच्चारण<br>२. वर्ण र मात्रा ढाँचाको अनुकरण<br>३. वर्ण र मात्राको सङ्केतन र विसङ्केतन<br>४. बाह्रखरी मालाको प्रयोग गरी शब्द निर्माण | १. शब्द पहिचान र उच्चारण<br>२. वर्ण र मात्रा ढाँचाको अनुकरण<br>३. वर्ण र मात्राको सङ्केतन र विसङ्केतन<br>४. बाह्रखरी मालाको प्रयोग गरी शब्द निर्माण | १. शब्द पहिचान र उच्चारण<br>२. शब्दको वर्ण र मात्रा ढाँचाको अनुकरण<br>३. वर्ण र मात्राको सङ्केतन र विसङ्केतन<br>४. शब्द निर्माण (पिनह्विल चार्ट) |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पठनप्रवाहः | सुनाइ तथा बोलाइ क्रियाकलाप ( शुद्धता, गति, लय र हाउभाउ)<br>१. शब्द पठन<br>२. वाक्य पठन<br>३. पाठ पठन | सुनाइ तथा बोलाइ क्रियाकलाप ( शुद्धता, गति, लय र हाउभाउ)<br>१. शब्द पठन<br>२. वाक्य पठन<br>३. पाठ पठन | सुनाइ तथा बोलाइ क्रियाकलाप (शुद्धता, गति, लय र हाउभाउ)<br>१. शब्द पठन<br>२. वाक्य पठन<br>३. पाठ पठन | सुनाइ तथा बोलाइ क्रियाकलाप<br>१. शब्द पठन<br>२. वाक्य पठन<br>३. पाठ (विसङ्केतन र अन्य) पठन<br>४. वर्णक्रम विचलन र उच्चारण | पढाइ (शुद्धता, गति, लय र हाउभाउ)<br>१. विसङ्केतन शब्द पठन<br>२. वाक्य पठन<br>३. विसङ्केतन पाठ पठन<br>४. वर्णक्रम विचलन र उच्चारण | पढाइ (शुद्धता, गति, लय र हाउभाउ)<br>१. विसङ्केतन शब्द पठन<br>२. वाक्य पठन<br>३. विसङ्केतन पाठ पठन | पढाइ (शुद्धता, गति, लय र हाउभाउ)<br>१. विसङ्केतन शब्द पठन<br>२. वाक्य पठन<br>३. विसङ्केतन पाठ पठन | पढाइ (शुद्धता, गति, लय र हाउभाउ)<br>१. विसङ्केतन शब्द पठन<br>२. वाक्य पठन<br>३. विसङ्केतन पाठ पठन | पढाइ (शुद्धता, गति, लय र हाउभाउ)<br>१. विसङ्केतन शब्द पठन<br>२. वाक्य पठन<br>३. विसङ्केतन पाठ पठन | पढाइ (शुद्धता, गति, लय र हाउभाउ)<br>१. विसङ्केतन शब्द पठन<br>२. वाक्य पठन<br>३. विसङ्केतन पाठ पठन |

परिमार्जित क्षेत्र र क्रमअनुसार कक्षा १ का लागि पहिलो दुई हप्ता कथा,रङ भर्ने जस्ता रमाइला क्रियाकलाप गराउँदै बालबालिकाहरूलाई सिकाइका लागि तयार गर्ने कुरामा जोड दिइएको छ । सोअनुसार चित्रकथा,थोप्ला जोडाइ (आलेखन) र रङ भराइ: २ हप्ता, (धर्का लेखन) लयबोध: २ हप्ता, वाक्यमा शब्द पहिचान र गणना: १ हप्ता, स्वरवर्ण उच्चारण र पहिचान: ६ हप्ता, व्यञ्जनवर्ण उच्चारण र मात्रा पहिचान तथा प्रयोग: १४ हप्ता, अर्धाक्षरी वर्ण उच्चारण र पहिचान: ३ हप्ता, शब्दको सुरुमा भएका समान ध्वनिको पहिचान: १ हप्ता, शब्दको अन्त्यमा भएका समान ध्वनिको पहिचान: १ हप्ता, समान संरचना भएका शब्दको उच्चारण र पहिचान: १ हप्ता र भाषिका र शिष्टाचारका शब्दको उच्चारण: १ हप्ता गरी जम्मा ३२ हप्ता छुट्याइएको छ ।

कक्षा २ मा कक्षा १ को पुनरावृत्ति: ३ हप्ता, ध्वनि छुट्याउने र ध्वनि जोड्ने : ८ हप्ता, ध्वनि थप्ने र झिक्ने : ३ हप्ता, अक्षर संरचना जोड्ने र छुट्याउने : ५ हप्ता, शब्द शब्द जोड्ने र शब्द शब्द छुट्याउने : ६ हप्ता, प्रत्ययपरक ध्वनि जोड्ने र छुट्याउने (प्रत्यय र उपसर्ग लागेका सरल शब्द जस्तै प्रगति, उपकार, झापाली) : ७ हप्ता गरी जम्मा ३२ हप्ता छुट्याइएको छ । (शिक्षक निर्देशिकामा हेर्नुहोस्) त्यसै गरी कक्षा ३ मा लययुक्त गीत वा कवितामा शब्दको ध्वनि पहिचान, जोडाइ र छुट्याइका लागि १ हप्ता, परिचित शब्दमा ध्वनि पहिचान, जोडाइ र छुट्याइका लागि १ हप्ता, समान ध्वनि छुट्याउने र जोड्ने १ हप्ता, जोडेमोडेका शब्दको ध्वनि छुट्याउने र जोड्ने ३ हप्ता, जोडेमोडेका वा जटिल संरचना भएका शब्दका ध्वनि थप्ने, झिक्ने, छुट्याउने र जोड्ने २ हप्ता, कठिन ध्वनि छुट्याउने र जोड्ने ८ हप्ता, आधारपदका अघि र पछिका ध्वनि जोड्ने र छुट्याउने ११ हप्ता तथा दुई ओटा शब्द जोडेर सिङ्गो शब्द बनाउन र भन्न ५ हप्ता छुट्याइएको छ ।

**कक्षा ३ को सिकाइ उपलब्धिमा आधारित क्षेत्र र क्रम**

| तत्त्व | ध्वनि सचेतीकरण | लेख्य वर्ण सचेतीकरण | पठन प्रवाह | शब्दभण्डार | बोध | लेखाइ |
|---|---|---|---|---|---|---|
| इकाइ १ | बालगीत वा कविताको लय पहिचान र गायन, गीत वा कवितामा प्रयुक्त शब्दको ध्वनि पहिचान, शब्दहरूको ध्वनि छुट्याउने र जोड्ने | छापाका सामग्री प्रयोगको संचेतना, परिचित शब्दलाई छुट्याएर र जोडेर पढ्ने तथा लेख्ने | बालगीत वा कविताको शिक्षकसँगै गायन, बालगीत वा कविताको समूहमा र एकल गायन, परिचित शब्द र वाक्य र अनुच्छेदको पठन | पाठमा प्रयुक्त शब्दको अर्थबोध, पाठमा प्रयुक्त शब्दहरूको मौखिक रूपमा वाक्यमा प्रयोग, कठिन शब्दहरूको वाक्यमा प्रयोग, | पाठमा आधारित प्रश्नोत्तर र छलफल | सरल शब्दको लेखन, ससाना वाक्यको लेखन, अनुलेखन, श्रुति लेखन, स्वतन्त्र लेखन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| हप्ता २ | परिचित शब्दहरूको सुरु, मध्य र अन्तको ध्वनि पहिचान र र उच्चारण, परिचित शब्दहरूको ध्वनि पहिचान र उच्चारण शब्दलाई ध्वनिका आधारमा छुट्याउने र जोड्ने | ध्वनि र सङ्केतका आधारमा शब्दहरूलाई छुट्याएर र जोडेर लेख्न तथा पढ्न, परिचित शब्दहरूको लेखन र उच्चारण | बालगीत, कविता र कथाको शिक्षकसँगै र स्वतन्त्र पठन, ससाना पाठ गति, यति र हाउभाउसहित शुद्धताका साथ पठन | पाठमा प्रयुक्त शब्दको अर्थ पहिचान, पाठमा प्रयुक्त शब्दको वाक्यमा प्रयोग | पाठ पठन, प्रश्नोत्तर, घटना वर्णन र छलफल | हस्तलेखन उच्च पुनरावृत्ति हुने शब्दको श्रुतिलेखन, सरल अनुच्छेदको रचना |
| हप्ता ३ | शब्दमा समान जस्ता लाग्ने ध्वनिको पहिचान, समान जस्ता लाग्ने ध्वनि भएका शब्द छुट्याउने र जोड्ने | शब्दका ध्वनि र ध्वनि सङ्केतको पढाइ र लेखाइ | पाठमा प्रयुक्त शब्द र वाक्यको शुद्धतासहितको पठन | शब्दका अर्थको बोध र वाक्यमा प्रयोग | पाठका बारेको पूर्वानुमान | लेख्य चिह्नको सचेतता सहित वाक्य र अनुच्छेदको लेखन |
| हप्ता ४ | जोडेमोडेका शब्दको ध्वनि छुट्याउने र जोड्ने | संयुक्त वर्ण भएका शब्दको पढाइ र लेखाइ | सरल वाक्यको शुद्धता सहितको पठन | सन्दर्भका आधारमा कठिन शब्दको अर्थ पहिचान र प्रयोग | पूर्वानुमान, भावबोध, स्वमूल्याङ्कन र प्रश्नोत्तर | लेख्य चिह्नको सचेततासहित वाक्या र अनुच्छेदको लेखन |

समग्रमा कक्षा १ मा वर्ण र वर्णमा आधारित शब्द तहमा, कक्षा २ मा सरल शब्द तहमा र कक्षा ३ मा जोडेमोडेका तथा जटिल शब्द तहमा आधारित भएर ध्वनि सचेतीकरण एवम् ध्वनिमा आधारित भई अन्य पठन तत्त्वहरूको सिकाइ सहजीकरण निर्धारण गरिएको छ ।

### २.३ शिक्षक निर्देशिका, अभ्यास पुस्तिका तथा पाठ्यपुस्तकबिच अन्तरसम्बन्ध

यसमा पठन सिप विकासका लागि पाठ्यक्रम विकास केन्द्रले शिक्षक निर्देशिका तथा विद्यार्थी अभ्यास पुस्तिका विकास गरेको छ । प्रारम्भिक कक्षा पढाइ सम्बन्धी कक्षा १, २ र ३ का लागि तोकिएका सिकाइ उपलब्धि तथा क्षेत्र र क्रम शिक्षक निर्देशिकामा नै समावेश गरिएको छ । कक्षा १ र २ को शिक्षक निर्देशिकामा क्रमश: सिकाइ उपलब्धिको सूची, शैक्षणिक सामग्रीको परिचय, १९२ दिनकै लागि क्षेत्र र क्रम, नमुना पाठयोजना र दैनिक पाठयोजनाहरू समेटिएका छन् । क्रमिक सिकाइ पद्धतिअनुसार “म गर्छु, हामी गर्छौं र तिमी गर” प्रक्रियाद्वारा ९० मिनेटमा गरिने पठन तत्त्वहरूसम्बन्धी सम्पूर्ण क्रियाकलापसहितको विस्तृत पाठयोजना नमुना पाठयोजना हो भने दैनिक पाठयोजना नमुनाका आधारमा हरेक दिन केके गर्ने भन्ने क्रियाकलापको सारांशसहितको संक्षिप्त योजना हो । उदाहरणका लागि कक्षा १ मा पहिलो दिनदेखि बाह्रौं दिनसम्म कथा,गीत जस्ता रमाइलो गर्दै सिक्ने खालका क्रियाकलापहरू गराउने गरी विकास गरिएको छ । यी बाह्रै दिनका लागि कसरी क्रियाकलाप गराउने भन्ने एउटा नमुना पाठयोजना सुरुमा दिइएको छ र त्यसपछाडि हरेक दिन केके गराउने भनी बाह्रै दिनका दैनिक पाठयोजना दिइएको छ । कक्षा १ र २ मा नमुना पाठयोजना र दैनिक पाठयोजनाको सङ्गठन निम्न ढाँचामा गरिएको छ ।

**कक्षा १**

| पेज | नमुना पाठ योजना | कति दिनका लागि | विषयवस्तु |
|---|---|---|---|
| ३९ | तयारीको चरण | १ देखि १२ | मजा, कथा, रङ |
| ४४ | १ | १३ देखि ४३ | स्वर |
| ७३ | २ | ४४ देखि ५९ | मात्रा |
| ९१ | ३ | ६० देखि १५६ | व्यञ्जन |
| १६६ | ४ | १५७ देखि १७७ | आधा वर्ण |
| १८६ | ५ | १७८ देखि १९२ | थप र पुनरावृत्ति |

**कक्षा २**

| पेज | नमुना पाठ योजना | कति दिनका लागि | विषयवस्तु |
|---|---|---|---|
| ४० | १ | १ देखि १९ | अ-अः वर्ण, क-ङ  वर्ण |
| ४४ | २ | २० देखि ५६ | च-ज्ञ वर्ण |
| ९३ | ३ | ५७ देखि १४४ | आधा अक्षर, चन्द्रविन्दु, शिरविन्दु |
| १६५ | ४ | १४५ देखि १८७ | जटिल संरचनामा आधारित शब्द |
| २०१ | ५ | १८८ देखि १९२ | मेरो नेपाली किताबमा आधारित |

कक्षा ३ को शिक्षक निर्देशिकाको ढाँचा १ र २ को भन्दा केही फरक छ । यस निर्देशिकालाई तिन खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा शिक्षकका लागि पठन तत्त्वका बारेमा सैद्धान्तिक र प्रायोगिक ज्ञान दिइएको छ । शिक्षकले कक्षाकोठामा ध्वनि सचेतीकरण, लेख्य वर्ण सचेतीकरण, पठन प्रवाह, शब्दभण्डार, बोध र लेखाइलाई किन र कसरी शिक्षण गर्ने भन्ने विषयको प्रस्तुति यस खण्डमा छ । दोस्रो खण्डमा सिकाइ उपलब्धि, सिकाइ उपलब्धिमा आधारित क्षेत्र र क्रम तथा पाठ्यवस्तुको वितरणलाई प्रस्तुत गरिएको छ । तेस्रो खण्डमा नमुना पाठ योजना दिइएको छ । नमुना पाठ योजना दैनिक नभएर मिल्दा विषय क्षेत्रलाई समेट्ने गरी प्रस्तुत गरिएको छ ।

**कक्षा ३**

| पाठ | दिन | सिप | |
|---|---|---|---|
| १ | १-३ | (क) बालगीत लय मिलाएर गाउन<br>(ख) छापा सामग्रीसँग परिचित हुन<br>(ग) गति, यति र लयसहित बालगीत वाचन गर्न | (घ) शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>(ङ) बालगीत पढी पूर्वानुमान र प्रश्नोत्तर गर्न<br>(च) शब्द तथा वाक्य लेखन गर्न |

| | | | |
|---|---|---|---|
| २ | ४ - ६ | (क) शब्दलाई ध्वनिमा छुट्याएर र जोडेर भन्न<br>(ख) शब्दलाई ध्वनिमा छुट्याएर र जोडेर पढ्न र लेख्न<br>(ग) गति, यति र लय हाउभाउसहित शुद्ध रूपमा पढ्न | (घ) शुद्ध उच्चारणसहित शब्दहरूलाई वाक्यमा प्रयोग गर्न<br>(ङ) पूर्वानुमान र प्रश्नोत्तर गर्न सक्ने गरी पाठ पढ्न<br>(च) शब्द र वाक्यको लेखन तथा अनुलेखन गर्न |
| ३ | ७ - १२ | (क) शब्दहरूलाई ध्वनिका आधारमा छुट्याउने र जोड्ने<br>(ख) ध्वनि र सङ्केतका आधारमा शब्दलाई छुट्याएर तथा जोडेर पढ्न र लेख्न<br>(ग) गति, लय र हाउभाउसहित पढ्न | (घ) पाठमा प्रयुक्त शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>(ङ) प्रश्नोत्तर र घटना वर्णन गर्ने गरी पढ्न<br>(च) हस्त लेखन, श्रुति लेखन र स्वतन्त्र लेखन गर्न |
| ४ | १३ - १८ | (क) शब्दमा समान जस्ता लाग्ने ध्वनिको पहिचान गरी छुट्याएर र जोडेर भन्न<br>(ख) शब्दमा समान जस्ता लाग्ने ध्वनिलाई चिनेर लेख्न र पढ्न<br>(ग) पाठ गति, लय र हाउभाउसहित शुद्ध रूपमा पढ्न | (घ) पाठमा प्रयुक्त शब्दहरूको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>(ङ) पाठको पूर्वानुमान गरी भन्न र लेख्न<br>(च) उपयुक्त चिह्न प्रयोग गरेर लिखित अभिव्यक्ति दिन |
| ५ | १९ - २४ | (क) जोडेमोडेका शब्दका ध्वनि छुट्याएर र जोडेर भन्न<br>(ख) संयुक्त वर्ण भएका शब्दलाई ध्वनि र सङ्केतका आधारमा लेख्न र पढ्न<br>(ग) सरल वाक्य र पाठ गति, यति, लय र हाउभाउसहित पढ्न | (घ) कठिन शब्दलाई सन्दर्भका आधारमा अर्थ पहिल्याई वाक्यमा प्रयोग गर्न<br>(ङ) पूर्वानुमान, भावबोध, प्रश्नोत्तर र स्वमूल्याङ्कन गर्ने गरी पढ्न<br>(च) लेख्य चिह्नको सचेततासहित वाक्य र अनुच्छेद लेख्न र पढ्न |
| ६ | २५ - ३० | (क) जोडेमोडेका शब्द छुट्याएर र जोडेर भन्न<br>(ख) संयुक्त वर्ण भएका शब्दका ध्वनि सङ्केतका आधारमा लेख्न र पढ्न<br>(ग) पाठलाई गति, यति र हाउभाउसहित पढ्न | (घ) सन्दर्भका आधारमा कठिन शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>(ङ) पाठको स्वतन्त्र पठन गरी प्रश्नोत्तर गर्न<br>(च) लेख्य चिह्न र सही हिज्जेको प्रयोग गरी शब्द, वाक्य र अनुच्छेद लेख्न |
| ७ | ३१ - ३६ | (क) जोडेमोडेका शब्दलाई ध्वनिमा छुट्याएर र जोडेर भन्न<br>(ख) जोडेमोडेका शब्दको सुरु र अन्त्यका ध्वनि छुट्याएर र जोडेर लेख्न र पढ्न<br>(ग) पाठलाई गति, यति र हाउभाउसहित पढ्न | (घ) सन्दर्भ र सूचनाका आधारमा शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>(ङ) पाठ पढी प्रश्नोत्तर र छलफल गर्न तथा भन्न र लेख्न<br>(च) लेख्य चिह्नको प्रयोग गरी शुद्ध रूपमा अनुच्छेद लेख्न |

| | | | |
|---|---|---|---|
| ८ | ४३ - ४८ | (क) जोडेमोडेका शब्दको सुरु एवम् अन्त्यका ध्वनि थप्न र झिक्न तथा शब्दका ध्वनिलाई छुट्याएर तथा जोडेर भन्न<br>(ख) संयुक्त र जटिल संरचना भएका सुरु र अन्त्यका ध्वनिका स्थानमा अर्को ध्वनि राखी लेख्न र पढ्न | (ग) लय, गति र यति मिलाएर हाउभाउसहित पढ्न<br>(घ) शब्दको अर्थसहित वाक्यको निर्माण गर्न<br>(ङ) प्रश्नोत्तर र छलफल गर्ने गरी पाठ पढ्न<br>(च) अनुच्छेद लेखी परिमार्जन गर्न |
| ९ | ४९ - ६० | (क) कठिन शब्दका ध्वनि छुट्याएर र जोडेर भन्न<br>(ख) जटिल संरचना भएका शब्दका सुरु तथा अन्त्यका ध्वनि छुट्याएर र जोडेर लेख्न एवम् पढ्न<br>(ग) गति, यति र हाउभाउसहित पाठ पढ्न | (घ) सन्दर्भमा आधारित भई शब्दको अर्थबोध गर्न र वाक्यमा प्रयोग गर्न<br>(ङ) समूह छलफल गरी पाठ पढ्न र प्रश्नोत्तर गर्न<br>(च) ससाना अनुच्छेद स्वतन्त्र रूपमा लेख्न |
| १० | ६१ - ९० | (क) कठिन/जोडेमोडेका शब्दका ध्वनि तथा अक्षर छुट्याएर र जोडेर भन्न<br>(ख) जटिल संरचना भएका शब्द पहिचान गरी पढ्न र लेख्न<br>(ग) गति, यति मिलाई हाउभाउसहित पाठ पढ्न | (घ) अर्थको बोधसहित शब्दलाई वाक्यमा प्रयोग गर्न<br>(ङ) पाठ पढी सारांश वर्णन र लेखन गर्न<br>(च) अनुच्छेद लेखी स्वपरिमार्जन गर्न |
| ११ | ९१ - ९६ | (क) जोडेमोडेका शब्दका ध्वनि तथा अक्षर छुट्याएर र जोडेर भन्न<br>(ख) जोडेमोडेका शब्दलाई ध्वनि र सङ्केतका आधारमा छुट्याएर र जोडेर लेख्न तथा पढ्न ।<br>(ग) पाठ लय, यति र गति मिलाएर पढ्न | (घ) शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>(ङ) घटना र चरित्र पहिचान गर्न सक्ने गरी पाठ पढ्न<br>(च) विचार र धारणाको सङ्गठन गर्न सक्ने गरी लेख्न |
| १२ | ९७ - १०२ | (क) आधार पदका अगाडि आएका ध्वनि छुट्याएर र जोडेर भन्न<br>(ख) आधार पदका अगाडिको ध्वनि पहिचान गरी भन्न, लेख्न र पढ्न<br>(ग) स्वतन्त्र रूपमा उपयुक्त गतिका साथ पाठ पठन गर्न | (घ) शब्द संरचनाका आधारमा शब्दका अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>(ङ) छलफल, प्रश्नोत्तर र कुराकानी गर्न सक्ने गरी पाठ पढ्न<br>(च) उपयुक्त शब्द र वाक्यको प्रयोग गरी अनुच्छेद लेख्न |
| १३ | १०३ - ११० | (क) आधार पदका अगाडि आएका ध्वनि छुट्याएर र जोडेर भन्न<br>(ख) आधार पदका अगाडिको ध्वनि पहिचान गरी भन्न, लेख्न र पढ्न<br>(ग) स्वतन्त्र रूपमा उपयुक्त गतिका साथ पाठ पढ्न | (घ) शब्द संरचनाका आधारमा शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>(ङ) पाठको शीर्षक, वस्तु र चित्रका बारेमा प्रश्नोत्तर र छलफल गर्न सक्ने गरी पाठ पढ्न<br>(च) अनुच्छेद रचना गर्न |

| | | | |
|---|---|---|---|
| १४ | ११६ - १२८ | (क) आधार पदका पछाडि आएका ध्वनि जोडेर र छुट्याएर भन्न<br>(ख) आधार पदका पछाडि आएका ध्वनि चिन्न तथा छुट्याएर र जोडेर लेख्न र पढ्न<br>(ग) समूह, जोडी र एकल रूपमा गति, यति र हाउभाउ मिलाएर पाठ शुद्धसँग पढ्न | (घ) परिभाषा, उदाहरण, तुलना र विपरीतताका सन्दर्भबाट शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>(ङ) कार्यकारण, तथ्य, सूचना, विचार, निर्देशन र समय क्रममा आधारित प्रश्नको उत्तर दिने गरी पढ्न<br>(च) दिइएका विषयमा स्वतन्त्र रूपमा लेख्न |
| १५ | १२९ - १४२ | (क) आधार पदका अगाडि आएका ध्वनि जोडेर र छुट्याएर भन्न<br>(ख) आधार पदका अगाडि आएका ध्वनि चिन्न तथा छुट्याएर र जोडेर लेख्न तथा पढ्न<br>(ग) समूह, जोडी र एकल रूपमा गति, यति र हाउभाउसहित पाठ शुद्धसँग पढ्न | (घ) परिभाषा, उदाहरण, तुलना र विपरीतताका सन्दर्भबाट शब्दको अर्थ बोध गरी वाक्यमा प्रयोग गर्न<br>(ङ) कथा कथन, परिवेश वर्णन र प्रश्नोत्तर गर्न सक्ने गरी पाठ पढ्न<br>(च) घटना, अनुभव, कथा कथन र तर्कयुक्त विषयमा आधारित भई स्वतन्त्र लेखन गर्न |
| १६ | १४३ - १५६ | (क) आधार पदका पछाडि आएका ध्वनि जोडेर र छुट्याएर भन्न<br>(ख) आधार पदका पछाडि आएका ध्वनि चिन्न तथा छुट्याएर र जोडेर लेख्न र पढ्न<br>(ग) समूह, जोडी र एकल रूपमा गति, यति र हाउभाउ मिलाएर पाठ शुद्धसँग पढ्न | (घ) परिभाषा, उदाहरण, तुलना र विपरीतताका सन्दर्भबाट शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>(ङ) कार्यकारण, तथ्य, सूचना, विचार, निर्देशन र समय क्रममा आधारित प्रश्नको उत्तर दिने गरी पढ्न<br>(च) दिइएका विषयमा स्वतन्त्र रूपमा लेख्न |
| १७ | १५७ - १६२ | (क) आधार पदका पछाडि आएका ध्वनि छुट्याएर र जोडेर भन्न<br>(ख) आधार पदका पछाडि आएका ध्वनि चिन्न तथा छुट्याएर र जोडेर लेख्न र पढ्न<br>(ग) पाठको समूह पठन, जोडी (सहपाठी) पठन र स्वतन्त्र पठन गर्न | (घ) शब्दको अर्थ बोध गरी वाक्यमा प्रयोग गर्न<br>(ङ) सार खिच्ने, प्रश्न सोध्ने र उत्तर दिने गरी पाठको बोध गर्न<br>(च) स्वतन्त्र रूपमा अनुच्छेदको लेखन गर्न |
| १८ | १६३ - १९२ | (क) दुई ओटा शब्द जोडेर सिङ्गो शब्द बनाउन र शब्दलाई छुट्याएर भन्न<br>(ख) दुई शब्द छुट्याएर र जोडेर भन्न र लेख्न<br>(ग) सस्वर पठन क्रममा गरिने त्रुटिको स्वमूल्याङ्कन गरी पढ्न | (घ) दुई ओटा शब्दको योगबाट बन्ने शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>(ङ) साइन बोर्ड, सूचना, विज्ञापन, आदि पढी अर्थबोध गर्न<br>(च) स्वतन्त्र रूपमा अनुच्छेदको लेखन गर्न |

प्रारम्भिक तहका तिनैओटा कक्षाका विद्यार्थीहरूका लागि अभ्यास पुस्तिका विकास गरी यो कार्यक्रम लागू भएका हरेक विद्यालयसम्म पुऱ्याउने व्यवस्था मिलाइएको छ । यसमा हरेक दिनका लागि क्षेत्र र क्रम तथा

शिक्षक निर्देशिकामा निर्धारण गरेबमोजिमको पाठ्यवस्तुको अभ्यास समावेश गरिएको छ । विद्यार्थीहरूले लेखाइका लागि मुख्य रूपमा यही अभ्यास पुस्तिका प्रयोग गर्ने भएतापनि आवश्यकताअनुसार शिक्षकले अरू कापीमा थप अभ्यास गराउन सक्दछन् ।

यी कक्षाहरूमा पाठ्यपुस्तक प्रयोगको सन्दर्भमा कक्षा १ र २ मा विभिन्न सन्दर्भ तथा पठनतत्त्व शिक्षणका क्रममा मेरो नेपाली किताबका क्रियाकलापहरू सुझाइएका छन् भने कक्षा ३ को अभ्यास पुस्तिकामा मेरो नेपाली किताबका पाठहरू नै एकीकृत गरिएको छ ।यसरी स्पष्ट रूपमा सुझाव गरेदेखि बाहेक पनि कक्षाको परिवेश, विद्यार्थीको स्तर तथा आवश्यकताका आधारमा सम्बन्धित दिनको विषयवस्तुसँग सम्बद्ध गराई मेरो नेपाली किताबको प्रयोग गर्न सकिनेछ ।

**प्रशिक्षकलाई निर्देशन ९० मि**

१. सबै सहभागीहरूलाई गोलो घेरामा उभिन लगाई तातो आलु खेल खेलाउनुहोस् । तातो आलु समाउने हरेक सहभागीलाई पाठ्यक्रम के हो, यसका अङ्गहरू तथा सिकाइमा यसको महत्त्वबारेमा पालो पालो एक एक वाक्य भन्न लगाउनुहोस् । सहभागीहरूबाट आएका कुराहरूमा केही महत्त्वपूर्ण कुरा छुटेको भए प्रशिक्षकले थप गर्नुहोस् ।

२. सहभागीलाई ६ समूहमा विभाजन गरी प्रत्येक समूहलाई एक एक ओटा पठन तत्त्वको शिक्षक निर्देशिकामा दिइएको कक्षा १,२ र ३ का तोकिएका सिकाइ उपलब्धि तालिका अध्ययन गर्न लगाउनुहोस् र सोको सारांश बुझाउने तालिका न्युज प्रिन्टमा लेखी प्रस्तुतीकरण गर्न लगाउनुहोस् । समूहको प्रस्तुति सकिएपछि आवश्यक छलफल गरी समूहबाट आएका सुझावलाई एकत्रित गरी प्रशिक्षकले छलफलको निचोड बताइदिनुहोस् ।

३. अघिकै समूहमा एक एक ओटा पठन तत्त्व सम्बन्धी कक्षा १–३ को क्षेत्र र क्रममा गरिएको व्यवस्था दिइएको नमुनाअनुसार भर्न लगाउनुहोस् । साथै उक्त क्षेत्र र क्रमबाट कुनै एक दिनमा एउटा पठन तत्त्वका लागि निर्धारित क्रियाकलाप, शिक्षक निर्देशिकामा दिइएको दैनिक तथा नमुना पाठयोजना र अभ्यास पुस्तिकामा सो दिनका लागि दिइएका क्रियाकलाप पनि हेर्न लगाउनुहोस् । उदाहरणका लागि समूह १ ले कक्षा १, २ र ३ को क्षेत्र र क्रमबाट कुनै एक दिन छानी सो दिनमा ध्वनि सचेतीकरण सम्बन्धी गराउनुपर्ने क्रियाकलाप, शिक्षक निर्देशिकाको कुन/कुन पेजमा सोका लागि नमुना पाठयोजना र दैनिक पाठयोजना छ तथा अभ्यास पुस्तिकाको कुन/कुन पेजमा विद्यार्थीले के/के गर्ने भनिएको छ भन्ने अध्ययन गरी तलको तालिकामा भर्छ ।

**समूह** ……… :

| कक्षा | क्षेत्र र क्रम | शैक्षणिक क्रियाकलाप | शिक्षक निर्देशिका | अभ्यास पुस्तिका | पाठ्यपुस्तक |
|---|---|---|---|---|---|
| १. | पेज नं. ९ (दिन १३) .., …., … | गीत वा कविता, लयबद्ध वाचन, वाक्यमा शब्द गणना, ध्वनि पहिचान: सुरुको र अन्त्यको ध्वनि, शब्द ध्वनिलाई जोडने र छुट्याउने आदि। | नमुना पाठयोजना: पेज नं. ४४ दैनिक पाठयोजना: पेज नं. ४९ | पेज नं. १५ …, .., | |

४. समूह छलफल र प्रस्तुतिपश्चात् आवश्यक कुरा थप गर्दै सत्रको निचोड प्रस्तुत गर्नुहोस् ।

# एकाइ ३
# शिक्षण विधिहरू

**अपेक्षित सक्षमता**

- पठनका लागि शिक्षण योजना र शिक्षण विधिको अन्तरसम्बन्ध पहिचान
- शिक्षक /विद्यार्थी केन्द्रित शिक्षण विधिहरूको समीक्षा
- प्रारम्भिक कक्षा पढाइका लागि शिक्षण विधिको प्रयोग तथा अभ्यास

## ३.१ शिक्षण विधि

शिक्षकले सिकाइका लक्ष्य र उद्देश्यहरू पुरा गर्न कक्षाभित्र वा बाहिर विद्यार्थीहरूलाई विभिन्न ज्ञान तथा सिप सिकाउन प्रयोग गरिने माध्यम, तरिका, ढाँचा/ उपाय/बाटो वा क्रियाकलापहरू नै शिक्षणविधि हुन् । शिक्षकले विषयवस्तुलाई प्रभावकारी र उद्देश्यपूर्णढङ्गबाट विद्यार्थीहरूसमक्ष पुऱ्याउन गरिने आम प्रयासलाई शैक्षणिक रणनीति भनिन्छ भने विषयवस्तुलाई विद्यार्थीहरूसमक्ष पुऱ्याउन गरिनेविशेष प्रक्रिया र साधनहरूको प्रयोगलाई शिक्षण विधि भनिन्छ । विधि सिकाइको साँचो हो भने यो साँचोलाई कसरी प्रयोग गर्ने कार्यनीति रणनीति हो । विद्यार्थीहरूको उमेर, रुचि, चाहना, क्षमताअनुसार तोकिएको विषयगत ज्ञान र सिपसिकाउन विभिन्न विधि र क्रियाकलाप साथै उपयुक्त सामग्रीहरूको पनि प्रयोग गरिएको हुनुपर्छ । प्रारम्भिक कक्षामा शिक्षण गर्दा बालबालिकाहरूको भाषिक पठन सिप*(पढ्नका लागि वा सिक्नका लागि Learn to Read and Read to Learn)*विकास गर्न के के क्रियाकलाप र सामग्री प्रयोग गर्दा उपयुक्त हुन्छ भन्ने कुरामा शिक्षक सुनिश्चित हुनुपर्दछ ।

राम्रो शिक्षण विधिका माध्यमद्वारा विद्यार्थीहरूलाई छापामा लेखिएको सामग्रीलाई अर्थबोध गर्न सक्ने बनाउनुपर्छ । प्रारम्भिक कक्षा पठन कार्यक्रममा पठनका तत्त्वहरूलाई कसरी कक्षामा शिक्षण गर्ने, सूचना तथा सञ्चार प्रविधिको प्रयोग कसरी गर्ने, अन्य विषयहरूसँग पठन सिपको अन्तरसम्बन्ध कसरी गराउने, विभिन्न तहका बालबालिकाहरूलाई राम्रो कक्षा व्यवस्थापन गरेर कसरी शिक्षण गर्ने साथै मूल्याङ्कन र उपचारात्मक शिक्षण कसरी गर्ने जस्ता विषय शिक्षणमा समेटिएको हुनुपर्दछ । बालबालिकाको स्तर, विषयवस्तु, शिक्षण सामग्री, शिक्षण क्रियाकलापहरूको छनोटलाई हेरेर विधिको उपयोग गर्नुपर्छ । पाठ्यक्रममा उल्लेख गरिएका सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, शिक्षक निर्देशिका,सामग्रीहरू समेतको अध्ययन र प्रयोग गरी शिक्षण गर्नुपर्छ । विद्यार्थीलाई सक्रिय गराएर आफैं सिक्ने अवसर दिएरविद्यार्थी केन्द्रित विधिहरू प्रयोग गर्नुपर्छ । यसका लागि शिक्षकले सिकारुको पूर्वज्ञान पहिचान गरी ज्ञान र सिपलाई ध्यानमा राखेर क्रमिक सिकाइ रणनीतिका आधारमा नयाँ विषय भए पहिले शिक्षकले आफैं, दास्रो पटक बालबालिकासँग र तेस्रो पटक उनीहरूलाई आफैं अभ्यास गर्न दिनुपर्दछ । जानिसकेको विषय भएमा बालबालिकालाई गर्न लगाएर अवलोकन तथा मूल्याङ्कन गरी समस्या भएका ठाउँमा सहयोग गर्नुपर्छ ।

## ३.२ पढाइका लागि शिक्षण योजना र विधिको अन्तरसम्बन्ध

दिइएका सक्षमता हासिल गर्न शिक्षकले राम्ररी तलका विषयलाई समेटेर योजना बनाई यी विषय र क्षेत्रमा आधारित भई शिक्षण गर्ने विधिको पालना गर्नु जरुरी हुन्छ । अथवा बनाइएका पाठ योजनालाई बुझेर सिप

सिकाउन शिक्षण क्रियाकलाप तयार गरी उपयुक्त विधिको पालना गर्नुपर्छ । यसरी शिक्षण गर्ने योजना र विधि तयार गर्दा तल समावेश गरिएका प्रश्नहरूका उत्तरको अपेक्षा गर्नुपर्छ ।




- के पढाउने ? कुन विषयलाई प्राथमिकतादिने ?कति पढाउने ? किन पढाउने ? कसरी पढाउने ?
- के बालबालिकाको तह यो विषयमा मिलेको छ ?यी बालबालिकाले यो विषय कसरी सिक्छन् ?यसका लागि सोच्ने, पढ्ने र लेख्ने सिपकस्तो हुन्छ ?
- पाठ पढाउँदा कक्षाको यो व्यवस्थापनले सिकाइ हासिल हुन्छ ? यो पढाउने विधिमा मैले कसरी यो सङ्ख्याका विद्यार्थीलाई कक्षामा व्यवस्थापन गर्छु त ?
- मैले बनाएको सिकाइ उद्देश्य यसरी सिकाउँदा पुरा हुन्छ ? बालबालिकालाई यो उद्देश्य प्राप्त गर्ने अवसर मिलेको छ ?
- यो पाठमा आधारित सिपसिकाउन कति समय लाग्छ ? यो समय दिनु महत्त्वपूर्ण हुन्छ ? सिकाउन खोजेको विषय र तोकिएको समय मिल्छ ?
- मैले यो विषय पढाउन प्रयोग गरेको विधि बालबालिकाको सिकाइका लागि ठिक छ ? के यो विषय सिकाउने साँच्चै ठिक विधि हो ? के यो विधि कक्षा र समय व्यवस्थापनका लागि ठिक छ ? मैले यो विधि राम्ररी पालना गर्न सक्छु ? अझ राम्रो विधि कुन हुन सक्छ ?
- मैले यो विषय पढाउन प्रयोग गरेका क्रियाकलापहरू बालबालिकाको सिकाइका लागि ठिक छन् ? के यी क्रियाकलापहरू गर्न कक्षा र समयको उचित व्यवस्थापन छ ? मैले गरेका क्रियाकलापबाट सिकाउन खोजेको सिप बालबालिकाले सिक्लान् त ?
- यो उद्देश्य प्राप्त भएको थाहा कसरी पाउने ? केले मलाई यो थाहा दिन्छ ?
- विद्यार्थी मूल्याङ्कन कसरी गर्ने ? के यो ठिक मूल्याङ्कन प्रक्रिया हो ? अरू के फरक तरिकाले मूल्याङ्कन गर्न सकिएला ?

### ३.३ प्रारम्भिक कक्षामा शिक्षण विधि प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू

प्रारम्भिक कक्षामा शिक्षण विधि प्रयोग गर्दा तलका पक्षहरूमा ध्यान दिनुपर्छ :

- बालमैत्री साथै सिकाइ उपलब्धिमा आधारित हुनुपर्दछ ।
- तोकिएको सिप सिकाउन तयार गरिएका सामग्रीमा आधारित हुनुपर्दछ ।
- शिक्षण सामग्रीको समुचित प्रयोग हुनु पर्दछ ।(जस्तै : अक्षरपत्ती कसरी र कहिले प्रयोग गर्ने आदि)
- सिकारुको सिर्जनालाई बढावा दिने क्रियाकलापमा आधारित हुनुपर्दछ ।

- स्व-अध्ययनलाई प्राथमिकता दिने खालका हुनुपर्दछ ।
- विविधतामा आधारित खोज, अन्वेषण, प्रयोग, परीक्षणसाथै अभ्यासमूलक शिक्षण विधिको उपयोग हुनुपर्दछ ।
- सिकाइ र व्यवहारमा मेल खाने हुनुपर्दछ ।
- बालबालिकालाई सम्झन सजिलो हुने हुनुपर्दछ ।
- स्थानीय तहमा उपलब्ध स्रोत, साधन र प्रयोगमा आधारित हुनुपर्दछ ।
- सबै तह, भाषा र भाषिकाका विद्यार्थीलाई उत्प्रेरित, सहज र सक्रिय बनाउने प्रकृतिको हुनुपर्दछ ।
- बालमनोवैज्ञानिक सिद्धान्तमा आधारित प्रकृतिको हुनुपर्दछ ।
- कक्षामा अवलोकन तथा मूल्याङ्कन गरी टेवा र पृष्ठपोषण दिन मिल्ने हुनुपर्दछ ।

### ३.४ शिक्षण विधिहरू

विषयवस्तुको प्रकृति, विद्यार्थीको स्तर, पाठ्यक्रमको उद्देश्य तथा स्रोतलाई मध्यनजर गर्दै विभिन्न तह, भाषा र भाषिकाका बालबालिकालाई प्रेरित गरेर शिक्षण सिकाइका सूत्रहरू जस्तैः सरलबाट जटिल, ज्ञातबाट अज्ञात, मूर्तबाट अमूर्त, निश्चितबाट साधारण र पूर्णबाट अंशका सिद्धान्तहरूलाईप्रयोग गरी शिक्षण गर्नु उपयुक्त मानिन्छ । यस प्रारम्भिक कक्षा पठन कार्यक्रममा केही शिक्षक केन्द्रित विधि, विद्यार्थी केन्द्रित विधि, समस्या समाधान विधिलाईमध्यनजर गर्दै *Phonic Based Scientific Approach*मा आधारित क्रमिक सिकाइको विधिलाई प्राथमिकताका साथ अवलम्बन गरेर शिक्षक निर्देशिका तयार गरिएको छ । यहाँ शिक्षण सिकाइमा प्रयोग हुने केही विधिहरूको छोटो चर्चा गरिएको छ ।

| **शिक्षक केन्द्रित** | |
|---|---|
| **प्रवचन** | प्रवचन विधिलाई  भाषण विधिको रूपमा लिइन्छ । यस विधिमा शिक्षकले समस्यासँग सम्बन्धित विषयवस्तुको छनोट गरी सिकारुलाई उसको स्वभाव र प्रवृत्तिअनुसार उत्प्रेरित गरी क्रमिकरूपमा समन्वयात्मक तवरले हाउभाउकासाथ व्याख्या गरेर विषयवस्तु बुझाउने प्रयास गर्दछ । ठुलो समूह, धेरै विषयवस्तु, सामग्रीको अभाव, खर्चको अभाव, प्रखर र स्पष्ट वाचकका कारण यो विधि प्रयोग गर्दै आए तापनि यो शिक्षक केन्द्रित, अप्रभावकारी, मूल्याङ्कन प्रविधिको प्रयोग नहुने, सिकाइ दिगो नहुने, गरेर सिक्ने सिद्धान्तको उपेक्षा, विद्यार्थीको तह, जिज्ञासा, रुचिर आवश्यकतालाई बेवास्ता गर्ने विधि भएकाले यो प्रारम्भिक कक्षामा उपयोगी हुँदैन । |
| **प्रदर्शन** | विषयवस्तुसँग सम्बन्धित चित्र,तस्वीर,प्रारूप,प्रतिमा,उपकरण, यन्त्र आदिलाई कुशलताका साथ सञ्चालन र व्याख्या गरी तथ्य कार्यविधि सिकाउने तरिका नै प्रदर्शन विधि हो । यसमा तथ्य र व्याख्या  विषयवस्तुको छनोटगरी, पूर्व अभ्यास गरेर मात्र शिक्षकले प्रदर्शन गर्नु पर्दछ । प्रदर्शन गरिने पाठलाई तयारी, प्रदर्शन र अनुकरण गर्ने गरी समय मिलाएर सिकाउनुपर्दछ । सबैले देख्ने गरी नमुना, सामग्रीको प्रयोग, बालबालिकाको बसाइ तथा राम्रो संलग्नता गराउनुपर्दछ । समयको वचत, प्रत्यक्ष अवलोकनको अवसर, सिकारुको विषयवस्तुमा रुचि तथा स्पष्टता साथै प्रयोगले सिकाइ बलियो हुनेहुनाले यो |

| | |
|---|---|
| | विधि भाषा तथा प्राविधिक दुवै विषय सिकाउँदा सबै तहमा प्रयोग गर्न सकिन्छ।<br><br>**प्रदर्शन विधिलाई प्रभावकारी बनाउने उपायहरू**<br>● शिक्षकले योजनाबद्धरूपमा निश्चित समयमा विद्यार्थीको स्तरलाई बुझेर नमुना प्रदर्शन वा प्रयोग गर्न सक्नुपर्छ ।<br>● सबै विद्यार्थीले दख्ने गरी उभिएर र स्पष्टतथा सरल भाषामा गर्नुपर्छ ।<br>● पूर्वज्ञान र सिपसँग जोडेर अर्थपूर्ण प्रदर्शन गर्नुपर्छ ।<br>● प्रदर्शन गर्ने विषय विद्यार्थीलाई बुझाउन दोहोऱ्याउने गर्नुपर्छ ।<br>● जानकारी, टेवा र पृष्ठपोषण बारम्बार दिनुपर्दछ ।<br>● बालबालिकालाई पनि एकीकृत रूपमा प्रदर्शन गर्न, भन्न र अभ्यास गर्न लगाउनु पर्छ ।<br>● सिकाइ भए नभएको राम्रो मूल्याङ्कन गरी सुधारात्मक शिक्षण गर्नुपर्छ । |
| **प्रश्नोत्तर विधि** | विद्यार्थीहरूमा के कति ज्ञान छ, उनीहरूले कति मात्रामा विचार गर्न सक्छन् भन्ने थाहा पाउन र उनीहरूबाट आएका जवाफबाट अरूलाई पनि जानकारी गराउने विधिलाई प्रश्नोत्तर विधि भनिन्छ । पूर्वज्ञानसँग सम्बन्ध गराई सिकारुलाई जागृत गरेर, अवस्था थाहापाएर, पुनरावृत्ति गर्दै, सिकारुलाई सक्रिय गराएर अभ्यास गर्ने र गराउने अवसर यो विधिमा हुने हुनाले यो विधिलाई अगाडि सारिएको पाइन्छ। प्रारम्भिक कक्षामा प्रश्नोत्तर विधिलाई प्रभावकारी बनाउने केही उपायहरू यसप्रकार छन् :<br>● सिकाएका विषयमा आधारित भई प्रश्न सोध्नुपर्दछ।<br>● प्रश्न दोहोरो अर्थ नलाग्ने,उमेर, कक्षा र पढाइको स्तर अनुसारका सोध्नुपर्दछ।<br>● साधारण शब्दको प्रयोग गरी प्रश्न सोध्नुपर्दछ।<br>● धेरै जोड वा विस्तारै नगरी कक्षामा सबैले सुन्ने गरी सोध्नुपर्दछ।<br>● प्रश्न समूहमा सोध्ने तर उत्तरका लागि एउटा विद्यार्थी तोक्नुपर्दछ।<br>● कक्षाका सबै विद्यार्थीले सही उत्तरको ज्ञान पाएको हुनुपर्दछ ।<br>● प्रश्न सोधेको विद्यार्थीलाई उत्तर दिने वातावरण बनाइदिनुपर्दछ ।<br>● व्यक्तिगत सिपर क्षमताका आधारमा सबैलाई स्तरअनुसार सोध्नुपर्दछ।<br>● प्रश्नको सोधाइ जहिले पनि पाठकलाई अगाडि बढाउने किसिमको हुनुपर्दछ।<br>● प्रश्नको उत्तर ठिक आएमा प्रशंसा गर्ने वा ठिक नआएमा पृष्ठपोषण दिनुपर्दछ । |
| **सोधपुछ** | समस्या,घटना, रहस्य तथा जटिल विषयहरूका समाधानका लागि शिक्षकले विद्यार्थीहरूलाई सोध, खोज तथा प्रयोग गरेर विषयको ज्ञान वा धारणा दिन सोधपुछ विधिको प्रयोग गरिन्छ । सिकारुलाई जागरूक गराएर स्वतन्त्रता प्रदानगरी, घटना वा तथ्यमा आधारित भएर खोजीनीतिबाट निष्कर्ष निकाल्न यो विधि प्रयोग गरिएको पाइन्छ । खोज्ने बानी, स्वतन्त्रता, तथ्यमा आधारित, सिर्जनात्मक बानी, विचार आदान प्रदान गर्ने सिप विकास, सहस्य पत्तालगाउने सिपआदि । यस विधिका राम्रा पक्षहरू देखिन्छन् । |

| | |
|---|---|
| | तर यो विधि माथिल्ला तहका कक्षाहरूमा मात्र बढी उपयोगी हुन्छ । |
| **विद्यार्थी केन्द्रित विधिहरू** | |
| **प्रयोग** | यो विधि ज्ञानात्मक, भावात्मक, क्रियात्मक सिपसिकाउनका लागि अभ्यास गरी प्रयोगात्मक तवरले कक्षामा बालबालिकालाई शिक्षण गर्दा उपयोगी मानिन्छ । विद्यार्थीको प्रत्यक्ष संलग्नता गराएर सिद्धान्तलाई व्यवहारमा जोडेर सिकाइ गराउन यो प्रयोग विधिको भूमिका रहन्छ । प्रारम्भिक कक्षामा भाषाका सबै तत्त्वहरू गणित, विज्ञान तथा सामाजिक शिक्षण गर्दा यो विधि प्रयोग गर्नु राम्रो मानिन्छ ।जस्तैः<br>● कुन ध्वनि कुन अवयवबाट उच्चारण हुन्छ? यसको प्रयोग र अभ्यास गर्ने<br>● पानी तताउँदा वाफ बन्ने र वाफलाई चिसो बनाउँदा फेरि पानी बन्ने प्रक्रिया |
| **भ्रमण** | नियमित कक्षाकोठाभन्दा बाहिर शैक्षिक उद्देश्यहरूसँग सम्बन्धित स्थानमा विद्यार्थीलाई भ्रमण गराएर त्यहाँको वास्तविक वस्तुस्थिति गतिविधिको उनीहरूलाई नै अवलोकन, निरीक्षण गर्न लगाएर ज्ञान वा जानकारी प्रदान गर्न यो विधि प्रयोग गरिन्छ । यसरी भ्रमण गर्दा अध्ययन गर्ने एकाइ/विषय, त्यसकालागि योजना, सामग्रीको तयारी, छलफल, प्रश्नोत्तर तथा त्यसको प्रतिवेदनलाई प्राथमिकता दिनुपर्दछ । स्थानीय स्थान, विद्यालय, धार्मिक स्थान, जिज्ञासा, खोजी, अध्ययन, विचारोत्पादन तथा प्रश्नोत्तर गरी ठोस अनुभव लिन यस्तो भ्रमणको मुख्य उद्देश्य हुन्छ तर यो विधि प्रारम्भिक कक्षामा पढ्नका लागि सिक्ने समयमा धेरै प्रयोग हुँदैन भने बुझ्नका लागि पढ्ने समयमा बढी प्रयोग हुन्छ । |
| **स्वअध्ययन** | विद्यार्थीले शिक्षकको सहयोग बिना नै व्यक्तिगत रूपमा विषयवस्तु छनोट तथा अध्ययन सामग्रीको प्रबन्ध गरी बुँदा टिपोट, बुँदाको व्याख्या साथै प्रतिवेदन तयार गर्नु यो व्यक्तिगत अध्ययन विधिको प्रक्रिया हो । यस विधिमा व्यक्तिगत प्रयासबाट ज्ञान, सिप, प्रतिभा, प्रदर्शन प्रदान गर्न, व्यक्तिगत भिन्नता र क्षमताका आधारमा सबैलाई आफ्नै गतिमा सिक्ने मौका दिएर विद्यार्थी केन्द्रित सिकाइको लक्ष्य राखिएको हुन्छ । प्रारम्भिक कक्षामा बालबालिकाको रुचि, उनीहरूमा भएको ज्ञान र सिपलाई बुझेर शब्द निर्माण, हिज्जे, वक्य संरचनाका साथै सर्न्दभ सामग्री प्रयोग गर्दा स्वतन्त्र पढ्ने समयमा यो विधिधेरै प्रयोग हुन्छ । |
| **साना योजना कार्य** | यस विधिमा सामाजिक प्रवृत्ति, चाहना र आवश्यकताअनुसार शिक्षण गर्नु वैज्ञानिक हुने भएकाले समूह विभाजन गरेर छोटो योजना (उद्देश्य, मिति, सामग्री, विधि, प्रक्रिया,प्रश्न) बनाई तथ्याङ्कको विश्लेषण, पुनरावलोकन, मूल्याङ्कन गरेर अभिलेख तयार गर्नु उचित हुन्छ । समूह वा एकल रूपमा खोजतलास, अनुसन्धान तथा तर्क र विश्लेषण गरी समाधानका उपायहरू पत्तालगाएर व्यावहारिक सिद्धान्तका आधारमा सिकाउन यो विधिको भूमिका रहन्छ । प्रारम्भिक कक्षामा पनि यो विधि शिक्षकले सामाजिक परिवेश, समुदाय, बालबालिकाको तह, उमेर, भाषा, भाषिकाको राम्रो अध्ययन गरी |

| | |
|---|---|
| | बालबालिकालाई मिलेर रङ भर्न, चित्र बनाउन, अनुमान गर्न, समूह कार्य गर्न, पढेर उत्तर पत्तालगाउन प्रयोग गर्नुपर्दछ । बालबालिकालाई उनीहरूको सामाजमा बस्ने मानिसका थर, पाइने फलफूलका नाम, खाने तरकारीका नाम, पाइने वनस्पतिका नाम, लगाउने लुगा, बोल्ने भाषा आदिको साना योजना बनाएर कार्य दिन सकिन्छ । |
| **खोज** | कुनै समस्याको खोज गरेर हल निकाल्नु खोज विधि हो । खोज विधि अति वैज्ञानिक विद्यार्थी केन्द्रित शिक्षण विधि हो । खोज विधि निर्देशित र अनिर्देशित गरी दुई किसिमका हुन्छन् । साना कक्षाका विद्यार्थीहरूलाई शिक्षकले पूर्ण रूपमा निर्देशित गरी निष्कर्ष निकाल्न लगाउने खोज विधिलाई निर्देशित खोज विधि भनिन्छ । यो विधिको प्रयोग विशिष्ट समस्याको समाधानका लागि उपयुक्त भए पनि प्रारम्भिक कक्षामा ध्वनि पत्ता लगाउन, ध्वनि र सङ्केतको सम्बन्ध खोजेर मिलाउन, चित्र र शब्द मिलाउन, शब्दको अर्थ खोज्न, प्रश्नका उत्तरहरू पाठमा खोज्न प्रयोग गरिन्छ । यसमा प्रश्नहरू प्रयोग गरेर समस्यालाई स्पष्ट पार्नुपर्दछ । विद्यार्थीलाई आवश्यक अवस्थामा मात्र निर्देशन तथा सहयोग दिएर सिर्जनात्मक रूपले खोजी कार्य गर्न दिनुपर्दछ । खोजबाट निस्केका विचारहरूका आधारमा निष्कर्षहरू तयार गर्नुपर्दछ । प्रारम्भिक कक्षामा शिक्षकले विभिन्न सिकाइ क्षमता, भाषा र भाषिका भएका बालबालिकाहरूको सिकाइ, उच्चारण, शब्द प्रयोग र बुझाइमा आएका समस्यालाई खोजेर कतिजना कस्तो समस्यामा छन् र के गर्नु आवश्यक छ, थाहापाएर शिक्षण विधिको प्रयोग गर्नु उपयुक्त हुन्छ । कक्षा १, २ र ३ मा पनि विद्यार्थीहरूमा सिर्जनात्मक मौलिक रूपको खोजको विकास र क्रियाशीलताका लागि यसको प्रयोग गरिन्छ । कमजोर बालबालिकाहरूलाई समेत समस्याप्रति चनाखो पार्न, स्वतन्त्र रूपले चिन्तन गराउन, आफैँले काम गर्ने बानीको विकास गराई दायित्व बोधसमेत गराउन प्रशस्त पाठ्यसामग्री र सन्दर्भ सामग्री उपलब्ध गराई उनीहरूलाई सक्रिय रूपमा भाग लिन दिएर समस्या समाधान गर्न यो विधि प्रयोग गरिन्छ । |
| **अन्तरक्रिया** | सबै तह र कक्षाहरूमा उपयोगी हुने विधि अन्तरक्रिया विधि हो । यसमा छलफलको योजना, तयारी वा छलफल सञ्चालन गर्ने तरिका पर्दछन् । यसका लागि उपयुक्त शीर्षक छनोट गरी समूहमा वितरण गर्नुपर्दछ । त्यसपछि शिक्षकले कुन समूहलाई कुन ठाउँमा बसाल्ने, कसरी बसाल्ने आदि व्यवस्था मिलाउनुपर्छ । सामान्यतया कक्षामा चारओटा समूह चार ओटा कुनामा राखेर छलफल गराउनु प्रभावकारी हुन्छ । त्यसपछि तिनीहरूलाई शिक्षकले छलफलको कार्यसूची दिनुपर्छ । कार्यसूचीअनुसार समूहहरूलाई छलफलमा संलग्न गराउनुपर्छ । छलफलमा कक्षाका सबैलाई सहभागी गराउनुपर्छ । छलफललाई निर्दिष्ट दिसातिर उन्मुख गराउनका लागि उनीहरूको आआफ्नो वैचारिक मत भिन्नता एवम् कमजोर तर्कलाई शिक्षकले पृष्ठपोषण दिएर सुधार गर्दै सही दिशातिर डोऱ्याउनुपर्छ । अन्तमा उनीहरूलाई अपेक्षित व्यवहारमा ठहर गराउनुपर्छ । सिङ्गो कक्षामा निचोड सुनाउनुपर्दछ । सबै समूहले प्रस्तुत गरेका विचारहरूको तुलना, |

| | |
|---|---|
| | विश्लेषण र मूल्याङ्कन गरी आफ्नो मन्तव्यसहितको अन्तिम निचोड दिनुपर्दछ । यो विधि कक्षा २ र ३ मा पाठ, अनुमान, बोध, सारांश, पात्र वा चरित्र आदिका बारेमा छलफल गर्दा उपयोगी हुन्छ । |
| **समूह शिक्षण** | समूह शिक्षण विधिमा कक्षाका सम्पूर्ण विद्यार्थीहरूलाई सकेसम्म ससाना समूहहरूमा बाँडेर समूह सञ्चालन तथा रिपोर्टिङका लागि एकजना समूह नेताको चयन गर्नुपर्दछ । छोटो समयमा हल गर्न सकिने समस्या छानेर त्यसबारे शिक्षकले सङ्क्षिप्त परिचय दिनुपर्दछ । प्रत्येक समूहलाई समूहगत रूपमा बस्ने व्यवस्था मिलाएर निश्चित समय तोकी ठोस कार्य दिनुपर्दछ । सबै सहभागीको विचार समेटिएको प्रतिवेदन/भनाइ तयार गरी कक्षामा प्रस्तुत गर्ने व्यवस्था मिलाउनुपर्छ । शिक्षकले प्रतिवेदनहरूको सारांश झिकी विद्यार्थीहरूलाई क्रियाकलापको उद्देश्यमा आधारित भई त्यसबारे बोध गराउनुपर्दछ । यो विधि कक्षा१, २ र ३ मा मौखिक कार्य, अनुमान, जोडी पठन,समूह पठन, गीत गायन तथा खेलका माध्यमबाट सिक्ने कार्यमा धेरै प्रयोग गर्न सकिन्छ । |
| **सर्वेक्षण** | समुदायका समस्या, आवश्यकता र भावना बुझ्न तथ्याङ्क सङ्कलन र विश्लेषण गर्न सर्वेक्षण विधिको प्रयोग गरिन्छ । यस विधिबाट मनोवैज्ञानिक, सामाजिक, नमुना, गणना, सर्वेक्षण, समुदायका समस्याको तथ्यसहितको सिकाइ हुनेहुनाले यसकोव्यापक रूपमाप्रयोग गरिएको पाइन्छ । अर्थ र समयको धेरै प्रयोग हुने हुनाले शिक्षकले सानाकक्षामा यसको प्रयोग कम गरेर ठुलाकक्षामा मात्र प्रयोग गर्नु उपयुक्त हुन्छ । |
| **नाटकीकरण विधि** | कथा पढाउने क्रममा हाउभाउसहित, नक्कल,नाटक वा भूमिका गरेर शिक्षण गर्ने विधिलाई नाटकीकरण भनिन्छ । कुनै पात्र,चरित्र, वस्तु वा घटना शिक्षण गर्नु पर्दा बालबालिकालाई प्रेरणा दिएर उनीहरूलाई प्रस्तुत गर्न लगाउने भूमिकासहितको शिक्षण नै नाटकीकरण हो । जस्तैः शिक्षक, चिकित्सक, व्यापारी, विद्यार्थी, नर्स, प्रहरी, सञ्चारकर्मी, पथ प्रर्दशकको भूमिका के वा कस्तो हुन्छ? त्यो दैनिक व्यवहारमा मिल्ने गरी प्रस्तुत गरेर बालबालिकालाई बुझाउनुपर्छ । बालबालिकालाई अवसर दिईकुनै निश्चित पाठ, संवाद वा पाठमा पात्रहरूको भूमिका आदि गराएर शिक्षण गर्दा मनोरञ्जनात्मक तरिकाले अर्थपूर्ण, सजीव, सामाजिक यथार्थ बुझाउन सहज हुनेहुनाले यसलाई प्रभावकारी शिक्षण विधि मानिन्छ । सिकाइमा पनि यसले राम्रो प्रभाव पार्छ । जस्तैः<br>● भूमिकासहितको शिक्षण अर्थपूर्ण र सजीव हुन्छ ।<br>● यसमा चरित्रको यथार्थ चित्रण हुन्छ ।<br>● यसमा बुढो, जवान,रोगी, छुच्चो, समाजसेवी आदिको चित्रण गर्दा विद्यार्थीहरूमा सबै पक्षको जानकारी हुन्छ ।<br>● यसले लुकेको क्षमताको उजागर गर्छ ।<br>● यसले बालबालिकालाई थप ज्ञानका लागि उत्प्रेरित गराउँछ । |

| | |
|---|---|
| | ● यसले नबिर्सने तरिकाले मस्तिष्कमा प्रभाव पार्छ ।<br>● यसले सिकाइ,बुझाइ तथा सोचाइ प्रक्रियाको व्यवहारमा स्थानान्तरण गर्ने क्षमताको विकास गर्दछ ।<br>● यसले तनाव हटाई मनोरञ्जनात्मक तरिकाले सिकाइ क्रियाकलापमा सहभागी गराइदिन्छ ।<br>● यसले बौद्धिकतामा सुधार र दर्शकसामु अभिव्यक्ति गर्न प्रेरणा दिन्छ ।<br>● यसले निडरको भावना, अभिव्यक्त गर्ने शैली, कल्पना शक्तिका साथै सिप विकासमा सहयोग गर्छ ।<br>● यसले भावना र रुचिको क्षमतामा प्रस्फुटन ल्याउँछ ।<br>● यसमामनोसामाजिक, संवेगात्मक र वाचन सिपको विकास हुने भएकाले यो रोचक तथा प्रभावकारी हुन्छ ।<br>● यो सधैँ उपयोगी नभए पनि रोचक र कम खर्चिलो भएकाले विद्यालयमा प्रयोग गर्नु राम्रो मानिन्छ । नाटकीकरण विधि प्रयोग गर्दा शिक्षकले कसले के र कसरी गर्ने भनेर विद्यार्थीसँगै बसेर योजना बनाउनुपर्छ । विद्यार्थीलाई दिइएको भूमिकाको बारेमा उत्प्रेरित गरी तालिम वा तयारी गराउनुपर्छ, जसले गर्दा उनीहरूले प्रभावकारी भूमिका निर्वाह गर्न सकून् । |
| **सामग्री केन्द्रित विधि** | तोकिएको उद्देश्य प्राप्तिको लागि विभिन्न सामग्रीहरूको प्रयोग गरी गरिने शिक्षण प्रक्रियालाई सामग्री केन्द्रित शिक्षण विधि भनिन्छ ।साना कक्षाका बालबालिकाको सिकाइ सामग्रीमा आधारित भएमा सिकाइ प्रभावकारी हुन्छ । सामग्रीहरूको प्रदर्शन तथा चलचित्र प्रदर्शन गर्नु, सिकाइ उपलब्धिका आधारमा पाठ अनुसार प्रयोगहुने शैक्षणिक, सन्दर्भ, सञ्चार, विज्ञान, गणित, छपाइका सामग्री, पोस्टर साथै शिक्षक तथा विद्यार्थी निर्मित सामग्री आदिको प्रयोग सामग्री केन्द्रित सिकाइ विधिका महत्त्वपूर्ण पक्षहरू हुन् । शिक्षकले सामग्री प्रदर्शन गर्दा कसरी गर्ने योजना बनाउनुपर्छ । कुन सामग्री के सिप सिकाउन प्रयोग हुन्छ ? कहाँ, कहिले, कसले र कसरी यो प्रयोग गर्ने जस्ताकुराहरू महत्त्वपूर्ण हुन्छन् । प्रर्दशन गर्दा सरलबाट जटिलतिर, देखेकाबाट नदेखेकातिर, प्रयोग भइरहेकाबाट प्रयोगपछि हुनेतिर ख्याल गर्नुपर्छ । अन्त्यमा सामग्री प्रयोगको उद्देश्य सिकाइसँग जोडेर मूल्याङ्कन तथा लेखाजोखा गर्नु जरुरी हुन्छ । थप सामग्रीका लागि विज्ञान, प्रविधि, सञ्चार साथै चलचित्र पनि सिकाइ केन्द्रित बनाएर कक्षा भित्र वा बाहिर प्रयोग गर्नुपर्छ । यस्ता सामग्री देखाएर, प्रदर्शन गरेर, सुनाएर, प्रयोग गरेर, अभ्यास गरेर, सामग्रीको बारेमा भन्न र लेख्न लगाएर प्रयोग गर्ने गरिन्छ । यसका लागि निश्चित उद्देश्य, विषय, ठाउँ साथै समयको व्यवस्थापन गर्नुपर्छ । यसले बालबालिकालाई उत्प्रेरित, ध्यान केन्द्रित, सिर्जनात्मक र अनुकरण गर्न सहयोग गर्छ । पढेका, देखेका, बुझेका सामग्री, सञ्चार र प्रविधि साथै चलचित्रबाट राम्रा ज्ञान र सिपहरूलाई व्यवहारमा उतारेर लागू गर्न शिक्षकले सहयोग गर्नुपर्छ । |

| | |
|---|---|
| **समस्या समाधान** | समस्या समाधान विधिले बालबालिकालाई केवल सरसरती पढ्न मात्र सहयोग नगरी उनीहरूको बुझाइमा समेत सहयोग पुऱ्याउँछ ।उनीहरूले पढ्न थाल्ने क्रममा छापाका वर्णरूपी सङ्केतहरू(Graphs) अक्षर, शब्द र वक्यांशहरूलाई उपयुक्त क्रम र तह मिल्ने गरी चिनेर गल्ती नगरी उच्चारण गरेर सरसरती पढ्नु राम्रो मानिन्छ । राम्रो पढ्ने बालबालिकाहरूले पनि सुरूवातमा सधैँ राम्रो गर्दैनन् । उनीहरूलाई सहयोग चाहिन्छ । उनीहरूको बुझाइमा फरक परेको हुनसक्छ । धेरै राम्रो पढ्ने पाठकले पनि राम्रो उच्चारण गरेर सरसरती पढ्दा गल्ती गर्न सक्छन् । बिचबिचमा आउने नयाँ शब्दहरूको पनि प्रसङ्गअनुसार बुझेर ठिक अर्थ लगाएर पढ्नुपर्छ । यो अवस्थामा शिक्षकले शुद्ध पढाइको सुधारका लागि जोड दिनुपर्नेहुन्छ । नेपाली दोस्रो भाषाका रूपमा प्रयोग गर्ने विद्यार्थीहरूले प्रयोग गरेका शब्दहरू उदाहरणमा राखेर पनि शुद्धता शिक्षण गर्नुपर्ने हुन्छ ।<br><br>यस विधिको प्रयोगले गर्दा विद्यार्थीमा समस्यासँग सम्बन्धित विषयवस्तु र पुस्तकहरू पढ्ने, समस्या सङ्कलन गर्ने बानीको विकास हुन्छ । यसले गर्दा नयाँ नयाँ ज्ञानको खोजी गर्न, नयाँ विचारको सिर्जना गर्न तथा बौद्धिक क्षमता र प्रवृतिको विकास हुन्छ । समस्यालाई बुझ्न, परिभाषित गर्न र सिमाङ्कन गर्न सक्ने क्षमताको विकास गर्न यसको प्रयोग गरिन्छ । विद्यार्थीमा सिर्जनशीलता, प्रवर्तनात्मकता र वैज्ञानिक सोचाइको विकास गराउन सहयोग गर्नुका साथै सिकाइको गुणस्तरीयतामा सुधार आउँछ । आवश्यकताअनुसार जव विद्यार्थीहरू समस्याको समाधान गरिरहेका हुन्छन् । शिक्षकले वरिपरि घुमेर विद्यार्थीलाई सहयोग गर्ने गर्दछन् । अरू मातृभाषा, भाषिका वा नेपाली भाषा दोस्रो भाषाका रूपमा बोल्ने बालबालिकालाई राम्ररी अवलोकन गरी उनीहरूले प्रयोग गरेको ध्वनि जस्तै नेवारको त र ट, मगरको ध र घ, तामाङको वर्णमा मात्रा जस्ता विषयलाई शिक्षकले राम्ररी समाधान गर्नुपर्ने हुन्छ । पठन वेगमा पनि शुद्ध, गति, यति र लयसहित चिह्नहरूको प्रयोग गर्ने विषयलाई सुधार गर्नुपर्छ । शब्द शिक्षणमा शिक्षकले दुई वा दुईभन्दा धेरै विधिहरू प्रयोग गरेर नयाँ शब्दको अर्थ पढाउने गर्नु राम्रो हुन्छ । जस्तै: प्रत्यय, उपसर्ग, मुख्य शब्द, सम्बन्धित शब्द पत्ता लगाएर वा कुन अवस्थामा यो शब्दको प्रयोग भएको छ सोधेर । शिक्षकले केही नयाँ शब्द राखेर पाठ पढ्न दिएर प्रयोग भएको नयाँ शब्दको अर्थ पत्ता लगाउन विद्यार्थीहरूलाई निर्देशन दिएर ।विद्यार्थीले उनीहरूले जानेको शब्दको अर्थ छलफल गर्ने र कसरी त्यो अर्थ थाहा पाए त्यसको तथ्याङ्क राख्न लगाउने आदि । |

<table>
<tr><td></td><td>
</td></tr>
<tr><td>क्रमिक सिकाइ रणनीति</td><td>यस प्रारम्भिक कक्षा पढाइ कार्यक्रममा पढ्नका लागि सिकाउनु पर्ने सिपलाई धेरै प्राथमिकता दिइएको छ । स्तरगत तयार गरिएका सामग्रीलाई अर्थबोध गर्न सक्ने गरी पढ्ने सिप विकास गर्ने लक्ष्य कक्षा १ बाट नै राखिएको हुनाले यो क्रमिक सिकाइ विधिलाई प्राथमिकताका साथ लागू गरिएको छ । पढाइका लागि सिकारु सक्रिय हुनुपर्छ । विद्यार्थीलाई आफैँ सक्रिय भएर सिक्ने अवसर प्रदान गर्न विद्यार्थी केन्द्रित विधिहरू प्रयोग गर्नुपर्छ । यसका लागि शिक्षकले सिकारुको पूर्वज्ञान पहिचान गरीसोको आधारमा शिक्षणको विषयवस्तु, शिक्षण सामग्री, शिक्षण विधि, शिक्षण क्रियाकलापहरू छनोट र प्रयोग गर्नुपर्छ । पाठ्यक्रममा उल्लेख गरिएका सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, शिक्षक निर्देशिका, शिक्षण विधि, शैक्षणिक सामग्रीहरू समेतको अध्ययन र प्रयोग गरी शिक्षण गर्नुपर्ने भएकाले यो क्रमिक सिकाइको प्रक्रिया (Gradual Release Approach)लाई “म गर्छु”, “हामी गरौँ” र “तिमी गर” क्रियाकलापमा समावेश गरी प्रारम्भिक कक्षाहरूमा पठन सिप विकासका लागि अवलम्बन गरिएको छ ।<br><br>यस विधिमा बालबालिकाहरूलाई पढ्नका लागि सिकाउनु पर्ने (Learn to Read)भएकाले शिक्षकले सबैभन्दा पहिले विद्यार्थीको पढाइ सिपको अवस्था थाहा पाउन उनीहरूको प्रवेश व्यवहार (entering behavior) को लेखाजोखा गर्नुपर्दछ । स्तरअनुसारको शिक्षण गर्न तयारी गर्नुपर्छ । यसका लागि उपयुक्त विषयवस्तु, शिक्षण सामग्री र शिक्षण क्रियाकलापको चयन गर्नु जरूरी हुन्छ । यसरी सिपसिकाउँदा पहिले आफैँले “म गर्छु तिमीहरू हेर”भन्दै नमुना प्रस्तुत गर्नुपर्दछ । नमुना प्रस्तुत गर्दा शिक्षण गर्ने विषयको ज्ञान, सिपर धारणा दिनुपर्छ (के गर्ने, किन गर्ने र कसरी गर्ने) । दास्रो चरणमा त्यही ज्ञान, सिपर धारणाको विकास अब “हामी सँगै गरौँ भन्दै सहभागी वा विद्यार्थीहरूसँगै गर्नुपर्छ । सँगै गर्दा सिकारुलाई सहयोग, टेवा साथै सिक्न उत्प्रेरणा दिनु जरूरी हुन्छ । क्रमशः तेस्रो चरणमा विद्यार्थीहरूलाई त्यही सिपहासिल गर्न अभ्यास गर्न “अब तिमी आफैँ गर”अवसर दिनुपर्छ । अभ्यास गरिरहँदा प्रशिक्षक वा शिक्षकले आफूले दिन खोजेको ज्ञान, सिपर धारणा कति उनीहरूमा विकास भयो भन्ने कुराको राम्ररी अवलोकन गर्नुपर्छ । अवलोकनका आधारमा सिक्न कठिन भएका विद्यार्थीहरूलाई एकल,</td></tr>
</table>

| | |
|---|---|
| | जोडी र समूहमा टेवा र उत्प्रेरणा दिनु जरूरी हुन्छ । पछिपरेका, दास्रो भाषी, ढिलो सिक्ने र फरक मातृभाषा भएका बालबालिकाहरूलाई विशेष (उत्प्रेरणा, टेवा, पृष्ठपोषण, नियमित प्रश्न, थप गृहकार्य) ध्यान दिनु जरूरी हुन्छ । यसरी शिक्षण गर्दा सबै सहभागी विद्यार्थीहरूलाई एउटै विषयमा कठिन भएमा त्यही कठिन विषयलाई पुन: शिक्षण गर्नुपर्छ । आंशिक बोध भए त्यही विषय वा क्षेत्रलाई जोड दिएर पुनरावृत्ति गर्नुपर्छ । तर सबै वा धेरै जसो सहभागीलाई सिकाउन खोजेको विषय कठिन भएमा त्यस विषयलाई पुन: थप उदाहरण र उनीहरूको दैनिक व्यवहारमा जोडेर शिक्षण गर्नुपर्छ । |

**प्रशिक्षक निर्देशन ३ घण्टा**

**क्रियाकलाप १: जानकारी आदान- प्रदान**

सहभागीहरूलाई शिक्षण गर्दा उहाँहरूले हालसम्म प्रयोग गर्दै आउनु भएको शिक्षण विधिहरूको सूची बनाउन लगाउनुहोस् । सहभागीमध्ये चार जनालाई उहाँहरूले बनाएको सूची भन्न दिनुहोस् । प्रशिक्षकले नदोहोरिने गरी उहाँहरूले भनेका विधिहरू न्युजप्रिन्टमा टिप्नुहोस् र सबैले देख्ने गरी टाँस्नुहोस् । अरू सहभागीका थप विचार भए समेटेर लेख्नुहोस् । उहाँहरूले यी विधिहरू कक्षामा प्रयोग गरिरहनुभएको छ त ?अन्तरक्रिया गर्नुहोस् । यदि छ भने बालबालिकामा सिकाइ भएको छ त ? छोटो अन्तरक्रिया गर्नुहोस् । प्रशिक्षकले सबैका विचारहरू समेट्दै आफ्नो अनुभव र विचार बताउनुहोस् ।

**क्रियाकलाप २: कक्षामा प्रयोग हुने विधिहरू**

प्रशिक्षकले शिक्षण विधिहरू प्रस्तुत गर्नुहोस् । यी विधिहरूको औचित्य, महत्त्व र प्रयोगका बारेमा छलफल, अन्तरक्रिया साथै प्रर्दशनगर्नुहोस् ।

**क्रियाकलाप ३: कक्षामा प्रयोगहुने विधिहरू**

सहभागीहरूलाई पाँच समूहमा वर्गीकरण गरी माथि दिइएका विधिका विषयवस्तुमा आधारित भई पढ्न लगाउनुहोस् र हरेक समूहलाई एउटा एउटा विधि प्रयोगको नमुना प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४ विविध विषय शिक्षण**

सहभागीहरूलाई चार समूहमा बस्न भन्नुहोस् । चारै समूहलाई तल दिइएको वातावरणमा आधारित एउटा नमुना शिक्षण गरेर देखाउन भन्नुहोस् ।

समूह १ : भाषा शिक्षण (यो कक्षामा ७० प्रतिशत बालबालिकाहरूको नेपाली पहिलो भाषा होइन । तर धेरैजसो बोलेको बुझ्छन् । आज उनीहरूलाई शब्द शिक्षण गर्नु छ । स्वतन्त्र, समाज, जात्रा)

समूह २ : गणित शिक्षण (कक्षा ३ का बालबालिकालाई भिन्नको जोड शिक्षण गर्नु छ । १०० प्रतिशत बालबालिकाहरूको नेपाली पहिलो भाषा होइन ।

समूह ३ : विज्ञान शिक्षण: कक्षा ३ का बालबालिकालाई तोरीको बोट र पराग सेचन पढाउनु छ । ५० प्रतिशत बालबालिकाहरूको नेपाली पहिलो भाषा होइन ।

समूह ४ : सामाजिक शिक्षण: कक्षा २ को पाठ छ । बालबालिकालाई हाम्रो भेषभूषा पढाउनु छ । २० प्रतिशत बालबालिकाहरूको नेपाली पहिलो भाषा होइन ।

**क्रियाकलाप ५: क्रमिक सिकाइ विधि र नमुना प्रर्दशन**

प्रशिक्षकले क्रमिक सिकाइको रणनीति र विधिका बारेमा प्रस्तुत गर्नुहोस् । यो विधि के हो ? प्रारम्भिक कक्षा शिक्षणमा किन यो महत्त्वपूर्ण छ ? यो विधि कसरी कक्षामा प्रयोग गर्ने ? चर्चा गरी सकेपछि यो विधि प्रयोग गरी प्रशिक्षकले कक्षा १ को शिक्षक निर्देशिकाको दोस्रो नमुना पाठमा आधारित पठन सिप विकासका पाँच तत्त्वमध्ये एउटा अंशको नमुना शिक्षण गरेर देखाउनुहोस् । सहभागीलाई सँगै अभ्यास गर्न लगाउनुहोस् । सहभागीलाई स्वतन्त्र अभ्यास गर्न दिनुहोस् । सहभागीले अभ्यास गरिरहेका बेला राम्ररी अवलोकन, मूल्याङ्कन र निरीक्षण गर्नुहोस् । स्वतन्त्र अभ्यास गर्दा सङ्घर्ष गरिरहेका सहभागीलाई पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ६: क्रमिक सिकाइ विधि अभ्यास**

सहभागीहरूलाई चार समूहमा बस्न भन्नुहोस् । क्रमिक सिकाइको विधि  प्रयोग गरी कक्षा २ को शिक्षक निर्देशिकाको पहिलो, दोस्रो, तेस्रो र चौथो नमुना पाठमा आधारित एउटा नमुना शिक्षण गरेर देखाउन भन्नुहोस् । तयारी गर्न १० मिनेट र प्रस्तुति गर्न पाँच पाँच मिनेटको समय तोकिदिनुहोस् ।  प्रस्तुति पछि अन्तरक्रिया, छलफल तथा पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ७साना योजना कार्य**

सहभागीहरूलाई चार समूहमा बस्न भन्नुहोस् । चारै समूहलाई कक्षा १, २ र ३ मा उपयुक्त हुने कथा लेखनको एउटा योजना कार्य दिनुहोस् ।

कथा लेखनका लागि तलको खाका प्रस्तुत गर्नुहोस् ।

- उद्देश्य: कथा लेख्ने ।
- मिति: आज ......।
- समय: ५ मिनेट
- सामग्री: न्युजप्रिन्ट,कलम, टाँस्ने वा गम ...।
- प्रक्रिया: यो कक्षा सुहाउँदो (समूह १ कक्षा १, समूह २ कक्षा २, समूह ३ कक्षा ३, समूह ४ ले स्वतन्त्र) कथा हुनुपर्छ । शीर्षक बालमैत्री, हरेक वाक्यमा चारभन्दा बढी शब्द हुनुहुँदैन । एक पटकमा एक सहभागीले एउटा मात्र वाक्य लेख्न पाउने छ । कुनै पनि वाक्यमा आधा अक्षर हुनुहुँदैन । यो सबैले लेखिसके पछि एक पटक सुधार गर्न पाइने छ ।
- मूल्याङ्कन : कसले भनेअनुसार कार्य गरेर सके ?कसले भनेअनुसार गर्न सकेनन्? काम गर्दा के के कठिनाइहरू आए ? छलफल गरी यस्ता क्रियाकलापहरू कक्षामा गर्न सकिने विषयमा छलफल गर्नुहोस् ।

# एकाइ ४ : शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग

**अपेक्षित सक्षमता**

- प्रारम्भिक तहको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको अवधारणा, महत्त्व तथा सम्भावना पहिचान
- प्रारम्भिक कक्षा पढाइ शिक्षणमा सान्दर्भिक सूचना तथा  सञ्चार प्रविधिको प्रयोग
- पेसागत विकास तथा शिक्षक समूहमा आपसी सहकार्यका लागि लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग

**विषयवस्तु**

**४.१ शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि**

ICTको पुरा रूप Information, Communication र Technology हो । यसको शाब्दिक अर्थ सूचना तथा सञ्चार र प्रविधि हो । सूचना भन्नाले सन्देश, तथ्य,घटना, तथ्याङ्क, सङ्केत वा चित्र र आकार हो । सूचना वा सन्देशलाई एक व्यक्ति वा स्थानबाट अर्कोमा पठाउनुलाई सञ्चार भनिन्छ । सञ्चारका सबै तत्त्वहरूमा सन्तुलन कायम गर्न सकेमा यो प्रभावकारी हुन्छ । प्रविधि भन्नाले कार्यसम्पादनमा सहजता ल्याउन तयार गरिएका सामग्री तथा साधनहरूको विकास हो । ज्ञान आर्जनका माध्यम, विधि तथा तरिकाहरू र औजारले सूचनालाई सञ्चार गर्ने काम गर्दछन् ।आजको युगमा हाम्रो जीवनमा सूचना तथा सञ्चार र प्रविधि को भूमिका दिनानुदिन महत्त्वपूर्ण हुँदै गइरहेको छ । प्रविधिको माध्यमबाट हामी सूचना र सञ्चारको भरपुर प्रयोग गरिरहेका छौँ । सूचना तथा सञ्चार र प्रविधिका साधनहरूमा कम्प्युटर, ल्यापटप, ट्याबलेट, प्रोजेक्टर, मोवाइल आदि पर्दछन् । सिकाइका लागि यी पनि साधनहरूको प्रयोग दिनानुदिन बढिरहेको छ ।

प्रारम्भिक कक्षाका सन्दर्भमा अन्य सिकाइका अतिरिक्त पढाइ सिप विकासमा पनि सूचना तथा सञ्चार र प्रविधिको प्रयोगले थप सहयोग पुऱ्याउन सक्छ । प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि बालगीत, कथा र अन्य विषयहरू सूचना तथा सञ्चार र प्रविधिका साधनहरू जस्तै मोवाइल, कम्प्युटर प्रयोग गरी श्रव्यदृश्य सामग्रीहरूमार्फतशिक्षण गर्न सकिन्छ । यस्ता विषयवस्तुहरू हेर्न, बुझ्न र सिक्नका लागि रेडियो, टेलिभिजन, युट्युब, फेसबुक र अन्य इन्टरनेट माध्यमहरूमा प्रशस्तै मात्रामा प्राप्त गर्न सकिन्छ । विद्यालयमा शिक्षकहरूले र घरमा अभिभावकहरूले यी माध्यमबाट उपयुक्त विषयवस्तुहरू खोजेर बालबालिकाहरूलाई सुनाउन, देखाउन र बुझाउन सकिन्छ । शिक्षकहरूले पनि आफूलाई चाहिने आवश्यक ज्ञान, सिपर जानकारीहरू प्रविधिको माध्यमबाट बटुल्न सकिन्छ र उक्त कुराहरू कक्षाकोठामा विद्यार्थीहरूलाई जानकारी दिन सकिन्छ । विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत सिकाइका लागि र दिगो विकासका लक्ष्य प्राप्ति गर्नका लागि बालबालिका तथा शिक्षकका लागि सूचना तथा सञ्चार र प्रविधिको भूमिकामा जोड दिइएको छ । प्रविधिका माध्यमबाट सिकाइलाई वैयक्तिक रूपमा लैजान सकिन्छ । साथै शिक्षकले सुहाउँदो सफ्टवेयरबाट निरन्तर विद्यार्थी मूल्याङ्कन गरी शिक्षणमा सुधार गरी तत्काल पृष्ठपोषण दिने र आवश्यक परेको ठाउँमा थप उपचरात्मक शिक्षण गर्ने कार्यमा समेत सूचना तथा

सञ्चार र प्रविधि प्रयोग गर्न सकिन्छ ।

**४.२ प्रारम्भिक कक्षा शिक्षण सिकाइमा सूचना तथा सञ्चार र प्रविधिप्र योगको सम्भावना तथा महत्त्व**

परम्परागत कक्षामा शिक्षकले पढाउँदा केवल पाठ्यपुस्तकको मात्रै प्रयोग गर्ने प्रचलन थियो र अझै पनि छ । हाल कक्षाकोठामा पढाउँदा सूचना तथा सञ्चार र प्रविधि को प्रयोगको माग बढ्दोछ । विषयवस्तुसँग सम्बन्धित ज्ञान, सिप प्राप्तिका लागि प्रविधिहरूको प्रयोग गर्दा विद्यार्थीहरूमा थप उमङ्ग जागृत भई बोध क्षमतामा समेत वृद्धि हुन्छ । सूचना तथा सञ्चार र प्रविधि का साधनहरू जस्तै भिडियो, टिभी र मल्टिमिडियाका सामग्रीहरूमा अक्षर, ध्वनि, चित्र र चल्ने दृश्य भएका कारण बालबालिकाहरूलाई सिकाइमा उत्सुकता र उत्प्रेरणा जाग्दछ । मोबाइल र अन्य उपयुक्त विद्युतीय साधनबाट अक्षर, शब्द तथा अङ्क सिकाइमा सबै उमेर समूहको निरक्षरता उन्मूलनमा सहयोग पुग्ने देखिन्छ । बालबालिकाहरूमा सानै उमेरदेखि प्रविधिको प्रयोग गर्दै सिकाइ भएको खण्डमा भविष्यमा उनीहरूको सिकाइ प्रक्रिया अझ प्रभावकारी भई विविध अवसरहरूको उपयोग गर्न सक्ने हुन्छन् भन्ने कुरा अध्ययनहरूले देखाएका छन् ।

शिक्षणसिकाइमा प्रयोग गर्न सकिने सूचना तथा सञ्चार र प्रविधिका अहिलेका प्रचलित साधनहरू रेडियो, टेलिभिजन, मोबाइल, टेलिफोन, कम्प्पयुटर, ल्यापटप, आइप्याड, प्रोजेक्टर, सिडी, पेनड्राइभ, डाटा कार्ड आदि पर्दछन् । त्यसै गरी इन्टरनेट तथा विविध वेवपेजहरू, युट्युब, फेसबुक, एप्स तथा विभिन्न प्रोग्रामहरू, विविध विषयका श्रव्यदृश्यका सामग्रीहरू, बालगीत, कार्टुन माइक्रोसफ्ट अफिस प्याकेजहरूआदि सफ्टवयरका प्याकेजहरूले पनि शिक्षणमा सूचना तथा सञ्चार र प्रविधिको प्रयोगलाई सहज बनाएका छन् ।

प्रारम्भिक तहको सन्दर्भमा कक्षाकोठामा सूचना तथा सञ्चार र प्रविधि का यस्ता साधनहरूको प्रयोगको सम्भावना तथा महत्त्वलाई यसरी बुँदागत गर्न सकिन्छ :

**सम्भावना**

- शिक्षणमा CD, DVD वा क्यासेट प्लेयरको प्रयोग
- श्रव्यदृश्य सामग्रीको प्रयोग
- विद्युतीय सामग्रीमार्फत पठनपाठन कार्यको सम्भावना
- प्रोजेक्टरको प्रयोग
- इन्टरनेटको प्रयोग
- टेलिभिजनमार्फत विषयवस्तुमा आधारित विभिन्न विषयको सजीव चित्रण
- मोबाइल, ल्यापटप, ट्याब्लेट आदिको प्रयोग
- विषयवस्तुसँग सम्बन्धित भिडियो, युट्युवको प्रयोग

**महत्त्व**

- परम्परागत शिक्षण र सिकाइ प्रक्रियामा सुधार ल्याउन
- विषयवस्तुलाई कक्षामा अर्थपूर्ण रूपमा र रमाइलो वातावरणमा सिकाउन
- शिक्षक विद्यार्थी दुवैलाई शिक्षणसिकाइमा स्वाध्ययनका लागि उत्प्रेरणा जगाउन
- सिकारुको सिर्जनशीलता, समस्या समाधान क्षमता, विश्लेषणात्मक सिप, सञ्चार सिप र

कल्पनाशीलताको सिपमा विकास गराउन साथै उनीहलाई सक्रिय बनाउन

- शिक्षकले आफूलाई चाहिने सामग्रीहरू वेवसाइटबाट सङ्कलन गरी आफूले पनि सिक्न र विद्यार्थीहरूलाई पनि सिकाउन
- कक्षाकोठामा गरिने क्रियाकलापहरूमा विविधता ल्याउन
- प्रारम्भिक कक्षा पठनमा ध्वनि तथा सङ्केतको सम्बन्ध शिक्षणमा विविधता ल्याई कक्षालाई रमाइलो बनाउन
- पठन प्रवाह तथा बोधका लागि सान्दर्भिक सामग्रीहरूको उपलब्धता बढाउन
- मोबाइल फोन, क्यामरा आदिको मदतबाट स्थानीय परिवेश अनुकूल र विद्यार्थीको स्तर अनुकूल पाठ्यसामग्री निर्माण तथा प्रयोग गर्न
- प्रारम्भिक तहको सिकाइ सुधारका लागि शिक्षकहरूबिच आपसी सहयोग तथा नेटवर्किङको संस्कृति विकास गर्न
- फरक भाषिक पृष्ठभूमि तथा फरक आवश्यकता भएका बालबालिकालाई पठन सिप विकासमा अतिरिक्त सहयोग पुऱ्याउन । उदाहरणका लागि, फरक भाषिक पृष्ठभूमिका बालबालिकालाई ध्वनि पहिचान तथा सङ्केतसँग सम्बन्ध स्थापना गर्न नै कठिन हुन सक्छ, जसका लागि शिक्षकको आफ्नै मोबाइल प्रयोग गरी श्रव्यदृश्य सामग्रीको सहायता लिन सकिन्छ । त्यसै गरी कुनै विद्यार्थीको दृष्टिमा समस्या छ भने कम्प्युटर वा मोबाइल प्रयोग गरी आवश्यकताअनुसार अक्षर ठुलो सानो पारेर देखाउन सकिन्छ ।

### ४.३ पठन सिप विकासमा सूचना तथा सञ्चार र प्रविधिको प्रयोग

आजकाल मोवाइल र इन्टरनेटको बढ्दो प्रयोग छ । बालबालिकाहरूमा स्मार्ट मोवाइल फोन, ट्याब्लेट वा ल्यापटपमा भर्चुअल गेम खेल्दै रमाउने लत बसेको छ । बालबालिकाहरू मात्र नभइकन जेष्ठ नागरिकहरूले पनि मोबाइल फोन चलाउन सिकेका छन् । यसर्थ सूचना तथा सञ्चार र प्रविधिको प्रयोगले पढ्ने, बुझ्ने र सो अनुसार व्यवहार गर्ने संस्कृति बढ्दो छ । तसर्थ बालबालिकाहरूको पठन सिप विकास गर्न सूचना तथा सञ्चार र प्रविधिको प्रयोग निकै सहयोगी बन्न सक्छ । आजभोलि प्रकाशन भएका पुस्तकहरू वा शैक्षिक सामग्रीहरूलाई विद्युतीकरण गरी विद्युतीय सामग्रीमा पढ्न मिल्ने पनि बनाइएको छ । यसरी सूचना तथा सञ्चार र प्रविधिको प्रयोगबाट स्वअध्ययन तथा पठन संस्कृतिको विकास भइरहेको छ ।

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले तोकेको पठन तत्त्वहरू जस्तै ध्वनि सचेतना, लेख्यवर्ण सचेतना, पठन प्रवाह, शब्दभण्डार र बोध सिकाइ अभिवृद्धिका लागि प्रविधिको प्रयोगले सिकाइमा वृहत्तर रूपमा सहयोग गर्छ । प्रविधिको प्रयोगले बालबालिकाहरूमा सोच्ने शक्तिको वृद्धि हुनका साथैनवीनतम सिर्जनामा समेत आफूलाई केन्द्रित गराउने वातावरण प्राप्त हुन्छ । प्रारम्भिक कक्षाका बालबालिकाहरूलाई सिकाउनुपर्ने ध्वनि सचेतीकरणअन्तर्गत बालगीत, कविता अडियो भिडियोको प्रयोग गर्दा बालबालिकाहरूको सुनाइ तथा उच्चारणमा समेत शुद्धता र स्पष्टता आउँछ । शिक्षकले मोवाइलको प्रयोग गरी बालगीतहरू सुनाउने, सुरताल, लय, हाउभाउसहित क्रियाकलाप गराउने जस्ता क्रियाकलापहरू गराउँदा ध्वनि सचेतीकरणमा थप टेवा पुग्दछ । त्यसैगरी मोबाइल, कम्प्युटर, ल्यापटपबाट बालबालिकाहरूलाई लेख्यवर्ण चिनाउँदा त्यसको बनौट, आकार प्रकारबारे थप प्रष्ट हुन्छ । श्रव्यदृश्य सामग्री देखाउँदा त्यसको सही

उच्चारण शुद्धसँग गर्न सक्दछन् । कम्प्युटरबाट कार्टुन जस्ता चलचित्रात्मक श्रव्यदृश्यका सामग्री देखाउँदा शब्दको उच्चारण, हाउभाउ, अर्थ आदिको ज्ञान प्राप्त हुनुका साथै सिर्जनशीलता र कल्पनाशीलतामा सकारात्मक प्रभाव पार्दछ । शिक्षकले पठनसिपसँग सम्बन्धित सामग्रीहरू जस्तै बालगीत, फोटो चित्र, कथा, भिडियो आदि सामग्रीहरू इन्टरनेटबाट डाउनलोड गरी मोवाइल वा कम्प्युटरमा सुरक्षित राख्ने र शिक्षणसिकाइ गराउँदा प्रयोग गर्नुपर्दछ ।

पठन तत्वहरू शिक्षण गर्दा सूचना तथा सञ्चार र प्रविधिको प्रयोग गर्न सकिने केही उदाहरणहरू यसप्रकार छन् :

**ध्वनि सचेतना**–सूचना, सञ्चार तथा प्रविधि सूचना तथा सञ्चार र प्रविधिको प्रयोग गरी बालबालिकाहरूलाई बालगीत, कविताहरू सुनाई उनीहरूलाई ध्वनि सम्बन्धी सचेत गराउन सकिन्छ । यसका लागि विद्यालयमा कम्प्युटर उपलब्ध छैन भनेपनि शिक्षकको आफ्नै मोबाइल समेत प्रयोग गर्न सकिन्छ । त्यसै गरी आजभोलि प्रारम्भिक तहका बालबालिकालाई लक्षित गरी विभिन्न सफ्टवेयर तथा प्रोग्रामहरू विकास भएका छन् । इन्टरनेटमा निशुल्क रूपमा पनि यस्ता धेरै सामग्री प्राप्त गर्न सकिन्छ ।

**लेख्यवर्ण सचेतना**– शिक्षकहरूले बालबालिकाहरूलाई भिडियोको माध्यमबाट अक्षरहरूको बनौट, आकार देखाई उच्चारण गराउने अभ्यास गराउन सकिन्छ । त्यसै गरी ध्वनि तथा सङ्केत सँगसँगै अभ्यास गराउने प्रोग्रामहरू पनि विकास भएका छन् । कुन लिपि/वर्ण, कसरी लेख्ने भन्ने कुरा दृश्यात्मक प्रस्तुतिबाट सिकाउन सकिन्छ ।

**पठन प्रवाह**– सूचना तथा सञ्चार र प्रविधिको माध्यमबाट बालबालिकाहरूलाई चलचित्रात्मक र कथानक कार्टुनहरू वा भिडियो सामग्री देखाउँदा उनीहरूले शब्द उच्चारण, आरोह अवरोह, लय, वेग आदि सुनेर सिक्दछन् । यसबाट पठन लवज, गति, यति, लय, पठन तरिका प्रस्तुत गरी पठन प्रवाह अभिवृद्धि गर्न सकिन्छ ।

**शब्दभण्डार**– बालबालिकाहरूलाई सूचना तथा सञ्चार र प्रविधिका साधनहरूमा चित्रहरू, श्रव्यदृश्य सामग्रीहरू देखाई त्यसको बारेमा शब्दहरू भन्न र लेख्न लगाउन तथा अर्थ बुझाई वाक्यमा प्रयोग गर्न समेत लगाउन सकिन्छ । जसले गर्दा विद्यार्थीहरूको शब्दभण्डारमा वृद्धि हुन्छ । शब्द देखाउने, लुकाउने, बिगार्ने, बनाउने प्रयोग गर्ने तरिकाका उदाहरणहरू दृश्यात्मक रूपमा देखाउन सकिन्छ ।

**बोध**– विद्युतीय सामग्रीहरूमा विषयवस्तुसँग सम्बन्धित अनुच्छेदहरू पढ्न लगाउने र त्यसको बारेमा अन्तरक्रिया गराउँदा बालबालिकाहरूमा पढ्ने र बुझ्ने संस्कृतिको विकास हुन्छ । सूचना तथा सञ्चार र प्रविधि मार्फत कुनै पनि साधनबाट कथा, घटना सुनाई श्रुतिबोध र दृश्यात्मक रूपमा कथा कविता पढ्न लगाई पठन बोध गरी दुवै प्रकारका बोध क्षमता विकास गर्न सकिन्छ ।

**लेखाइ**– भिडियोको माध्यमबाट प्रारम्भिक कक्षाका बालबालिकाहरूलाई ठिक तरिकासँग लेख्न सिकाउन सकिन्छ । बालबालिकाहरूले भिडियो हेर्दै लेख्ने सिपको विकास गर्दछन् । चित्र देखाई त्यसको वर्ण वा शब्द लेख्ने, लेख रचना, प्रबन्ध, कथा पढ्न लगाई त्यसको सार लेख्ने, बान्की मिलाएर अक्षर लेख्ने आदि लेखाइका तरिका सूचना तथा सञ्चार र प्रविधिमार्फत सिकाउँदा प्रभावकारी हुन्छ ।

### ४.४ शिक्षकबिच आपसी सहकार्य तथा पेसागत विकासका लागि सूचना तथा सञ्चार प्रविधि

सूचना तथा सञ्चार र प्रविधिको प्रयोगले कक्षाकोठाको शिक्षण सिकाइमा मात्र नभई शिक्षकरूबिच आपसी

सहयोग, नेटवर्किङ विस्तारमा समेत सहयोग पुऱ्याउँछ । सूचना तथा सञ्चार र प्रविधिको माध्यमबाट शिक्षकले शिक्षण सिकाइ प्रक्रिया सिकारुमैत्री र सिकाइकेन्द्रित बनाउन सक्दछन् । यसका लागि शिक्षक स्वयम्ले पनि आफूलाई अद्यावधिक गर्दै लैजानुपर्ने हुन्छ किनकि विश्वभरि नै शिक्षा र सिकाइका क्षेत्रमा नयाँ नयाँ अध्ययन अनुसन्धान र निष्कर्षहरू आइरहेका हुन्छन्, यसका लागि सूचना तथा सञ्चार र प्रविधि एउटा प्रभावकारी माध्यम हो ।शिक्षकहरूले आफ्नो विषयवस्तुसँग सम्बन्धित नयाँ **तथा विविध ज्ञान**, **सिप एवम्** शिक्षण कौशलको खोजी गर्ने, उपयुक्त सामग्री सङ्कलन गर्ने र कक्षाकोठामा प्रयोग गर्ने गर्न सक्छन् ।

त्यसै गरी शिक्षकहरूबिच विभिन्न प्रकारका पेसागत समूहहरू बनाई एक अर्काका अनुभव, असल अभ्यास, शिक्षण सिकाइका क्रममा परेका समस्या, समाधानका लागि सम्भावित उपायहरू,आफूले तालिम वा अन्य माध्यमबाट सिकेका नयाँ कुरा आदि आदानप्रदान गर्न सकिन्छ । यसका लागि हाल प्रचलित सामाजिक सञ्जालहरू, जस्तैः फेसबुक, ट्विटर, याहु वा जिमेल समूहहरू, भाइबर, स्काइप जस्ता प्रायः सबैले प्रयोग गर्ने संयन्त्रहरू प्रयोग गर्न सकिन्छ । यी सबै कार्यका लागि विद्यालयमा पर्याप्त मात्रामा कम्प्युटर सुविधा छैन भने पनि शिक्षकसँग रहेको स्मार्ट मोवाइल फोनको प्रयोग गर्न सकिन्छ । शिक्षकले तत्परता देखाउने र सकारात्मक सोचका साथ अगाडि बढ्ने आँट गर्ने हो भने सूचना तथा सञ्चार र प्रविधिले उनलाई ज्ञानको गहिराइमा पुग्न, विभिन्न सामग्री तथा विधिहरूसँग परिचित भई विषयवस्तु र आवश्यकताअनुसार कक्षामा सहजीकरण र विद्यालयको समग्रपक्षमा समेत विकास गर्ने खालको आफ्नो पेसागत विकास गर्ने अवसर सूचना तथा सञ्चार र प्रविधिले शिक्षकलाई जुराई दिएको छ ।

आजको प्रविधिको युगमा सूचना तथा सञ्चार र प्रविधिको ज्ञान तथा यसको प्रयोग शिक्षकहरूका लागि समेत अपरिहार्य भइसकेको छ । शिक्षकहरूका लागि शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्रबाट निर्धारित आठओटा आधारभूत सक्षमताहरूमध्ये सूचना तथा सञ्चार र प्रविधिको ज्ञान तथा प्रयोग पनि एक हो । साथै शिक्षक सक्षमता प्रारूप २०७२ मा पनि सूचना तथा सञ्चार प्रविधिको उपयोगमा निम्न सक्षमताहरू विकासहुनुपर्ने कुरामा जोड दिएको छ :

- सिकाइलाई सहजीकरण गर्न सूचना तथा सञ्चार प्रविधिको एकीकृत सिकाइ रणनीतिहरूको छनौट तथा उपयोग गर्न
- सिकारुका आवश्यकताअनुकूल डिजिटल सामग्री विकास गर्न तथा उपलब्ध सामग्रीको अनुकूलन गरी उपयोग गर्न
- सूचना प्रविधिका साधनमार्फत सिकारुहरूको स्वःसिकाइ प्रवर्धन गर्न आपसी सञ्चार र सहकार्यलाई प्रभावकारी बनाउन
- सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्न
- शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नीति र डिजिटल संस्कृतिमा भएको विकासबारे परिचित हुँदै सो अनुकूल पेसागत व्यवहार प्रदर्शन गर्न

तसर्थ अबको सन्दर्भमा शिक्षकहरूले सूचना तथा सञ्चार र प्रविधिसम्बन्धमा जानकार हुनु तथा शिक्षणसिकाइ सहजीकरण तथा आफ्नो पेसागत विकास दुवैका लागि यसको प्रयोग गर्नु अत्यावश्यक देखिएको छ ।

**प्रशिक्षक निर्देशन: ३घण्टा**

१. निम्न प्रश्नहरू सोधी सहभागीहरूलाई छोटो मस्तिष्क मन्थन क्रियाकलापमा सहभागी गराउनुहोस् ।

- सूचना तथा सञ्चार प्रविधि भन्नाले के बुझ्नुहुन्छ ?
- तपाईँलाई थाहा भएका सूचना तथा सञ्चार प्रविधिका साधनहरूको नाम लेख्नुहोस् ।

सहभागीहरूबाट आएका विचारहरूलाई बोर्डको एकातिर सूचना तथा सञ्चार प्रविधिको परिभाषा तथा अर्कोतिर यसका साधनहरू पर्ने गरी टिपोट गर्दै जानुहोस् र आवश्यक छलफल गराउँदै थप कुराहरू सहित प्रस्तुति गर्नुहोस् ।

२. अघिको छलफल तथा आफ्नो पूर्वतयारीका आधारमा बोर्डमा टिपिएका साधनहरूलाई दिइएको नमुनाबमोजिमको एउटा तालिकामा ढाल्नुहोस् र उदाहरणमा दिइएबमोजिम सहभागीहरूलाई आफ्नो पहु''**च भएका तथा प्रयोग गर्न जानेका साधनहरूमा टिक गर्न लगाउनुहोस् । यसका लागि हरेक सहभागीले उक्त** तालिका भएको ठाउँ**मा गई उपयुक्त कोठामा टिक** लगाउनुपर्नेछ । सबैले टिक लगाइसकेपछि प्रशिक्षकले हरेक साधनले पाएको टिकको सङ्ख्याका आधारमा हाम्रो सन्दर्भमा कुन कुन साधन बढी प्रचलित रहेछन् भन्ने कुराको निष्कर्ष दिनुहोस् ।

| **क्र. सं.** | **सूचना तथा सञ्चार प्रविधिका साधन** | **पहुँच भएको तथा प्रयोग गर्न जानेको** |
|---|---|---|
| १. | कम्प्युटर | ✓ |
| २. | मोबाइल | ✓ |
| ३. | प्रोजेक्टर | |

३. सहभागीहरूलाई ५ समूहमा विभाजन गर्नुहोस् र प्रारम्भिक तहको कक्षाकोठामा, विशेष गरी पढाइ शिक्षणमा, सूचना तथा सञ्चार प्रविधिका यस्ता साधनहरूको प्रयोग गर्न सकिने सम्भावनाका बारेमा छलफल गर्न लगाउनुहोस् । साथै यी साधनहरूको प्रयोगले के के फाइदा पुग्न सक्ला भन्ने विषयमा पनि छलफल गर्न लगाउनुहोस् र न्युज प्रिन्टमा सूची तयार गर्नलगाई प्रस्तुत गर्न लगाउनुहोस् । समूहको प्रस्तुतिपछि आवश्यक कुराहरू थप गर्दै प्रशिक्षकले प्रारम्भिक कक्षामा, सूचना तथा सञ्चार प्रविधिको सम्भावना तथा महत्त्वको बारेमा प्रष्ट पार्नुहोस् ।

४. सहभागीहरूलाई ६ समूहमा विभाजन गर्नुहोस् । हरेक समूहलाई एक एक ओटा पठन तत्त्व शिक्षणमा सूचना तथा सञ्चार प्रविधिका कुन साधनको कसरी प्रयोग गर्न सकिएला भनी छलफल गर्न लगाउनुहोस् । मेटा कार्ड वितरण गरी समूह छलफलपछि एउटा मेटाकार्डमा एउटा तरिका मात्र हुने गरी छलफलबाट आएका सबै तरिका लेख्न लगाउनुहोस् र आफ्नो समूहको पछाडि भित्तामा टाँस्न लगाउनुहोस् । सबै समूहले लेखेर टाँसिसकेपछि ग्यालरी वाक गराई एक अर्काले तयार गरेको सूची अवलोकन गर्न लगाउनुहोस् । अवलोकनका क्रममा कुनै पठन तत्त्वसम्बन्धी केही थप तरिका भए खाली मेटाकार्डमा लेखी टाँस्न लगाउनुहोस् ।

अन्त्यमा प्रशिक्षकले माथि विषयवस्तु खण्डमा दिएबमोजिम निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

५. सहभागीहरूलाई ५ ओटा समूहमा विभाजन गरी तलका क्रियाकलापहरू गर्न लगाउनुहोस् ।

क. आफ्नो मोबाइलमा एउटा बालगीत बजाउने र सहभागीहरूलाई विद्यार्थी मानी गीत सुनेर ध्वनि पहिचान गर्न सिकाउने । कुनै बालगीत नभएमा वा डाउनलोड गर्न नसकिएमा कक्षा ३ को अभ्यास पुस्तिकाबाट कुनै एक बालगीत आफैंले गाएर मोबाइलमा रेकर्ड गरी बजाउन सकिन्छ ।

ख. कक्षा २ को क्षेत्र र क्रमबाट छनोट गरी मोबाइलबाट तालिम कक्षमा वा वरिपरि सामग्रीहरूको फोटो खिच्ने वा रेकर्ड गर्ने र उक्त फोटोका माध्यमबाट शब्दभण्डार शिक्षणको सानो नमुना प्रस्तुत गर्ने

ग. कक्षा ३ बाट कुनै पाठको अनुच्छेद एक जनाले पढ्नेर मोबाइलमा रेकर्ड गरी पठनप्रवाह शिक्षणमा प्रयोगको सानो नमुना प्रस्तुत गर्ने

घ. रेडियो, टेलिभिजन वा पत्रपत्रिकाको समाचार प्रयोग गरी कक्षामा वा बिहानको प्रार्थनामा गराउन सकिने क्रियाकलापको नमुना प्रस्तुत गर्ने

ङ. रेडियो वा टेलिभिजनमा अघिल्लो दिन आफूले सुनेको वा हेरेको कार्यक्रममा आफूलाई मन परेका पक्षका बारेमा छोटो प्रतिविम्बन गराउने खालको नमूना क्रियाकलाप प्रस्तुत गर्ने

सबै समूहको प्रस्तुतिपछि हाम्रो परिवेशमा उपलब्ध र हामीले प्रयोग गरिरहेकै साधनहरूको प्रयोगलाई विभिन्न तरिकाले विद्यार्थीको पठन सिप विकाससँग आबद्ध गर्न सकिने निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

६. कक्षाकोठा शिक्षणका अतिरिक्त एउटा शिक्षकका लागि सूचना तथा प्रविधिको प्रयोग किन आवश्यक हुन्छ र यसले कसरी सहयोग गर्न सक्छ भनी व्यक्तिगत रूपमा विचार गर्न लगाउनुहोस् । त्यसपछि आफ्नो विचार जोडीमा आदान प्रदान गर्न लगाउनुहोस् । अब दुई दुई जोडीको एक समूह बनाई छलफल गराउनुहोस् र समूहबाट एक जनालाई मौखिक प्रस्तुति गर्न लगाउनुहोस् । समूहको प्रस्तुतिपछि प्रशिक्षकले विषयवस्तु खण्डमा दिइएका कुरा समेटी निष्कर्ष दिनुहोस् ।

# एकाइ ५ :शैक्षणिक सामग्री

| अपेक्षित सक्षमता |
| --- |
| ● शैक्षणिक सामग्री तथा सन्दर्भ सामग्रीहरूको अवधारणागत स्पष्टता |
| ● प्रारम्भिक कक्षा पढाइ कार्यक्रम सम्बद्ध शैक्षणिक सामग्रीहरूको पहिचान, सङ्कलन र प्रयोग |
| ● तहगत सन्दर्भ सामग्रीहरूको पहिचान, सङ्कलन र प्रयोग |
| ● शिक्षक र विद्यार्थीको सहकार्यमा सान्दर्भिक सामग्रीहरू निर्माण र प्रयोग |

**विषयवस्तु**

## ५.१ शैक्षणिक सामग्रीको अवधारणा

पठन तत्त्वगत रूपमा तयार भएका सिकाइ उपलब्धि हासिल गर्नका लागि शैक्षणिक सामग्री तथा सन्दर्भ सामग्रीको महत्त्वपूर्ण भूमिका हुन्छ । राष्ट्रिय प्रारम्भिक कक्षा पठन कार्यक्रमको प्रभावकारी उद्देश्य प्राप्त गर्न शैक्षणिक तथा सन्दर्भ सामग्रीहरू विकास गरी कार्यान्वयन गरिएको छ ।यीसामग्रीहरूमध्ये वर्णपत्ती, वर्णगोटी, झ्यालेपत्ती, शब्द र चित्र कार्ड, शब्द र वाक्य पिनह्विल चार्ट, बालगीत चार्ट, विसङ्केतन किताब, ठुलो किताब, बाह्रखरी चार्ट, अभ्यास पुस्तिका, शिक्षक निर्देशिका, कथाका किताब, पोस्टर लगायतका सामग्रीहरूलाई सघन रूपमा दैनिक प्रयोग गर्ने शिक्षण सिकाइका सामग्रीका रूपमा विद्यालयमा प्रदान गरिएको छ भने कथा, कविता, गीत, जीवनीलगायतका विधागत क्षेत्रका किताब, श्रव्य तथा श्रव्यदृश्य सामग्री, मुखपत्र, बुलेटिन, ब्रोसर, पोस्टर, चार्ट, चित्रबैङ्क, शब्दकोश, प्राविधिक कोश, प्रयोगात्मक पुस्तिका, विद्युतीय सिकाइ सामग्री, स्थानीय सामग्री, प्रतिवेदनलगायतका सामग्रीलाई सन्दर्भ सामग्रीका रूपमा लिइन्छ । यस्ता सामग्रीहरू कक्षाकोठाको सिकाइ सहजीकरणलाई सन्दर्भ र आवश्यकतानुसार उपयोग गर्ने गरिन्छ ।विद्यालयमा कुनै पनि विषयमा ज्ञान हासिल गर्न विद्यार्थीहरूले पढ्नुपर्ने हुन्छ । प्रारम्भिक कक्षामा पढ्ने तरिका उपयुक्त भएमा बालबालिकामा सहज रूपमा पढाइ सिपको विकास हुन्छ। पठन सिप विकासका लागि ध्वनि सचेतीकरण, लेख्य वर्ण सचेतीकरण, पठन प्रवाह, बोध, शब्दभण्डार, लेखाइलगायतका चरणहरू पुरा गर्नुपर्ने हुन्छ । यसका लागि कक्षा सुहाउँदा सन्दर्भ सामग्रीको कक्षा पुस्तकालयमार्फत पहुँच सुनिश्चित गरिन्छ । बालबालिकालाई असल पाठक बनाउन पढाइका लागि प्रशस्त अभ्यास गर्ने मौका उपलब्ध गराउने लक्ष्यका साथ कक्षा पुस्तकालय स्थापना गरिएको हो । कक्षा पुस्तकालयमा विविध स्तर र विषयका थुप्रै किताबहरू उपलब्ध हुन्छन्, जहाँ विद्यार्थीले आफ्नो स्तरअनुरूपका र रुचिअनुसारका किताब रोज्ने मौका पाउँछन् ।

## ५.२ शैक्षणिक सामग्रीहरूको चिनारी र प्रयोग

कक्षा १, २ र ३ का ससाना नानीहरूका लागि खेल्दै एवम् रमाउँदै सिक्ने वातावरण बनाउनका लागि हामी विभिन्न शैक्षिक सामग्रीहरूको प्रयोग गर्न सक्छौँ । शिक्षण सिकाइको उद्देश्यलाई सरल र सहज तरिकाबाट हासिल गर्न विद्यालयमा उपलब्ध विभिन्न शैक्षिक सामग्रीहरू पनि प्रयोगमा ल्याउन सक्छौँ । बालबालिकाको पठन सिपविकास गर्न हामीले कक्षामा प्रयोग गर्न सकिने तथा यस कार्यक्रमबाट उपलब्ध गराइएका सामग्रीहरूका बारेमा सङ्क्षिप्त जानकारी तल दिइएको छ :

**(क) वर्णपत्ती(Alphabet cards)**

नेपाली भाषाका सबै स्वर र व्यञ्जन वर्णहरू चिनारी गराउन र सरल शब्दहरू बनाउन सिकाउने क्रममा वर्ण पत्तीको प्रयोग गर्न सकिन्छ । बालबालिकाको सिकाइ सहजीकरणका लागि सुनेको वर्णको ध्वनिलाई सङ्केतसँग जोडेर सो ध्वनि र सङ्केत पहिचानगराउँदैसरलशब्द निर्माणका क्रियाकलाप सहितका प्रर्दशन, खोज, समूहकार्य सहितका खेल विधि प्रयोग गर्न सकिन्छ ।

**(ख) वर्ण गोटी (Alphabet cubes)**

स्वर र व्यञ्जन वर्ण जोड्न तथा छुट्याउन, वर्ण चिनारी गराउन, मात्रा र वर्णको सम्बन्ध गराउन साथै सरल शब्दहरू बनाउन सिकाउने क्रममा वर्ण गोटीको प्रयोग गर्न सकिन्छ । यो खेल्दै सिक्नका लागि भरपर्दो सामग्री हो ।

**(ग) झ्यालेपत्ती (Window Cards)**

व्यञ्जन वर्ण र .मात्रालाई जोड्न र छुट्याउन, वर्णमा हिज्जे मिलाउन, स्वर वर्ण र मात्रा सङ्केत रूप चिनारी गर्न, बाह्रखरी वर्ण परिचय गराउन तथा मात्रा शिक्षणका लागि झ्यालेपत्तीको प्रयोग उपयोगी हुन्छ ।

**(घ) शब्द र चित्र पत्ती (Picture Word Cards)**

शब्द र चित्र पत्तीको प्रयोग बालबालिकाहरूलाई नयाँ शब्दभण्डारको वृद्धि गर्न, शब्द ज्ञान बढाउन, सङ्केत, चित्र र भाषाको बुझाइमा एक रूपता ल्याउन साथै पढिसकेका शब्दहरूका पुनरावृत्ति गर्नका लागि विभिन्न अभ्यास गराउन खेल, खोज, प्रदर्शन तथा व्याख्यान विधिको प्रयोग गरी शिक्षण गर्न उपयोगी हुन्छ ।

**(ङ) शब्द र वाक्य पिनह्विल कार्ड (Word and Sentence Pin Wheel Card)**

शब्द पिनह्विल चार्ट बालबालिकाहरूलाई दुई वर्णहरूलाई जोडेर शब्दको निर्माण कसरी हुन्छ भन्ने कुराको जानकारी दिन तथा अभ्यास गराउनका लागि प्रयोग गर्न सकिन्छ । यसै गरी वाक्य पिनह्विल चार्टमार्फतबालबालिकाहरूले विभिन्न शब्दहरूलाई जोडेर वाक्यको निर्माण र यसको संरचना कसरी हुन्छ भन्ने कुरा सिक्छन् ।

**(च) बालगीत चार्ट (Rhymes Chart)**

सुनाइ र बोलाइ जस्ता भाषिक सिपको विकास गर्नुका साथै ध्वनिको उतार चढाब, गति, यति र लय तथा हाउभाउसाथ पढ्ने सिप विकास गर्नका लागि हामी पुस्तकालयमा उपलब्ध बालगीत चार्टको प्रयोग गर्न सक्छौँ । विशेष गरी ध्वनि सचेतीकरणका लागि प्रयोग गरिने यस्ता चार्ट बालबालिका आफैं पढ्न सक्ने भएपछि पठन प्रवाह तथा बोध सिकासका लागि पनि प्रयोग गर्न सकिन्छ ।

**(छ) विसङ्केतन किताब (Decodable Book)**

पढिसकेका वर्ण तथा मात्रामा आधारित छोटा कथाकार्ड तथा पुस्तकका माध्यमबाट बालबालिकामा पठन सिपको विकास गर्न सकिन्छ । यसका लागि राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले विद्यार्थी अभ्यास पुस्तिका विकासका क्रममा वर्णको चिनारीसँगै विसङ्केतन विषयवस्तुका रूपमा ससाना कथाहरूको विकास गरी समावेश गरेको छ । यसका अतिरिक्त अलग्गै २० किसिमका विसङ्केतन

किताबहरू पनि विद्यालयमा पुगेका छन् । यी कथा विद्यार्थीहरूमा पठन वेग तथा पठन बोध अभ्यासका लागि उपयोग गर्न सकिन्छ । यस्ता सामग्रीहरूले भर्खरै वर्ण चिनेका विद्यार्थीहरूका लागि ध्वनि र सङ्केतको सम्बन्ध गराउने सिपको विकास गर्न सहयोग पुर्‍याउँछन् । बालबालिकाले आफैँ छानेर तहअनुसारका किताब पढ्न सक्ने सिपविकास गराउन यी सामग्रीहरूको ठुलो महत्त्व हुन्छ ।

**(ज) ठुलो किताब(Big Book)**

सरल शब्द र छोटो, मिठो कथाको सचित्र ठुलो किताबलाई हामी नमुना पठन (Model Reading) तथा सँगै पढ्ने/सहपठन (Shared Reading) का लागि उपयोगमा ल्याउन सक्छौँ । यसबाट विद्यार्थीमा पढ्ने बानी बसाल्न र सरसरती पढ्न सक्ने सिपविकास गराउन सघाउ पुग्नेछ । पृष्ठ, शीर्षक, चित्र तथा कथा हुने भएकाले शिक्षकले आवरण पृष्ठमा दिइएका चित्रका आधारमा छलफल गर्ने, शीर्षक र आवरण पृष्ठका आधारमा अनुमान, सोच विकास गर्ने क्रियाकलाप गराउने, छापामा दिइएका चित्र र छापाको सम्बन्ध गराई लिपिमा लेखिएका सामग्रीहरू बायाँबाट दायाँतर्फ छन् भन्ने कुरा जानकारी दिने, नमुना पढाइ गर्ने, सस्वर पढाइ गर्दै उनीहरूको दैनिक तथा सामाजिक जीवनमा देखा पर्ने घटनाक्रमसँग सम्बद्ध गराउने साथै प्रयोग भएका शब्दहरूको हिज्जे, अर्थबोध र वाक्यमा प्रयोग गरी सिकाइमा सहयोग गर्न शिक्षणमा प्रयोग गरिन्छ ।

**(झ) बाह्रखरी चार्ट (Alphabet Chart)**

वर्ण चिनारी, शब्द निर्माण तथा नेपाली भाषाको क्रमबद्ध वर्ण सिकाइका लागि हामी बाह्रखरी चार्टको उपयोग गर्न सक्छौँ । यसबाट उच्चारण स्थानका आधारमा वर्ण र मात्रा शिक्षणमा पनि यथेष्ट सघाउ पुग्छ ।

**(ञ) कथाका किताब (Story Book)**

कथाका किताबहरूलाई कथा वाचन, बोध, नमुना पठन, शब्दज्ञान, पठन वेगको विकासलगायतका विविध विषयको ज्ञान र सिपविकासका लागि उपयोग गर्न सक्छौँ । यसका लागि पुस्तकालयमा उपलब्ध चित्र पुस्तक र कथाका किताबहरूको प्रयोग गर्न सकिन्छ ।यसले पढाइ सिप र सिकाइका क्रममा सरसरती पढ्न, नयाँ शब्दका ज्ञान र सिप थप गरी बालबालिकालाई सहयोग पुग्छ ।

**(ट) पोस्टर (Poster)**

पुस्तकालयमा उपलब्ध तथा शिक्षक/विद्यार्थीले तयार गरेका पोस्टरलगायत सामग्रीहरूलाई पनि सिकाइको उद्देश्यअनुसार शैक्षिक सामग्रीका रूपमा प्रयोग गर्न सकिन्छ । उद्देश्यमा आधारित समान, परिवेश, पेसा, धर्म भेषभूषा, विज्ञान,गणित, भूगोल, शिक्षा, स्वास्थ, जनावर, खनिज आदिका पोस्टरहरू शैक्षणिक र सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न सकिन्छ, जसले बालबालिकालाई थप ज्ञान दिनसकोस् ।

**(ठ) अभ्यास पुस्तिका (Workbook)**

अभ्यासपुस्तिकालाई यस कार्यक्रमको एउटा मुख्य अङ्गका रूपमा राखिएको छ । शिक्षक निर्देशिकाका आधारमा पढाइका पाँच तत्त्वहरूको सिकाइलाई सवलीकरण गर्न लेखाइ सिप विकास गर्ने मेरुदण्डको रूपमा अभ्यास पुस्तिकालाई लिइएको छ। सबै तत्त्वहरूमा आधारित सिप विकास गर्न

लेखाइ क्रियाकलापलाईक्रमिक सिकाइ रणनीतिको अवधारणा अनुरूपअपेक्षित उपलब्धि हासिल गर्नतथामूल्याङ्कन र उपचारात्मक शिक्षण गर्नआधार स्रोत बनाइएको छ ।

(ड) **क्षेत्र र क्रम (Scope and Sequence)**

यो क्षेत्र र क्रममा विद्यालयमा पढाइ हुने १९२ दिनमध्ये हरेक दिन के, कुन र कति विषय पढाउने योजनासहितको रणनीतिको जानकारी दिइएको छ । क्षेत्र र क्रमअनुसार तत्त्वगत शिक्षण, अभ्यास, पुनरावृत्तिका लागि समय छुट्याइएको छ । यसमा हरेक दिन पाँचैओटा पढाइका तत्त्वहरूलाई समावेश गर्नुपर्ने कुरामा विशेष ध्यान दिइएको छ । कक्षागत क्रम र उपलब्धिलाई ध्यान दिएर शिक्षण सिकाइ सिद्धान्तका आधारमा सरलबाट जटिलतिरसङ्गठन गरिएको छ । बालबालिकालाई सहज तरिकाले पढाइसिप विकास गर्नका लागि शिक्षण समग्रीको निर्धारण गरिएको छ । कक्षा २ र ३ का सुरुका हप्ताहरूमा पहिले सिकेकासिपहरू पुनरावृत्ति गरीत्योकक्षामा पढ्नुपर्ने पाठका लागि सहज बनाउने प्रयास गरिएको छ । कक्षा १ र कक्षा २ का दैनिक पाठ र कक्षा ३ का लागि १८ ओटा सिकाइका क्षेत्र निर्धारण गरी तोकिएको सिपहासिल गर्न क्षेत्र र क्रम निर्धारण तय गरिएको छ ।

(ढ) **शिक्षक निर्देशिका (Teacher's Guide)**

यो राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको मुख्य सिद्धान्तअनुसार शिक्षकका लागि दैनिक कक्षा सञ्चालन गर्न तयार पारिएको निर्देशनात्मक योजना हो । यसअन्तर्गत पढाइ सिपविकासका लागि अत्यावश्यक प्रमुख तत्त्वहरूका (ध्वनि सचेतीकरण, लेख्य वर्ण सचेतीकरण, शब्दभण्डार, पठन प्रवाह, बोध तथा लेखाइ) अभ्यासलाई क्रमबद्ध रूपमा समावेश गरिएको छ । यसमा क्रियाकलापको क्रम सरलबाट जटिलतर्फ उन्मुख छ । भाषा र वर्णन सरल, सुबोध र शिक्षणमैत्री बनाउने प्रयास गरिएको छ । छोटकरीमा भन्नुपर्दा यो शैक्षणिक कार्यतालिका शिक्षकको दैनिक पाठ सञ्चालनार्थ सहयोग गर्ने निर्देशिका हो । यसमा शिक्षणको लक्ष्य र उद्देश्य अनुरूप विद्यार्थीले के सिक्नुपर्छ, सिकाइ विधि तथा प्रक्रिया कसरी चयन गरिन्छ र कसरी लक्ष्यमा पुग्न सकिन्छ भन्ने कुराहरू समावेश गरिएको छ । शैक्षणिक कार्य तालिकालाई प्रभावकारी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा लिइएको छ । यसले शिक्षकलाई शिक्षणका लागि तयारी र सङ्गठित हुन निर्देशित गर्छ । यसले उपयुक्त एवम् प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न शिक्षकहरूलाई सही बाटो दिन्छ । यसको मुख्य रणनीति शिक्षकले गरेर देखाउने, विद्यार्थीसँगै गर्ने र विद्यार्थीलाई आफैँ गर्न दिने गरी निर्धारण गरिएको छ । कक्षागत सिकाइ उपलब्धि हासिल गर्न कक्षा १ मा ५ र कक्षा२ मा ४ नमुना पाठयोजनाहरू दिएर दैनिक पाठ पनि निर्धारण गरिएको छ भने कक्षा ३ का लागि १८ ओटा सिकाइका क्षेत्रमा छुट्याइएको र दैनिक पाठयोजना पनि समावेश गरिएको छ ।

**विद्यालयमा पठाइएका शैक्षणिक सामग्रीहरू**

| शैक्षणिक सामग्रीहरू | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १ | अभ्यास पुस्तिका कक्षा १ भाग १ | विद्यार्थी सङ्ख्याको आधारमा | विद्यार्थी सङ्ख्याको आधारमा | विद्यार्थी सङ्ख्याको आधारमा |

| | | | | |
|---|---|---|---|---|
| २ | अभ्यास पुस्तिका कक्षा १ भाग २ | ,, | ,, | ,, |
| ३ | शिक्षक निर्देशिका कक्षा १ | १ ओटा | १ ओटा | १ ओटा |
| ४ | (Decodable)पाठ्यसामग्रीहरू | १२ ओटा शीर्षक | ८ ओटा शीर्षक | ८ ओटा |
| ५ | शीर्षक १ | विद्यार्थी सङ्ख्याको आधारमा | विद्यार्थी सङ्ख्याको आधारमा | विद्यार्थी सङ्ख्याको आधारमा |
| ६ | शीर्षक २ | ,, | ,, | ,, |
| ७ | शीर्षक ३ | ,, | ,, | ,, |
| ८ | शीर्षक ४ | ,, | ,, | ,, |
| ९ | शीर्षक ५ | ,, | ,, | ,, |
| १० | शीर्षक ६ | ,, | ,, | ,, |
| ११ | शीर्षक ७ | ,, | ,, | ,, |
| १२ | शीर्षक ८ | ,, | ,, | ,, |
| १३ | शीर्षक ९ | | ,, | |
| १४ | शीर्षक १० | | ,, | |
| १५ | शीर्षक ११ | | ,, | |
| १६ | शीर्षक १२ | | ,, | |
| १७ | वाक्य पिनह्विल चार्ट | ५ | ५ | ५ |
| १८ | शब्द पिनह्विल चार्ट | ५ | ५ | ६ |
| १९ | गीत चार्ट | १ ओटा | १ ओटा | १ ओटा |
| २० | बाह्रखरी चार्ट | १ ओटा | १ ओटा | - |
| २१ | शब्दपत्ती | ५ | ५ | - |
| २२ | चित्रपत्ती | ५ | ५ | - |
| २३ | झ्यालेपत्ती | ५ | ५ | - |
| २४ | वर्णपत्ती | ५ | ५ | - |
| २५ | ठुलो किताब | १ ओटा | १ ओटा | - |

**सन्दर्भ सामग्रीहरू**

बालबालिकालाई मनोरञ्जनात्मक तरिकाले उत्प्रेरित गर्दै अर्थपूर्ण श्रुतिबोध र पठनबोध गरेर पढ्ने अभ्यास गराउनका लागिशैक्षणिक सामग्रीका अतिरिक्त अन्य सन्दर्भ सामग्री पनि कक्षामा नै उपलब्ध गराउनु राम्रो हुन्छ । यसरी उपलब्ध गराइएका सामग्री बालबालिकाको तह, रुचि, पढ्ने क्षमता, पुस्तकको आकार, प्रकार, भाषा/भाषिका, चित्र, रङ साथै प्रयोग गरिएका लिपि पनि उपयुक्त हुनुपर्छ । शिक्षकले यी सामग्री बालबालिकालाई पढाइका लागि प्रयोग गर्दा र बालबालिकाले स्वतन्त्र रूपमा पढ्दा पुस्तक र पाठकको तह मिल्नुपर्छ । शिक्षकले सामान्यतया पाँच औँले मूल्याङ्कन प्रणालीको प्रयोग गर्नु राम्रो हुन्छ । यसरी सन्दर्भ सामग्री प्रयोग गर्दा नमुना पढाइ, कक्षा पढाइ, निर्देशित पढाइ, समूह पढाइ, जोडी पढाइ र स्वतन्त्र पढाइका लागि शिक्षकले नमुना गर्नु /गराउनु जरुरी हुन्छ ।जब बालबालिकाहरू सहज तरिकाले स्वतन्त्र रूपमा पढ्न थाल्छन्, उनीहरूमा मनोरञ्जन गरेर स्वतस्फूर्त पढाइ हुनका सथै अर्थपूर्ण बोध हुने हुनाले अरू विषय जस्तै:गणित, विज्ञान, सामाजिक विषयको सिकाइमा सकारात्मक प्रभाव पर्दछ ।

**विद्यालयमा पठाइएका सन्दर्भ सामग्रीहरू**

| क्र.स. | किताबको नाम | | | सङ्ख्या |
|---|---|---|---|---|
| | कक्षा १ | कक्षा २ | कक्षा ३ | ३ |
| १ | स्वाद | सुनाइ | सुँघ्नका लागि बास्ना | ३ |
| २ | स्पर्श | तैरनी वस्तु | ठोस वस्तु | ३ |
| ३ | स्थलयात्रा | हेराइ | भ्यागुताको जीवनचक्र | ३ |
| ४ | जलयात्रा | स्वर्गद्वारी | तरल | ३ |
| ५ | हवाईयात्रा | स्थलयात्रा | ग्याँस | ३ |
| ६ | बाटुली | जलयात्रा | स्वर्गद्वारी | ३ |
| ७ | नाचौँ गाऔँ | लुम्बिनी | लुम्बिनी | ३ |
| ८ | क का कि की | गाईजात्रा | गाईजात्रा | ३ |
| ९ | सिउर | हवाईयात्रा | सजीव भनेको के हो ? | ३ |
| १० | टिकटिके किरा | संसारभरका बालबालिकाले... | मुटु | ३ |
| ११ | को कसरी बोल्छ ? | माकुरा | ज्वालामुखी | ३ |
| १२ | कसले के भन्छ ? | समथर भूभाग | उपत्यका | ३ |
| १३ | आज मैले के के जानेँ | भुइँचालो किन जान्छ ? | तारा र तारामण्डल | ३ |
| १४ | ऋतु गीत | कुहिरो | गुरुत्वाकर्षण | ३ |
| १५ | आऊ गनौँ १ २ ३ | फुटबल | खानामा पाइने पोषणहरू | ३ |
| १६ | बिटुको ब्याट | पहाडहरू | समथर भूभाग | ३ |

| | | | | |
|---|---|---|---|---|
| १७ | चरी खोई ? | हिमाल | भुइँचालो किन जान्छ ? | ३ |
| १८ | क देखि ज्ञ सम्म | गाउँखाने कथा | कुहिरो | ३ |
| १९ | कतातिर छौ ? | व्यस्त माहुरी | फुटबल | ३ |
| २० | किन डराउनु | पुतलीको जीवन | पहाडहरू | ३ |
| २१ | मनु र मह | अनौठो फल | हिमाल | ३ |
| २२ | सानी र सुरी | मामा माइजू | गाउँखाने कथा | ३ |
| २३ | पोखरी मेरो घर | मेरो च्यान्टे घोडा | व्यस्त माहुरी | ३ |
| २४ | विद्यालय | राम र पुतली | पुतलीको जीवन | ३ |
| २५ | सेतो कमिला | समयको खेल | केही अमर मानिस | ३ |
| २६ | समय | मकैको रोटी | टाटेपाङ्ग्रे | ३ |
| २७ | ठुलो माछा | जे छोए पनि सुन | अनौठो फल | ३ |
| २८ | डुङ्गामा पुष्पा | खाल्डामा परेको भकुन्डो | नदेखिने कपडा | ३ |
| २९ | बाठो कमिला | कथा सानु बेलाको | ८० दिनमा विश्व भ्रमण | ३ |
| ३० | मुसाको भागाभाग | कसले के भन्छ ? | हाम्रा केही प्रतिभा | ३ |
| ३१ | मित | आज मैले के के जानैँ | बाललीला | ३ |
| ३२ | लखनको शनिबार | ऋतु गीत | अल्छीको औषधी | ३ |
| ३३ | चलाख आमै | मुजुरको प्वाँख | मामा माइजू | ३ |
| ३४ | काग साथी | बत्ती नभएकै जाती | मेरो च्यान्टे घोडा | ३ |
| ३५ | मेरा दस साथी | विवेकको काम | पेटमा कसरी भूत पस्यो | ३ |
| ३६ | भोको राक्षस | हजुरआमाको कथा | बालमेला | ३ |
| ३७ | रङ | किन डराउनु | राम र पुतली | ३ |
| ३८ | साइकल सरर | तुइन | समयको खेल | ३ |
| ३९ | म आफैँ गर्न सक्छु | जीवजन्तु | बाल सँगालो | ३ |
| ४० | मेरो बुरुस खै ? | मनु र मह | बाइस पाटन त्रिपन्न ताल | ३ |
| ४१ | बिरालो कहाँ छ ? | मलाई जीवन प्यारो लाग्न... | अमूल्य उपहार | ३ |
| ४२ | भित्रबाहिर | रातो पछ्यौरी | मकैका रोटी | ३ |
| ४३ | निलो छाता | सानी र सुरी | जे छोए पनि सुन | ३ |

| | | | | |
|---|---|---|---|---|
| ४४ | लेकमा के छ ? | घडीहरूको जमघट | के कसरी बन्छ | ३ |
| ४५ | के हो मेरो नाम | म हुँ फर्सी | खाल्डामा परेको भकुन्डो | ३ |
| ४६ | कुन समूह | फूँ गऱ्यो साँढेले | मुजुरको प्वाँख | ३ |
| ४७ | गुडियाको बिहे | को सबैभन्दा बुद्धिमान् | महादेशहरू | ३ |
| ४८ | खोरभित्र मने | मेरा दस साथी | तुइन | ३ |
| ४९ | राम्री बनेकी सानी | भोको राक्षस | जीवजन्तु | ३ |
| ५० | आफ्नो घर राम्रो घर | डिङ्गो ड्रागन | रातो फूल | ३ |
| ५१ | रामुको किनमेल | रामुको किनमेल | अनारकलीको अन्तरकथा | ३ |
| ५२ | सुनु र सुगा | सुनु र सुगा | लौका बज्यै | ३ |
| ५३ | मालतीको जुत्ता | घाम हरायो | भूगोल | ३ |
| ५४ | मिठाई कहाँ छ ? | मालतीको जुत्ता | मलाई जीवन प्यारो लाग्न... | ३ |
| ५५ | चस्मैचस्मा | मिठाई कहाँ छ ? | विश्व प्रसिद्ध व्यक्तित्त्व | ३ |
| ५६ | आमा खुसी हुनुभयो | चस्मैचस्मा | घाम हरायो | ३ |
| ५७ | मलाई माया गर्ने को को ? | आमा खुसी हुनुभयो | टोपीवाला | ३ |
| ५८ | मेरो सानो खरायो | मलाई माया गर्ने को को ? | सानीले रुन बिर्सिन् | ३ |
| ५९ | रमा दङ्ग परिन् | मेरो सानो खरायो | टोम्मी टेम्पो | ३ |
| ६० | जुँगेदाइको कोठा | टोपीवाला | चारकुने साथीहरू | ३ |
| ६१ | गोपीको टोपी | चारकुने साथीहरू | जन्मदिनको उपहार | ३ |
| ६२ | मुसाको घर | मुसाको घर | जनावरहरूको सभा | ३ |
| ६३ | मनुको मने | मिलिजुली घर | ढिकिच्याउँ ढिकिच्याउँ | ३ |
| ६४ | अर्ती र बुद्धि | चिम्पू र घडी | सानी परी | ३ |
| ६५ | चमेलीको बास्ना | सानीको सिसाकलम | सानीको सिसाकलम | ३ |
| ६६ | म्याउँ म्याउँ बिरालो | चमेलीको बास्ना | धनियाँले साइकल सिकिन् | ३ |

**५.३अन्य सामग्रीहरू**

माथि उल्लेख भएबमोजिमका शैक्षणिक तथा सन्दर्भ सामग्रीका अतिरिक्त परिवेश र आवश्यकता अनुसार अन्य शैक्षिक सामग्री प्रयोग गर्न सकिन्छ । यस्ता शैक्षिक सामग्रीअन्तर्गत कम्प्युटर, पत्रपत्रिका, मोवाइल,

रेडियो, टेलिभिजनलगायतलाई पनि लिइन्छ । यस्ता सामग्रीहरूको उपयोग गरी श्रव्यदृश्य, दृश्य, श्रव्य र छपाइ सामग्रीको निर्माण र प्रयोग गर्न सकिन्छ । यसका साथै अल्पमूल्य र मूल्यरहित शिक्षण सामग्रीको विकास तथा प्रयोग (Low cost and no cost teaching materials development and use)एवम् प्रभावकारी शिक्षण र सिकाइका लागि स्थानीय सामग्रीको प्रयोग (Use of local materials for effective teaching and learning)लाई रणनीतिका रूपमा उपयोग गर्नु सान्दर्भिक हुन्छ । पत्रपत्रिकाबाट विषयवस्तु र चित्रहरूको कटिङ, शब्द, वाक्य, अनुच्छेद, कथा, कविता, गीतलगायतमा आधारित भई पत्ती निर्माण, वर्णपत्ती, वर्णगोटी, चित्रपत्ती, शब्दचित्रपत्ती निर्माण तथा सङ्कलन, झ्यालेपत्ती तथा पिनह्विल चार्ट निर्माण र प्रयोगमा शिक्षक तथा विद्यार्थीको सक्रिय भूमिका रहन सक्छ । मोबाइल, क्यामेरा, कम्प्युटरलगायतका सामग्रीको उपयोग गरी श्रव्यदृश्य, दृश्य रश्रव्य सामग्रीको निर्माण तथा प्रयोग गर्न सकिन्छ । अभ्यासपुस्तिका तथा शिक्षक निर्देशिकाले नसमेटेका क्षेत्रमा स्थानीय रूपमा सामग्री निर्माण गर्नु सान्दर्भिक हुन्छ । भाषिकाका शब्दको उच्चारण र प्रयोग, स्थानीय रूपमा प्रचलित शब्द वा कक्षामा प्रयोग हुने अन्य भाषाका ध्वनि सचेतीकरण, सङ्कलित सामग्रीका आधारमा पठन प्रवाह, लयबद्धवाचन जस्ता पक्षमा सूचनाप्रविधिसम्बद्ध सामग्रीको उपयोग गर्नु सान्दर्भिक हुन्छ ।

**प्रशिक्षक निर्देशन**

**सम्भावित क्रियाकलापहरू**

१. प्रशिक्षकले सहभागीहरूलाई आफूले शिक्षण गर्दा विद्यालयमा प्रयोग गरिरहेका सामग्रीहरूको सूची बनाउन ५ मिनेटको समय दिनुहोस् । सहभागीहरूले भनेका सामग्रीहरूको नाम प्रशिक्षकले टिपी सूची बनाएर देख्ने गरी टाँस्नुहोस् । प्रयोग गरेका सामग्रीले कुन कुन सिकाइमा सहयोग गर्दछन्छलफल गराउनुहोस् ।

२. प्रशिक्षकले सहभागीहरूलाई प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले तयार गरेका शैक्षणिक सामग्रीको परिचय,प्रकार र प्रयोगका बारेमा प्रस्तुत गर्नुहोस् । प्रस्तुत गर्ने क्रममा तालिम कक्षामा सबैको पहुँच हुने गरी सम्पूर्ण शैक्षणिक सामग्रीको नामसहित प्रदर्शन गर्नुहोस् । प्रस्तुत गर्दा हरेक सामग्री देखाउँदै प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको शैक्षणिक रणनीतिका आधारमा कक्षा १, २ र ३ मा यी सामग्रीहरू कार्यक्रम सञ्चालन भएका सबै विद्यालयहरूमा उपलब्ध हुने कुराको जानकारी दिनुहोस् ।

३. सहभागीहरूलाई चार समूहमा विभाजन गरी सामग्री अवलोकनका लागि २० मिनेटको समय तोकेर अवलोकन विधिको बारेमा सल्लाह दिनुहोस् । सम्पूर्ण शैक्षणिक सामग्रीहरूको नाम भएको चार्ट तलको खाकामा तयार गरीसमूहमा छलफल गर्ने अवसर दिनुहोस् ।

| क्र.सं. | सामग्रीको नाम | कुन तत्त्व शिक्षणमा धेरै प्रयोग | कसले प्रयोग गर्ने | | |
|---|---|---|---|---|---|
| | | | शिक्षक | विद्यार्थी | दुवै |
| १. | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | | | | | |

४. सहभागीहरूलाई तिन समूहमा वर्गीकरण गरी कक्षा ३ को पाठ्यपुस्तक र अभ्यासपुस्तिकामा समावेश गरिएका क्रियाकलापको तालमेलका बारेमा छलफल गर्न लगाई समूहको निचोड प्रस्तुत गर्न लगाउनुहोस् ।

- मिल्दाजुल्दा क्रियाकलाप
- पठनतत्त्वगत क्रियाकलाप
- शिक्षण गर्ने समय निर्धारण
- उपयुक्त शब्द चयन
- स्वतन्त्र अभिव्यक्ति गर्न सक्न ठाउँ
- सिर्जनात्मक सिप विकासलाई ठाउँ

५. प्रशिक्षकले सहभागीहरूलाई सन्दर्भ सामग्रीको परिचय, प्रकार र प्रयोगका बारेमा अन्तरक्रियात्मक प्रस्तुति गर्नुहोस् । कक्षा १, २ र ३ मा पठाइएका सन्दर्भ सामग्रीहरू अवलोकन गर्न दिनुहोस् । विद्यालयमा पुस्तकको स्तरीकरण, राख्ने ठाउँ, प्रयोग गर्ने तरिका,किताबका प्रकार,पढ्ने समयसाथै फाइदाका बारेमा अन्तरक्रिया गर्नुहोस् ।

६. प्रशिक्षकले सहभागीहरूलाई शिक्षक र विद्यार्थी निर्मित सम्भावित सान्दर्भिक सामग्रीहरू निर्माण र प्रयोगका बारेमा छलफल गर्नुहोस् । कक्षा १, २ र ३ का बालबालिकाका लागि उपयुक्त हुने जस्तैः चित्रकिताब, शब्द सूची, कथा, कविता, विसङ्केतन किताब आदि स्वतन्त्र रूपमा बनाएर प्रर्दशन गर्न भन्नुहोस् । यो सामग्री बनाउने समयमा प्रशिक्षकले अवलोकन, पृष्ठपोषण र सहयोग गर्नुहोस् ।

# एकाइ ६ : पढाइका तत्वहरू

**अपेक्षित सक्षमता**

क. पठन तत्त्वहरू (ध्वनि सचेतीकरण, लेख्य वर्ण सचेतीकरण, पठन प्रवाह, शब्दभण्डार,पठन बोध र लेखाइ) को परिचय र महत्त्वको बोध

ख. कक्षा १, २ र ३ मा पठन तत्त्वगत सिकाइ उपलब्धि तथा क्षेत्र र क्रमको पहिचान

ग. कक्षा १, २ र ३ मा पठन तत्त्वहरूको शिक्षणका लागि आवश्यक पर्ने शैक्षणिक सामग्रीहरूको पहिचान र प्रयोग

घ. पठन तत्त्वहरू विकासका लागि शिक्षण सिकाइ क्रियाकलापको अभ्यास

ङ. शिक्षक निर्देशिका अनुसार पुनरावृत्ति, मूल्याङ्कन तथा पृष्ठपोषण प्रक्रिया अवलम्बन

च. सबै पठन तत्त्वहरू समेट्ने गरी एकीकृत शिक्षणको अभ्यास

**विषयवस्तु**

**६.१ अवधारणा (परिचय र महत्त्व)**

पढाइ एउटा भाषिक सिप हो । पढाइ साक्षरताको एउटा अवयव पनि हो । हामी विभिन्न तरिकाबाट सिक्छौँ । सिकाइका विभिन्न तरिकाहरूमध्ये पढाइ एक महत्त्वपूर्ण तरिका हो । भाषाको ध्वनिलाई प्रीतिनधित्व गर्ने सङ्केतलाई उच्चारण गर्ने कार्य पढाइको सुरुवाती चरण हो । पढाइ भन्नाले सामान्यतया छापामा लेखिएका सामग्री पढेर अर्थ बोध गर्नु भन्ने बुझिन्छ । जुनसुकै तह र विषयको सिकाइका लागि पढाइ सिप अपरिहार्य हुन्छ । प्रारम्भिक कक्षामा पढ्न सिक्ने र माथिल्ला कक्षाहरूमा सिक्नका लागि पढ्ने कुरामा जोड दिइने भएकाले तल्ला कक्षाहरूमा नै पढाइ सिपको विकास हुनु आवश्यक हुन्छ । तल्ला कक्षामा नै पढाइ सिपको उचित विकास हुन नसकेमा माथिल्लो कक्षामा पर्याप्त सिकाइ हुन सक्दैन ।सबै विषयको सिकाइमा पढाइ जरुरी हुन्छ तसर्थ प्रारम्भिक तहमा पढाइ सिपको विकासका लागि उचित शैक्षणिक रणनीति, शिक्षण पद्धति तथा शैक्षणिक सामग्रीहरूको प्रयोग महत्त्वपूर्ण हुन्छ ।

लिखितसामग्रीहरू पढेर अर्थपूर्ण बोध गर्नु नै पढाइ हो । पढाइ भन्नाले वर्णहरू जोडेर शब्दको पहिचान गर्नु तथा उपयुक्त गतिमा शब्द र वाक्यहरू पढेर तिनको अर्थ बुझ्नु हो । प्रारम्भिक पढाइ सिपमा दुई अन्तरनिहित तत्त्व रहेका छन् : चिनारी र बोध । लेखिएको वर्णलाई ध्वनिमा रूपान्तरण वा विसङ्केतन(Decoding)गर्नु चिनारी हो भने लेखिएको वा छापिएको कुरा पढेर अर्थ बुझ्नु बोध हो । यसरी पढेर सूचना लिने सिपले सिकाइमा मद्दत गर्छ । बालबालिकाको पढाइलाई पनि यान्त्रिक पढाइ र सुझबुझयुक्त पढाइ भनी दुई किसिमबाट हेर्न सकिन्छ । लेखिएको वा छापिएको सामग्रीलाई शुद्धसँग विसङ्केतन(Decoding)गर्न सक्ने तर त्यसको अर्थ बोध नहुने अवस्थाको पढाइ यान्त्रिक पढाइ हो । माथि भनिएजस्तै सामग्रीको विसङ्केतन गरी अर्थ पनि ग्रहण गर्न सक्नु सुझबुझयुक्त पढाइ हो । वर्ण, अक्षर र शब्दको उच्चारण अभ्यास र वाक्यको गति यति मिलाएर गरिने यान्त्रिक पढाइ अभ्यासका लागि काम लाग्ने देखिए पनि हाम्रो उद्देश्य सुझबुझयुक्त पढाइ हो । बालबालिकाले आफैँले पढेर यससँग सम्बन्धित प्रश्न-उत्तर गर्न सके, पढेको विषयको सार निकाल्न सके भने आफैँ सिक्ने सिप विकास हुन्छ । ज्ञानको

दायरा फराकिलो हुन्छ । पढाइ सिप भाषा विषयको सिप मात्र होइन गणित, विज्ञान सामाजिक जस्ता अन्य विषयगत ज्ञान सिप र धारणाका लागि पनि आधारभूत सिप हो । प्रारम्भिक कक्षा पढाइ सिपको मुख्य अभिप्राय: नवोदित पाठकका रूपमा विद्यालयमा आएका बालबालिकाहरूलाई सुझबुझयुक्त पढाइ लेखाइ गर्न आत्मनिर्भर बनाउनु हो ।

सफल पढाइ सिप विकास गर्न शिक्षक र विद्यार्थी दुवैले कार्यमूलक क्रियाकलापहरूराम्ररी तयार गरेको हुनुपर्छ । जब हामी हाम्रा आँखा र दिमाग प्रयोग गरेर लेखिएका चिह्नहरूलाई शब्दमा र ती शब्दहरूलाई वाक्यमा बदल्छौँ, त्यसले हामीलाई केही सञ्चार दिन्छ । पढाइ जानकारी लिने सिप भएकाले यसले विषयवस्तुको ज्ञान र धारणा दिएर मानवीय सभ्यताका लागि ठुलो सहयोग पुऱ्याउँछ । ज्ञान लिने र दिने दुवै सिपहुनछापामा आधारित ज्ञान, सिप, धारणालाई, राम्रोसँग बुझेर अर्थपूर्ण व्याख्या गर्न सक्नु नै पढाइ हो भने त्यो पढाइबाट पाएको अनुभव र तालिमको परिणाम स्वरूप दैनिक व्यवहारमा आएको परिवर्तन नै सिकाइ हो । यसकालागि शैक्षणिक रणनीति, शिक्षकको तयारी, उपयुक्त सामग्री र सिक्ने बालबालिकाको तत्परताले ठुलो भूमिका खेल्छ ।

### ६.२ पठन तत्त्वहरू

पढाइका तत्त्वहरूलाई नै यहाँ पठन तत्त्व भनिएको हो । यी पठन तत्त्वहरूका बारेमा तल व्याख्या गरिएको छ ।

#### ६.२.१ ध्वनि सचेतीकरण(Phonological Awareness)

ध्वनि भनेको आवाज हो । भाषाका स्वर र व्यञ्जन वर्णसँग परिचित हुनु ध्वनि पहिचान गर्नु हो । ध्वनि भाषाको लघुतम एकाइ हो । यसले भाषा निर्माणका लागि कच्चापदार्थका रूपमा काम गर्दछ । ध्वनि प्रक्रियामा मुखबाट उच्चारण हुने, कानबाट सुन्ने, आँखाबाट देख्ने र बोध हुने भएकाले यो संज्ञानात्मक प्रकृतिको हुन्छ । यहाँ मानवीय ध्वनि अवयवबाट उच्चारित आवाजलाई मात्र ध्वनिका रूपमा लिइएको छ । सचेतीकरणका कार्यमा सिकारुले उस्ता उस्तै ध्वनिबिच फरक छुट्याउने, जोड्ने, बुझ्ने र उच्चारण गर्ने कार्य पर्छन् । प्राय: जसो भाषाको संरचना ध्वनिबाट वर्ण, वर्णबाट शब्द, शब्दबाट वाक्यस्तर हुँदै विकसित हुन्छ । कुनै पनि पाठकलाई पठनमा पोख्त बनाउन प्रारम्भिक कक्षामा राम्रोसँग ध्वनि सचेतीकरण भएको हुनुपर्छ । राम्रोसँग ध्वनि सचेतीकरण भएन भने ध्वनि र वर्णको सम्बन्ध जोडेर शब्द पहिचान गरी अर्थपूर्ण बोध गरी लिखित अभिव्यक्ति गर्नबालबालिकाहरू कमजोर हुन्छन् । ध्वनि सचेतीकरणका बारेमा निम्नानुसारका मत पाइन्छन् :

- उच्चारणका क्रममा सुन्न सकिने प्रत्येक लघुतम पृथक् आवाजलाई ध्वनि भनिन्छ : प्रज्ञा नेपाली सन्दर्भ व्याकरण, मोहनराज शर्मा ।
- कुनै वाक्यलाई ससाना वाक्य, वाक्यखण्ड वा शब्दमा एवम् शब्दलाई अझ साना एकाइ अर्थात् धवनिहरूमा टुक्र्याउन सकिन्छ भन्ने तथ्य पहिचान गर्ने क्षमता नै ध्वनि सचेतीकरण हो । ध्वनि सचेतीकरणको माथिल्लो चरण भनेको एउटा औच्चार्य शब्दभित्र छुट्टाछुट्टै ध्वनिहरू समाविष्ट हुन्छन् भनेर पहिचान गर्नु, विभिन्न ध्वनिहरू छुट्याउनु तथा शब्दमा रहेका ध्वनिहरू फेरबदल गर्दै शब्दको अर्थ बदल्न सक्नु हो (Johson and Rosemar 2003) ।

### ६.२.१.१ कक्षा १ देखि ३ का ध्वनि सचेतीकरणका कक्षागत सिकाइ उपलब्धि तथा क्षेत्र र क्रम

| कक्षा १ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **२ हप्ता** | **२ हप्ता** | **१ हप्ता** | **६ हप्ता** | **१४ हप्ता** | **३ हप्ता** | **१ हप्ता** | **१ हप्ता** | **१ हप्ता** | **१ हप्ता** |
| सुनाइ तथा बोलाई क्रियाकलाप (चित्र, शीर्षक, सन्दर्भ वा परिवेश)<br>१. पूर्वज्ञान<br>२. अनुमान<br>३. स्वअनुभव | सुनाइ तथा बोलाइ क्रियाकलाप (कविता, गीत, भजन)<br>१. प्रस्तुतीकरण<br>२. अभ्यास (शिक्षक, शिक्षक र विद्यार्थी तथा विद्यार्थी मात्र)<br>३. प्रस्तुति ( सस्वर वाचन : एकल, जोडी, सानो समूह, ठुलो समूह र सबै) | सुनाइ तथा बोलाइ क्रियाकलाप (मात्रा नलागेका, मात्रा लागेका र संयुक्त अक्षर प्रयोग भएका २, ३, ४ र ५ शब्दले बनेका वाक्य)<br>१. उच्चारण<br>२. शब्द पहिचान<br>३. गणना | सुनाइ तथा बोलाइ क्रियाकलाप (अ, आ, इ, उ, ए, ओ)<br>१. ध्वनि पहिचान<br>२. उच्चारण<br>३. ध्वनि जोड्ने र छुट्याउने | सुनाइ तथा बोलाइ क्रियाकलाप (क देखि ज्ञ सम्म)<br>१. ध्वनि पहिचान<br>२. उच्चारण<br>३. ध्वनि जोड्ने र छुट्याउने | सुनाइ तथा बोलाइ क्रियाकलाप ( क देखि ह सम्म)<br>१. ध्वनि पहिचान<br>२. उच्चारण<br>३. ध्वनि जोड्ने र छुट्याउने | सुनाइ तथा बोलाइ क्रियाकलाप<br>१. ध्वनि पहिचान<br>२. उच्चारण<br>३. ध्वनि जोड्ने र छुट्याउने<br>/अ/ध्वनि<br>अनार, अचार,अचेल, अचेत, अनाथ<br>/इ/ ध्वनि<br>इनार, इलाम, इनाम | सुनाइ तथा बोलाइ क्रियाकलाप<br>१. ध्वनि पहिचान<br>२. उच्चारण<br>३. ध्वनि जोड्ने र छुट्याउने<br>/बन्/ ध्वनि<br>पवन, धावन, भवन, जीवन, सेवन, हवन<br>/ता/ ध्वनि<br>शत्रुता, मित्रता, मौनता | सुनाइ तथा बोलाइ क्रियाकलाप<br>१. ध्वनि पहिचान<br>२. उच्चारण<br>३. ध्वनि जोड्ने र छुट्याउने<br>/आम्/ ध्वनि<br>काम, खाम, घाम, दाम, नाम, थाम, राम, जाम, माम<br>/मल्/ ध्वनि<br>अलमल, चलमल, झलमल | सुनाइ तथा बोलाइ क्रियाकलाप<br>१. ध्वनि पहिचान<br>२. उच्चारण |

| कक्षा २ | | | | | |
|---|---|---|---|---|---|
| **कक्षा १ को पुरावृत्ति** | **पहिलो ८ हप्ता** | **३ हप्तासम्म** | **५ हप्तासम्म** | **६ हप्तासम्म** | **७ हप्ता** |
| क. वर्ण र मात्रा पहिचान उच्चारण तथा प्रयोग (स्वर र व्यञ्जन वर्ण : १ हप्ता<br>१. ध्वनि पहिचान<br>२. उच्चारण<br>३. ध्वनि जोड्ने र छुट्याउने<br>ख.अर्धाक्षरी र संयुक्त वर्ण उच्चारण र पहिचान १ हप्ता<br>१. ध्वनि पहिचान<br>२. उच्चारण<br>३. ध्वनि जोड्ने र छुट्याउने<br>ग.समान ध्वनि र समान संरचना भएका शब्द उच्चारण र पहिचान १ हप्ता ( शब्दको सुरुमा, शब्दको अन्त्यमा र समान संरचना भएका शब्दहरू)<br>१. ध्वनि पहिचान<br>२. उच्चारण<br>३. ध्वनि जोड्ने र छुट्याउने | १. ध्वनि छुट्याउने ए.क. कलम<br>क.ल.म.<br>२. ध्वनि जोड्ने पहिलो ८ हप्तासम्म (ध्वनि गणना पनि) | पहिलो ३ हप्तासम्म<br>१. शब्दका सुरुका ध्वनि थप्ने र झिक्ने<br>२. शब्दका मध्यका ध्वनि थप्ने र झिक्ने<br>३. शब्दका अन्त्यका ध्वनि थप्ने र झिक्ने<br>४. मात्राका आधारमा ध्वनि परिवर्तन<br>मल : मूल, मोल, माल, मिल, मेल | १. अक्षर छुट्याउने<br>कलम : क.लम्<br>२. अक्षर जोड्ने<br>क.लम् : कलम | १. शब्द शब्द जोड्ने गाईगोरु मलाई<br>२. शब्द शब्द छुट्याउने गाई गोरु, म.लाई : मलाई, घर.देखि | १. मूल शब्दमा अगाडि आएका ध्वनि जोड्न र छुट्याउन (सरल)<br>प्र : गति प्रगति<br>२. धातुका पछाडि आएका ध्वनि जोड्ने र छुट्याउने जस्तै गर्.यो<br>नु, एछ,<br>३.मूल शब्दका पछाडि आएका ध्वनि जोड्न र छुट्याउन पाल्पा.ली : पाल्पाली |

| कक्षा ३ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा २ को पुनरावृत्ति२ हप्ता | उस्तै उस्तै उच्चारण हुने ध्वनिको पहिचान गर्ने, छुट्याउने र समान ध्वनि जोड्ने : ४ हप्ता | १ हप्तासम्म ( ध्वनि थप्ने र भिक्ने) | एउटा ध्वनिको ठाउँमा अर्को ध्वनि राखी शब्द बनाउने (ध्वनिको प्रतिस्थापन १ हप्ता | जटिल ध्वनि छुट्याउने र जोड्ने : ३ हप्ता | जटिल अक्षर संरचना जोड्ने र छुट्याउने : ५ हप्ता | रूप छुट्याउने र जोड्ने उदाहरण म.रो : मेरो ५ हप्ता | जटिल प्रत्ययपरक शब्दका ध्वनि छुट्याउने र जोड्ने उदाहरण बुझ.अक्कड: बुझअक्कड ६ हप्ता | जटिल शब्द शब्द जोड्ने र शब्दशब्द छुट्याउने : ५ हप्ता |
| क. ध्वनि छुट्याउने, जोड्ने, थप्ने र भिक्ने १ हप्ता<br>१. ध्वनि छुट्याउने र ध्वनि जोड्ने<br>२.शब्दका सुरु, मध्य र अन्त्यमा ध्वनि थप्ने र भिक्ने तथा मात्राका आधारमा ध्वनि परिवर्तन गर्ने<br>ख.अक्षर संरचना जोड्ने र छुट्याउने १ हप्ता<br>ग. शब्द शब्द जोड्ने र छुट्याउने (उपसर्ग र प्रत्यय लागेका शब्दसमेत) | १. उस्तै ध्वनि पहिचान गर्ने जोड्न र छुट्याउन<br>साथी, साठी | पहिलो १ हप्तासम्म<br>१. शब्दका सुरुका ध्वनि थप्ने र भिक्ने प्रहार<br>२. शब्दका मध्यका ध्वनि थप्ने र भिक्ने<br>३. शब्दका अन्त्यका ध्वनि थप्ने र भिक्ने<br>४. मात्राका आधारमा ध्वनि परिवर्तन<br>कुवा, कौवा | १. शब्दको सुरु, मध्य र अन्त्यको ध्वनिको ठाउँमा अर्को ध्वनि राख्न जस्तै रहर, कहर | १. जटिल ध्वनि पहिचान गर्ने, छुट्याउने र जोड्ने<br>जस्तै : /स/चे/ती.क.र.न.: सचेतीकरण | १. जटिल अक्षर भएका शब्दका संरचना पहिचान गर्ने, जोड्ने र छुट्याउने जस्तै स.चे.ती.क.र न्. : सचेतीकरण बुझ्.अक्.कड् : बुझक्कड | १. मूल शब्दमा अगाडि आएका ध्वनि जोड्न र छुट्याउन ( सरल)<br>सम्.वाद : संवाद<br>२. धातुका पछाडि आएका ध्वनि जोड्ने र छुट्याउने जस्तै गर्.आइ : गराइ<br>३.मूल शब्दका पछाडि आएका ध्वनि जोड्न र छुट्याउन<br>डोको.ए : डोके | १. मूल शब्दमा अगाडि आएका ध्वनि जोड्न र छुट्याउन (जटिल)<br>२. धातुका पछाडि आएका ध्वनि जोड्ने र छुट्याउने<br>३.मूल शब्दका पछाडि आएका ध्वनि जोड्न र छुट्याउन | १. जटिल शब्द शब्द जोड्ने र शब्द शब्द छुट्याउने जस्तै समय उचित : समयोचित,<br>घर घर : घरघरै<br>चौबाटो : चार बाटो |

### ६.२.१.२ सामग्रीहरू

ध्वनि सचेतीकरणको शिक्षणका लागि शिक्षकले विभिन्न सामग्रीहरूपाठ तथा सिकाइ उपलब्धि र विद्यार्थीहरूको तहअनुसार प्रयोग गर्न सक्छन् । तथापि राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले विकास गरेका ध्वनि सचेतीकरण शिक्षणमा प्रयोग गर्न सकिने केही महत्त्वपूर्ण सामग्रीहरूको सूची र प्रयोग विधि यहाँ उल्लेख गरिएको छ ।

सामान्यतया ध्वनि सचेतीकरण क्रियाकलापका लागि सामग्रीको प्रयोग गर्नु उपयुक्त मानिँदैन । ध्वनिको आफ्नै आकार, प्रकार, सङ्केत र रङ हुँदैन तर भाषा सिकाउने क्रममा यसको प्रयोग भाषिक वर्ण, सङ्केत, चिह्न, शब्दलाई सम्बन्धित गराएर वाक्य र अर्थमा बोध गराउनका लागि महत्त्वपूर्ण स्थान रहन्छ । बालबालिकाहरूलाई कुनै कठिन ध्वनि चिनाउनका लागि चित्रको प्रयोग गरिएको पाइन्छ ।

| क्र.स. | सामग्रीहरू | प्रयोग विधि |
|---|---|---|
| १ | चित्रपत्ती | कुनै पनि शब्दको सुरुको ध्वनि, शब्द ध्वनि चिनाउन शब्दको अर्थ नबुझेको अवस्थामा शिक्षकले चित्र प्रदर्शन, प्रयोग गर्न सक्छन् । |
| २ | चित्र र शब्दपत्ती | शब्दमा भएका वर्ण र अक्षर (Syllabic) उच्चारण गर्ने क्रममा ध्वनि विभेदीकरण, ध्वनि जोड्ने, घटाउने, छुट्याउने, थप्ने आदि ध्वनिका क्रियाकलाप गर्न खेल, खोज, प्रश्नोत्तर, अन्तरक्रिया गरी चित्र र शब्दसँगको ध्वनिगत सम्बन्ध स्थापित गराएर शिक्षण गर्न सकिन्छ । |
| ३ | बालगीत चार्ट | बालबालिकाहरूलाई गीतमा प्रयोग भएका अन्त्यानुप्रास, उस्तै ध्वनि, फरक ध्वनि, तिनमा प्रयोग हुने गति, यति, लय, ताल वा ध्वनिको विविधीकरण थाहा दिन शिक्षकले नमुना बालगीत गायन, नाटकीकरण, हाउभाउ, ताल र लयसहितको प्रदर्शन र प्रयोग गरेर बालबालिकासँग सहकार्य गरी शिक्षण गरिन्छ । |

### ६.२.१.३ शैक्षणिक क्रियाकलापहरू

ध्वनि सचेतीकरणका चरणगत शैक्षणिक क्रियाकलापहरू निम्नानुसार रहेका छन् :

- **पहिलो चरण** : शब्दबाट ध्वनि पहिचान गर्ने, छुट्ट्याउने र थप्ने अभ्यास

**(अ) ध्वनि पहिचान गर्ने अभ्यास**

सबैभन्दा पहिले दुई सग्ला वर्णहरू प्रयोग भएका शब्दहरू सङ्कलन गर्नुहोस्, जस्तै : कप, घर आदि । शिक्षकले /क/ /प/ = /कप्/, /घ/ /र/ = /घर्/ शब्द उच्चारण गर्नुहोस् र दोहोऱ्याएर भन्न लगाउनुहोस् । त्यसपछि जुन ध्वनि सिकाउने हो, त्यो ध्वनि सुरुमा आउने शब्दहरूको सूची बनाउनुहोस् । उक्त सूचीबाट शिक्षकले कुनै एउटा शब्द भन्नुहोस् । त्यो शब्द उच्चारण गर्दासुरुमा कुन ध्वनि आयो, शिक्षकले भनिदिनुहोस् । यसपछि शिक्षकले सूचीबाट अर्को एउटा शब्द उच्चारण गर्दै सुरुमा कुन ध्वनि आयो भनेर बालबालिकालाई सोध्नुहोस् र सही ध्वनि पहिचान गर्न लगाउनुहोस्, जस्तै : “अनार” शब्द उच्चारण गर्नुहोस् र यस शब्दको सुरुमा “अ” ध्वनि आयो

भनेर बताइदिनुहोस् । त्यसपछि "अमला", "असल" जस्ता शब्दहरू पालैपालोउच्चारण गर्नुहोस् र सुरुमा कुन ध्वनि आयो भनेर सोध्नुहोस् । विद्यार्थीहरूलाई जोडीमा राखेर केहीबेर यस किसिमका अभ्यासगराउनुहोस् ।

**(आ) ध्वनि छुट्याउने अभ्यास**

दुईओटा शब्दको सुरुको ध्वनि एउटै हुने र अर्को एउटा शब्दको सुरुको ध्वनि बेग्लै भएको तिनओटा शब्दका केही समूहहरू तयार गर्नुहोस् (जस्तै : बस, बल, डर) र ती शब्दहरू उच्चारण गर्नुहोस् । यसपछि शब्दको सुरुमा बेग्लै ध्वनि आउने शब्द "डर" हो भनेर शिक्षकले बताइदिनुहोस् । शिक्षकले "बस" को अगाडि "ब" ध्वनि आउँछ भनेर बालबालिकालाई बताउनुहोस् । अब यस्तै दुईओटा उस्तै ध्वनि आउने र एउटा फरक ध्वनि आउने शब्दहरूको समूह पालैपालो उच्चारण गर्नुहोस् र सुरुको ध्वनि बेग्लै भएको शब्द कुन हो भनेर सोध्नुहोस् । बैग्लै ध्वनि भएको पहिचान गरेपछि अरू बाँकी शब्दको सुरुको ध्वनि कुन हो भनेर ध्वनि पहिचान गर्न लगाउनुहोस् । विद्यार्थीहरूलाई जोडीमा राखेर केहीबेर यो अभ्यास गराउनुहोस् ।

**(इ) ध्वनि थप्ने अभ्यास**

शिक्षकले अगाडि उस्तै ध्वनि आउने दुईओटा शब्द उच्चारण गरेर सुनाउनुहोस्, जस्तै : कस, कल । त्यसपछि अगाडिको उस्तै ध्वनि क हो भनेर बताइदिनुहोस् । अगाडिको ध्वनि उस्तै सुनिने दुई दुई ओटा शब्द उच्चारण गरेर सुनाउँदै त्यही ध्वनिबाट सुरु हुने अर्को एउटा शब्द बनाउन लगाउनुहोस्, जस्तै : कर । विद्यार्थीहरूलाई जोडीमा राखेर केहीबेर यो अभ्यास गराउनुहोस् ।

- **दोस्रो चरण** : ध्वनिअनुसार शब्दका अक्षर टुक्र्याउने र जोड्ने

**(अ) शब्दका अक्षर टुक्र्याउने अभ्यास**

एउटा शब्द उच्चारण गर्ने र त्यसलाई तालीका आधारमा टुक्र्याउने अभ्यास गर्नुहोस्, जस्तै : शिक्षकले एउटा "टोपी" शब्द उच्चारण गर्नुहोस् । त्यसलाई "टो" भन्दै एक ताली र "पी" भन्दै एक ताली बजाउन लगाउनुहोस् । यसै गरी अरू शब्द भन्दै तालीकै आधारमा शब्दलाई ध्वनिमा टुक्र्याउन सिकाउनुहोस् । विद्यार्थीहरूलाई जोडीमा राखेर केहीबेर यो अभ्यास गराउनुहोस् ।

**(आ) शब्दका अक्षर जोड्ने अभ्यास**

शब्दका अलग अलग ध्वनि दिएर त्यसलाई जोडी शब्द उच्चारण गर्न लगाउनुहोस्, जस्तै : शिक्षकले एक एक ताली बजाएर "घ" र "डी" ध्वनि उच्चारण गर्नुहोस् र दुवै ध्वनि जोडेर एकै तालीमा "घडी" शब्द उच्चारण गरेर सुनाउनुहोस् । यसपछि यस्तै किसिमका ससाना शब्द बन्ने अलग अलग ध्वनि सुनाएर सिङ्गो शब्द उच्चारण गर्न लगाउनुहोस् ।

- **तेस्रो चरण** : शब्दलाई ध्वनि र सानो शब्दमा टुक्र्याउने र जोड्ने

**(अ) शब्दलाई ध्वनि र सानो शब्दमा टुक्र्याउने**

शब्दलाई ध्वनि (onset) र सानो शब्द (rime) मा जोडेर तथा टुक्र्याएर (onset, rime)उच्चारण गर्दै शब्दहरू सुनाउनुहोस्, जस्तै : "कमल" टुक्र्याएर "/क/ /मल/" गर्नुहोस् । यसैगरी onsetरrimeमा टुक्र्याउन मिल्ने शब्दहरू सङ्कलन गर्नुहोस् । त्यस्ता शब्दहरूलाई कक्षामा उच्चारण गरेर विद्यार्थीहरूलाई सुनाउँदै त्यसलाई onset र rime मा टुक्र्याउन लगाउनुहोस् ।

विद्यार्थीहरूले सही उत्तर भन्न सकेनन् भने शिक्षकले सही उत्तर भनिदिनुहोस् ।

**द्रष्टव्य** :onsetभनेको शब्दको अगाडिको भाग, जसमा ध्वनि मात्रै हुन्छ र rime भनेको पछाडिको भाग हो, जसमा सानो अर्थपूर्ण शब्द हुन्छ ।

**(आ) ध्वनि र सानो शब्दजोड्ने**

शिक्षकले बालबालिकालाई onset र rimeउच्चारण गरेर सुनाउनुहोस् र त्यसलाई जोडेर सिङ्गो शब्दको उच्चारण गर्नुहोस्, जस्तै : "औ" र "जार" छुट्टाछुट्टै उच्चारण गरेर सुनाउनुहोस् । यहाँ onset र rime जोडेर "औजार" भयो भनी बताउनुहोस् । यसपछि onsetर rimeउच्चारण गरेर सुनाउँदै सिङ्गो शब्द उच्चारण गर्न लगाउनुहोस् ।

- **चौथो चरण** : शब्दलाई ससाना ध्वनिमा टुक्र्याएर जोड्ने

**(अ) शब्दलाई ससाना ध्वनिमा टुक्र्याउने**

कुनै शब्द उच्चारण गर्नुहोस् र त्यसलाई ससानो ध्वनिमा विभाजन गरेर सुनाउनुहोस्, जस्तै : सामान शब्द उच्चारण गर्नुहोस् र "स्+आ+म्+आ+न्+अ" उच्चारण गरेर सुनाउनुहोस् । यसपछि पुरै शब्द "सामान" उच्चारण गरेर सुनाउनुहोस् र ससाना ध्वनिमा विभाजन गरेर उच्चारण गर्न लगाउनुहोस् ।

**(आ) ससानो ध्वनि जोडी शब्द बनाउने**

शब्द निर्माण हुन सक्ने गरी ससाना ध्वनिको उच्चारण गरेर सुनाउनुहोस् र ती ध्वनिहरू जोडेर सिङ्गो शब्द उच्चारण गरिदिनुहोस्, जस्तै : "ह्+इ+म्+आ+ल्+अ" उच्चारण गरेर सुनाउनुहोस् र त्यसपछि सिङ्गो शब्द "हिमाल" उच्चारण गरेर भनिदिनुहोस् । अब यसैगरी ससाना ध्वनिहरू उच्चारण गरेर सिङ्गो शब्द उच्चारण गर्न लगाउनुहोस् ।

- **पाँचौँ चरण** : शब्दको सुरु वा अन्तिमको ध्वनि परिवर्तन गरेर अर्को शब्द बनाउने

**(अ) शब्दको सुरु ध्वनि परिवर्तन गरेर अर्को शब्द बनाउने**

एउटा शब्द भन्ने र त्यसको अगाडिको ध्वनिको ठाउँमा अर्कै ध्वनि राखेर बनेको शब्द उच्चारण गरेर सुनाउनुहोस्, जस्तै : सुरुमा "लहर" शब्द उच्चारण गरेर सुनाउनुहोस् । यसपछि यो शब्दको सुरुको ध्वनि "ल" को ठाउँमा "र" राखेर यस्तो शब्द बन्छ भन्दै "रहर" उच्चारण गरेर सुनाउनुहोस् । यस्ता केही शब्दहरू दिनुहोस् र सुरुको ध्वनिको ठाउँमा अर्कै ध्वनि राखेर उच्चारण गर्न लगाउनुहोस् ।

**(आ) शब्दको अन्तिमको ध्वनि फेरबदल वा परिवर्तन गरेर अर्को शब्द बनाउने**

एउटा शब्द भन्नुहोस् र त्यसको पछाडिको ध्वनिको ठाउँमा अर्कै ध्वनि राखेर बनेको शब्द उच्चारण गरेर सुनाउनुहोस्, जस्तै :सुरुमा "सकल" शब्द उच्चारण गरेर सुनाउनुहोस् । यसपछि उक्त शब्दको अन्त्यको ध्वनि "ल" को ठाउँमा "स" राखेर यस्तो शब्द बन्छ भन्दै "सकस" उच्चारण गरेर सुनाउनुहोस् । यसैगरी अन्तिमको ध्वनिको ठाउँमा अर्कै ध्वनि राखेर उच्चारण गर्न लगाउनुहोस् । नेपालीमा अ, आ, इ, उ, ए, ओ तथा क, ख, ग, घ, ङ, च, छ, ज, झ, ट, ठ, ड, ढ, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, स, ह जस्ता स्वर र व्यञ्जन ध्वनि रहेका छन् ।

शब्दमा यी ध्वनि आपसमा जोडिएर आएका छन् । कल शब्दमा /क/ र /ल/गरी दुई ध्वनि जोडिएर आएका छन् । त्यसरी नै कुलत शब्दमा /कु//लत्/गरी दुई ध्वनि छन् ।ध्वनि सचेतीकरणमा यी ध्वनिहरूको भिन्नता छुट्याइन्छ र तिनीहरूको संरचना पहिचान गरी शुद्धसँग उच्चारण गर्न सक्ने क्षमताको विकास गरिन्छ ।

**प्रशिक्षक निर्देशन (३ घण्टा)**

**क्रियाकलापहरू :**

१. सहभागीहरूलाई आँखा बन्द गर्न लगाउनुहोस् । दस ओटा विभिन्न खालका आवाजहरू (घन्टी, सुसेली, ढुङ्गा, आदि) ध्वनि सुनाउनुहोस् र ती ध्वनि के के का हुन् भन्ने कुरा पहिचान गर्न भन्नुहोस् ।

नेपालमा बोलिने १२३ भाषिकामध्ये कुनै एक भाषिका जस्तै लिम्बू भाषामा बोलिन 'केम्बा आत्तो पे?' (*यसको अर्थ तिम्रो बुबा कता जानुभयो?*) ध्वनिको उच्चारण गरी सो को अर्थ भन्न लगाउनुहोस् । यो नसुनेको ध्वनि भएकाले सहभागीबाट अपेक्षित अर्थ प्राप्त हुन सक्दैन । त्यसैले प्रशिक्षकले विभिन्न भाषिक समुदायबाट आएका बालबालिकालाई यस्तै कठिनाइ हुने कुरा सहभागीहरूलाई बुझाउनुहोस् ।

२. सहभागीहरूलाई कक्षा १ को मेरो नेपालीमा भएको पाठ २२ पृष्ठ नं. ६१ मा भएको बालगीतको निम्न हरफहरू गाएर सुनाउनुहोस् :

कागदाजै कागदाजै पिपल झारी देऊ ।

कागिनी भाउजूलाई गुनिउचोली देऊ ॥

यस गीतको पहिलो शब्दको सुरुमा आउने ध्वनि /क्/ र अन्तिम शब्दको अन्तमा आएको ध्वनि/उ/भनिदिनुहोस् ।

त्यसपछि यस्तै अरू एक दुई ओटा बालगीतहरूसँगै गाउनुहोस् र शब्दको सुरुमा र अन्तमा आउने ध्वनि पहिचान गर्नुहोस् ।

३. हरेक सहभागीहरूलाई एक एक ओटा कार्डमा ध्वनि सचेतीकरण भनेको के हो भन्ने सम्बन्धमा लेख्न र प्रदर्शन पाटीमा टाँस्न लगाउनुहोस् । सहभागीहरूले लेखी टाँसेका कुराहरूलाई समेट्दै प्रशिक्षकले स्रोत सामग्रीको खण्डमा रहेको परिभाषा बताउनुहोस् ।

४. ध्वनि सचेतीकरण किन आवश्यक छ भनी प्रश्न सोध्नुहोस् । प्रत्येक सहभागीलाई एकछिन सोची सँगै बसेको व्यक्तिसँग छलफल गर्न भन्नुहोस् । सबैले सकेपछि पुरै समूहमा छलफल गर्नुहोस् ।

५. सहभागीहरूलाई ३ ओटा समूहमा विभाजन गरी एउटा समूहलाई एउटा कक्षाको शिक्षक निर्देशिका र अभ्यास पुस्तिका दिनुहोस् । शिक्षक निर्देशिका र अभ्यास पुस्तिका अध्ययन र छलफल गरी तलको तालिकाका आधारमा विवरण प्रस्तुत गर्न भन्नुहोस् ।

| **कक्षा** ..... | |
|---|---|
| **ध्वनि सचेतीकरणका उद्देश्य** | |
| **ध्वनि सचेतीकरणको क्षेत्र र क्रम** | |

| ध्वनि सचेतीकरण पाठगत उद्देश्य | |
|---|---|
| **ध्वनि सचेतीकरणका क्रियाकलाप** | |

६. सबै समूहले प्रस्तुत गरिसकेपछि प्रशिक्षकले निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

७. सहभागीहरूलाई ध्वनि सचेतीकरणमा के के सामग्री कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा सोध्नुहोस् । उनीहरूको उत्तरपछि क्रियाकलापमा विभिन्न सामग्री प्रयोग गरी प्रस्तुत गरिने कुरा बताउनुहोस् ।

८. प्रशिक्षकले ध्वनि पहिचान शिक्षणको लागि तल बाकसमा दिइएको निर्देशनका आधारमा नमुना पाठ प्रदर्शन गर्नुहोस् (शिक्षक निर्देशिका कक्षा १, पेज ४४, क्रियाकलाप : पहिलो ध्वनि पहिचान) यो क्रमिक सिकाइ प्रक्रिया गराउँदा (Gradual release) नमुना प्रदर्शन, शिक्षक विद्यार्थी सहकार्य, विद्यार्थी अभ्यास, व्यक्तिगत कार्य गर्दा बुढी औंला माथि (  ) र ( बुढी औंला तल ( ) गरेर देखाउनुहोस् । शिक्षकले प्रदर्शन गर्ने, शिक्षक र विद्यार्थी सँगसँगै गर्ने र विद्यार्थीलाई आफैँ गर्न लगाउनुपर्दछ । प्रशिक्षकले तालिकामा ध्वनि सचेतीकरणका निम्न आधारभूत चरणहरूलाई सजिलोदेखि कठिनसम्मको क्रममा प्रस्तुत गर्दै उदाहरणसहित अन्तरक्रियात्मक छलफल गर्दा (क) सुन्ने सिप(Hearing), (ख) ध्वनि चिन्ने सिप(Identifying), (ग) ध्वनिलाई फेरबदल गर्ने सिप(Manipulating) लाई ध्यान दिनुपर्छ ।

**पहिलो ध्वनि पहिचान**

यसमा बालबालिकाले ध्यानपूर्वक शिक्षकले उच्चारण गरेको ध्वनि सुन्ने छन् । उनीहरूलाई शब्दको पहिलो ध्वनि पहिचान गर्ने क्रियाकलाप गराउनुहोस् ।

शिक्षक : म गर्छु (शिक्षक): मलाई हेर त । म एउटा शब्द भन्छु । अचार । यस शब्दको सुरुको ध्वनि /**अ**/ हो ।

शिक्षक : अर्को शब्द अनार हो । यस शब्दको सुरुको ध्वनि पनि /अ/ हो ।

शिक्षक : अमला र अनार दुवै शब्दका सुरुका ध्वनिहरू /**अ**/ हुन् ।
अब म अर्को शब्द भन्छु । यदि यस शब्दको सुरुको ध्वनि /अ/हो भने म मेरो बुढीऔँलामाथि गर्छु । यदि उक्त शब्दको सुरुको ध्वनि /**अ**/ होइन भने म मेरा बुढीऔँला तल पार्छु ।

शिक्षक : अमिलो : बुढीऔँलामाथि । यस शब्दको सुरुको ध्वनि /**अ**/हो । त्यसैले मैले मेरो बुढीऔँलामाथि गरेँ ।

शिक्षक : मकल : बुढीऔँला तल । यो शब्दको सुरुको ध्वनि /अ/होइन, त्यसैले मैले मेरो बुढीऔँ ला तल गरेँ ।
हामी गर्छौं (शिक्षक र विद्यार्थी)
यसमा विद्यार्थी सँगसँगै शब्दको उच्चारण र शब्दको पहिलो ध्वनि पहिचान गर्ने क्रियाकलाप गराउनुहोस् ।

शि : हामी एकसाथ अभ्यास गरौँ । म एउटा शब्द भन्छु । अनार । यस शब्दको सुरुको ध्वनि के

हो ?

शि/वि : /**अ**/

शि : अब, म अर्को शब्द भन्छु । अमिलो । अमिलो शब्दको सुरुको ध्वनि के हो ?

शि/वि : /**अ**/ ।

शिक्षक : अमिलो र अनार दुवै शब्दको सुरुको ध्वनि /**अ**/ हो । अमिलो र अनार दुवै शब्दको सुरुको ध्वनि के हो ?

विद्यार्थी : /अ/

शिक्षक : अब म केही शब्दहरू भन्छु । यदि यसको सुरुको ध्वनि /अ/ हो भने हातको बुढीऔँला माथि गरौँ । यदि यसको सुरुको ध्वनि /**अ**/होइन भने आफ्नो हातको बुढीऔँला तल गरौँ ।

शिक्षक : अचार ।

शि/वि : बुढीऔँला माथि गरौँ ।

शि : हामीले औँला किन माथि गर्‍यौँ ?

शि/वि : अचारको सुरु ध्वनि /**अ**/ हो त्यसैले हामी दुवैले औँला माथि गर्‍यौँ ।

शि : म अब अर्को शब्द भन्छु । अनार ।

शि/वि : बुढीऔँलामाथि गरौँ ।

शि : मकल ।

शि/वि : बुढीऔँला तल गरौँ ।

शि : हामीले बुढीऔँला किन तल गर्‍यौँ ?

शि/वि : अचारको सुरुको ध्वनि /अ/ होइन त्यसैले हामी दुवैले बुढीऔँला तल गर्‍यौँ ।

(माथिको तरिकाबाट अन्य दुई तिन ओटा शब्दहरू छानी अभ्यासलाई निरन्तरता दिनुहोस् ।)

तिमी गर (विद्यार्थी)

यसमा बालबालिकालाई शब्दको उच्चारण र शब्दको पहिलो ध्वनि पहिचान गर्ने अभ्यास गराउनुहोस् :

शिक्षक : अब तिमी आफैँ गर । सुरूमा म शब्दहरू बताउँछु । यदि शब्दका सुरु ध्वनि /अ/ बाट आउँछ भने तिमीहरू आफ्नो हातको बुढीऔँला माथि गर । यदि शब्दको सुरु ध्वनि /अ/ बाट आउँदैन भने आफ्नो हातका बुढीऔँला तल गर ।

शिक्षक : अचार ।

विद्यार्थी : बुढीऔँला माथि गरौँ ।

शिक्षक : तिमीले औँला किन माथि गर्‍यौँ ?

विद्यार्थी : अचारको सुरु ध्वनि /अ/ हो त्यसैले हामी दुवैले औँला माथि गर्‍यौँ ।

शिक्षक : मकल ।

विद्यार्थी : बुढीऔँला तल गरौँ ।

शिक्षक : तिमीले औँला किन तल गर्‍यौँ?

विद्यार्थी : मकलको सुरु ध्वनि /अ/ होइन । त्यसैले हामी दुवैले औँला तल गर्‍यौँ ।

**पृष्ठपोषण र सहयोग :**

बालबालिकाले धेरै असजिलो महसुस गरेका छन् भने चरण १ (म गर्छु) र चरण २ (हामी गर्छौं) मा पुन: अभ्यास गराउनुहोस् । जुन बालबालिकाले नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने गरेका छन्, उनीहरूलाई अभ्यास बढी मात्रामा गराउनु जरुरी छ । जुन बालबालिकामा सिकाइ क्षमता कम छ, त्यस्ता बालबालिकालाई शिक्षकले विशेष ध्यान तथा सहयोग पुर्‍याउनुपर्छ ।

९. सहभागीहरूलाई समूहमा विभाजन गरी कक्षा १, २ र ३ का शिक्षक निर्देशिका र अभ्यास पुस्तिका दिनुहोस् र प्रत्येकलाई कुनै एउटा ध्वनि सचेतीकरणको क्रियाकलाप छनोट गर्न लगाई सोको पाठयोजना शिक्षक निर्देशिकामा आधारित भई प्रत्येक समूहले ५ मिनेटको प्रस्तुति आफ्नै समूहमा गर्न लगाउनुहोस्, अनुगमन गर्नुहोस् र पुरै समूहमा निर्देशिकामा आधारित भई पृष्ठपोषण दिनुहोस् ।

१०. प्रशिक्षकले तलका क्रियाकलापहरू नमुना स्वरूप निर्देशिकाका आधारमा प्रदर्शन गर्नुहोस् र सहभागीहरूलाई शिक्षक निर्देशिकाअनुसार भए नभएको अवलोकन गरी राय दिन भन्नुहोस्:

गीत वा कविता वाचन (कक्षा १, शिक्षक निर्देशिका, पेज नं. ३९)

"म" ध्वनि पहिचानअन्तर्गत ध्वनि जोड्ने र छुट्याउने (कक्षा २,दिन ४३, शिक्षक निर्देशका पेज नं. ८२)

शब्द ध्वनिलाई जोड्ने र छुट्याउने (कक्षा ३ दिन ४१, शिक्षक निर्देशिका नमुना पाठयोजना ३१-४२ बमोजिम)

प्रशिक्षकको प्रदर्शन र सहभागीहरूको रायका आधारमा यस्तो शिक्षण अझ प्रभावकारी कसरी बनाउन सकिन्छ ? अन्तरक्रिया गर्नुहोस् ।

### ६.२.२ लेख्य वर्ण सचेतीकरण

ध्वनि र सङ्केतको सम्बन्ध गराएर चिन्ने काम नै लेख्यवर्ण सचेतीकरण हो । यसले विभिन्न प्रकारका ध्वनिको प्रतिनिधित्व गर्ने वर्णको लेखाइको स्वरूप र क्रमप्रति विद्यार्थीलाई सचेत गराउँछ । लेख्यवर्ण सचेतीकरणलाई ध्वनिवर्ण सम्बन्ध र ध्वनि सङ्केत सम्बन्ध पनि भनिन्छ । लेख्यवर्ण सचेतीकरण अन्तर्गत मुद्रित सामग्रीको सचेतता, वर्णमाला सचेतता, विसङ्केतन र पठन अभ्यास जस्ता कुराहरू पर्छन् । नेपालीमा जम्मा ३५ ओटा उच्चार्य वर्णहरू छन् भने लेख्यवर्ण ४९ छन् । लेख्यवर्ण सचेतीकरणअन्तर्गत यी सबै वर्णको ध्वनि र सङ्केतका सम्बन्धका बारेमा सिकाइ सहजीकरण गरिन्छ ।

लेख्यवर्ण सचेतीकरणसँग सम्बद्ध क्रियाकलापमा शिक्षकले वर्णसँग सम्बन्धित ध्वनि र अक्षरबिचको सम्बन्ध प्रस्ट पार्नुपर्ने हुन्छ । यस क्रममा पहिले मौखिक र पछि क्रमश: हिज्जे सम्बन्धी अभ्यास गराउँदै जानुपर्छ । अत: शिक्षकले सिकाइ सहजीकरणका क्रममा उपयुक्त, रमाइलो र बालमैत्री शिक्षण विधि छनोट र प्रयोग गर्नुपर्छ । यो सिकाइ सहजीकरण पद्धति प्राथमिक तहका कक्षा सिकाइ सहजीकरण क्रियाकलापहरूमा प्राथमिकताका साथ गरिनुपर्छ भने पढाइका लागि पछिपरेका र कक्षामा सिकाइका लागि सङ्घर्ष गरिरहेका बालबालिकाहरूका लागि पनि मौखिक र छापाको सम्बन्ध गराएर सिकाउन धेरै प्रभावकारी हुन्छ (National Reading Panel, 2000) । अक्षरहरू पढाइका लागि आधारभूत सङ्केत हुन्, यसले पढाइको

अर्थलाई निकट सम्बन्ध गराएर बोधलाई सम्भव बनाउँछ।

ध्वनिलाई छापामा परिणत गरेर बालबालिकालाई अक्षर चिनारी गराइन्छ । अक्षर चिन्नु, जान्नु, पढ्नु र लेख्नु भाषा सिकाइका लागि अत्यन्त जरुरी हुन्छ । यसअन्तर्गत रहेर नै बालबालिकाले क्रमशः अक्षर, मात्रा, शब्द, आधा अक्षर र वाक्य चिन्न तथा लेख्न सक्छन् । लेख्यवर्ण चिनारीलाई सङ्गठित रूपमा (सरल प्रकृतिका ध्वनिबाट क्रमशः जटिलतिर) सिकाइ सहजीकरण गर्दा बालबालिकाको पठनसिपविकास प्रभावकारी भएको अनुसन्धानहरूबाट प्रमाणित भएको छ । ध्वनि सचेतीकरण जस्तै वर्ण तथा मात्रा चिनारी पनि भाषा सिकाइ सहजीकरणको एक प्रभावशाली तत्त्व हो । वर्ण र मात्रा चिनारीको ज्ञानले बालबालिकालाई अक्षर चिनारीका साथै अपरिचित शब्दको पनि चिनारी गराउन मद्दत पुऱ्याउँछ । लेख्यवर्ण चिनारी शिक्षणको मुख्य उद्देश्य बालबालिकामा सही र उपयुक्त गतिका साथ पढ्ने सिप विकासगर्नु नैहो ।

### ६.२.२.१ कक्षा १ देखि ३ का लेख्यवर्ण सचेतीकरणका कक्षागत सिकाइ उपलब्धि तथा क्षेत्र र क्रम

| कक्षा १ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| चित्रकथा, थोप्ला जोडाइ (आलेखन) र रङ भराइ : २ हप्ता | लयबोध ( धर्का लेखन) : २ हप्ता | वाक्यमा शब्द पहिचान र गणना : १ | स्वरवर्ण उच्चारण र पहिचान : ६ हप्ता | व्यञ्जन वर्ण उच्चारण र मात्रा पहिचान तथा प्रयोग : १४ हप्ता | अर्धाक्षरी वर्ण उच्चारण र पहिचान : ३ हप्ता | शब्दको सुरुमा भएका समान ध्वनिको पहिचान : १ हप्ता | शब्दको अन्तमा भएका समान ध्वनिको पहिचान : १ हप्ता | समान संरचना भएका शब्दको उच्चारण र पहिचान : १ हप्ता | भाषिका र शिष्टाचारका शब्दको उच्चारण : १ हप्ता |
| १. शब्द र चित्रको तालमेल<br>२. लेखन अभ्यास<br>३. थोप्ला जोडाइ<br>४. रेखा निर्माण<br>५. चित्र निर्माण | १. शब्द र चित्रको तालमेल<br>२. धर्का लेखन अभ्यास<br>३. थोप्ला जोडाइ<br>४. रेखा निर्माण<br>५. चित्र निर्माण | १.शब्द र चित्रको तालमेल<br>२. धर्का लेखन अभ्यास<br>३. थोप्ला जोडाइ<br>४. रेखा निर्माण<br>५. चित्र निर्माण | १. वर्ण पहिचान र उच्चारण (अ देखि अः सम्म)<br>२. वर्ण ढाँचाको अनुकरण (आधार रेखा/ आकृति, वर्ण लेखन क्रम)<br>३. वर्णको सङ्केतन र विसङ्केतन | १. वर्ण पहिचान र उच्चारण<br>२. वर्ण ढाँचाको अनुकरण (आधार रेखा/ आकृति, वर्ण लेखन क्रम)<br>३. वर्णको सङ्केतन रविसङ्केतन<br>४. बाह्रखरी मालाको पहिचान र प्रयोग | १. शब्दमा आधा वर्णको पहिचान र उच्चारण<br>२. आधा वर्ण र आधा वर्ण प्रयोग भएका शब्दको ढाँचाको अनुकरण<br>३. सङ्केतन रविसङ्केतन | १. शब्द पहिचान र उच्चारण<br>२. वर्ण र मात्रा ढाँचाको अनुकरण<br>३. वर्ण र मात्राको सङ्केतन र विसङ्केतन<br>४. बाह्रखरी मालाको प्रयोग गरी शब्द निर्माण | १. शब्द पहिचान र उच्चारण<br>२. वर्ण र मात्रा ढाँचाको अनुकरण<br>३. वर्ण र मात्राको सङ्केतन र विसङ्केतन<br>४. बाह्रखरी मालाको प्रयोग गरी शब्द | १. शब्द पहिचान र उच्चारण<br>२. वर्ण र मात्रा ढाँचाको अनुकरण<br>३. वर्ण र मात्राको सङ्केतन र विसङ्केतन<br>४.बाह्रखरी मालाको प्रयोग गरी शब्द निर्माण | १. शब्द पहिचान र उच्चारण<br>२. शब्दको वर्ण र मात्रा ढाँचाको अनुकरण<br>३. वर्ण र मात्राको सङ्केतन र विसङ्केतन (झ्यालेपत्तीको प्रयोग)<br>४. शब्द निर्माण (पिन ह्विल चार्ट) |

| कक्षा २ | | | | | |
|---|---|---|---|---|---|
| कक्षा १ को पुनरावृत्ति | पहिलो ८ हप्ता ( ध्वनि छुट्याउने र जोड्ने) | ३ हप्तासम्म (ध्वनि थप्ने र झिक्ने) | ५ हप्तासम्म (अक्षर संरचना जोड्ने र छुट्याउने ) | ६ हप्तासम्म (शब्द शब्द जोड्ने र छुट्याउने ) | प्रत्ययपरक ध्वनि जोड्ने र छुट्याउने (प्रत्यय र उपसर्ग लागेका सरल शब्द जस्तै प्रगति, उपकार, झापाली) : ७ |
| क. वर्ण र मात्रा पहिचान, लेखन र प्रयोग १ हप्ता<br>ख.अर्धाक्षरी र संयुक्त वर्ण पहिचान, लेखन र प्रयोग १ हप्ता<br>ग..समान ध्वनि र समान संरचना भएका शब्द पहिचान, लेखन र प्रयोग १ हप्ता (शब्दको सुरुमा, शब्दको अन्त्यमा र समान संरचना भएका शब्दहरू) | १. शब्दको उच्चार्य सङ्केत र लेखन<br>२.परिचित शब्दलाई अक्षरमा जोडेर र छुट्याएर लेख्ने<br>३. कठिन शब्दलाई जोडेर र छुट्याएर लेख्ने | १. शब्दको उच्चार्य सङ्केत र लेखन<br>२.परिचित शब्दलाई सुरु,मध्य र अन्त्यको ध्वनि थपेर र झिकेर लेख्ने<br>३. कठिन शब्दलाई जोडेर र छुट्याएर लेख्ने<br>४. मात्राका आधारमा ध्वनि परिवर्तन<br>मल : मूल मोल, माल, मिल, मेल | १. शब्दको उच्चार्य सङ्केत र लेखन<br>२. जोडेमोडेका ध्वनिहरूको पहिचान, उच्चारण र लेखन<br>३. अक्षर संरचना जोडेर र छुट्याएर लेख्ने | १. शब्द शब्द जोडेर लेख्न गाईगोरु, मलाई<br>२. शब्द शब्द छुट्याएर लेख्न गाई गोरु, म.लाई : मलाई, घर.देखि | १. मूल शब्दमा अगाडि आएका ध्वनि जोडेर र छुट्याएर चिन्न, भन्न, लेख्न (सरल) प्र : गति प्रगति<br>२. धातुका पछाडि आएका ध्वनि जोडेर र छुट्याएर चिन्न, भन्न, लेख्ने जस्तै गर्.यो<br>नु, एछ,<br>३.मूल शब्दका पछाडि आएका ध्वनि जोडेर र छुट्याएर चिन्न, भन्न, लेख्न पाल्पा.ली : पाल्पाली |

| कक्षा ३ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा २ को पुनरावृत्ति २ हप्ता | उस्तै उस्तै उच्चारण हुने ध्वनिको पहिचान गर्ने, छुट्याउने र समान ध्वनि जोड्ने : ४ हप्ता | १ हप्तासम्म (ध्वनि थप्ने र झिक्ने) | एउटा ध्वनिको ठाउँमा अर्को ध्वनि राखी शब्द बनाउने (ध्वनिको प्रतिस्थापन १ हप्ता | जटिल ध्वनि छुट्याउने र जोड्ने : ३ हप्ता | जटिल अक्षर संरचना जोड्ने र छुट्याउने : ५ हप्ता | रूप छुट्याउने र जोड्ने उदाहरण म.रो : मेरो ५ हप्ता | जटिल प्रत्ययपरक शब्दका ध्वनि छुट्याउने र जोड्ने उदाहरण बुझ.अक्कड: बुझअक्कड | जटिल शब्द शब्द जोड्ने र शब्द शब्द छुट्याउने : ५ हप्ता |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.. ध्वनि छुट्याउने, जोड्ने, थप्ने र झिक्ने १ हप्ता<br>१. शब्दको उच्चार्य सङ्केत र लेखन<br>२.परिचित शब्दलाई सुरु,मध्य र अन्त्यको ध्वनि थपेर र झिकेर लेख्न<br>३. कठिन शब्दलाई जोडेर र छुट्याएर लेख्ने<br>४. मात्राका आधारमा ध्वनि परिवर्तन<br>ख.अक्षर संरचना जोड्ने र छुट्याउने १ हप्ता<br>१. शब्दको उच्चार्य सङ्केत र लेखन<br>२. जोडेमोडेका ध्वनिहरूको पहिचान, उच्चारण र लेखन<br>३. अक्षर संरचना जोडेर र छुट्याएर लेख्ने<br>ग. शब्द शब्द जोड्ने र छुट्याउने ( उपसर्ग र प्रत्यय लागेका शब्दसमेत)<br>१. शब्द शब्द जोडेर र छुट्याएर लेख्न<br>२ मूल शब्दमा अगाडि र पछाडि आएका ध्वनि जोडेर र छुट्याएर चिन्न, भन्न, लेख्न<br>३. धातुका पछाडि आएका ध्वनि जोडेर र छुट्याएर चिन्न, भन्न, लेख्ने | १. उस्तै ध्वनिमा भएका शब्द चिन्न, पढ्न र लेख्न<br>२. उस्तै ध्वनि भएका शब्द छुट्याएर र जोडेर लेख्न | १. शब्दको उच्चार्य सङ्केत र लेखन<br>२.परिचित शब्दलाई सुरु,मध्य र अन्त्यको ध्वनि थपेर र झिकेर लेख्न<br>३. कठिन शब्दलाई जोडेर र छुट्याएर लेख्ने<br>४. मात्राका आधारमा ध्वनि परिवर्तन<br>मल : मूल, मोल, माल, मिल, मेल | १. शब्दको सुरु, मध्य र अन्त्यको ध्वनिको ठाउँमा अर्को ध्वनि राखेर शब्द बनाउन जस्तै<br>असमानता (संयुक्त र जटिल संरचना भएका शब्दहरू) | १. जटिल ध्वनि पहिचान गर्न, पढ्न र लेख्न जस्तै : कन्या : /कन्या/ | १. जटिल अक्षर भएका शब्द पहिचान गर्न, पढ्न र लेख्न<br><br>सचेतीकरण बुझक्कड | १. मूल शब्दमा अगाडि आएका ध्वनि जोडेर र छुट्याएर चिन्न, भन्न, लेख्न ( जटिल)<br>२. धातुका पछाडि आएका ध्वनि जोडेर र छुट्याएर चिन्न, भन्न, लेख्ने ( जटिल)<br>३.मूल शब्दका पछाडि आएका ध्वनि जोडेर र छुट्याएर चिन्न, भन्न, लेख्न<br>पाल्पा.ली : पाल्पाली | १. मूल शब्दमा अगाडि आएका ध्वनि जोडेर र छुट्याएर चिन्न, भन्न, लेख्न ( जटिल)<br>२. धातुका पछाडि आएका ध्वनि जोडेर र छुट्याएर चिन्न, भन्न, लेख्ने<br>३.मूल शब्दका पछाडि आएका ध्वनि जोडेर र छुट्याएर चिन्न, भन्न, लेख्न | १. जटिल शब्द शब्द जोडेर र छुट्याएर पढ्न र लेख्न<br>जस्तै समय उचित : समयोचित, घर घर : घरघरै<br>चौबाटो : चार बाटो |

### ६.२.२.२ सामग्रीहरू

लेख्य वर्ण सचेतीकरणको शिक्षणका लागि शिक्षकले विभिन्न सामग्रीहरू पाठ तथा सिकाइ उपलब्धि र विद्यार्थीहरूको तहअनुसार प्रयोग गर्न सक्छन् । तथापि राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले विकास गरेकालेख्य वर्ण सचेतीकरण शिक्षणमा प्रयोग गर्न सकिने केही महत्त्वपूर्ण सामग्रीहरूको सूची तल उल्लेख गरिएको छ ।

| क्र.स. | सामग्रीहरू | प्रयोग |
|---|---|---|
| १ | वर्णपत्ती | नेपाली भाषाका सबै स्वर र व्यञ्जन वर्ण चिनारी गराउन र सरल शब्दहरू बनाउन सिकाउने क्रममा वर्णपत्तीको प्रयोग गर्न सकिन्छ । बालबालिकाले सुनेको वर्णको ध्वनिलाई वर्ण सङ्केतसँग जोडेर चिनारी गराउँदै सरल शब्द निर्माणका क्रियाकलापमा प्रयोग गर्न सकिन्छ । उच्चारण, नमुना, प्रर्दशन, खोज, समूहकार्य, खेल विधि प्रयोग गरी पछि परेका, फरक भाषिकाबाट आएका, नेपाली दोस्रो भाषीलाई शिक्षण गर्न सहज हुन्छ । |
| २ | झ्याले पत्ती | ध्वनि र सङ्केतको सम्बन्ध स्थापित गरेर शिक्षण गर्न,वर्णमा हिज्जे मिलाउन, स्वर वर्ण र मात्रा सङ्केत रूप चिनारी गर्न, बाह्रखरी वर्ण परिचय गराउन तथा मात्रा शिक्षणका लागि झ्यालेपत्तीको प्रयोग उपयोगी हुन्छ । नमुना प्रदर्शन, खेल, ध्वनिका आधारमा वर्ण पत्ता लगाउन, वर्ण र मात्राको सम्बन्ध गराउन, नेपाली भाषामा भएका वर्णहरूलाई क्रमबद्ध रूपमा राख्न, वर्णहरूको सूचीबाट शब्द बनाउन तथा क्रमिक सिकाइमा आधारित विधिमा अभ्यास गर्न यी सामग्रीहरूको प्रयोग हुन्छ । |
| ३ | शब्द र चित्र कार्ड | शब्द देखाई सोको उच्चारण गर्न लगाउने, शब्दको अर्थ भन्न लगाउने, अर्थ भन्न नजानेमा चित्र प्रदर्शन गरी शब्द तथा अर्थज्ञान गराउन सहजीकरण गर्ने । |
| ४ | बाह्रखरी चार्ट | बाह्रखरी चार्टमा भएका वर्णको उच्चारण गर्ने विद्यार्थीहरूलाई सो वर्णको सङ्केत पहिचान गर्न लगाउने, स्वर र व्यञ्जन वर्णहरूको क्रम मिलाउन जानीसकेका वर्णबाट शब्द निर्माण गर्न लगाउने, आ–आफ्नो नाम खोज्ने, अक्षर वा शब्द शिक्षकले भनेका आधारमा पत्ता लगाउने, औचार्य वर्णको स्थान विधि र प्रयोग सहित शिक्षण गर्ने जसमा खेल विधि, प्रदर्शन विधि, नमुना र अभ्यास उपयुक्त हुन्छन् । |
| ५ | विसङ्केतन किताब | भर्खरै वर्ण चिनेका विद्यार्थीहरूका लागि ध्वनि र सङ्केतको सम्बन्ध स्थापना गर्ने सिपको विकास गरी पढ्न सिकाउन, सरल र कठिन वर्णबाट बनेका शब्द उच्चारण गर्न, भाषामा प्रस्तुत गर्ने शैली, प्रवाह, आरोह अवरोहसँगै स्वतन्त्र अभ्यास गरी पढ्ने अवसर प्रदान गरी बोध क्षमता वृद्धि गर्न विसङ्केतन किताब प्रयोग गर्न सकिन्छ । |
| ६ | मेरो नेपाली किताब | पुस्तकमा भएका कविता, गीत, चित्र, मात्रा, वर्णलाई आवश्यकता अनुसार लेख्य वर्ण सचेतीकरणका लागि शिक्षक निर्देशिकाका आधारमा प्रयोग गर्न सकिन्छ । |

**६.२.२.३ शैक्षणिक क्रियाकलापहरू**

लेख्य वर्ण सचेतीकरणका लागि सामान्यतया तपसिल बमोजिमका चरणहरू अपनाइने गरिन्छ :

- छापा सामग्री सचेतना (Print rich awareness)
  - पुस्तक चिन्नु
  - ठिक दिसामा पुस्तक समाएर पाना पल्टाउन सक्नु
  - बालबालिकाले अक्षर, ध्वनि र शब्द चिन्नु
  - लिपिमा लेखिएका सामग्रीहरू बाँयाबाट दाँयातर्फ छन् भन्ने कुरा थाहा पाउनु
- अक्षर/वर्ण चिनारी (Letter/grapheme identification)
  - निश्चित अक्षर पहिचान गर्न सुरु गर्नु
- अक्षर/वर्णध्वनि सम्बन्ध (Letter/grapheme-sound correspondence)
  - सुनेका ध्वनिलाई वर्ण र अक्षरसँग जोड्नु
- विसङ्केतन (Decoding)
  - दिइएका वा चिनेका वर्णलाई विसङ्केतन गर्न सक्नु
- हिज्जे (Spelling)
  - सङ्केतीकरण गरिएका शब्दको हिज्जे मिलाउन सुरुगर्नु
- शब्दाक्रमण सिप(Word attack skills)
  - अक्षरलाई syllabic संरचनामा पढ्न थाल्नु

**लेख्य वर्ण सचेतीकरणअन्तर्गत निम्न कुराहरू पर्दछन् :**

(अ) स्वर, व्यञ्जन र मात्रा सङ्केत, जस्तै : अ, आ, क, ख, ा, ि आदि

(आ) जोडेमोडेका ध्वनि, जस्तै : स्याल, डन्डा आदि

(इ) शब्द पठन, जस्तै : कप, कमल, नेपाल, घ्याम्पो आदि

(ई) ध्वनि र अक्षर छुट्याउने, जस्तै : मकल, कुबेला आदि

(उ) शब्दको रूप छुट्याउने, जोड्ने, जस्तै : मेरो, मलाई आदि

(ऊ) वर्ण छुट्याउने, जस्तै : क प, आदि

(ऋ) डिकोडेबल पाठ पठन, जस्तै : मात्रा १२ ओटा र चन्द्रबिन्दु, शिरबिन्दु, आधा अक्षर

(ए) उच्चार्य सङ्केतलाई लेखाइसँग जोड्ने, जस्तै: उच्चारण- /घ्/लेखन-/घ/, उच्चारण- /ड्/, लेखन-/ड /आदि

(ऐ) जोडेमोडेको ध्वनि, जस्तै : ऐ /अइ/, औ /अउ/ आदि

(ओ) संयुक्त कठिन वर्ण संरचना, जस्तै : खेल्थ्यो, भन्थ्यो, चट्ट आदि

(औ) रूप विन्यासगत पठन, जस्तै : पछाडि, प छाडि, घरबार घर बार, तिनकुने तिन कुने

**लेख्यवर्ण सचेतीकरण शिक्षणमा निम्न क्रियाकलापहरू गर्न सकिन्छ :**

- सबैले प्रष्टसित देख्ने गरी सग्ला अक्षर र आकार मात्रा जनाउने सङ्केतको पत्ती (जस्तै : क र ा को पत्ती) सँगसँगै देखाउनुहोस् । शिक्षकले क लाई आकार का भन्दै का ध्वनि उच्चारण गर्नुहोस् र बालबालिकालाई दोहोऱ्याएर भन्न लगाउनुहोस् ।
- क वर्ण र मात्राको सङ्केत चिह्नलाई ठुलो अक्षरमा (जस्तै : क र ा) बोर्डमा लेखी बालबालिकालाई सङ्केत देखाउँदै पटक पटक ध्वनिको उच्चारण अभ्यास गराउनुहोस् । यसैगरी बाह्रखरीका अन्य अक्षरहरूको मात्रा ध्वनि चिनाउनुहोस् ।
- शिक्षकले पालैपालो स्वरवर्ण र मात्राका १२ ओटै सङ्केतहरू लेखेर देखाउनुहोस्, मात्राको आकार र ध्वनिको सम्बन्ध बताउनुहोस् । बालबालिकालाई उच्चारण गर्न लगाउनुहोस् । मात्राअनुसार ध्वनिको पहिचान गर्न सक्षम नभएसम्म निरन्तर अभ्यास गराउनुहोस् ।
- बालबालिकालाई वरिपरि भुइँको चकटीहरूमा बसाउनुहोस् । समूहमा एक पटकमा एउटा समूहलाई स्पन्ज अक्षर, स्पन्ज मात्रा, क्युब्स, अक्षर पत्ती, अक्षर आकारहरू आदि पालैपालो दिनुहोस् र शिक्षकले दिएको निर्देशनअनुसार अक्षर वा मात्रा खोजेर देखाउन लगाउनुहोस् ।
- छनोट गरिएका शब्दपत्तीहरू दिएर सुरु, बिच वा अन्त्यमा शिक्षकले भनेबमोजिमका अक्षर आउने शब्दहरूको समूह बनाउन लगाउनुहोस् । यसका लागि पर्याप्त सङ्ख्यामा त्यस्ता शब्द र अक्षरको सूची शिक्षकले सुरुमै तयार गर्नुहोस्  र कक्षामा ल्याउनुहोस् ।
- त्यसपछि शिक्षकको निर्देशनअनुसार त्यस्ता अक्षर सुरुमा वा अन्तमा आउने शब्दहरू स्वतन्त्र रूपमा भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका शब्दहरूलाई शिक्षकले बोर्डमा लेखेर देखाउनुहोस् ।
- शिक्षकले कुनै एउटा अक्षर उच्चारण गर्नुहोस्  । सुरुमा उक्त अक्षर आउने नाम भएका साथी छन् कि छैनन् भनी विद्यार्थीलाई पत्ता लगाउन लगाउनुहोस् ।
- केही अक्षर चिन्न र पढ्न सक्षम भएपछि विद्यार्थीहरूले पढेका अक्षरहरू भएका शब्दजाल वा शब्दको म्याट्रिक्सहरू दिनुहोस् । शब्दजालहरूमा ती अक्षरहरू खोज्न लगाउने र जोडेर केही शब्द बनाउन सिकाउनुहोस् ।
- झ्याले कार्डमा मात्रा स्थिर राखेर अक्षरहरू फेर्नुहोस् । अक्षर स्थिर राखेर मात्राहरू फेर्नुहोस् र विद्यार्थीलाई पढ्न लगाउनुहोस् । विद्यार्थीहरूलाई उक्त झ्याले कार्डहरू वितरण गरी मात्रा लागेका अक्षरहरू बनाउन लगाउनुहोस् ।
- आधा अक्षरहरूलाई विभिन्न समूहमा विभाजन गरी तिनको समूह तयार गर्नुहोस् र चार्ट वा स्लाईडमा प्रस्तुत गर्नुहोस्  । साथै लेख्यवर्ण चिनारी, पढाइ र लेखाइ अभ्यास गराउनुहोस् ।
- बिङ्गो : सग्ला अक्षर, मात्रा लागेका अक्षर, आधा अक्षर हरेकलाई समेटिने गरी फरक फरक बिङ्गो खेल खेलाउनुहोस् ।
- नभन्ने खेल (कुनै खास अक्षर नभन्ने खेल) खेलाउनुहोस् ।
- बिसओटा हो होइन प्रश्न सोधेर उत्तर पत्ता लगाउनुहोस् ।
- छामेर अक्षर चिन्ने र भन्ने खेलखेलाउनुहोस् ।
- तोकिएको अक्षर भएको स्थानमा जाने खेल खेलाउनुहोस् ।

- छापामा अक्षर खोज्ने खेल खेलाउनुहोस् ।

**लेख्यवर्ण चिनारीसम्बन्धी थप क्रियाकलापहरू**

**स्वरवर्ण लेख्न सिकाउने केही तरिकाहरू**

- यसअघि (ध्वनि सचेतना अभ्यासमा) हामीले कुन कुन ध्वनि पहिचान गर्न तथा जोडेर एवम् टुक्रा गरेर भन्न सिक्यौँ भनेर सोध्नुहोस् । विद्यार्थीहरूबाट आएका सही प्रतिक्रियाका लागि धन्यवाद दिनुहोस् ।
- शिक्षकले पहिले कुनै एउटा वर्ण, जस्तै : "अ" ध्वनि उच्चारण गर्नुहोस् । यसपछि शिक्षक र विद्यार्थीले सँगसँगै अ ध्वनि उच्चारण गर्नुहोस् र पटक पटक भन्न लगाउनुहोस् । अब सोही ध्वनि आउने शब्दहरू भन्न लगाउनुहोस् । यसैगरी अरू स्वर वर्णहरू उच्चारण गर्न सिकाउनुहोस् ।
- अब "अ" यस्तो हुन्छ भनेर अक्षरपत्ती देखाउँदै शिक्षकले उच्चारण गर्नुहोस् र बोर्डमा अक्षर लेखेर देखाउनुहोस् । यसरी शिक्षकले बोर्डमा अक्षर लेख्दा सबै विद्यार्थीले देख्ने गरी उच्चारण गर्दै ठुलो आकारमा लेख्नुहोस् । यस क्रममा कुन आकार, कुन क्रममा लेखेर अक्षरको संरचना बनाउने भन्ने सरल तरिकाबारे बालबालिकालाई बताउनुहोस्, जस्तै : सुरुमा दुई ओटा उल्टो आधा जुन वा हँसियाको आकार जोड्ने, त्यसपछि बिचमा सानो सिधा धर्का दाहिनेपट्टि तान्ने । सिधा धर्कालाई छुने गरी माथिबाट तलतिर ठाडो धर्को तान्ने अनि माथि डिको दिनुहोस् भनेर लेख्न सिकाउनुहोस् । यसैगरी अरू स्वरवर्णहरू लेख्न सिकाउनुहोस् ।
- बालबालिकालाई हावामा औँला घुमाएर अक्षरको आकृति बनाउन लगाउनुहोस् ।
- बालबालिकालाई समूहमा अक्षरपत्ती दिएर त्यसको आकृतिअनुसार अक्षरमाथिको सतहमा औँला घुमाउन सिकाउनुहोस् । बालबालिकालाई औँला घुमाउन सिकाउँदा अक्षर लेखाइ चरणको क्रमबद्धताअनुसार भए नभएको शिक्षकले निरीक्षण गर्नुहोस् र आवश्यक परेको ठाउँमा सहयोग गर्नुहोस् ।

**स्वरवर्णको सङ्केत चिह्न(मात्रा) तरिका**

- शिक्षकले स्वरवर्ण र त्यसको सङ्केतको पत्ती (जस्तै : "आ" अक्षर पत्ती) सँगसँगै देखाउँदै "आ" ध्वनि उच्चारण गर्नुहोस् र विद्यार्थीलाई पनि दोहोऱ्याएर भन्न लगाउनुहोस् ।
- शिक्षकले वर्ण र सङ्केत चिह्न, जस्तै : "अ"र "ा" बोर्डमा लेख्नुहोस् र सङ्केत देखाउँदै ध्वनिको उच्चारण अभ्यास गराउनुहोस् ।
- शिक्षकले स्वरवर्णको सङ्केत चिह्न (मात्रा) लेखेर देखाउनुहोस् र पर्याप्त मात्रामा अभ्यास गर्न दिनुहोस् । यसपछि अभ्यासपुस्तिकाको क्रियाकलाप गर्न लगाउनुहोस्, शिक्षकले निरीक्षण गर्नुहोस् र आवश्यकता अनुसार सहयोग गर्नुहोस् ।

**बाह्रखरी (व्यञ्जन वर्णमा मात्रा चिह्न जोड्ने) सिकाउने तरिका**

- अक्षर चिनारी (व्यञ्जन वर्ण) को क्रियाकलाप गरिसकेपछि शिक्षकले पढिसकेका व्यञ्जन वर्ण र मात्राको सङ्केत चिह्न देखाएर मूल अक्षर के हो भनेर सोध्नुहोस्, जस्तै : "क" को अक्षरपत्ती देखाएर बालबालिकालाई "क" उच्चारण गरेर सुनाउनुहोस् । यसैगरी "आ" को सङ्केत चिह्न"ा" देखाएर यसको मूल अक्षर "आ" हो भन्दै उच्चारण गरेर सुनाउनुहोस् । यसपछि अन्य अक्षरपत्ती र स्वरको सङ्केत चिह्न देखाएर बालबालिकालाई उच्चारण गर्न लगाउनुहोस् ।
- झ्याले कार्डमा स्वर वर्णको सङ्केत चिह्न(जस्तै : "ा") र पढिसकेको व्यञ्जन वर्ण जोडेर विद्यार्थीलाई

देखाउनुहोस् ।

- अक्षरसँग मात्राको सङ्केत जोडिँदाको ध्वनि उच्चारण गरेर सुनाउनुहोस्, सबैले सँगै उच्चारण गर्नुहोस् र विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् ।
- झ्यालेपत्तीमा व्यञ्जन वर्ण परिवर्तन गर्दै उच्चारण गरेर सुनाउनुहोस् र विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् ।
- झ्यालेपत्ती जस्तै व्यञ्जन वर्ण र स्वरवर्णका सङ्केत चिह्नको क्युब्स वा अक्षर ब्लक प्रयोग गरेर पनि बालबालिकालाई बाह्रखरी सिकाउन सकिन्छ । व्यञ्जन र स्वरवर्णको मिश्रण प्रक्रिया सिकेपछि बालबालिकालाई बाह्रखरी चार्टमा अभ्यास गराउनुहोस् ।
- विद्यार्थीहरूलाई अभ्यास पुस्तिका हेर्न लगाउनुहोस् र दिइएका क्रियाकलापहरू जोडीमा अभ्यास गराउनुहोस् । अभ्यास पुस्तिकामा क्रियाकलाप गराउँदा विद्यार्थीलाई ठुलो स्वरले उच्चारण गर्न लगाउनुहोस् । शिक्षकले निरन्तर अवलोकन गर्नुहोस् ।

**आधा अक्षर चिनारी**

- सग्ला अक्षरबाट ठाडो धर्को झिकेर बन्ने आधा अक्षर, जस्तै : ख बाट ख्, ग बाट ग्, च बाट च्, ज बाट ज् आदि चिनाउनुहोस् र पढ्ने अभ्यास गराउनुहोस् ।
- सग्ला अक्षरको दाहिने पट्टिको पखेटा काटेर बन्ने आधा अक्षर, जस्तै : क बाट क्, झ बाट झ् आदि । माथि (क) मा जस्तै गरी पहिले लेखेर र पछि कार्डमा देखाएर आधा अक्षर चिनाउनुहोस् र पढ्ने अभ्यास गराउनुहोस् ।
- सग्ला अक्षरको तल देब्रेपट्टि खुट्टा थपेर र र अक्षरसित जोडिएर बन्ने आधा अक्षर, जस्तै : क्र, च्र, प्र, आदि । माथि (क) मा जस्तैगरी पहिले लेखेर र पछि कार्डमा देखाएर आधा अक्षर चिनाउनुहोस् र पढ्ने अभ्यास गराउनुहोस् ।
- सग्ला अक्षरको तल कागपाती चिह्न झुन्ड्याएरर अक्षरसित जोडिएर बन्ने आधा अक्षर, (ट वर्गका अक्षरमा) जस्तै : ट्र, ठ्र, ड्र आदि । माथि (क) मा जस्तैगरी पहिले लेखेर र पछि कार्डमा देखाएर आधा अक्षर चिनाउनुहोस् र पढ्ने अभ्यास गराउनुहोस् ।
- आधा “र” दुई किसिमले लेखिन्छ : डिको माथि रेफ चिह्नदिएर र छोटो बाङ्गो रेखा प्रयोग गरेर । माथि (क) मा जस्तै गरी पहिले लेखेर र पछि कार्डमा देखाएर आधा अक्षर चिनाउनुहोस् र पढ्ने अभ्यास गराउनुहोस् ।

**शब्द निर्माण सिकाउने तरिका**

- शिक्षकले दुई ओटा पढिसकेका अक्षरपत्ती (जस्तै : “ग” र “ए” अक्षर) हरू देखाउँदै बालबालिकालाई यी कुन कुन अक्षरहरू हुन् भनी पहिचान गर्न लगाउनुहोस् । यसपछि दुवै अक्षर जोडेर के भयो भन्दै शिक्षकले उच्चारण (जस्तै :- गए) गरेर सुनाउनुहोस् । शिक्षक र विद्यार्थी दुवै मिलेर उक्त शब्द उच्चारण गर्नुहोस्। त्यसपछि अन्य अभ्यासहरू गरेर विद्यार्थीलाई स्वतन्त्र रूपमा उच्चारण गर्न लगाउनुहोस् ।
- समूह वा जोडीहरू बनाउनुहोस् । हरेक जोडी वा समूहमा अक्षरपत्ती, अक्षरगोटी (डाइस),

अक्षरब्लकहरू दिएर शब्द निर्माण गर्नुहोस् र अभ्यास गराउनुहोस् । शिक्षकले निरन्तर अवलोकन गर्नुहोस् र विद्यार्थीहरू अलमलिएको अवस्थामा आवश्यक सहयोग गर्नुहोस् । ठिकसित काम गरिरहेको अवस्थामा प्रोत्साहित गर्नुहोस् ।

- शिक्षकले बोर्डमा छुट्टाछुट्टै बाकसहरू बनाउनुहोस् र एउटा बाकसभित्र एउटा अक्षर लेख्नुहोस् । त्यसपछि बाकसभित्र भएका अक्षरहरू एकै ठाउँमा जोडेर छेउमा लेख्नुहोस् । यसरी बनेको शब्दको उच्चारण गर्नुहोस् र विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् । यसपछि ठुलो स्वरमा उच्चारण गर्दै अभ्यास पुस्तिकामा रहेका यस्ता क्रियाकलापहरू गर्न लगाउनुहोस् । क्रमश: सरल हुँदै जटिलसम्मका शब्द निर्माण अभ्यास गराउनुहोस् । स्वर र व्यञ्जन वर्णका दुई अक्षर हुँदै तिन अक्षर र चार अक्षरसम्मका शब्द अभ्यास गराउनुहोस् ।

**शब्द सिकाउने तरिका**

- क्युब्स/अक्षरपत्ती प्रयोग गरी शब्द बनाउन सिकाउनुहोस्, जस्तै : क्युब्स अथवा अक्षरपत्तीको “क” र “ल” जोडेर “कल” बनाउनुहोस् ।
- कुनै अक्षर दिएर विद्यार्थीलाई त्यो अक्षरबाट शब्द बनाउन, लेख्न र पढ्न लगाउनुहोस्, जस्तै :शिक्षकले “ग” अक्षर दिएर “गमला” शब्द बनाउन, लेख्न र पढ्न लगाउनुहोस् । अक्षरपत्तीबाट शब्द बनाएपछि उनीहरूलाई त्यो शब्द उच्चारण गर्न लगाउनुहोस् ।शब्दबाट अक्षरहरू टुक्र्याउन लगाउनुहोस्, जस्तै : “सखर” लाई “स+ख+र” लेख्न लगाउनुहोस् ।
- मात्राका आधारमा शब्दहरूको समूह छुट्याउन लगाउनुहोस्, जस्तै : “काका” र “मामा”लाई एकातिर राख्ने अनि “तिल” र “खिर” लाई अर्कातिर छुट्ट्याउने ।
- तोकिएको मात्रा सुरु, मध्य वा अन्त्यमा आउने शब्दहरू (जस्तै :“काग” र “फलाम”, “मसला”) लेख्न र पढ्न लगाउनुहोस् ।
- “र” को आधा स्वरूपबारे बालबालिकालाई जानकारी गराउनुहोस् । “र” को आधा स्वरूप प्रयोग गरी शब्दहरू (जस्तै : भ्याङ, बाख्रो, ट्रक, कर्म आदि) बनाउनुहोस् । झ्यालेपत्ती, क्युब्स आदिको प्रयोग गरी शब्द निर्माण गर्न लगाउनुहोस् ।

**वाक्य निर्माण सिकाउने तरिका**

- शिक्षकले तिन ओटा पढिसकेका शब्दपत्ती (जस्तै : “म” “घर” “गएँ”) देखाउँदै कुन कुन शब्द हो, पहिचान गर्न र पढ्न लगाउनुहोस् । यसपछि ती सबै शब्द जोडेर देखाउनुहोस् र के भयो भन्नुहोस् । शिक्षकले उच्चारण गरेर “म घर गएँ” भन्नुहोस् । त्यसपछिशिक्षक र विद्यार्थी मिलेर सँगै उच्चारण गर्नुहोस् । अनि विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् । शिक्षकले जोडी वा समूह बनाई शब्दपत्तीहरू दिएर माथि उल्लेख गरिए जस्तै अभ्यास गराउनुहोस् ।
- शिक्षकले बोर्डमा छुट्टाछुट्टै बाकसहरूमा शब्द लेख्नुहोस् । त्यसपछि जोडेर लेख्नुहोस् । यसरी बनेको वाक्य उच्चारण गर्नुहोस् र बालबालिकालाई पनि उच्चारण गर्न लगाउनुहोस् । यसपछि बालबालिकालाई अभ्यास पुस्तिकामा दिइएको यस्ता केही क्रियाकलापहरू गर्न लगाउनुहोस् । अभ्यास पुस्तिकाका क्रियाकलाप गर्दा ठुलो स्वरमा उच्चारण गराउनुहोस् ।

**प्रशिक्षक निर्देशन**

१. सहभागीहरूलाई जोडीमा बस्न लगाउनुहोस् । जोडीमा एक जनालाई राम र अर्कोलाई लक्ष्मण नाम दिनुहोस् । रामलाई नेपाली भाषाका कुनै तिन ओटा अक्षरहरू उच्चारण गर्न लगाउनुहोस् । लक्ष्मणलाई ती अक्षरहरू आफ्नो कापीमा लेखेर देखाउन लगाउनुहोस् । यो खेल कुनै तिन ओटा जोडीहरूमा खेलाउनुहोस् । यो खेल खेलिसकेपछि प्रशिक्षकले उक्त ३ ओटा जोडीहरू बाहेकका अन्य सहभागीहरूलाई निम्न प्रश्नहरू गर्नुहोस् ।

क. रामले गरेको क्रियाकलाप कुन पठनतत्त्वसित सम्बन्धित छ ?

ख. यस क्रियाकलापबाट के कुरा सिकाइ गर्नुभयो ?

सहभागीहरूको प्रतिक्रियापछि प्रशिक्षकले निष्कर्ष बताउनुहोस् ।

२. सहभागीहरूलाई ३ ओटा समूहमा विभाजन गर्नुहोस् र तल दिइएको तालिका बमोजिमका कार्यहरू दिई प्रस्तुत गर्न लगाउनुहोस् र सबै समूहको प्रस्तुतिपछि निष्कर्ष दिनुहोस् ।

समूह १ लेख्य वर्ण सचेतीकरणको परिभाषा

समूह २ लेख्य वर्ण सचेतीकरणका अवयवहरू

समूह ३ लेख्य वर्ण सचेतीकरण शिक्षणको महत्त्व

३. सहभागीहरूलाई पहिलेकै ३ ओटा समूहमा बसी एउटा समूहलाई १ अर्कोलाई २ र अर्कोलाई ३ कक्षाको शिक्षक निर्देशिका र अभ्यास पुस्तिका दिई तलको तालिकाका आधारमा समूहमा छलफल गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

| कक्षा | लेख्य वर्ण सचेतीकरण उद्देश्य | लेख्य वर्ण क्षेत्र र क्रम | लेख्य वर्ण सचेतीकरणका लागि क्रियाकलाप |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

**प्रशिक्षकले अन्तमा यस प्रकार आफ्नो निष्कर्ष दिनुहोस् :**

**निष्कर्ष** :*उक्त तालिकामा ध्वनि सचेतीकरणदेखि लेखाइ सम्मका क्रियाकलापहरू समावेश गरिएका छन् । ती पढाइ तत्त्वहरूलाई १९२ दिन र ३२ हप्ताको कार्यतालिकामा समेटिएको छ । लेख्य वर्ण सचेतीकरण गर्नका लागि विभिन्न चरणहरूको व्यवस्था गरिएको छ जस्तै: आधारभूत चरण, स्वर वर्ण शिक्षणको चरण, मात्रा शिक्षणको चरण, व्यञ्जन वर्ण शिक्षण चरण, विसङ्केतन शिक्षणको चरण आदि । निश्चित दिनको अन्तरालमा पुनरावृत्तिको पनि व्यवस्था गरिएको छ । पठन तत्त्वका ती सबै क्षेत्रहरूलाई क्रमिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम र पाठ्यपुस्तकका पाठहरू अनुसार सरलदेखि जटिलका क्रममा विस्तारमा उल्लेख गरिएको छ ।*

सहभागीहरूलाई राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम अन्तर्गत विकास गरिएका सन्दर्भ सामग्री र अन्य सामग्रीहरू देखाइ उक्त सामग्रीहरूमध्ये लेख्यवर्ण सचेतीकरणका लागि कुन कुन सामग्रीहरू कसरी प्रयोग गर्न सकिन्छ बताउन लगाउनुहोस् ।

वर्णपत्तीहरू प्रयोग गर्दै प्रशिक्षकले निम्नानुसार अक्षरको लडाइँ खेल खेलाउनुहोस् ।

क अक्षरदेखि म अक्षर सम्मका एक एकओटा वर्णपत्तीहरू टेबलमा राखी हरेक सहभागीलाई एक, एकओटा टिप्न लगाउनुहोस् । हरेकलाई आफूले टिपेको अक्षर चिनेर पालैपालो सबैलाई अक्षर देखाउँदै उभिएर भन्न लगाउनुहोस् । सहभागीले जुन वर्ण टिपेको छ, उसलाई त्यसभन्दा अघिका क अक्षरदेखिका सबै अक्षर भन्न लगाउनुहोस् । त्यसैगरी अन्य ४, ५ जना सहभागीहरूलाई भन्न लगाउनुहोस् । जुन सहभागीले सबैभन्दा पछाडिको अक्षर टिप्यो र त्यस अक्षरभन्दा अगाडिका सम्पूर्ण अक्षर सरसर्ती र ठिकसँग भन्न सक्यो उसैलाई बिजेता घोषणा गर्नुहोस् ।

५. लेख्यवर्ण सचेतीकरणको शिक्षण नमुना प्रदर्शन गर्दा शिक्षक निर्देशिका (कक्षा ३, पेज नं. ११७, लेख्य वर्ण सचेतीकरण) मा उल्लेख भएअनुसार प्रशिक्षकद्वारा नमुना प्रदर्शन, प्रशिक्षक र सहभागीबिच सहकार्य र व्यक्तिगत अभ्यासको क्रम नटुटाई उदाहरणमा दिइएजस्तै गरी निम्न क्षेत्रका क्रियाकलाप गर्नुहोस् :

**चरण १**

विद्यार्थीलाई निम्न शब्दहरू शब्दपत्तीका आधारमा देखाउँदै ती शब्द भन्न लगाउनुहोस् । शब्द भन्न लगाएपछि 'अब म यी शब्दलाई छुट्याएर र जोडेर देखाउँछु' भन्नुहोस् र सर्वप्रथम म यो अभ्यास तिमीहरूलाई गरेर देखाउँछु भन्नुहोस् , जस्तै औजार, कौडी, गिलो, सौखिन

शिक्षकले यी शब्दहरूलाई वर्णपत्तीमा छुट्याएर र जोडेर देखाउनुहोस् जस्तै :

औ. जा. र., कौ.डी., गि.लो., सौ.खि.न.

विद्यार्थीहरूलाई यी शब्द छुट्याएर र जोडेर लेख्ने र भन्ने अभ्यास गराउनुहोस् ।

**चरण २**

माथि गरेजस्तै गरी तिमी र हामी मिलेर छुट्याएर र जोडेर लेखौँ र पढौँ भन्नुहोस् ।

फ्याउरो उपाय अवश्य अरिङ्गाल

यी शब्दलाई फ्या.उ.रो., उ.पा.य, अ.वश्.य., अ.रिङ्.गा.ल, गरी छुट्याउने र फ्याउरो उपाय अवश्य अरिङ्गाल गरी जोड्ने अभ्यास पालैपालो गराउनुहोस् ।

**चरण ३**

विद्यार्थीलाई संयोग, सुटुक्क, असफल जस्ता शब्द दिई ती शब्दलाई छुट्याएर र जोडेर लेख्न र पढ्न लगाउनुहोस् । आवश्यक परे कापीमा छुट्टै अभ्यास पनि गराएर लेख्ने र पढ्ने कार्य गराउनुहोस् ।

६. सहभागीहरूलाई निम्न क्रियाकलापहरूमध्ये एकको छनोट गरी शिक्षक निर्देशिकामा दिइएका शैक्षणिक चरणहरू अनुरूप प्रत्येक समूहबाट एकजनालाई ५, ५ मिनेटको नमुना प्रस्तुत गर्न

लगाउनुहोस् ।

समूह १: शिक्षक निर्देशिका कक्षा १ को नमुना पाठयोजना २ (पेज नं. ४४) का आधारमा

समूह २:शिक्षक निर्देशिका कक्षा २ को नमुना पाठयोजना २० देखि ५६ अनुसार (पेज नं. ६६) को च वर्णको लेख्यवर्ण सचेतीकरण अभ्यास

समूह ३ : शिक्षक निर्देशिका कक्षा ३ दिन २० (पेज नं. ५८) को नमुना पाठयोजना १९-२४ का आधारमा

**६.२.३ पठन प्रवाह**

पाठकले सरसरती शुद्ध र छिटो पढ्न सक्नु नै पठन प्रवाह हो । पठन प्रवाहको बोधसँग निकटतम सम्बन्ध रहन्छ । यसले गति, यति र लयका साथ तहअनुसार दिइएको पठन सामग्री शुद्धसँग पढ्ने सिपलाई बुझाउँछ । कुनै पनि पठन सामग्रीलाई बालबालिकाले जति छिटो र सही तरिकाल उच्चारण गरेर पढ्न सक्छन्, त्यति नै धेरै उनीहरूमा बोध क्षमता विकास हुने कुरा अध्ययनहरूले देखाएका छन् । सफल पाठकले अर्थमा ध्यान दिएर पढ्छ जसले गर्दा उसको बोधगर्ने क्षमतामा सहयोग पुग्छ । पठन प्रवाह भाषा विकासको एक महत्त्वपूर्ण आयाम भएकाले प्रारम्भिक कक्षामा नै बालबालिकाहरूमा पढ्नका लागि राम्रो सिपविकास गराउनुपर्छ । पढ्ने सिपराम्रोसँग सिकेका बालबालिकाहरूको पठन प्रवाहमा पनि राम्रो विकास भएको हुन्छ जसको सम्बन्ध सिक्नका लागि बोध गरेर पढ्नुसँग हुन्छ । यसरी बोध गरेर बालबालिकाले लिने ज्ञान, सिपर धारणा उनीहरूले भविष्यमा सिक्नुपर्ने ज्ञान र सिपका लागि महत्त्वपूर्ण हुन्छ ।

सिपमूलक ढङ्गले पढ्ने पाठकले संज्ञानात्मक सिपसँग सम्बन्ध गराएर पठन सिपको विकास गरेको हुन्छ, जब ऊ स्वस्फूर्त रूपमा पढ्न थाल्छ, उसलाई पढ्न मिहिनेत र समय पनि कम लाग्छ ।निश्चित रूपमा शुद्ध र छिटो पढ्नु पढाइ सफलताका आधारभूत पक्षहरू हुन् जुन सधैँठिक हुनुपर्छ । पठन प्रवाह बोधको आधार र क्रम भएकाले पढ्न दिइएको सामग्रीहरू पनि तोकिएका हुन्छन् । बालबालिकाहरूको पठन प्रवाह, संज्ञानात्मक सिपर बोध गर्ने क्षमताको विकास गराउन उनीहरूलाई पर्याप्त मात्रामा उपयुक्त पढ्ने सामग्रीहरू र सिकाइ क्रियाकलापमा घुलमेलको अवसर दिनुपर्छ । यसो गर्दा थोरै मात्र संज्ञानात्मक क्षमता भएका बालबालिकाहरूले पनि धेरै शब्दहरूको ज्ञान र बोध गर्ने क्षमताको विकास गर्दछन्(Stanovich et. Al, 1996: 25)।सहज तरिकाले पाठकले सही र उपयुक्त वेगका साथ शब्द, वाक्य र अनुच्छेदलाई सरसरती गति, यति र लयका साथ पढ्न सक्नु राम्रो मानिन्छ । राम्रो पठन वेग हुनका लागि निरन्तर पढाइमा अभ्यास, हिज्जे र लेखाइको ठुलो भूमिका हुन्छ । पठन प्रवाह र यसलाई लाग्ने समय तहगत पढ्ने सामग्री, पढ्न दिइएको विषय, पूर्वज्ञान र दोहोऱ्याएर पढिने सामग्रीमा पनि भर पर्छ (Fellutiono and Scanlon 2003) ।

| ६.२.३.१ कक्षा १ देखि ३ का पठन प्रवाहका कक्षागत सिकाइ उपलब्धि तथा क्षेत्र र क्रम | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा १ | | | | | | | | | |
| २ हप्ता | २ हप्ता | १ हप्ता | ६ हप्ता | १४ हप्ता | ३ हप्ता | १ हप्ता | १ हप्ता | १ हप्ता | १ हप्ता |
| सुनाइ तथा बोलाइ क्रियाकलाप (शुद्धता, गति, लय र हाउभाउ)<br>१. शब्द पठन<br>२. वाक्य पठन<br>३. पाठ पठन | सुनाइ तथा बोलाइ क्रियाकलाप (शुद्धता, गति, लय र हाउभाउ)<br>१. शब्द पठन<br>२. वाक्य पठन<br>३. पाठ पठन | सुनाइ तथा बोलाइ क्रियाकलाप ( शुद्धता, गति, लय र हाउभाउ)<br>१. शब्द पठन<br>२. वाक्य पठन<br>३. पाठ पठन | सुनाइ तथा बोलाइक्रियाकलाप( शुद्धता, गति, लय र हाउभाउ)<br>१. शब्द ( विसङ्केतन र अन्य) पठन<br>२. वाक्य पठन<br>३. पाठ (विसङ्केतन र अन्य) पठन<br>४. वर्णक्रम विचलन र उच्चारण | पढाइ (शुद्धता, गति, लय र हाउभाउ)<br>१. विसङ्केतन शब्द पठन<br>२. वाक्य पठन<br>३. विसङ्केतन पाठ पठन<br>४. वर्णक्रम विचलन र उच्चारण | पढाइ (शुद्धता, गति, लय र हाउभाउ)<br>१. विसङ्केतन शब्द पठन<br>२. वाक्य पठन<br>३. विसङ्केतन पाठ पठन | पढाइ (शुद्धता, गति, लय र हाउभाउ)<br>१. विसङ्केतन शब्द पठन<br>२. वाक्य पठन<br>३. विसङ्केतन पाठ पठन | पढाइ (शुद्धता, गति, लय र हाउभाउ)<br>१. विसङ्केतन शब्द पठन<br>२. वाक्य पठन<br>३. विसङ्केतन पाठ पठन | पढाइ (शुद्धता, गति, लय र हाउभाउ)<br>१. विसङ्केतन शब्द पठन<br>२. वाक्य पठन<br>३. विसङ्केतन पाठ पठन | पढाइ (शुद्धता, गति, लय र हाउभाउ)<br>१. विसङ्केतन शब्द पठन<br>२. वाक्य पठन<br>३. विसङ्केतन पाठ पठन |

| कक्षा २ | | | | | |
|---|---|---|---|---|---|
| **कक्षा १ को पुरावृत्ति** | **पहिलो ८ हप्ता** | **३ हप्तासम्म** | **५ हप्तासम्म** | **६ हप्तासम्म** | **७ हप्ता** |
| शुद्धता, गति, लय र हाउभाउसहितको पठन<br>१. शब्द पठन<br>२. वाक्य पठन<br>३. पाठ पठन | शुद्धता, गति, लय र हाउभाउ<br>१. शब्द पठन<br>२. वाक्य पठन<br>३. पाठ पठन | शुद्धता, गति, लय र हाउभाउ<br>१. शब्द पठन<br>२. वाक्य पठन<br>३. पाठ पठन | शुद्धता, गति, लय र हाउभाउ<br>१. शब्द पठन<br>२. वाक्य पठन<br>३. पाठ पठन | शुद्धता, गति, लय र हाउभाउ<br>१. शब्द पठन<br>२. वाक्य पठन<br>३. पाठ पठन | शुद्धता, गति, लय र हाउभाउ<br>१. शब्द पठन<br>२. वाक्य पठन<br>३. पाठ पठन |

| कक्षा ३ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **पुनरावृत्ति २ हप्ता** | **४ हप्ता** | **१ हप्ता** | **१ हप्ता** | **३ हप्ता** | **५ हप्ता** | **५ हप्ता** | **६ हप्ता** | **५ हप्ता** |
| शुद्धता, गति, लय र हाउभाउ<br>१. शब्द पठन<br>२. वाक्य पठन<br>३. पाठ पठन | शुद्धता, गति, लय र हाउभाउ<br>१. शब्द पठन<br>२. वाक्य पठन<br>३. पाठ पठन | शुद्धता, गति, लय र हाउभाउ<br>१. शब्द पठन<br>२. वाक्य पठन<br>३. पाठ पठन | शुद्धता, गति, लय र हाउभाउ<br>१. शब्द पठन<br>२. वाक्य पठन<br>३. पाठ पठन | शुद्धता, गति, लय र हाउभाउ<br>१. शब्द पठन<br>२. वाक्य<br>३. पाठ पठन<br>३. पाठ पठन | शुद्धता, गति, लय र हाउभाउ<br>१. शब्द पठन<br>२. वाक्य<br>३. पाठ पठन<br>३. पाठ पठन | | शुद्धता, गति, लय र हाउभाउ<br>१. शब्द पठन<br>२. वाक्य पठन<br>३. पाठ पठन | |

प्रशिक्षकले सहभागीलाई कक्षा १, २ र ३ मा तय गरिएका अपेक्षित उपलब्धि तथा ती उपलब्धि हासिल गर्न निर्धारित क्षेत्र र तिनीहरूलाई शिक्षण गर्न राखिएको क्रमलाई स्पष्ट पारिदिनुहोस् । सिकाइका आधारमा प्रयोग हुने रणनीति, विधि र तयार गरिएका सामग्रीमाथि छलफल गरी सहजीकरण गर्नुहोस् ।

### ६.२.३.२ सामग्रीहरू

पठन प्रवाहको शिक्षणका लागि शिक्षकले विभिन्न सामग्रीहरूपाठ तथा सिकाइ उपलब्धि र विद्यार्थीहरूको तह अनुसार प्रयोग गर्न सक्छन् । तथापि राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले विकास गरेका पठन प्रवाह शिक्षणमा प्रयोग गर्न सकिने केही महत्त्वपूर्ण सामग्रीहरूको सूची र प्रयोग विधि यहाँ उल्लेख गरिएको छ ।

| क्र.स. | सामग्रीहरू | प्रयोग विधि |
|---|---|---|
| १ | बालगीत चार्ट | दिइएका बालगीतहरू गति, यति, लय र हाउभाउसहित पढ्ने बानी बसाल्दै पठन प्रवाह अभिवृद्धि गर्न सकिन्छ । |
| २ | ठुलो किताब | शिक्षकले आवरण पृष्ठमा दिइएका चित्रका आधारमा छलफल गर्ने, शीर्षक र आवरण पृष्ठका आधारमा अनुमान, सोच विकास गर्ने क्रियाकलाप गराउने, छापामा दिइएका चित्र र छापाको सम्बन्ध गराई लिपिमा लेखिएका सामग्रीहरू बाँयाबाट दायाँतर्फ छन् भन्ने कुरा जानकारी दिने, नमुना पढाइ गर्ने, सस्वर पढाइ गर्ने, ठुलो किताबमा भएका सामग्रीहरूको नमुना पठन तथा सहपठनका माध्यमबाट उनीहरूको दैनिक तथा सामाजिक जीवनमा देखा पर्ने घटनाक्रमसँग सम्बद्ध गराउने । ठुलोकिताबमा तय गरिएका तह २ का शब्दहरूको प्रयोग गरी अर्थबोध र वाक्य निर्माण गर्न सहयोग गर्ने । |
| ३ | विसङ्केतन किताब | भर्खरै वर्ण चिनेका विद्यार्थीहरूलाई ध्वनि र सङ्केतको सम्बन्ध स्थापना गर्ने सिपको विकासका लागि यी सामग्री प्रयोग गरिन्छन् । पढाइसकेका तह अनुसारका वर्ण, अक्षर, शब्द, वाक्यांश र वाक्यले बनेका पठन सामग्रीको प्रयोग गरिन्छ । विसङ्केतन पठन सामग्रीको प्रयोग गरी पठन प्रवाहका साथै सरसरती पढेर अर्थबोध गर्न उपयुक्त मानिन्छ । पाठका आधारमा तयार गरिएका यी सामग्री स्वतन्त्र पढ्न, सहयोग र टेवासहित पढ्न, अर्थ लगाएर पढ्न, पाठका आधारमा पढेर बोध गरी प्रश्नको उत्तर दिने कुरा अपेक्षा गरिएको छ । छुट्टै विसङ्केतन किताब अभ्यास पुस्तिकामा आऊ पढौँ पाठ र बोधका लागि अरू थप किताबहरू उपलब्ध गराइएको छ । |
| ४ | अभ्यास पुस्तिका | पढाइका पाँच तत्त्वहरूको सिकाइलाई सबलीकरण गर्न लेखाइ सिप विकास गर्ने मेरुदण्डको रूपमा अभ्यास पुस्तिकालाई लिइएको छ । सबै तत्त्वहरूमा आधारित सिप विकास गर्न लेखाइ क्रियाकलापलाई ध्वनि चिनारी, वर्ण चिनारी, शब्द ज्ञान, विसङ्केतन, पठन प्रवाह तथा बोधका क्रियाकलाप समेतलाई क्रमिक सिकाइ विधिको अवधारणा प्रयोग गरी बालबालिकालाई सिकाउने । |
| ५ | पाठ्यपुस्तक | पाठ्यपुस्तमा भएका गीत, कविता, कथा आदि जस्ता पाठहरू पनि पठन प्रवाहमा उपयोग गर्न सकिन्छ । |

| | | |
|---|---|---|
| ७ | अरूसन्दर्भ सामग्रीहरू/बाल कथाका किताब | बालबालिकालाई मनोरञ्जनात्मक तरिकाले उत्प्रेरित गरेर अर्थपूर्ण श्रुतिबोध र पठनबोध गरेर पढ्न अरू सन्दर्भ सामग्री कक्षामा नै उपलब्ध गराउनु राम्रो हुन्छ । यसरी उपलब्ध गराइएका सामग्री बालबालिकाको तह, रुचि, पढ्ने क्षमता, पुस्तकको आकार, प्रकार, भाषा/भाषिका, चित्र, रङ साथै प्रयोग गरिएका लिपि पनि उपयुक्त हुनु पर्छ । शिक्षकले यी सामग्री बालबालिकालाई पढाइका लागि प्रयोग गर्दा र स्वतन्त्र रूपमा पढ्न दिँदा पुस्तक र पाठकको तह मिलाउनुपर्छ ।(सामान्यतया पाँच औँले मूल्याङ्कन प्रणालीको प्रयोग गर्नु राम्रो हुन्छ) । यसरी सन्दर्भ सामग्री प्रयोग गर्दा नमुना पढाइ, कक्षा पढाइ, निर्देशित पढाइ, समूह पढाइ, जोडी पढाइ र स्वतन्त्र पढाइका लागि शिक्षकले नमुना सहितको सिकाइ गराउनु जरुरी हुन्छ । जब बालबालिकाहरू सहज तरिकाले स्वतन्त्र रूपमा पढ्न थाल्छन् उनीहरूमा मनोरञ्जन साथै नयाँ शब्दको ज्ञान, स्वतस्पूर्त पढाइ भएर अर्थपूर्ण बोध हुने हुनाले अरू विषय जस्तै गणित, विज्ञान, सामाजिकमा सकारात्मक प्रभाव परी सिकाइ उपलब्धि बढ्छ । |

### ६.२.३.३ शैक्षणिक क्रियाकलापहरू

पठन प्रवाह शिक्षणमा सामान्यतया निम्न चरणहरू बमोजिम गरिन्छ ।

**पठन प्रवाह शिक्षणका केही चरणहरू**

(अ) शुद्ध विसङ्केतीकरण (Decoding Accurately)

(आ) गति बढाउने (Increasing Speed)

(इ) आफैँ सच्याउने (Self Correction)

(ई) हिज्जे सुधार (Improve spelling)

(उ) चिह्न र अन्तरालको सही प्रयोग (Use of punctuation, spacing correctly)

(ऊ) हाउभाउसहितको पढाइ (Reading with expression)

(ऋ) लेखनमा अनुसरण (Copying in writing)

बालबालिकाको पढाइमा सहजता ल्याउन नमुना पढाइका साथै सामग्रीको स्तरीकरण र प्रयोगको विधि पनि राम्ररी थाहापाउनु पर्छ । सिकाउन वा दिन खोजेको सिप, उपयुक्त सामग्री, परिवेश, बातावरण साथै शिक्षकको टेवा र पृष्ठपोषण निरन्तर हुनु जरुरी हुन्छ ।

**पठन प्रवाह शिक्षणका लागि केही क्रियाकलापहरू**

- **सस्वरपढाइ**

शिक्षकले अक्षर, शब्द, वाक्य र अनुच्छेद देखाउँदै पढेर सुनाउनुहोस् । शिक्षकले पढेर सुनाउँदा आरोह, अवरोह, गति, यति, चिह्नको प्रयोग र हाउभाउलाई विशेष जोड दिनुहोस् । पढ्न लागेको समय टिपोट गर्नुहोस् । फेरि दोहोऱ्याई तेहेऱ्याईपढ्नुहोस् । पढ्न लागेको समय टिपोट गर्नुहोस् ।

- **साझापढाइ**

शिक्षकले विद्यार्थीहरूलाई सँगैपढ्न लगाउनुहोस् । यसरी पढ्न लगाउँदा क्रमश: पुरा कक्षालाई, जोडी,

समूहलाई र व्यक्तिगत रूपमा पढ्न लगाउनुहोस् । पढ्न लागेको समय टिपोट गर्नुहोस् । फेरि दोहोऱ्याई तेहेऱ्याई पढ्न लगाउनुहोस् । पढ्न लागेको समय टिपोट गर्नुहोस् ।

- **स्वतन्त्रपढाइ**

स्तरअनुसारको विभिन्न किसिमका पाठहरू दिनुहोस् र स्वतन्त्र रूपमा पढ्न लगाउनुहोस् । विद्यार्थीहरूले आरोह, अवरोह, गति, यति र हाउभाउसहित पढे नपढेको शिक्षकले निरीक्षण गर्नुहोस् र आवश्यक ठाउँमा सहयोग गर्नुहोस् । पढेको अरूले बुझे नबुझेको सोध्नुहोस् र अरूले बुझ्ने गरी पढ्न लगाउनुहोस् । फेरि दोहोऱ्याई तेहेऱ्याईपढ्न लगाउनुहोस् । पढ्न लागेको समय टिपोट गर्न लगाउनुहोस् । यस्तो अभ्यास अक्षरबाट सुरु गरी क्रमश: अनुच्छेदसम्म र पाठमा पुऱ्याउनुहोस् । किताब र विद्यार्थीको स्तर मिलाउने, पाँच औले मूल्याङ्कन अपनाउने, पृष्ठपोषण र सहयोगको अवधारणा अवलम्बन गर्ने । स्वतन्त्र पढाइका लागि विद्यालयको समयमा बाहेक अरू समयमा पनि पढ्न विद्यार्थी र अभिभावकलाई उत्प्रेरणा दिनुहोस् ।

**प्रशिक्षक निर्देशन** **२ घण्टा**

**क्रियाकलापहरू**

१. सहभागीहरूलाई निम्न तालिका दिई पढ्न लगाई सहमत वा असहमत बाकसमा चिह्न लगाउन भन्नुहोस् । काम सकिसकेपछि जोडीमा बस्न भन्नुहोस् र छलफल गर्न भन्नुहोस् र पुरै समूहमा छलफल गर्नुहोस् ।

| क्र.सं. | कथन | सहमत | असहमत |
|---|---|---|---|
| १ | गति, यति र लयसहित गद्यांश र पद्यांश पढ्न सक्नु पठन प्रवाह हो । | | |
| २ | पठन प्रवाह पठन बोधका लागि पूर्व आवश्यकता हो । | | |
| ३ | पठन प्रवाहको विकासमा शिक्षकको नेतृत्त्वदायी भूमिका रहेको हुन्छ । | | |
| ४ | पठन सामग्रीको बोधका लागि विद्यार्थीहरूले धाराप्रवाह रूपमा पढ्न आवश्यक छैन । | | |
| ५ | पठन प्रवाहमा भाषागत भिन्नताले कुनै प्रभाव पार्दैन । | | |

प्रशिक्षकले पठन प्रवाहको परिभाषा र महत्त्व स्पष्ट पार्नेगरी निष्कर्ष बताउनुहोस् ।

२. कक्षाका सहभागीहरूलाई दुई भागमा विभाजन गर्नुहोस् । एउटा समूहलाई पठन सामग्री १ र अर्को समूहलाई पठन सामग्री २ १ मिनेटको समय दिई पढ्न दिनुहोस् ।

### पठन सामग्री १

आगे जगन्नाथ पाध्या, मणिभद्र पाध्या, कुलराज पाध्या, हर्कदेव पाध्या के उप्रान्त कास्कीका अम्वलमध्ये पोखराथोक पाठशालामा अघि कास्कीका राजा सिद्धिनारायण शाहले तिमीहरूकन वेद, रूद्रि, चण्डी, कर्मकाण्ड, नीति, कोश, पुराण र धर्मशास्त्र सबै विद्या पढाउन्या काम सौप्याको रहेछ. आज बिचमा खटपट परी अड्कन जाँदा पाठशाला बस्या घर र फुलबारी समेतमा बेथिति भई बटुक र तिमी पंडित सबैमा खानबसनाको थिति बिग्र्याको रहेछ, अब उप्रान्त तिमी पंडित सबैले अघिदेखि चलिआया बमोजिम पढाउन्या काम गर्नू, गुठका आयस्ताले पाठशालामै बसी पढन्या बटुकहरू र पाठशालामा झारूबडारू

गर्न्या चार र वैद्यसमेतलाई ख्वाइए तिमी पंडितहरूले चलिआयाको रीतबमोजी लाग्याको लिनू, पाठशाला छाउन्या, विग्याभत्क्याको बनाई बाँकी रह्याकोबाट आउन्या अतिथि अभ्यागत साधुसन्तलाई दुई छाक खुवाउनु, माघ शुक्ल पञ्चमीमा सरस्वती पूजा गर्नू ।

### पठन सामग्री २

एउटा गाउँमा मेहनती किसान बस्थ्यो । उसले उब्जाएको अन्न भकारीमा राख्ने गर्थ्यो । उसका घरमा मुसाहरू पनि थिए । ती मुसाहरूले किसानको भकारीको अन्न सधैँ खाइरहन्थे । धेरै होसियार हुँदा पनि किसानले आफ्नो अन्न राम्ररी जोगाउन सकेन । मुसाहरूले अन्न खाएपछि किसानले गाउँबाट बिरालो ल्यायो । बिरालोले भकाभक धेरै मुसाहरू मारेर खान थाल्यो जसले गर्दा अरू मुसाहरू निकै डराए । मुसाहरूले भेलाभएर सल्लाह गरे । यदि हामीले बिरालाको घाँटीमा घन्टी बाँध्न सक्यौँ भने हामीलाई बिरालो आएको थाहा हुन्छ र हामी भागौँला । यो कुरा सबैलाई मनपर्‍यो । एउटा मुसाले घन्टी ल्यायो । अर्कोले घन्टी बाँध्ने डोरी ल्यायो । अब घन्टी बाँध्ने समय आयो । यो घन्टी बाध्न कोही पनि तयार भएनन् । सबै मुसाहरूको योजना विफल भयो । सबै मुसाहरू ठुलो दुलोभित्र पसे ।

**कुन पठन सामग्री पढ्न किन सजिलो भयो भन्ने सम्बन्धमा छलफल गराउनुहोस्**

३. सहभागीहरूलाई ३ ओटा समूहमा विभाजन गर्नुहोस् र फरक फरक कक्षाका शिक्षक निर्देशिका र अभ्यास पुस्तिका दिई तलको तालिका बमोजिमको विवरण तयार गर्न लगाउनुहोस् ।

कक्षा ........

पठन प्रवाह उद्देश्यहरू

पठन प्रवाहको क्षेत्र र क्रम

पठन प्रवाहका क्रियाकलापहरू

४. तल दिइएको चरणहरू बमोजिम नमुना शिक्षण गर्नुहोस् ।

**पठन प्रवाह** **१५ मिनेट**

**अनुमान क्रियाकलाप**

कथा वा अनुच्छेद पढ्नुपूर्व कथासँग सम्बन्धित चित्र वा शीर्षकका बारेमा छलफल गर्नुहोस् । त्यसपछि अनुमान गर्न लगाउनुहोस् । त्यसका लागि निम्न प्रकारका प्रश्नहरू सोध्न सक्नुहुन्छ : कथाको शीर्षकका बारेमा तिमीलाई के थाहा छ ?चित्रमा तिमीले के देख्यौ ? तिनीहरू के गरिरहेका छन् ? तिम्रो विचारमा तिनीहरू किन त्यसो गरिरहेका छन् ? आदि ।

**म गर्छु (शिक्षक)**

यो क्रियाकलाप शिक्षक स्वयम्ले नमुनास्वरूप गर्नका लागि हो । यसमा बालबालिकाले ध्यानपूर्वक नमुना पाठ पठन सुन्ने र हेर्नेछन् । यो अभ्यास तलको प्रक्रियाअनुसार गराउनुहोस् :

शि : अब म कथा पढ्छु तिमीहरूले गरेको अनुमान मिल्छ वा मिल्दैन पछि छलफल गरौँ ।

कथा शुद्ध तथा उपयुक्त गति, लय र हाउभाउकासाथ पढ्नुहोस् ।

हामी गर्छौं (शिक्षक र विद्यार्थी)

यो क्रियाकलाप शिक्षक र बालबालिका दुवैका लागि हो । यसमा बालबालिकाले शिक्षक सँगसँगै पठन गर्नेछन् । यो अभ्यास पुरै कक्षामा र ठुलाठुला समूहमा तलको प्रक्रियाअनुसार गराउनुहोस् ।

शि : अब हामी एकसाथ पढौँ ।

शि/वि : (शिक्षक र विद्यार्थीले सँगसँगै पढ्ने ।)

तिमी गर (विद्यार्थी)

यो क्रियाकलाप बालबालिकाका अभ्यासका लागि हो । यसमा बालबालिकाले स्वयम् पठन गर्ने छन् । यस अभ्यासलाई ससाना समूहमा र एक्ला एक्लै तलका प्रक्रियाअनुसार गराउनुहोस् ।

शि : अब तिमीहरू तिम्रो अभ्यास पुस्तिकाको पढ भन्ने पाठ पल्टाऊ र दिइएका वर्णहरू छिटो छिटो पढेर सुनाऊ ।

वि : (दिइएका वर्णहरू कम्तीमा ३ पटक पढ्छन् ।)

५. **पठन प्रवाह सूक्ष्म शिक्षण अभ्यासका लागि** सहभागीहरूलाई पाँच समूहमा वर्गीकरण गरी तलको सूचीमा उल्लेख गरिएका पठन प्रवाहका चरणमध्येबाट कुनै एउटा चरण छनोट गरी हरेक समूहलाई शिक्षक निर्देशिकाको आधारमा सूक्ष्म शिक्षण गर्न लगाउनुहोस् । छलफल गरी सुधारका लागि पृष्ठपोषण आदानप्रदान गर्नुहोस् । समूहमा कक्षा १, २ र ३ कक्षाका पाठहरू नदोहोरिने गरी

- स्वर वर्ण पठन प्रवाह
- मात्रा चिनारी पठन प्रवाह
- व्यञ्जन वर्ण पठन प्रवाह
- शब्द पठन प्रवाह
- वाक्य पठन प्रवाह
- अनुच्छेद पठन प्रवाह
- पाठ/लेख तथा रचना पठन प्रवाह

६. विद्यालयमा प्राप्त सन्दर्भ सामग्रीको अवलोकन र मूल्याङ्कन गरी दस ओटा किताबको स्तरीकरण/तह निर्धारण गर्न दिनुहोस् । अब कक्षा १, २ र ३ का लागि विद्यालयमा प्राप्त सन्दर्भ सामग्रीको सूची दिएर आफूले गरेको किताबको स्तरीकरण पुनरावलोकन गर्ने अवसर दिनुहोस् । अन्तरक्रिया गर्नुहोस् ।

७. सहभागीहरूलाई पाँच समूहमा बस्न भन्नुहोस र तलको अभ्यास गर्न दिनुहोस् ।

| समूह १ | समूह २ | समूह ३ | समूह ४ | समूह ५ |
|---|---|---|---|---|
| सस्वर नमुना | निर्देशित पढाइ | समूह पढाइ | जोडी पढाइ | स्वतन्त्र पढाइ |

### ६.२.४ शब्दभण्डार

अक्षरहरूको सार्थक समूह नै शब्द हो । शब्द भाषा सिकाइ र अर्थका हिसाबले न्यूनतम भाषिक एकाइ हो । शब्दको ज्ञान हुनु भनेको शब्दको सूची र तिनले दिने अर्थसँग परिचित भई वाक्यमा प्रयोग गर्न सक्नु हो । शब्दभण्डार शिक्षणलाई भाषा सिकाइको एक महत्त्वपूर्ण पक्षका रूपमा लिइन्छ ।बालबालिकामा भएको शब्दभण्डारले उनीहरूमा नयाँ ज्ञान, सिप र धारणा हासिल गर्न ठुलोभूमिका खेल्दछ । शब्दभण्डारले वाक्यमा आएका शब्दहरूको अर्थानुमान गर्न मदतगर्दछ । यसले पढाइ गति अभिवृद्धि गर्न सहयोग गर्दछ ।

यस्तै बालबालिकाहरूलाई आफ्ना विचारहरूलाई स्पष्ट ढङ्गले आदान प्रदान गर्न समेत सक्षम बनाउँछ ।

शब्द शिक्षण गर्दा वाक्यसित वा उपयुक्त सन्दर्भमा प्रयोग गरेर शिक्षण गर्न उपयुक्त मानिन्छ । यसका लागि कक्षाकोठामा विभिन्न किसिमका अभ्यासहरू गर्न र गराउन सकिन्छ । उदाहरणका लागि चित्र वा वस्तुको प्रदर्शन, हाउभाउ, पर्यायवाची वा विपरीतार्थक शब्द, आशय वा परिभाषा, सान्दर्भिक वाक्यमा प्रयोग आदि प्रस्तुत गरेर पनि बालबालिकामा शब्दभण्डार बढाउन सकिन्छ ।

शब्दभण्डार भनेको शब्द र शब्दको अर्थको बोध गर्ने क्षमता हो । पढाइ र बोधमा शब्दभण्डारको भूमिका महत्त्वपूर्ण हुन्छ । शब्दभण्डार भनेको शब्दको अर्थ र परिभाषाको ज्ञान मात्र नभएर त्यस्ता शब्द भाषामा कसरी आबद्ध रहेका हुन्छन् भन्ने कुराको ज्ञान पनि हो । शब्दभण्डारको सम्बन्ध पठन प्रवाह र बोध दुवैसँग हुन्छ । यसले सिकारुको पठन गति र बोधमा महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ । शब्दज्ञानको अभ्यासमा बालबालिकाले शब्दको हिज्जे, सही उच्चारण, अर्थ र अर्थपूर्ण वाक्यमा शब्दको प्रयोग गर्न सिक्ने गर्छन् । यसले नेपाली भाषामा मात्र नभई सम्पूर्ण शैक्षिक उपलब्धिमा उल्लेखनीय सहयोग पुऱ्याउँछ ।

शब्दभण्डार भनेको कुनै भाषा प्रयोग गर्ने मानिसमा भएको त्यस्तो शब्दको सङ्ग्रह हो जुन मानिसले सुन्न, बोल्न, पढ्न, लेख्न र सहजै प्रयोग गर्न सक्छन् । शब्दभण्डारको मात्रा मानिसको उमेर, कार्य, पेसा, शिक्षा, अनुभव, प्रयोग आदिमा भर पर्छ । शब्दभण्डारलाई भाषा विकासका हिसाबले एक महत्त्वपूर्ण कसीका रूपमा लिइन्छ । मानिस कुनै भाषामा कति निपुणहुने भन्ने कुरा उसमा रहेको शब्दभण्डारले निर्धारण गर्दछ ।

भाषाको बोध र अभिव्यक्तिमा सक्षम हुन शब्दहरूको सही अर्थ बुझ्न र प्रयोग गर्न आवश्यक हुन्छ । शब्दको अर्थले बालबालिकाहरूमा विषयवस्तुको धारणाको विकास गर्न सहयोग पुऱ्याउँछ । त्यसैले भाषिक विकासका लागि शब्दभण्डार सिकाइ सहजीकरणमा जोड दिइने गरिन्छ । सिकाइ सहजीकरण सम्बद्ध क्रियाकलाप सञ्चालन गर्दा शब्दहरूलाई घोकाउनुभन्दा पाठ, उच्चारण, हिज्जे, सन्दर्भ र तिनको अर्थ बुझाउनकेन्द्रित हुनुपर्छ ।

यो पढाइ सिपको एउटा प्रमुख आधार स्तम्भ हो । जति बढी शब्दभण्डारको विकास भयो, त्यति बढी सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपप्रयोग गरी सञ्चार गर्ने क्षमताको विकास हुन्छ ।

**शब्दभण्डार सिकाइ सहजीकरणको उद्देश्य**

१. बालबालिकालाई शब्दको सही उच्चारण सिकाउनु

२. शब्दमा हिज्जेको ठिकजानकारी गराउनु

३. शब्दको अर्थबारे जानकारी गराउँदै सोही समूहका अन्य शब्दहरू पहिचान गर्न लगाउनु

४. उस्तै अर्थ आउने, उल्टो अर्थ आउने शब्दहरू पहिचान गर्न सक्ने बनाउनु

५. शब्दको अर्थ लाग्ने गरी समूहर व्यक्तिगतरूपमा वाक्यमा प्रयोग गर्न लगाउनु

**शब्दभण्डारको प्रकार**

वर्ण या वर्णहरूको सार्थक समूहलाई शब्द भनिन्छ । शब्दहरूलाई मोटामोटी रूपमा तिन भागमा विभाजन गरिन्छ ।

**(क) पहिलो श्रेणीका शब्द** :बालबालिकाले घरपरिवारमै सुनिरहेका वा बोलिरहेका शब्दहरू पहिलो

श्रेणीका शब्द हुन् । शारीरिक अङ्ग, खानपान, भेषभूषा, नातागोता सम्बन्धी दैनिक प्रयोगमा आउने शब्द पहिलो श्रेणीका शब्दमा पर्छन् । जस्तै: टाउको, भात, आमा, टोपी आदि ।

(ख) **दोस्रो श्रेणीका शब्द** :विद्यालयमा आइसकेपछि सिक्ने क्रममा विद्यार्थीले पहिले नै सुनेका वा सुन्दै नसुनेका, अर्थ ज्ञान पनि नगरेका शब्दहरूलाई दोस्रो श्रेणीका शब्दका रूपमा लिइन्छ । जस्तै: जोड, घटाउ, बिर्को, पढैं, परीक्षा, हाजिरकापी आदि । हाम्रो प्रयास हरेक तह वा कक्षाका बालबालिकालाई उनीहरूकै दोस्रो श्रेणीका शब्दहरू सिकाउनमा बढी केन्द्रित हुनुपर्छ ।

(ग) **तेस्रो श्रेणीका शब्द** : खास-खास क्षेत्रमा प्रयोग हुने, प्राविधिक, पारिभाषिक शब्दहरू यस श्रेणीमा पर्छन् । जस्तै: रसायन, मुचुल्का, आदि । विद्यार्थीको स्तर बढ्दै जाँदा यस्ता श्रेणीका शब्दहरू पनि जान्नुपर्ने हुन्छ ।

शब्दज्ञानको अभ्यासमा विशेष गरी दोस्रो श्रेणीका शब्दहरूका बारेमा बालबालिकालाई बढी भन्दा बढी अभ्यास गराइन्छ ।

## ६.२.४.१ कक्षा १ देखि ३ का शब्दभण्डारका कक्षागत सिकाइ उपलब्धि तथा क्षेत्र र क्रम

**कक्षा १**

| २ हप्ता | २ हप्ता | १ हप्ता | ६ हप्ता | १४ हप्ता | ३ हप्ता | १ हप्ता | १ हप्ता | १ हप्ता | १ हप्ता |
|---|---|---|---|---|---|---|---|---|---|
| नमुना शब्दहरू : सरल, प्रचलित, पाठमा प्रयोग भएका र नयाँ शब्द (विज्ञान, वातावरण तथा घर परिवारसँग सम्बन्धित)<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | नमुना शब्दहरू : सरल, प्रचलित, पाठमा प्रयोग भएका र नयाँ शब्द (सिर्जनात्मक कला र लोक लयसँग सम्बन्धित)<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | नमुना शब्दहरू : सरल, प्रचलित, पाठमा प्रयोग भएका र नयाँ शब्द (गणित तथा खेलसँग सम्बन्धित)<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | नमुना शब्दहरू : सरल, प्रचलित, पाठमा प्रयोग भएका र नयाँ शब्द ( शब्दको सुरुमा प्रयोग भएका अ देखि अं सम्म)<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | नमुना शब्दहरू : सरल, प्रचलित, पाठमा प्रयोग भएका र नयाँ शब्द(शब्दमा मात्रारहित तथा सहित प्रयोग भएका क देखि ज्ञ सम्म)<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | नमुना शब्दहरू : सरल, प्रचलित, पाठमा प्रयोग भएका र नयाँ शब्द (आधा व्यञ्जन वर्ण प्रयोग भएका)<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | नमुना शब्दहरू : सरल, प्रचलित, पाठमा प्रयोग भएका र नयाँ शब्द ( शब्दको सुरुमा समान ध्वनि प्रयोग भएका)<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | नमुना शब्दहरू : सरल, प्रचलित, पाठमा प्रयोग भएका र नयाँ शब्द (शब्दको अन्त्यमा समान ध्वनि प्रयोग भएका)<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | नमुना शब्दहरू : सरल, प्रचलित, पाठमा प्रयोग भएका र नयाँ शब्द ( समान संरचना भएका शब्द)<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | नमुना शब्दहरू : सरल, प्रचलित, पाठमा प्रयोग भएका र नयाँ शब्द (भाषिका र शिष्टाचार)<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग |

| कक्षा २ | | | | | |
|---|---|---|---|---|---|
| **कक्षा १ को पुनरावृत्ति** | **८ हप्ता** | **३ हप्तासम्म** | **५ हप्तासम्म** | **६ हप्तासम्म** | **७ प्रत्ययपरक ध्वनि जोड्ने र छुट्याउने** |
| नमुना शब्दहरू<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | नमुना शब्दहरू<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | नमुना शब्दहरू :<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | नमुना शब्दहरू :<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | नमुना शब्दहरू :<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | नमुना शब्दहरू :<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग |

| कक्षा ३ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **२ हप्ता कक्षा २ को पुनरावृत्ति** | **४ हप्ता** | **१ हप्तासम्म** | **१ हप्ता** | **३ हप्ता** | **५ हप्ता** | **५ हप्ता** | **६ हप्ता** | **५ हप्ता** |
| नमुना शब्दहरू :<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | नमुना शब्दहरू :<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग<br>सिकाइ उपलब्धिका आधारमा स्तरण गर्नुपर्ने | नमुना शब्दहरू :<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | नमुना शब्दहरू :<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | नमुना शब्दहरू :<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | नमुना शब्दहरू :<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | | नमुना शब्दहरू :<br>१. उच्चारण<br>२. अर्थ<br>३. प्रयोग | |

क्षेत्र र क्रममा शब्दभण्डार शिक्षणका क्षेत्रगत पाठहरू सरलदेखि जटिलका क्रममा राखिएका छन् ।

#### ६.२.४.२ सामग्रीहरू

शब्दभण्डार शिक्षणका लागि शिक्षकले विभिन्न सामग्रीहरूपाठ तथा सिकाइ उपलब्धि र विद्यार्थीहरूको तह अनुसार प्रयोग गर्न सक्छन् । तथापि राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले विकास गरेका शब्दभण्डार शिक्षणमा प्रयोग गर्न सकिने केही महत्त्वपूर्ण सामग्रीहरूको सूची र प्रयोग विधि यहाँ उल्लेख गरिएको छ ।

| क्र.स. | सामग्रीहरू | प्रयोग विधि |
|---|---|---|
| १ | वर्ण गोटी(Alphabet cubes) : | वर्ण र गोटीको प्रयोग सरल शब्दहरू बनाउन सिकाउने क्रममा प्रयोग गर्न सकिन्छ । खेल, समूहकार्य जोडी कार्य तथा शिक्षकले प्रर्दशन गर्ने विधि प्रयोग गर्न सकिन्छ । |
| २ | ठुलो किताब | शिक्षकले आवरण पृष्ठमा दिइएका चित्रका आधारमा छलफल गर्दा, शीर्षक र आवरण पृष्ठका आधारमा अनुमान गर्न लगाउँदा छापामा दिइएका चित्र र छापाको सम्बन्ध उनीहरूको दैनिक तथा सामाजिक जीवनमा देखा पर्ने घटनाक्रमसँग सम्बद्ध गराउँदा शब्दहरूको प्रयोग गरी अर्थबोध र वाक्य निर्माण गर्न सहयोग पुग्छ । |
| ३ | शब्द र चित्र कार्ड (Picture Word Cards) : | शब्द र चित्र पत्तीको प्रयोग बालबालिकाहरूलाई नयाँशब्दभण्डारको वृद्धिका साथै पढिसकेका शब्दहरूका पुनरावृत्ति गर्नका लागि खेल, खोज, प्रर्दशन,समस्या समाधान, अन्तरक्रिया जस्ता विधि प्रयोग गरी अभ्यास गराउन प्रयोग गर्न सकिन्छ । |
| ४ | शब्द र वाक्य पिनह्विल कार्ड (Word and Sentence Pin Wheel Card) : | शब्द पिनह्विल चार्ट बालबालिकाहरूलाई दुई वर्णहरूलाई जोडेर शब्दको निर्माण कसरी हुन्छ भन्ने कुराको जानकारी दिन प्रयोग गर्न सकिन्छ । वाक्य पिनह्विल चार्ट वाक्य संरचना, बोध, तथा उचित शब्द प्रयोग गरी सिकाउन प्रयोग गर्न सकिन्छ । |
| ५ | **बालगीत चार्ट**( Rhymes Chart) : | सुनाइ र बोलाई जस्ता भाषिक सिपको विकास गर्नुका साथै प्रयोग भएका शब्दहरूको गति, यति र लय तथा हाउभाउसाथ पढ्ने बानी बसाल्नका लागि हामी पुस्तकालयमा उपलब्ध बालगीत चार्टको प्रयोग गर्न सक्छौं । |
| ६ | मेरो नेपाली किताब | पाठ तथा सिकाइ उदेश्य अनुरूपका शब्द शिक्षण गर्न यसको प्रयोग गर्न सकिन्छ । |
| ७ | बाह्रखरी चार्ट | शब्द निर्माण अभ्यासका लागि यसको प्रयोग गर्न सकिन्छ । |
| ८ | सन्दर्भ सामग्री | स्वतन्त्र पढेर नैतिक, चारित्रिक, सामाजिक, विज्ञान, गणित, भूगोल आदि विषयका प्राविधिक शब्दहरू विद्यार्थीहरूले जान्न सक्छन् । |

#### ६.२.४.३ शैक्षणिक क्रियाकलापहरू

शब्द शिक्षणका लागि शिक्षकले कक्षा तथा सिकाइ उपलब्धि अनुसार विविध क्रियाकलापहरूक्रमिक सिकाइको सिद्धान्त अनुरूप गर्न सक्छन् । शब्दभण्डार शिक्षणमा शिक्षकले प्रयोग गर्न सक्ने केही शैक्षणिक क्रियाकलापहरू यहाँ प्रस्तुत गरिएका छन् ।

- हरेक दिन शिक्षकले बालबालिकाको स्तरअनुसारका ४ देखि ५ शब्दको सही उच्चारण गरेरसुनाउनुहोस् । आफूसँग बालबालिकालाई सँगै उच्चारण गर्न लगाउने र बालबालिकालाई स्वतन्त्र रूपमा उच्चारण गर्न दिनुहोस् ।
- शिक्षकले बालबालिकाले बुझ्ने भाषामा शब्दको अर्थ बताउनुहोस्, जस्तै : "बस" भन्ने शब्द सिकाउने हो भनेर शिक्षकले बसेर देखाउनुहोस्, "पढ" शब्द सिकाउँदा पढेर देखाउनुहोस्, "हरियो" शब्द सिकाउने हो भने हरियो रङ देखाउँदै सिकाउने, विपरीत अर्थ लाग्ने शब्द सिकाउने हो भने "कालो" र "सेतो" अथवा "ठुलो" र "सानो" वस्तु देखाएर बालबालिकालाई अर्थ बताउनुहोस् ।
- बालबालिकालाई दिइएको शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । शिक्षकले सजिलो वाक्य बनाएर विद्यार्थीलाई मौखिक अभ्यास गराउनुहोस् र समूहमा अभ्यास गर्न दिनुहोस् ।
- बालबालिका पढ्न सक्ने भइसकेको अवस्थामा फ्ल्यास कार्ड अथवा बोर्डमा लेखेर शब्दको हिज्जेबारे जानकारी गराउनुहोस् । अक्षरहरू मिलाएर अर्थपूर्ण शब्द बनाउने र शब्दका अक्षर टुक्र्याएर नयाँ शब्द बनाएर देखाउनुहोस्,जस्तै : "नगर" शब्दलाई बोर्डमा लेखेर देखाउँदै त्यसलाई "न", "ग", "र" मा टुक्र्याउन सिकाउनुहोस् । यी तिनै अक्षरहरूलाई जोडेर अन्य शब्द, जस्तै : "नर", "गन", "गर" आदि बनाएर बालबालिकालाई देखाउनुहोस् । यसपछि बालबालिकालाई अन्य शब्द दिँदै समूहमा क्रियाकलाप गराउनुहोस् ।
- बालबालिकालाई शब्दका अर्थहरूबारे जानकारी गराइसकेपछि अर्थ मिल्ने शब्दसँग जोडा मिलाउन लगाउनुहोस् । यो क्रियाकलाप शब्दपत्तीमार्फत गरेपछि लिखित अभ्यास पनि गराउनुहोस् ।
- बालबालिका लेख्न सक्षम भइसकेपछि मात्र उनीहरूलाई शब्द र ती शब्दलाई प्रयोग गरेर वाक्य लेख्ने अभ्यास गराउनुहोस् ।

**हिज्जे अभ्यास** : सिकाइ सहजीकरणका क्रममा हरेक शब्दलाई हिज्जे गरेर भन्ने अभ्यास गराउनुहोस् । शिक्षकले दोहोर्‍याउने ड्रिल (repetition drill) विधिबाट नमुना अभ्यास गराउनुहोस् । आधा अक्षर शिक्षण गर्ने तरिका निर्देशिकाका आधारमा प्रस्तुत गर्नुहोस् ।

- भौतिक वस्तु देखाउनुहोस् र त्यसको नाम भन्ने अभ्यास गर्नुहोस् ।
- भौतिक वस्तुदेखाउन सकिने अवस्था नभएमा चित्र वा प्रतिमूर्ति देखाएर नाम भन्नुहोस् ।पटक पटक भन्ने अभ्यास गर्नुहोस् ।
- उल्टो अर्थ दिने शब्द भन्न लगाउनुहोस् तर विद्यार्थीबाट सही उत्तर नआएमा आफैँले भन्नुहोस् । यस्तो अवस्थामा पटक पटक अभ्यास पनि गराउनुहोस् ।
- समान अर्थ जनाउने शब्दहरूभन्न लगाउनुहोस् तर विद्यार्थीबाट सही उत्तर नआएमा आफैँले भन्नुहोस् । त्यस्तै अरू शब्दहरू खोज्ने अभ्यास गराउनुहोस् ।
- काम वा क्रियाकलाप जनाउने शब्द भएमा अभिनय गरेर देखाउनुहोस् । यस क्रममा पटक पटक सोध्ने र भन्ने अभ्यास गर्नुहोस् ।
- समूह जनाउने शब्द भएमा समूहभित्र पर्ने उदाहरणहरू दिएर शब्द भन्न लगाउनुहोस्, जस्तै : बथानको अर्थ बताउन परेमा एउटा भेडा र समूहमा रहेका भेडाको चित्र देखाएर बथानको अर्थ बोध गराउनुहोस् ।

- भाव बुझाउने शब्दहरू भएमा विद्यार्थीहरूको अनुभवसित जोडेर प्रश्न गर्नुहोस् । शब्दसँग मिल्ने अभिनय गरेर देखाउनुहोस् । त्यस्तो शब्द भन्न लगाउनुहोस्, जस्तै : आदर गर्नु, नमस्कार, दुखाइ आदि जस्ता शब्दहरू ।

**शब्द फेला पार्ने खेल**

विद्यार्थीहरूलाई समूहमा राख्नुहोस् । हरेक समूहमा एक एक ओटा सग्ला अक्षरले बनेको शब्द चार्ट र केही अक्षर गोटी वितरण गर्नुहोस् । चार्टलाई बिचमा ओछ्याउनुहोस् । टोकरीमा कुनै तिन ओटा फरक फरक अक्षर भएका गोटीहरू राखी हल्लाएर पल्टाउनुहोस् र त्यसलाई जोड्नुहोस् । गोटी पल्टाएर जुन शब्द बन्यो, त्यो गोटीको समूह त्यही अक्षरमाथि राख्न लगाउनुहोस् । यसरी फेला परेको शब्द कापीमा पनि टिपोट गर्न लगाउनुहोस् ।

**गोटीहरू जोडेर शब्द जाल बनाउने खेल**

विद्यार्थीहरूलाई समूहमा राख्नुहोस् । हरेक समूहलाई गोटीहरू पर्याप्त सङ्ख्यामा दिनुहोस् । गोटीहरूलाई ठाडो वा तेर्सो गरी भुइँमा जोडेर पहिले दुई सग्ला अक्षरको र पछि तिन ओटा सग्ला अक्षरको शब्द जाल बनाउन लगाउनुहोस् । शब्दजालको ठाडो लहरमा बनेका शब्दहरू र तेर्सो लहरमा बनेका शब्दहरू कापीमा टिप्न लगाउनुहोस् ।

ठाडो लहरमा बनेका शब्दहरू : ...............

तेर्सो लहरमा बनेका शब्दहरू :...............

**बिङ्गो खेल**

माथिका सबै खेलहरू खेल्न सक्षम भएपछि विद्यार्थीहरूलाई शब्द बिङ्गो खेल खेलाउनुहोस् । खेल विधि : शिक्षकले सिकाइ सहजीकरणगरी २५ ओटा जति शब्दको सूची प्रदर्शन गर्नुहोस् । ती शब्दहरूको शब्दपत्ती पनि बनाउनुहोस् । विद्यार्थीलाई ४ वा ९ कोठाको ग्रिड कोरेर कार्डहरू दिनुहोस् । विद्यार्थीलाई बोर्डमा देखाएकामध्येबाट एक एक ओटा पर्ने गरी हरेक कोठामा शब्द लेख्न लगाउनुहोस् । (सुरु सुरुमा सिकारुलाई लेखिएकै कार्ड पनि दिन सकिन्छ ।) त्यसपछि चिठ्ठा जस्तै गरी कार्डबाट एक पटकमा एउटा कार्ड थुत्न लगाउनुहोस् । थुत्दा जुन शब्द आयो त्यो शब्द हुनेले कोठामा क्रस गर्न लगाउनुहोस् । एवम् रीतले खेल्दै जाँदा जुन विद्यार्थीले सबैभन्दा पहिले आफ्नोकार्डमा भएका सबै शब्द क्रस गर्छ, त्यही विजेता हुन्छ ।

**बक्सका अक्षर जोडेर शब्द बनाउने खेल**

बोर्डमा छुट्टाछुट्टै दुई ओटा बक्सभित्रफरक फरक सिङ्गो अक्षरहरू लेख्नुहोस् । त्यसपछि बक्सभित्र भएका ती अक्षरहरूलाई जोडेर शब्द बनाई लेख्नुहोस् । यसरी बनेको शब्दलाई शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

**शब्द बनाउने र टिप्ने खेल**

विद्यार्थीलाई समूहमा राख्नुहोस् । हरेक समूहलाई केही अक्षर गोटी वा अक्षरपत्तीहरू वितरण गर्नुहोस् । खेल खेल्नका लागि ५ मिनेट समय दिनुहोस् । ती गोटी वा पत्तीहरू मिलाएर छिटोछिटो अर्थपूर्ण शब्द बनाउन लगाउनुहोस् । यसरी बनाइएका शब्दहरू कापीमा छिटो छिटो लेख्न पनि लगाउनुहोस् । तोकिएको समयभित्र कसले सबैभन्दा बढी शब्द बनाउँछ, त्यसलाई भन्न पहिलो अवसर दिनुहोस् । हरेक समूहले बनाएका शब्दहरू पढ्न लगाउनुहोस् ।

**बनाएका शब्द टुक्र्याउने र नयाँ शब्द बनाउने खेल**

अक्षरहरू मिलाएर अर्थपूर्ण शब्द बनाउन सक्षम भएपछि यसअघि कापीमा टिपिएका शब्दहरूलाई शिक्षकले अलग अलग अक्षरमा टुक्र्याउनुहोस् । यसरी टुक्र्याएका अक्षरहरूलाई जोडेर छोटा छोटा नयाँ शब्द बनाएर देखाउनुहोस्, जस्तै : "सहर" शब्दलाई बोर्डमा लेखेर देखाउनुहोस् । त्यसलाई बोर्ड वा अक्षरपत्तीमा "स", "ह", "र" मा टुक्र्याएर देखाउनुहोस् । यी तिन ओटामध्ये दुई ओटा अक्षरहरूलाई जोडेर अन्य नयाँ नयाँ शब्दहरू, जस्तै : सह, हर, रस आदि बनाएर देखाउनुहोस् । यसपछि विद्यार्थीहरूलाई समूहमा बसी यस्तो क्रियाकलाप गर्न लगाउनुहोस् । यसरी निर्माण हुँदै गएको शब्दलाई उच्चारण पनि गर्न लगाउनुहोस् ।

**मिश्रित अक्षरबाट शब्द बनाउने खेल**

शब्दका अक्षर छ्यासमिस गरेर पहिले समूहमा र पछि व्यक्तिगत रूपमा शब्दहरूको सेट दिनुहोस् । विद्यार्थीहरूलाई त्यसको क्रम मिलाएर देखाउनुहोस् र खेल खेलाउनुहोस् । त्यसपछि शब्दका अक्षर छ्यासमिस गरेर कार्डमा लेखेर दिनुहोस् । त्यसको क्रम मिलाएर लेख्ने खेल खेलाउनुहोस् ।

**शब्द फेला पार्ने खेल**

विद्यार्थीहरूलाई समूहमा राख्नुहोस् । हरेक समूहमा एक एक ओटा सग्ला अक्षरले बनेको शब्द चार्ट र केही अक्षर गोटी वितरण गर्नुहोस् । चार्टलाई बिचमा ओछ्याउनुहोस् । टोकरीमा कुनै ३ ओटा फरक फरक अक्षर भएका गोटीहरू राखी हल्लाएर पल्टाई जोड्नुहोस् । गोटी पल्टाएर जुन शब्द बन्यो, त्यो गोटीको समूह त्यही अक्षरमाथि राख्न लगाउनुहोस् । यसरी फेला परेको शब्द कापीमा पनि टिपोट गर्न लगाउनुहोस् ।

माथि उल्लिखित विधिका अलावा केही थप शब्दभण्डार शिक्षणका अभ्यासहरू निम्नानुसार समेत गर्न सकिन्छ :

- विद्यार्थीहरूलाई सम्बन्धित अक्षरको ध्वनिबाट बन्ने वा त्यो ध्वनि भएका शब्दहरूको उदाहरण भन्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई कक्षामा सम्बन्धित ध्वनि आउने वस्तुहरू के के छन् भनी खोज्न लगाउनुहोस् ।
- चित्रको चार्टमा हेरेर त्यस अक्षरको प्रयोग हुने वस्तु पहिचान गरी त्यसको नाम भन्न लगाउनुहोस् ।
- सम्बन्धित अक्षरबाट बनेको कवितालाई दोहोऱ्याई तेहऱ्याई वाचन गराउनुहोस् । त्यसपछि शिक्षकले बारम्बार प्रयोगमा आउने शब्दहरूको चार्टबाट पहिलेका दुई शब्दहरूलाई देखाई त्यसको उच्चारण गरेर सुनाउनुहोस् र विद्यार्थीहरूलाई पनि भन्न लगाउनुहोस् । विद्यार्थीहरूलाई त्यस शब्दको अर्थ पनि बताइदिनुहोस् । शब्दलाई वाक्यमा प्रयोग गरी बताउनुहोस् र विद्यार्थीहरूलाई पनि छेउको साथीसित दौँतरी समूहमा वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

**प्रशिक्षक निर्देशन** **(३ घण्टा)**

**प्रशिक्षण क्रियाकलाप**

**१. वार्म अप शब्द बनाउने खेल**

सहभागीहरूलाई आफ्नो नाममा प्रयोग भएका **वर्णहरू मात्र** प्रयोग गरी सकेसम्म बढी शब्दहरूको सूची बनाउने खेल खेलाउनुहोस् र सबैभन्दा बढी शब्द बनाउने सहभागीलाई शब्द सूची पढेर सुनाउने अवसर

प्रदान गर्नुहोस् ।

**जस्तै**:

नाम: गोपीराम कोइराला

वर्णहरू: ग, प, , र, , म, क, इ, ल

**मात्रा**हरू : । `ी,ा

सम्भाव्य शब्दहरू: गर, काम, मल, मकल, पीर, राम, गाई, पाल, ..................यो क्रियाकलाप पछि के सिक्नुभयो छलफल गर्नुहोस् । यस्तो क्रियाकलाप विद्यालयमा गर्न सकिने वा नसकिने बारेमा छलफल गराउनुहोस् ।

२. शब्दभण्डारको परिचय आवश्यकता र महत्त्वको सन्दर्भमा छलफल, अन्तरक्रिया वा अन्य उपयुक्त प्रशिक्षण क्रियाकलाप मार्फत स्पष्ट पार्नुहोस ।

३. सहभागीहरूलाई पढाइ तत्त्वगत क्षेत्र र क्रमको पूर्वतयारी ह्यान्ड आउट वितरण गर्नुहोस् । साथै शिक्षक निर्देशिका समेतका आधारमा कक्षा १, २ र ३ मा समावेश गरिएका शब्दभण्डार सम्बन्धी सिकाइ उपलब्धि, सिकाइ उपलब्धिको विस्तृतीकरण र क्रियाकलाप तथा उदाहरणहरूको अध्ययन गर्न लगाउनुहोस् । तिनको आपसी सम्बन्ध बारेमा समूहमा वा समग्र कक्षामा अन्तरक्रियात्मक छलफल गर्नुहोस् ।

यसका लागि प्रशिक्षक निम्न प्रश्नहरूमा आधारित हुनुहोस् :

(क) उक्त तालिकामा शब्दभण्डार सम्बन्धी सिकाइ उपलब्धिहरू कसरी समावेश गरिएका छन् ?

(ख) ती उपलब्धिहरूलाई कसरी दैनिक रूपमा समेटिएको र क्रमिक रूपमा विस्तार गरिएको छ ?

(ग) ती सिकाइ उपलब्धि हासिल गराउन के कस्ता क्रियाकलापहरू सुझाइएका छन् ? र ती क्रियाकलापहरू सञ्चालन गर्न के कस्ता सामग्रीहरू प्रयोग गर्न सकिने हुन्छ ?

छलफल गरिसकेपछि प्रशिक्षकले सारांश सिट वा आफ्नो प्रस्तुतिसहित निष्कर्ष दिनुहोस् ।

शब्दभण्डार शिक्षणका क्रियाकलापहरू सहभागीहरूलाई सकेसम्म बढी अभ्यास गराउँदै सहजीकरण गर्नुहोस् ।

क. प्रशिक्षकले पालैपालो सहभागीहरूलाई निम्न प्रश्न गर्दै छलफल गराउनुहोस् :

अहिलेसम्म विद्यालयमा के कसरी शब्दभण्डार शिक्षण गर्दै आउनुभएको छ ? ती तरिकाहरूका सबल पक्षहरू के के होलान् र सुधारात्मक पक्षहरू के के होलान् ?

प्रारम्भिक कक्षा पढाइका सन्दर्भमा शब्दभण्डार शिक्षणलाई कसरी प्रभावकारी बनाउन सकिएला ?

ख. अभ्यास गराउन सकिने शब्द चिनारी सम्बन्धी क्रियाकलापहरूका बारेमा छलफल गराउनुहोस् ।

**शब्दभण्डार शिक्षण नमुना प्रदर्शन**:

४.  शिक्षक निर्देशिका कक्षा ३ को दैनिक नमुना पाठ योजना दिन २५-३० अनुसार सो अन्तर्गतको कुनै एक पाठमा आधारित शब्दभण्डार शिक्षणको नमुना शिक्षण प्रर्दशन गर्नुहोस् ।

- **शब्दभण्डार शिक्षण**

**चरण १**

विद्यार्थीहरूलाई आज शिक्षण गरिने शब्द शब्दपत्तीमा देखाउनुहोस् ।

**शब्दहरू** :

त्यसपछि आज हामी शब्द र अर्थको मिलान गर्ने खेल खेल्दैछौँ भन्नुहोस् । त्यसका लागि पहिले म शब्दपत्तीमा अर्थ देखाउँछु । त्यसपछि दुई शब्द देखाउँछु । जसले पहिले हात उठाउँछ र सही उत्तर दिन्छ त्यो विजयी हुन्छभन्नुहोस ।

**चरण २**

ल अब सुरु गरौँ भन्नुहोस् । कुनै शब्दको अर्थ देखाउनुहोस् । सबैभन्दा पहिले कसले हात उठाउँछ हेर्नुहोस् । हात उठाएको विद्यार्थी चिन्नुहोस् र उसलाई शब्दसूची देखाई कुन शब्द अघि मैले देखाएको अर्थसँग मिल्छ भन्नुहोस् । विद्यार्थीले सही भने “ तिमी पहिलो विजयी” भनी ताली पिटेर र पिट्न लगाएर स्याबासी दिनुहोस् ।

**चरण ३**

त्यसरी नै शब्द पहिचानका लागि खेल विधिको उपयोग गर्नुहोस् र अन्त्यमा शब्द र तिनको अर्थ देखाउँदै सबै शब्दको अर्थ पहिचान गराउनुहोस् ।

**चरण ४**

अर्थ पहिचान गरिसकेपछि शब्दहरू दिई तिनलाई म वाक्यमा यसरी प्रयोग गर्छु तिमीहरू हेर भन्नुहोस् र वाक्यमा प्रयोग गरेर मौखिक रूपमा देखाउनुहोस् ।

**चरण ५**

शिक्षकले पुनः ती शब्दहरू दिई विद्यार्थीहरूलाई आफ्नै वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र आवश्यक अभ्यास, परीक्षणपछि पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**शब्दभण्डार शिक्षणका सूक्ष्म शिक्षण अभ्यास क्रियाकलापहरू:**

सहभागीहरूलाई समूहमा तल दिइएका क्रियाकलापहरू मध्ये शब्द चिनारी सम्बन्धी कुनै एउटा क्रियाकलाप शिक्षक निर्देशिकामा दिइएअनुसार सूक्ष्म शिक्षण अभ्यास गर्न लगाउनुहोस् ।

क.  हिज्जे अभ्यास

ख.  कक्षा १ को मेरो नेपाली किताब पाठ १९ पृष्ठ ५२ का चित्र देखाउँदै अभ्यास (कक्षा १ शिक्षक निर्देशिका दिन १४६)

ग.  आधा वर्णमा आधारित शब्द शिक्षण अभ्यास (शिक्षक निर्देशिका कक्षा २ नमुना पाठ योजना ५७देखि १४४ दिन मा आधारित दैनिक पाठयोजना ५९ को शब्दभण्डार शिक्षण)

घ.  जटिल संरचनामा आधारित शब्द शिक्षण (नमुना पाठयोजना शैक्षणिक दिन १४५ कक्षा २ मा

| | |
|---|---|
| | आधारित भएर दैनिक पाठयोजना १५३ को शब्दभण्डार शिक्षण क्रियाकलाप) |
| ङ. | सन्दर्भका आधारमा अपरिचित शब्दको अर्थ पहिचान र प्रयोग (शिक्षक निर्देशिका कक्षा ३ दिन १८) |
| च. | शब्दभण्डार वृद्धिका लागि तह अनुसारका शब्द पढी अर्थ पहिचान गर्ने र वाक्यमा प्रयोग गर्ने ( शिक्षक निर्देशिका कक्षा ३ दिन ९३) |

**६.२.५ पठन बोध**

सामान्य अर्थमा बोध भनेको बुझाइ हो । बोलिएका कुरा सुनेर र लेखिएका कुरा पढेर अर्थ लगाउन सक्नु नै बोध हो । पढेर बोध गर्नुलाई पठन बोध र सुनेर बोध गर्नुलाई श्रुतिबोध भनिन्छ । औचारिक ध्वनिहरू सुनी त्यसका आधारमा बोध गर्नु श्रुतिबोध हो भने कुनै पनि लिपिबद्ध सामग्रीलाई आँखा र मस्तिष्कको सहायताले हेरेर र पढेर बोध गर्नु पठन बोध हो । यसैले बोध पठन र श्रुति दुवै तरिकाबाट हुन्छ ।

नबुझीकन पठनको गति मात्र बढाइयो भने त्यो पठन जीवन्त हुँदैन, यान्त्रिक हुन्छ । यस्तो बुझाइबिनाको पठन निरर्थक हुन्छ । त्यसैले बालबालिकाका लागि पठन बोधको क्षमता विकास गराउन आवश्यक हुन्छ । पठनको गतिसँगसँगै बुझाइको गतिलाई पनि समेट्न जरुरी हुन्छ । प्रारम्भिक तहका कक्षाहरूमा पठन बोधका कार्यकलापहरू गराउँदा सस्वर पठनका कार्यकलापहरूमा बढी जोड दिई सिकाइ सहजीकरण कार्यकलाप गराउनु उपयुक्त हुन्छ । पठन बोधका लागि उच्चारण अभ्यास, प्रश्नोत्तर, पूर्वानुमान, पढेका कुराहरूको अनुभव आदान प्रदान आदि गराउन आवश्यक हुन्छ ।

पठन बोध भनेको पढेका कुरा बुझ्नु हो । पढेका कुरालाई अर्थ लगाउन सक्नु हो । पठन बोध एउटा सोचाइ प्रक्रिया हो, जसमा कुनै पाठक वा स्रोताले सुनेका कुरा वा पढेको पाठसित अन्तरक्रिया गरी खास अर्थ निकाल्छन् । यो एक जटिल प्रक्रिया पनि हो । पठन बोधको प्रमुख अभिप्राय: भनेको हेरेर, बुझेर र पाएको ज्ञानलाई प्रयोग गरेर केही नयाँ कुरा प्राप्त गर्नु र अर्थ निकाल्नु हो ।पठन बोधबाट अन्तर्दृष्टिको विकास पनि गरिन्छ । त्यसैले पठन बोध भनेको पढेका कुरा जस्ताको त्यस्तै दोहोऱ्याएर भन्ने मात्र होइन, बरु पढेपछि त्यसबाट अर्थ ग्रहण गर्ने र नयाँ ज्ञान निर्माण गर्ने कुरा हो ।

पाठबाट अर्थको बोध गर्ने प्रक्रियालाई बोध भनिन्छ । बोधअन्तर्गत पूर्वज्ञान, शब्दभण्डारको ज्ञान, धारणा, सूचना तथा स्वअनुभवसँग विचारलाई जोड्ने विषयहरू आउँछन् । बोधले पाठलाई कसरी बुझ्ने भन्ने कुरामा सक्षम बनाउँछ । सुनेर र पढेर कुनै विषय, बुझ्ने, त्यसका बारेमा प्रतिक्रिया दिन सक्षम बनाउने काम बोध सिकाइका क्रममा हुन्छ । बोध नै सिकाइको सार हो ।

- पढाइको प्रमुख अभिप्राय: नै पठन बोध हो ।
- यसले पढिने पाठसित अन्तरक्रिया गर्न र त्यसबाट ज्ञान बढाउन सक्षम बनाउँछ ।
- पूर्वज्ञान र पढाइपछि हासिल गरेको ज्ञानको अन्तर पहिचान गर्न सक्षम बनाउँछ ।
- थप प्रश्नहरू गर्न, जिज्ञासा व्यक्त गर्न र खोजी गर्न सक्षम बनाउँछ ।
- जानेका ज्ञान सिपलाई अरू समक्ष हस्तान्तरण गर्न सक्षम बनाउँछ ।
- पढाइ सिपलाई प्रदानात्मक सिपका रूपमा रूपान्तरण गर्न सक्षम बनाउँछ । (पढाइलाई आदानात्मक

सिपका रूपमा लिइने भएकाले)

**पठन बोधका प्रकारहरू**

- **शाब्दिक बुझाइ**(Literal comprehension)
  - यो आधारभूत प्रकारको बुझाइ हो । यसमा पढाइ सामग्रीमा भएका तथ्यपरक कुराहरू, जस्तै : मानिसका नाम, स्थानको नाम आदि पढिसकेपछि तिनलाई स्मरण गर्ने काम हुन्छ ।
- **अनुमानित बुझाइ**(Inferential comprehention)
  - यसमा कुनै पाठ्य सामग्री पढिसकेपछि त्यसमा आधारित भई अर्थ  निर्माण गरिन्छ ।

**पढाइ बोधका केही अवयतात्मक सक्षमताहरू**

एउटा पाठकले आफूले पढेको कुनै पनि कुरा कतिको  बोध गरेको छ वा बुझेको छ भन्ने कुरा विभिन्न अवयवहरूका आधारमा बुझ्न सकिन्छ । उसको बोधको मापन गर्न सकिने केही अवयवहरू निम्न लिखित छन् :

- ✓ पठन प्रवाह र पठन गति
- ✓ स्वस्फूर्तता र शीघ्र शब्द पहिचान
- ✓ खोजी प्रक्रिया
- ✓ शब्दभण्डार
- ✓ संरचनात्मक ज्ञान
- ✓ पाठ्य संरचनाको सचेतना र कथ्य सङ्गठन
- ✓ वास्तविक वस्तु र घटना विवरणको सम्झाइ
- ✓ पाठ्यवस्तुको पूर्वानुमान
- ✓ रणनैतिक प्रक्रिया क्षमता
- ✓ संश्लेषणात्मक सिप
- ✓ मूल्याङ्कन र समालोचनात्मक पढाइ

अनुगमन, विश्लेषण र अनुसन्धानबाट बोधहुने विषय र क्षेत्रलाई माथिल्ला कक्षामा मात्र प्रयोग गर्नु राम्रो हुन्छ ।

### ६.२.५.१ कक्षा १ देखि ३ का बोधका कक्षागत सिकाइ उपलब्धि तथा क्षेत्र र क्रम

| कक्षा १ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **२ हप्ता** | **१ हप्ता** | **६ हप्ता** | **१४ हप्ता** | **३ हप्ता** | **१ हप्ता** | **१ हप्ता** | **१ हप्ता** | **१ हप्ता** |
| कुराकानी/छलफल र प्रश्नोत्तर<br>१. मौखिक वर्णन<br>२. अनुमान<br>३. प्रश्नोत्तर( छ/छैन, हो/होइन, भयो/भएन लगायत) | कुराकानी/ छलफल र प्रश्नोत्तर<br>१. मौखिक वर्णन<br>२. अनुमान<br>३. प्रश्नोत्तर (छ/छैन, हो/होइन, भयो/भएन, के, कति, कसरी लगायत) | मौखिक तथा लिखित<br>१. मौखिक वर्णन ( वस्तु घटना, तथ्य, तथ्याङ्क, परिवेश लगायत)<br>२. अनुमान<br>३. पठन (शब्द, चित्र, वाक्य, अनुच्छेद र पाठ)<br>४. प्रश्नोत्तर (छ/छैन, हो/होइन, भयो/भएन, के, कति, कसरी लगायत)<br>५. अभिव्यक्ति | मौखिक तथा लिखित<br>१. मौखिक वर्णन ( वस्तु घटना, तथ्य, तथ्याङ्क, परिवेश लगायत)<br>२. अनुमान<br>३. पठन (शब्द, चित्र, वाक्य, अनुच्छेद र पाठ)<br>४. प्रश्नोत्तर (छ/छैन, हो/होइन, भयो/भएन, के, कति, लगायत)<br>५. अभिव्यक्ति | मौखिक तथा लिखित<br>१. मौखिक वर्णन ( वस्तु घटना, तथ्य, तथ्याङ्क, परिवेश लगायत)<br>२. अनुमान<br>३. पठन (शब्द, चित्र, वाक्य, अनुच्छेद र पाठ)<br>४. प्रश्नोत्तर (छ/छैन, हो/होइन, भयो/भएन, के, कति, लगायत)<br>५. अभिव्यक्ति | मौखिक तथा लिखित<br>१. मौखिक वर्णन ( वस्तु घटना, तथ्य, तथ्याङ्क, परिवेश लगायत)<br>२. अनुमान<br>३. पठन (शब्द, चित्र, वाक्य, अनुच्छेद र पाठ)<br>४. प्रश्नोत्तर (छ/छैन, हो/होइन, भयो/भएन, के, कति, किन, कसरी लगायत)<br>५. अभिव्यक्ति | मौखिक तथा लिखित<br>१. मौखिक वर्णन (वस्तु घटना, तथ्य, तथ्याङ्क, परिवेश लगायत)<br>२. अनुमान<br>३. पठन (शब्द, चित्र, वाक्य, अनुच्छेद र पाठ)<br>४. प्रश्नोत्तर (छ/छैन, हो/होइन, भयो/भएन, के, कति, किन, कसरी लगायत)<br>५. अभिव्यक्ति | मौखिक तथा लिखित<br>१. मौखिक वर्णन ( वस्तु घटना, तथ्य, तथ्याङ्क, परिवेश लगायत)<br>२. अनुमान<br>३. पठन (शब्द, चित्र, वाक्य, अनुच्छेद र पाठ)<br>४. प्रश्नोत्तर (छ/छैन, हो/होइन, भयो/भएन लगायत के, कति, लगायत किन, कसरी लगायत)<br>५. अभिव्यक्ति | मौखिक तथा लिखित<br>१. मौखिक वर्णन ( वस्तु घटना, तथ्य, तथ्याङ्क, परिवेश लगायत)<br>२. अनुमान<br>३. पठन (शब्द, चित्र, वाक्य, अनुच्छेद र पाठ)<br>४. प्रश्नोत्तर (छ/छैन, हो/होइन, भयो/भएन लगायत के, कति, लगायत किन, कसरी लगायत)<br>५. अभिव्यक्ति |

| कक्षा २ | | | | | |
|---|---|---|---|---|---|
| **कक्षा १ को पुनरावृत्ति** | **पहिलो ८ हप्ता** | **३ हप्तासम्म** | **५ हप्तासम्म** | **६ हप्तासम्म** | **प्रत्ययपरक ७** |
| मौखिक तथा लिखित<br>१. मौखिक वर्णन (वस्तु घटना, तथ्य, तथ्याङ्क, परिवेशलगायत)<br>२. अनुमान<br>३. पठन (शब्द, चित्र, वाक्य, अनुच्छेद र पाठ)<br>४. प्रश्नोत्तर (छ/छैन, हो/होइन, भयो/भएन , के, कति, किन, कसरी लगायत)<br>५. अभिव्यक्ति | १. पूर्वअनुमान<br>२.शीर्षक, चित्रका आधारमा पूर्वानुमान,<br>३.पूर्व ज्ञानका आधारमा पूर्वानुमान<br>४.पदावली र वाक्यका आधारमा पूर्वानुमान<br>५.पाठका पछिल्ला घटनाका आधारमा)<br>२. भाववोध र स्वमूल्याङ्कन<br>३. संरचना पहिचान<br>४. प्रश्नोत्तर(मौखिक र लिखित)<br>५. मौखिक र लिखित अभिव्यक्ति<br>६. चरित्र र घटना पहिचान<br>७. कथा, परिवेश र | सुनाइ तथा बोलाइ<br>१. पूर्वज्ञान/अनुमान/ स्वअनुभव क्रियाकलाप –<br>चित्र वा सन्दर्भ/ प्रसङ्गमा आधारित सान्दर्भिक पाठ<br>२. पठन र स्वमूल्याङ्कन (शब्द, चित्र, वाक्य, अनुच्छेद र पाठ) –<br>पठन प्रवाहमा प्रयोग भएको नमुना पाठ<br>३. संरचना पहिचान ( आदि, मध्य र अन्त्य)<br>४. चरित्र, घटना र परिवेशको पहिचान<br>५. चरित्र, घटना र परिवेशको चित्र निर्माण | सुनाइ तथा बोलाइ<br>१. पूर्वज्ञान/अनुमान/ स्वअनुभव क्रियाकलाप –<br>चित्र वा सन्दर्भ/ प्रसङ्गमा आधारित सान्दर्भिक पाठ<br>२. पठन र स्वमूल्याङ्कन (शब्द, चित्र, वाक्य, अनुच्छेद र पाठ) –<br>पठन प्रवाहमा प्रयोग भएको नमुना पाठ<br>३. संरचना पहिचान ( आदि, मध्य र अन्त्य)<br>४. चरित्र, घटना र परिवेशको पहिचान<br>५. चरित्र, घटना र परिवेशको चित्र | सुनाइ तथा बोलाइ<br>१. पूर्वज्ञान/अनुमान/ स्वअनुभव क्रियाकलाप –<br>चित्र वा सन्दर्भ/ प्रसङ्गमा आधारित सान्दर्भिक पाठ<br>२. पठन र स्वमूल्याङ्कन ( शब्द, चित्र, वाक्य, अनुच्छेद र पाठ) –<br>पठन प्रवाहमा प्रयोग भएको नमुना पाठ<br>३. संरचना पहिचान (आदि, मध्य र अन्त्य)<br>४. चरित्र, घटना र परिवेशको पहिचान<br>५. चरित्र, घटना र परिवेशको चित्र | १. पूर्वज्ञान/अनुमान/ स्वअनुभव क्रियाकलाप –<br>चित्र वा सन्दर्भ/ प्रसङ्गमा आधारित सान्दर्भिक पाठ<br>२. पठन र स्वमूल्याङ्कन (शब्द, चित्र, वाक्य, अनुच्छेद र पाठ) –<br>पठन प्रवाहमा प्रयोग भएको नमुना पाठ<br>३. संरचना पहिचान (आदि, मध्य र अन्त्य)<br>४. चरित्र, घटना र परिवेशको पहिचान<br>५. चरित्र, घटना र परिवेशको चित्र निर्माण<br>६. अभिव्यक्ति –<br>सिकाइको मौखिक र लिखित प्रस्तुति |

| कक्षा ३ | | | | | | |
|---|---|---|---|---|---|---|
| **कक्षा २ को पुनरावृत्ति २ हप्ता** | **४ हप्ता** | **१ हप्ता** | **१ हप्ता** | **३ हप्ता** | **५ हप्ता** | **५ हप्ता** |
| सुनाइ तथा बोलाई<br>१.पूर्वज्ञान/अनुमान/ स्वअनुभव क्रियाकलाप –<br>चित्र वा सन्दर्भ/ प्रसङ्गमा आधारित सान्दर्भिक पाठ<br>२.पठन र स्वमूल्याङ्कन (शब्द, चित्र, वाक्य, अनुच्छेद र पाठ)– पठन प्रवाहमा प्रयोग भएको नमुना पाठ<br>३.संरचना पहिचान ( आदि, मध्य र अन्त्य)<br>४.चरित्र, घटना र परिवेशको पहिचान<br>५.चरित्र, घटना र परिवेशको चित्र निर्माण<br>६. अभिव्यक्ति– सिकाइको मौखिक र लिखित प्रस्तुति | १. पूर्वअनुमान<br>२.शीर्षक, चित्रका आधारमा पूर्वानुमान,<br>३.पूर्व ज्ञानका आधारमा पूर्वानुमान<br>४.पदावली र वाक्यका आधारमा पूर्वानुमान<br>५.पाठका पछिल्ला घटनाका आधारमा)<br>२. भाववोध र स्वमूल्याङ्कन<br>३. संरचना वर्णन<br>४. प्रश्नोत्तर(मौखिक र लिखित)<br>५. मौखिक र लिखित अभिव्यक्ति<br>६. चरित्र र घटना वर्णन<br>७. कथाको परिवेश र घटनाको चित्र निर्माण<br>८. सोधपुछ, कुराकानी, छलफल, वर्णन<br>९. सूचना विवरण, पोस्टर | १. पूर्वअनुमान<br>२.शीर्षक, चित्रका आधारमा पूर्वानुमान,<br>३.पूर्व ज्ञानका आधारमा पूर्वानुमान<br>४.पदावली र वाक्यका आधारमा पूर्वानुमान<br>५.पाठका पछिल्ला घटनाका आधारमा)<br>२. भाववोध र स्वमूल्याङ्कन<br>३. संरचना पहिचान<br>४. प्रश्नोत्तर(मौखिक र लिखित)<br>५. मौखिक र लिखित अभिव्यक्ति<br>६. चरित्र र घटना पहिचान<br>७. कथा, परिवेश र घटनाको चित्र निर्माण | १. पूर्वअनुमान<br>२.शीर्षक, चित्रका आधारमा पूर्वानुमान,<br>३.पूर्व ज्ञानका आधारमा पूर्वानुमान<br>४.पदावली र वाक्यका आधारमा पूर्वानुमान<br>५.पाठका पछिल्ला घटनाका आधारमा)<br>२. भाववोध र स्वमूल्याङ्कन<br>३. संरचना पहिचान<br>४. प्रश्नोत्तर( मौखिक र लिखित)<br>५. मौखिक र लिखित अभिव्यक्ति<br>६. चरित्र र घटना | १. पूर्वअनुमान<br>२.शीर्षक, चित्रका आधारमा पूर्वानुमान,<br>३.पूर्व ज्ञानका आधारमा पूर्वानुमान<br>४.पदावली र वाक्यका आधारमा पूर्वानुमान<br>५.पाठका पछिल्ला घटनाका आधारमा)<br>२. भाववोध र स्वमूल्याङ्कन<br>३. संरचना पहिचान<br>४. प्रश्नोत्तर( मौखिक र लिखित)<br>५. मौखिक र लिखित अभिव्यक्ति<br>६. चरित्र र घटना | सुनाइ तथा बोलाइ<br>१.<br>पूर्वज्ञान/अनुमान/ स्वअनुभव क्रियाकलाप –<br>चित्र वा सन्दर्भ/ प्रसङ्गमा आधारित सान्दर्भिक पाठ<br>२. पठन र स्वमूल्याङ्कन (शब्द, चित्र, वाक्य, अनुच्छेद र पाठ) – पठन प्रवाहमा प्रयोग भएको नमुना पाठ<br>३. संरचना पहिचान (आदि, मध्य र अन्त्य)<br>४. चरित्र, घटना र परिवेशको पहिचान<br>५. चरित्र, घटना र परिवेशको चित्र | सुनाइ तथा बोलाइ<br>१.<br>पूर्वज्ञान/अनुमान/ स्वअनुभव क्रियाकलाप –<br>चित्र वा सन्दर्भ/ प्रसङ्गमा आधारित सान्दर्भिक पाठ<br>२. पठन र स्वमूल्याङ्कन (शब्द, चित्र, वाक्य, अनुच्छेद र पाठ) –<br>पठन प्रवाहमा प्रयोग भएको नमुना पाठ<br>३. संरचना पहिचान (आदि, मध्य र अन्त्य)<br>४. चरित्र, घटना र परिवेशको पहिचान<br>५. चरित्र, घटना र परिवेशको चित्र |

### ६.२.५.२ सामग्रीहरू

**पठन बोधका लागि प्रयोग गर्न सकिने सामग्रीहरूको सूची र प्रयोग विधि**

| क्र.स. | सामग्रीहरू | प्रयोग विधि |
|---|---|---|
| १ | वर्ण तथा अक्षर पत्ती तथा शब्द | तहगत बोध गराउन विद्यालयमा यी सामग्रीहरूको प्रयोग गर्न जरुरी हुन्छ । वर्णबाट अर्थ युक्त शब्द र शब्दबाट वाक्य बनाएर ज्ञान गराउन साना कक्षामा प्रयोग गर्नुपर्छ । |
| २ | झ्यालेपत्ती (Window Cards) | स्वर र व्यञ्जन वर्णलाई जोड्न र छुट्याउन, अक्षर र ध्वनिको सङ्केत रूप चिनारी गर्न, बाहृखरी अक्षर परिचय गराउन तथा मात्रा शिक्षणका बोध गराउन लागि झ्यालेपत्तीको प्रयोग उपयोगी हुनसक्छ । |
| ३ | डिकोडेबल किताब (म्भअयमबदभि ड्ययप) | विद्यार्थीहरूमा पढिसकेका वर्ण र शब्दबाट ठिक उच्चारण गर्दै पठन वेग तथा बोध अभ्यासका लागि उपयोग गर्न सकिन्छ । |
| ४ | मेरो नेपाली किताब | चित्र बोध, अनुमान क्रियालाप (जस्तै चित्र देखाएर चिन र भन पाठ १ कक्षा १) आदिका लागि प्रयोग गर्न सकिन्छ । |
| ५ | ठुलो किताब | सचित्र पठन तथा बोध, अनुमान, श्रृतिबोध गरी सामाजिक, चारित्रिक, नैतिक अभ्यासका लागि प्रयोग गर्न सकिन्छ । |
| ६ | कथाका किताब | कथा बोध, गरी स्वतन्त्र पढाइ र सामाजिक, चारित्रिक, नैतिक अभ्यासका लागि प्रयोग गर्दै प्रश्न उत्तर, खोज आदि विधि प्रयोग गर्दै सिकाउन सकिन्छ । |
| ७ | अभ्यास पुस्तिका | पढाइका पाँच तत्त्वहरूको सिकाइलाई सवलीकरण गर्न र लेखाइ सिप विकास गर्ने मेरुदण्डको रूपमा अभ्यास पुस्तिकालाई लिइएको छ तर यस अभ्यास पुस्तिकामा पठन प्रवाह तथा बोधका क्रियाकलाप समेतलाई क्रमिक सिकाइ विधिको अवधारणा प्रयोग गरी बालबालिकालई सिकाउने र अपेक्षित उपलब्धि हासिल गर्न पठन बोधको सामग्रीको रूपमा लिइएको छ । |

प्रारम्भिक पठन कार्यक्रमसँग सम्बन्धित यी सामग्रीहरू बालबालिकाहरूमा आधारभूत पढाइ सिप विकासका लागि तयार गरिएका सामग्रीहरू हुन् । यी सामग्रीहरूलाई कक्षाकोठामा बालबालिकाहरूको पठन सिप विकासका लागि पाठ्यक्रमले निर्धारण गरका सिकाइ उपलब्धि हासिल गराउन सहजीकरण गर्ने अभिप्रायका लागि प्रयोग गरिन्छन् । यी सामग्रीका अलावा शिक्षक आफैँले निर्माण तथा सङ्कलन गरेका सामग्रीहरूलाई समेत शिक्षकले पठन सिप अन्तर्गतका तत्त्वहरूको प्रभावकारी शिक्षणका लागि प्रयोग गर्न सक्छन् । साथै सामग्रीको नवीनतम प्रयोग शिक्षकको पेसागत क्षमता पनि हो ।

#### ६.२.५.३ शैक्षणिक क्रियाकलापहरू

पठन बोध शिक्षण सिकाइको एक महत्त्वपूर्ण पक्ष हो । यसको शिक्षणका लागि सिकाइ सहजीकरणका चरणगत क्रियाकलापहरू शिक्षकले अनुसरण गर्नु आवश्यक छ । पठन बोधसँग सम्बन्धित केही शैक्षणिक क्रियाकलापहरू यहाँ प्रस्तुत गरिएका छन् :

- पढाइ अघि तथा पढाइ अवधिका क्रियाकलापहरू, जस्तै : शीर्षकका बारेमा विद्यार्थीले पहिले नै जानी बुझिसकेका कुराहरूका बारेमा छलफल गरी अनुमान गर्न लगाउनुहोस् ।
- पढाइपछिका क्रियाकलापहरू, जस्तै : तथ्यपरक उत्तर आउने मौखिक वा लिखित प्रश्नहरू गर्नुहोस् र अपेक्षित सिकाइ उपलब्धि हासिल भए नभएको परीक्षण गरी पृष्ठपोषण दिनुहोस् ।
- शिक्षकले पाठ्यपुस्तक वा कथापत्तीबाट एउटा कथा पढी मौखिक प्रश्नोत्तर गर्नुहोस् ।
- शिक्षकले कथा भन्नुहोस् । त्यसका आधारमा बोर्डमा प्रश्नहरू लेखी विद्यार्थीहरूलाई मौखिक उत्तर दिन लगाउनुहोस् । शिक्षकले कथा भनी त्यसमा आधारित प्रश्न बोर्डमा लेख्नुहोस् । बालबालिकासँग उत्तर के होला भनी छलफल गर्नुहोस् । छलफलबाट आएका उत्तर शिक्षकले बोर्डमा लेखिदिनुहोस् र विद्यार्थीहरूलाई पढ्न लगाउनुहोस् ।
- शिक्षकले विद्यार्थीहरूलाई कथा सुनाउनुहोस् र विद्यार्थीलाई सारांश भन्न लगाउनुहोस् ।
- शिक्षकले मौखिक रूपमा कथा भनी विद्यार्थीहरूलाई सुन्न लगाउनुहोस् । विद्यार्थीबाट उत्तर लिनुहोस् ।
- शिक्षकले कथा भन्नुहोस् वा पाठ पढ्नुहोस् र विद्यार्थीलाई सम्झेर उत्तर दिन लगाउनुहोस् ।
- शिक्षकले कथा भन्नुहोस् वा पाठ पढ्नुहोस् र विद्यार्थीलाई छोटो उत्तर आउने प्रश्नहरू गर्नुहोस् ।
- शिक्षकले कथा भन्नुहोस् वा पाठ पढ्नुहोस् र विद्यार्थीलाई बुझेरमात्र उत्तर दिन सक्ने प्रश्नहरू गर्नुहोस्, जस्तै : कति फरक छ, के फाइदा हुन्छ, ठिक बेठिक, गर्न हुने कि नहुने कुरा हो, आदि ।
- शिक्षकले कथा भन्नुहोस् वा पढ्नुहोस् र विद्यार्थीलाई विश्लेषण गरेर मात्र उत्तर दिन सकिने प्रश्नहरू गर्नुहोस्, जस्तै : कतिले फरक छ, के के कुराहरू मिल्दाजुल्दा छन्, के के समान छन्, कुन घटी कुन बढी हो, तुलना गर, आदि ।
- शिक्षकले विद्यार्थीलाई पाठ पढ्न दिनुहोस् र विवेचनात्मक उत्तर दिन लगाउनुहोस् । (माथिल्ला कक्षामा)
- विद्यार्थीलाई कुनै पाठ पढ्न दिनुहोस् र त्यसको सारांश वा निष्कर्ष दिन लगाउनुहोस् । (माथिल्ला कक्षामा)
- विद्यार्थीलाई कुनै पाठ पढ्न दिनुहोस् र आफ्नो भाषामा फेरि उत्तरदिन लगाउनुहोस् । (माथिल्ला कक्षामा)

**वर्कसिटमा आधारित केही अभ्यासहरू**

क. **पढ र क्रम मिलाऊ** :कुनै कथा, कविता वा पाठ पढ्न लगाउनुहोस्। पढेका पाठका आधारमा चित्र वा वस्तु वा घटना वा शब्दलाई क्रम मिलाएर राख्न, नम्बर दिन, लेख्न लगाउनुहोस्।शिक्षकले पहिले उदाहरण दिनुहोस् ।

ख. **ठिक बेठिक वा सही वा गलत छुट्ट्याऊ** :कुनै कथा, कविता वा पाठ पढ्न लगाउनुहोस् । पढेका पाठका आधारमा शिक्षकले केही भनाइहरू भनेर सुनाउनुहोस् वा बोर्डमा देखाउनुहोस् वा वर्कसिटमा

दिनुहोस् । विद्यार्थीलाई ठिक बेठिक वा सही वा गलत भनेर वा कापीमा चिनो लगाएर ठिक बेठिक छुट्याउन लगाउनुहोस् ।

**प्रशिक्षक निर्देशन**

**प्रशिक्षण क्रियाकलाप**

१. **वार्म-अप क्रियाकलाप** :बारम्बार प्रयोगमा आइरहने लगभग १० ओटा सरल शब्दहरूको सूची चार्टमा देखाउनुहोस् र पढ्न लगाउनुहोस् (जस्तै : पानी, भीर, चिनी, किताब, डटपेन, पहाड, बाटो, कापी, चिया, तराई आदि) । त्यसपछि चार्ट हटाई सम्झनाका आधारमा पढेका शब्दहरू भन्न लगाउनुहोस् । त्यसपछि नयाँ र नौला लाग्ने १० ओटा शब्दहरूको सूची भएको चार्ट प्रदर्शन गर्नुहोस् र पढ्न लगाउनुहोस् (जस्तै: तर्क, निष्कर्ष, निगम, विवाद, सहमति, मामिला, संस्थान, सल्लाह, निकाय) । फेरि चार्ट हटाएर अहिले पढिएका शब्दहरू भन्न निर्देशन दिनुहोस् । त्यसपछि कुन चार्टका शब्दहरू सम्झन बढी सजिलो भयो भनी प्रश्न गर्नुहोस् । कारणहरू सोध्नुहोस् र बोर्डमा टिप्नुहोस् ।

| **पहिलो सूची** | **दोस्रो सूची** |
|---|---|
| | |

यस अभ्यासलाई पठन बोधको प्रसङ्गसित जोड्दै पूर्वज्ञानमा आधारित र नयाँ ज्ञानमा आधारित विषय वस्तु बोधमा किन फरक भयो छलफल गरी पठन बोधका लागि विषय वस्तुहरूलाई कसरी प्रस्तुत गर्नुपर्ने रहेछ भनी प्रश्न गर्नुहोस् । सहभागीहरूबाट आएका निष्कर्षलाई समेटी सत्र अगाडि बढाउनुहोस् ।

२. पठनबोधको परिचय, आवश्यकता र महत्त्वको सन्दर्भमा छलफल, उदाहरण, अभ्यास वा अन्य विधि मार्फत स्पष्ट पार्नुहोस् ।

३. पठन बोध सम्बन्धी क्षेत्र र क्रम, क्रियाकलाप, शैक्षणिक चरण र सामग्री प्रयोगका पहिचानका लागि सहभागीहरूलाई सुविधा अनुसार ४ वा ५ समूहमा विभाजन गरी पठन बोध सम्बन्धी कक्षा १, २ र ३ का क्षेत्र र क्रम, सिकाइ उद्देश्यको कार्यपत्र, क्रियाकलाप तथा शिक्षण विधिको पाठपत्र, शिक्षक निर्देशिका र विद्यार्थी अभ्यास पुस्तिका प्रदान गर्नुहोस् । दिइएका सामग्रीहरू अध्ययन गरी समूहगत रूपमा प्रारम्भिक कक्षामा क्षेत्र र क्रमले समेटेका विषय वस्तुहरू, तिनीहरूको क्रम, तोकिएका सिकाइ उद्देश्यहरू, निर्दिष्ट क्रियाकलापहरू, क्रियाकलाप सञ्चालनका चरणहरू र सामग्री प्रयोग सम्बन्धी मुख्य मुख्य बुँदाहरू टिपोट गरी आआफ्नो समूहमा प्रस्तुत गर्न लगाउनुहोस् ।

| **समूह** | **क्षेत्रहरू** | **मुख्य बुँदाहरू** |
|---|---|---|
| १ | क्षेत्र र क्रम | |
| २ | सिकाइ उद्देश्य | |
| ३ | शैक्षिक क्रियाकलाप | |
| ४ | शैक्षणिक चरणहरू | |

सबै समूहले आफ्नो विचार प्रस्तुत गरिसकेपछि प्रशिक्षकले आफ्नो निष्कर्ष सुनाउनुहोस् ।

**४. पठन बोधका क्रियाकलापहरूको नमुना शिक्षण तथा अभ्यास मार्फत सहजीकरण गर्नुहोस् ।**

**पठन बोधनमुनाः**

सहभागीहरूलाई स्तर मिल्दो छोटो कथा दिई निश्चित समयमा पढ्न लगाउनुहोस् । त्यसपछि तल दिइएको पहिलो प्रश्नको उत्तर आफूले खोजेर देखाउनुहोस्, दोस्रो प्रश्नको उत्तर प्रशिक्षक र सहभागी सँगै मिलेर खोज्ने र तेस्रो प्रश्नको उत्तर सहभागीलाई व्यक्तिगत रूपमा खोज्न लगाउनुहोस् । शिक्षण निर्देशिकामा दिइएको शिक्षण विधिको प्रयोग गर्न सिकाउनुहोस् ।

भारदह गाउँमा एक जना गरिब मानिस बस्थे । एक दिन उनको थोरै खेत पनि बाढीले बगायो । त्यसपछि उनी धेरै चिन्तित भए । एक दिन उनको घरकै बाटो हुँदै एकजना मानिस अर्को गाउँतिर गइरहेका थिए । उनले त्यो गरिब मानिसको बिलौना सुने । उनले गरिब मानिसलाई आफ्नो खेत कमाउन दिने भए । सुरक्षाको लागि खेतमा घेराबार पनि लगाइदिए । बारको सुरक्षाले गाईवस्तु नपस्ने हुँदा त्यहाँ प्रशस्त धान फल्यो । सागपात र तरकारी पनि उब्जे । तिनै भलादमीको सहयोगले उनले उब्जिएको सामानलाई बजारमा लगी बिक्री गरे । उनले खुसीसाथ जीवन बिताउन थाले ।

**प्रश्नहरूः**

(क) गरिब मानिस कहाँ बस्थे ?

(ख) गरिब मानिसलाई के आपत आयो ?

(ग) खेतमा किन बार लगाइयो ?

यसरी प्रश्नहरूको उत्तर खोज्न सिकाउने सिप क्रमिक रूपमा बोध शिक्षणमा अवलम्बन गर्नुपर्छ ।

**बोध**

**१५ देखि २० मिनेट**

यसमा बालबालिकाले ध्यानपूर्वक शिक्षकले गरेको नमुना पाठ पठन र प्रश्नको उत्तर पत्ता लगाउने तरिका अवलोकन गर्ने छन् । यो अभ्यास तलको प्रक्रियाअनुसार गराउनुहोस् :

**म गर्छु (शिक्षक)**

अब हामी ...छ/हो वा छैन/होइन' प्रश्नको उत्तर खोज्ने तरिकाबारे छलफल गर्ने छौँ भन्नुहोस् । शिक्षकले कथा आफूले पुनः पढ्ने र पाठ पढिसकेपछि कुनै एउटा छ/हो वा छैन/होइन प्रश्नको उत्तर खोजेर देखाउनुहोस् । अब शिक्षकले पाठ पढ्नुहोस् । पाठ पढिसकेपछि, कुनै एउटा छ/हो वा छैन/होइन सम्बन्धी प्रश्न भन्नुहोस् । यो प्रश्नमा छ/हो वा छैन/होइन भनेको छ त्यसैले यो प्रश्नको उत्तर कि त छ/हो हुन्छ कि त छैन/होइन हुन्छ भनी बताउनुहोस् । अब म प्रश्नको सही उत्तर पत्ता लगाउन पुनः पाठलाई पढ्नेछु र प्रश्नको उत्तर भेटाएपछि पाठ पढ्न रोक्नेछु भन्नुहोस् । पाठ पढी प्रश्नको उत्तर आएमा पठन रोक्नुहोस् र उत्तर भन्नुहोस् ।

**हामी गर्छौँ (शिक्षक र विद्यार्थी)**

यसमा बालबालिकाले शिक्षक सँगसँगै प्रश्नको उत्तर पत्ता लगाउने तरिकाको अभ्यास गर्नेछन् । यो अभ्यास तलको प्रक्रियाअनुसार गराउनुहोस् :शिक्षकले कुनै एउटा छ/हो वा छैन/होइन प्रश्न भन्नुहोस् । अब शिक्षक तथा विद्यार्थी दुवैले यो प्रश्नको उत्तरसँगै पत्ता लगाउने कुरा बताउनुहोस् । विद्यार्थीहरूसँग प्रश्नको सही उत्तर खोज्ने उपायहरूका बारेमा छलफल गर्नुहोस् (शिक्षकद्वारा नमुना प्रदर्शनमा

दिइएअनुरूप) । अब शिक्षकले पाठ पढ्नुहोस् । प्रश्नको उत्तर आएमा पठन रोकी प्रश्नको उत्तर भन्नुहोस् र विद्यार्थीलाई पनि भन्न लगाउनुहोस् ।

**तिमी गर (विद्यार्थी)**

यसमा बालबालिकाले स्वयम् प्रश्नको उत्तरपत्ता लगाउने तरिका अभ्यास गर्ने छन् । यस अभ्यासलाई तलको प्रक्रियाअनुसार गराउनुहोस् । शिक्षकले कुनै एउटा छ/हो वा छैन/होइन सम्बन्धी प्रश्न भन्नुहोस् । अब, विद्यार्थी आफैँले यो प्रश्नको उत्तरपत्ता लगाउने कुरा बताउनुहोस् । विद्यार्थीहरूसँग प्रश्नको सही उत्तर (शिक्षकद्वारा नमुना प्रदर्शनमा दिइएअनुरूप) खोज्ने उपायहरू सोध्नुहोस् । अब शिक्षकले पाठ पढ्नुहोस् र प्रश्नको उत्तर आएमा पठन रोकी प्रश्नको उत्तर विद्यार्थीलाई भन्न लगाउनुहोस् ।

**अनुमान समीक्षा**

कथा पठन पूर्व गरिएका सम्पूर्ण अनुमानहरू मिले नमिलेको एक एक गर्दै विद्यार्थीहरूसँग समीक्षा गर्नुहोस् ।

कथालाई स्वअनुभवसँग जोड्ने : तिमीलाई कथा कस्तो लाग्यो भनी विद्यार्थीलाई सोध्नुहोस् ।

### ६.२.६ लेखाइ

लेख्य सङ्केतद्वारा विषयवस्तुलाई प्रस्तुत गर्नु लेखाइ हो । लेखाइ र पढाइ एक आपसमा सम्बन्धित छन् । लेख्यवर्ण सचेतीकरणमा भाषा सङ्केत र उच्चार्य ध्वनिको सम्बन्धलाई प्रस्तुत गरिन्छ भने लेखाइमा अनुलेखन, चित्र वर्णन, श्रुति लेखन तथा स्वतन्त्र लेखनका क्रियाकलापहरू गराइन्छ । लेखाइका सम्बन्धमा निम्नानुसारका पक्षमा ध्यान दिन जरुरी हुन्छ । लेखाइ सञ्चारको महत्त्वपूर्ण अङ्ग हो । यसमा मानक भाषाको प्रयोगलाई विशेष जोड दिइन्छ । यो स्थायी प्रकृतिको हुन्छ । यसर्थ लेखाइका माध्यमबाट सूचना, सन्देशलगायतका पक्ष व्यक्तिगत, समूहगत हुँदै सघन रूपमा जनसमुदाय समक्ष लैजान सकिने हुन्छ ।

प्रारम्भिक तहमा राम्ररी पढ्न र लेख्न नसिकेका बालबालिकाको पछिसम्मकै समग्र शैक्षिक उपलब्धि कमजोर रहन्छ । यसले गर्दा उनीहरूको जीवनका अन्य पक्ष एवम् उपलब्धिहरूलाई समेत प्रत्यक्ष असर पार्दछ । सिद्धान्ततः पनि कक्षा ३ को अन्त्यसम्ममा पठन तथा लेखन दुवैका आधारभूत सिपहरू विकास भइसक्नुपर्छ । कक्षा १ मा भर्ना भइसकेपछि कक्षा ३ मा पुग्दासम्म कलम समाउन सिक्ने, थोप्ला जोड्ने, धर्का जोड्ने, अक्षर लेख्ने, शब्द बनाउने, वाक्य लेख्ने, चित्रको व्याख्या गर्ने, पढेका पाठमा आधारित भई प्रश्नोत्तरगर्ने र स्तरअनुसारका सामान्य विषयमा स्वतन्त्र रूपमा लेख्नेसम्मको सिप विकास हुने अपेक्षा गरिएको हुन्छ । ध्वनि सचेतीकरण बाहेकका अन्य सबै क्षेत्रमा लेखन सिप विकासका क्रियाकलाप समावेश गर्नु उपयुक्त हुन्छ ।लेखाइमा हिज्जे, हस्त लेखन तथा रचना जस्ता पक्ष रहेका छन् । लेखनपूर्व गरिने अभ्यास विभिन्न आकृतिसहितका धर्काहरूको निर्माणबाट सुरु गरिन्छ । त्यसपछि वर्ण, मात्रा, शब्द, वाक्य र अनुच्छेद लगायत तहअनुसार विभिन्न लेखन सम्बद्ध पक्षको अभ्यास गरिन्छ ।

हस्त लेखनमा अनुलेखन, श्रुतिलेखन, अभिलेखन, आलेखन, पुनर्लेखन जस्ता क्रियाकलाप गरिन्छ । कागज, ढुङ्गा र धातुमा महत्त्वपूर्ण कुरा लेख्ने काम अभिलेखन भएकाले यो शिक्षण सिकाइ क्रममा प्रयोगमा आउँदैन । आलेखन भन्नाले चित्रका पङ्क्ति कोर्ने काम तथा चित्र लेख्ने काम भएकाले तल्ला कक्षाहरूमा भाषा सिकाइका आलेखनलाई महत्त्वपूर्ण पक्ष मानिन्छ । हस्त लेखनको अर्को पक्ष चिह्नको प्रयोग पनि हो । रचनामा निर्देशित लेखन, स्वतन्त्र एवम् सिर्जनात्मक लेखनलाई लिइन्छ ।

| ६.२.६.१ कक्षा १ देखि ३ सम्मका लेखाइका सिकाइ उपलब्धि तथा क्षेत्र र क्रम | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कक्षा १ | | | | | |
| **थोप्ला र रङ भराइ** | **२ हप्ता** | **१ हप्ता** | **६ हप्ता** | **१४ हप्ता** | **३ हप्ता** | **१ हप्ता** | **१ हप्ता** | **१ हप्ता** | **१ हप्ता** |
| १. रेखा कोर्ने अभ्यास<br>२. रङ भराइ<br>३.थोप्ला जोडाइ र रङ भराइ | १. धर्का लेखन ः। – \ ∕ C ƆOΓ T ] ....<br>२. ढुङ्गा, छेस्का, पात, फूल आदि राखी चित्रनिर्माण<br>३. विभिन्न वस्तुहरू (पात, हात, पैताला, औँला...) बाट छपाइ<br>४. त्रिभुज, चतुर्भुज लगायतका आकृति निर्माण | १. धर्का लेखन : ! ? ᢉ ट्<br>२. रमाइलो लागेका क्षण र नक्कल गर्न चाहेका वस्तुको चित्रनिर्माण तथा रङ भराइ<br>३. विभिन्न वस्तुहरू (पात, हात, पैताला, औँला...) बाट छपाइ<br>४. त्रिभुज, चतुर्भुज लगायतका आकृति निर्माण | १. वर्ण र शब्द लेखन, (अनुलेखन र श्रुतिलेखन)<br>२. रमाइलो लागेका क्षण र नक्कल गर्न चाहेका वस्तुको चित्र निर्माण तथा रङ भराइ | १. वर्ण (अनुलेखन र श्रुतिलेखन)<br>२. शब्द लेखन, वाक्य लेखन र अनुच्छेद अनुलेखन ३. शब्दको श्रुतिलेखन<br>४. लिखित अभिव्यक्ति | १. शब्द लेखन, वाक्य लेखन र अनुच्छेद अनुलेखन<br>२. शब्दको श्रुतिलेखन<br>३. लिखित अभिव्यक्ति | १. शब्द लेखन, वाक्य लेखन र अनुच्छेद अनुलेखन<br>२. शब्दको श्रुतिलेखन<br>३. लिखित अभिव्यक्ति | १. शब्द लेखन, वाक्य लेखन र अनुच्छेद अनुलेखन<br>२. शब्दको श्रुतिलेखन<br>३. लिखित अभिव्यक्ति | १. शब्द लेखन, वाक्य लेखन र अनुच्छेद अनुलेखन<br>२. शब्दको श्रुतिलेखन<br>३. लिखित अभिव्यक्ति | १. शब्द लेखन, वाक्य लेखन र अनुच्छेद अनुलेखन<br>२. शब्दको श्रुतिलेखन<br>३. लिखित अभिव्यक्ति |

| कक्षा २ | | | | | |
|---|---|---|---|---|---|
| **कक्षा १ को पुनरावृत्ति** | **पहिलो ८ हप्ता** | **३ हप्तासम्म** | **५ हप्तासम्म** | **६ हप्तासम्म** | **प्रत्ययपरक : ७** |
| १. शब्द लेखन, वाक्य लेखन र अनुच्छेद अनुलेखन (अनुच्छेद)<br>२. शब्दको श्रुतिलेखन<br>३. लिखित अभिव्यक्ति | १. शब्द लेखन, वाक्य लेखन र अनुच्छेद **२.** अनुलेखन ३. श्रुतिलेखन ४.चिह्नप्रयोग ५. हिज्जे, लेख्य चिह्नको प्रयोग<br>६. वस्तु,घटना र परिवेशको वर्णन | १. शब्द लेखन, वाक्य लेखन र अनुच्छेद अ (अनुलेखन)<br>२. अनुलेखन (अनुच्छेद)<br>३. श्रुतिलेखन चिह्नप्रयोग | १. शब्द लेखन, वाक्य लेखन र अनुच्छेद अ (अनुलेखन)<br>२. अनुलेखन(अनुच्छेद)<br>३. श्रुतिलेखन चिह्नप्रयोग | १. शब्द लेखन, वाक्य लेखन र अनुच्छेद (अनुलेखन)<br>२. अनुलेखन(अनुच्छेद)३. श्रुतिलेखन चिह्नप्रयोग | १. शब्द लेखन, वाक्य लेखन र अनुच्छेद (अनुलेखन)<br>२. अनुलेखन(अनुच्छेद)<br>३. श्रुतिलेखन चिह्नप्रयोग |

| कक्षा ३ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **कक्षा २ को पुनरावृत्ति२ हप्ता** | **४ हप्ता** | **१ हप्तासम्म** | **१ हप्ता** | **३ हप्ता** | **५ हप्ता** | **५ हप्ता** | **६ हप्ता** | **५ हप्ता** |
| १. शब्द लेखन, वाक्य लेखन र अनुच्छेद (अनुलेखन)<br>२. अनुलेखन (अनुच्छेद)<br>३. श्रुतिलेखन चिह्नप्रयोग | १. शब्द लेखन, वाक्य लेखन र अनुच्छेद<br>२. अनुलेखन (अनुच्छेद)<br>३. श्रुतिलेखन<br>४. लेख्य चिह्न प्रयोग (पूर्णविराम, अल्पविराम.....) ५. हिज्जेको प्रयोग<br>६. वस्तु, घटना र परिवेशको वर्णन<br>७. बुँदा लेखन र तर्कयुक्त लेखन<br>८. स्वतन्त्र लेखन | १. शब्द लेखन, वाक्य लेखन र अनुच्छेद अ (अनुलेखन)<br>२. अनुलेखन (अनुच्छेद)<br>३. श्रुतिलेखन चिह्नप्रयोग | १. शब्द लेखन, वाक्य लेखन र अनुच्छेद (अनुलेखन)<br>२. अनुलेखनमा (अनुच्छेद)<br>३. श्रुतिलेखन चिह्नप्रयोग | १. शब्द लेखन, वाक्य लेखन र अनुच्छेद (अनुलेखन)<br>२. अनुलेखन( अनुच्छेद)<br>३. श्रुतिलेखन चिह्नप्रयोग | १. शब्द लेखन, वाक्य लेखन र अनुच्छेद (अनुलेखन)<br>२. अनुलेखन (अनुच्छेद)<br>३. श्रुतिलेखन चिह्नप्रयोग | | १. शब्द लेखन, वाक्य लेखन र अनुच्छेद (अनुलेखन)<br>२. अनुलेखन( अनुच्छेद)<br>३. श्रुतिलेखन चिह्नप्रयोग | |

### ६.२.६.२ सामग्रीहरू

लेखन सिप शिक्षण गर्दा प्रयोग गर्न सकिने मुख्य सामग्रीहरू यहाँ उल्लेख गरिएका छन् । यसको अलावा र यी सामग्रीहरूको बहुप्रयोग वा प्रयोग विविधता शिक्षकको कला हो । सामग्रीको प्रयोग गर्दा निर्देशित, समूह, जोडी, तथा स्वतन्त्र रूपमा प्रयोग गर्ने र उद्देश्यमूलक बनाउनु उपयुक्त हुन्छ ।

| क्र.स. | सामग्रीको नाम | प्रयोग विधि |
|---|---|---|
| १ | **शब्द र चित्र कार्ड** (Picture Word Cards): | शब्द र चित्रपत्तीको प्रयोग बालबालिकाहरूलाई अनुलेखन, श्रुती लेखन, वर्णन, अभ्यास गराउन प्रयोग गर्न सकिन्छ । |
| २ | मेरो नेपाली किताब | चित्र रङ भर्ने, प्रश्नोत्तर तथा अभ्यास लेखनका लागि प्रयोग गर्न सकिन्छ । |
| ३ | ठुलोकिताब | लेखनको सन्दर्भमा आकृति बनाउने, चित्रमा रङ भर्ने, श्रुती लेखन, वर्णन, कार्यमा उपयोगी हुन्छ । |
| ४ | अभ्यास पुस्तिका | प्रारम्भिक तहमा तत्त्वगत सिकाइको एकीकृत विकास गर्नका साथै लेखाइका सिपमा धर्का कोर्ने देखि लिएर स्वतन्त्र सिर्जनात्मक लेखनका समेत क्रियाकलाप समेटिएको छ । |
| ५ | पोस्टर | चित्र तथा पोस्टर वर्णन गरी लेखन अभ्यास गराउन सकिन्छ । |
| ६ | बाह्रखरी चार्ट | वर्ण लेखन, शब्द निर्माण, अनुलेखन आदि अभ्यासका लागि उपयोगी हुन्छ । |
| ७ | शब्द/वाक्य पिनह्विल चार्ट | शब्द तथा वाक्य लेखन कार्य गर्न सकिन्छ । |
| ८ | वर्ण पत्ती र वर्ण गोटी | वर्ण लेखन, शब्द निर्माण, वर्ण र मात्रा जोड्न तथा अभ्यास गराउन सकिन्छ । |
| ९ | चित्र | चित्र वर्णन, स्वतन्त्र लेखन अभ्यासका लागि उपयोगी हुन्छ । |

### ६.२.६.३ शैक्षणिक क्रियाकलापहरू

बालबालिकाहरूमा लेखाइ सिप विकास गर्न शिक्षण गर्दा निश्चित प्रक्रिया अपनाउनु आवश्यक हुन्छ । लेखाइ प्रक्रियाका सन्दर्भमा चर्चा गर्दा लेखाइका २ ओटा अवस्था हुन्छन्:पूर्वलेखाइ(Pre-writing)र लेखाइ(Writing) । पूर्व लेखाइमाढाँचाको अनुकरण तथा निर्देशित रेखाङ्कन गरी दुई क्षेत्र अभ्यासमा छन् । यसमा बिन्दुमा आधारित रेखाङ्कन र सरल रेखामा आधारित रेखाङ्कन सम्बद्ध अभ्यास धेरै प्रचलनमा छन् । ढाँचाको अनुकरणमा मात्रा लेखन, लेख्य ढाँचाअनुसार अर्धाक्षरी, वृत्ताकार, अर्ध वृत्ताकार लगायतका पक्ष पर्छन् । निर्देशित रेखाङ्कनमा त्रिभुज चतुर्भुजलगायतका आकृति निर्माणलाई जोड दिइन्छ । यसर्थ लेख्य ढाँचाको अनुकरण, चित्राङ्कन, रङ भर्ने लगायतका क्रियाकलापमा ध्वनि सचेतीकरण बाहेकका पठन तत्त्वहरू सम्बन्धित हुँदैनन् तर सङ्केतन (Coding)र विसङ्केतन (Decoding)मा आधारित भई लेखाइ सिप विकास गर्दा ध्वनि सचेतीकरण बाहेकका पठन तत्त्वहरूका आधारभूत पक्षको बोध आवश्यक छ । लेख्य ढाँचाको पूर्ण प्रस्तुति लेखाइ हो । यसर्थ लेखाइ पढाइको पूर्वसर्त पनि हो ।

लेखाइको महत्त्वपूर्ण पक्ष हिज्जे पनि हो । हिज्जे शब्द निर्माणका लागि मात्राबिना वा सहितका वर्ण वा वर्णहरूको परम्परागत व्यवस्थापन गर्ने विधि हो (Cecil D. Mercer and Ann R. Mercer, 2005)। लेखाइ सचेतीकरणमा हिज्जेको प्रमुख भूमिका रहन्छ । नेपाली भाषाको लेखाइ सचेतीकरणमा दायाँबाट बायाँतिर र माथिबाट तलतिरको अभ्यासलाई विशेष ध्यान दिइन्छ । यसमा मात्रारहित र मात्रासहितका वर्ण वर्ण, शब्द शब्द, वाक्य वाक्य र अनुच्छेद अनुच्छेद छुट्याएर लेख्ने प्रचलन छ । हाल उच्चारणलाई हिज्जेमा समेटी हिज्जे लेखाइ क्षेत्रमा मात्र प्रस्तुत गरिँदैन । यसमा चलनचल्तीको हिज्जेको प्रयोगले विशेष प्राथमिकता पाउँछ ।

प्रारम्भिक कक्षाहरूमा लेखाइ शिक्षणका केही शैक्षणिक क्रियाकलापहरू सरलदेखि जटिलको क्रममा यस प्रकार गराउन सकिन्छ ।

**(क) लेखाइका केही पूर्व क्रियाकलापहरू**

बालबालिकाहरूलाई एकैपटक अक्षर/मात्रा लेखनको अभ्यास गराउनुभन्दा पहिले केही पूर्व लेखन क्रियाकलापहरू गराउन आवश्यक छ । यसले बालबालिकाहरूलाई हातको नियन्त्रण र सन्तुलन कायम गरी लेखाइ कार्य थालनीको पूर्वाधार तयार गर्नमा सहयोग पुऱ्याउँछ । कक्षा १ को शिक्षक निर्देशिकामा दिन १ देखि दिन १२ सम्म यस्ता क्रियाकलापहरूको अभ्यास राखिएका छन् । लेखाइका यस्ता क्रियाकलापहरू मूलत तल दिइएबमोजिम छन् :

- **दिइएका चित्रमा रङ भर्ने** : यो प्रारम्भिक अवस्थामा बालबालिकाहरूलाई लेखाइमा हात बसाउन प्रयोग गरिन्छ । यसबाट बालबालिकाहरूले कलम समाउन, नियन्त्रण बनाउन र लेखनको आधारसिला निर्माण गर्नमा अत्यन्त सहयोगी मानिन्छ । कक्षा १ को शिक्षक निदेशिकाको पहिलो ६ दिन रङ लगाउने क्रियाकलापहरू राखिएका छन् ।
- **थोप्ला जोड्ने** : रङ लगाउने क्रियाकलाप सँगसँगै दिइएका थोप्ला जोड्ने अभ्यास गराउनुपर्दछ । यसमा थोप्ला थोप्ला जोडेर आकृति बनाउने क्रियाकलाप बालबालिकाहरूलाई अभ्यास गराउन सकिन्छ ।
- **थोप्ला थोप्ला जोडेर आकृति बनाउने अभ्यास** : जस्तै बालबालिकाहरूलाई धर्का लेखनका अभ्यास पनि गराउनु आवश्यक छ । यसका लागि सिधा धर्का, ठाडो धर्का, बाङ्गा टिङ्गा धर्का आदि स्वतन्त्र रूपमा कोर्न लगाउन सकिन्छ ।

**(ख) वर्ण/अक्षर/मात्रा लेखनका क्रियाकलापहरू र अभ्यास**

लेखाइका प्रारम्भिक अभ्यासपछि बालबालिकाहरूलाई वर्ण/अक्षर/मात्रा लेखन गर्न सुरु गरिन्छ । यसका लागि चिनाइएको ध्वनिलाई कालोपाटीमा ठुलो अक्षरमा लेखी देखाउनुहोस् । कालोपाटीमा लेखेर देखाउँदा सम्बन्धित अक्षरलाई लेख्न सुरु र अन्त्य गर्ने क्रमबद्धताका बारेमा पनि बताउनुहोस् । त्यसपछि विद्यार्थीहरूलाई निम्नानुसारका विधिहरू उपयोग गरी लेख्ने अभ्यास गराउनुहोस् :

- बिन्दु निर्मित वर्ण वा अक्षरहरूमाथि लेख्न लगाउने
- चोर औँलाको टुप्पाले हावामा लेख्ने
- भित्तामा लेख्ने

- टेबुलमा लेख्ने
- कापीमा लेख्ने
- आफ्नो बायाँ हातको हत्केलामा लेख्ने
- छेउको साथीको ढाडमा लेख्ने अन्त्यमा एक जना विद्यार्थीलाई शिक्षकले आफ्नो ढाड पछाडि लेख्न लगाउनुहोस् । स्मरण रहोस्, हरेक पटक लेख्दा सम्बन्धित अक्षरको ध्वनि उच्चारण गर्दै लेख्न लगाउनु जरुरी छ ।

यसरी वर्ण लेखन गराउदा चिनाइएका वर्णहरूक्रमबद्धरूपमा लेखन अभ्यास गराउने, त्यसपछि मात्रा अभ्यास गर्ने गराउन सकिन्छ । दिन अनुरूपको क्रमबद्धवर्ण लेखाइ क्रियाकलापहरू शिक्षक निर्देशिकामा उल्लेख गरिएका छन ।

**(ग) अनुलेखन**

अनुलेखन पनि लेखन सिप विकासको एउटा महत्त्वपूर्णक्रियाकलाप हो । यो क्रियाकलापको प्रयोग गर्दा पनि सरलदेखि जटिलको क्रममा सिकाउनु आवश्यक हुन्छ । अनुलेखन गर्दा सुरुमा सग्ला वर्णका, त्यसपछि मात्रा लागेका, त्यसपछि शब्द लेखन र विस्तारै आधा वर्ण प्रयोग भएका ३-५ शब्दको वाक्य लेखन गर्दै क्रमश सिकाउनु पर्दछ ।

**(घ) श्रुतिलेखन**

यो बालबालिकाको व्यक्तिगत लेखन सिपको क्षमता विकास गर्ने क्रियाकलाप हो । प्रारम्भिक कक्षामा सुरुमा सिकाइका वर्ण/अक्षरको श्रुतिलेखन गराउनुपर्दछ । यसका साथै वर्णक्रम विचलन गरी श्रुतिलेखन गराउन सकिन्छ । वर्णपछि क्रमश: शब्द, वाक्य तहको श्रुतिलेखन गराउनुपर्दछ ।वर्ण, अक्षर वा मात्रा, वाक्य, अनुच्छेद साथै हरेक वाक्यको अन्त्यमा पूर्णविराम चिह्नप्रयोग आदिका सही प्रयोग सिकाउनका लागि यो क्रियाकलाप उपयोगी हुन्छ । अत: उल्लिखित सन्दर्भमा आधारित भई तोकिएका सामग्री तथा परिवेश र सिकारुको तह अनुरूपश्रुतिलेखन सम्बद्ध क्रियाकलाप गराउनुपर्दछ ।

**(ङ) चित्रमा आधारित लेखन**

शिक्षकले चित्रको आधारमा समेत लेखन अभ्यास गराउन सक्दछ । प्रारम्भिक तहमा विद्यार्थीहरूको तह अनुरूप शिक्षकले विभिन्न क्रियाकलापहरू गराउन सकिन्छ ।

- चित्रका नाम लेखन: प्रारभ्भिक अवस्थामा चित्रका नाम लेखन अभ्यास गराउन सकिन्छ । शब्दचित्रपत्ती र चित्रपत्ती पालैपालो विद्यार्थीलाई देखाई त्यसका आधारमा चित्र तथा शब्दको अनुलेखन एवम् शब्द लेखन पनि गर्न सकिन्छ ।
- चित्र वर्णन: पछिल्ला कक्षाहरूमा बालबालिकाहरूलाई कुनै चित्र प्रस्तुत गरी त्यसको वर्णन गर्न लगाउन सकिन्छ । यसो गर्दासुरुमा एक वाक्य, त्यसपछि २ गर्दै बढाउँदै लैजानुपर्दछ । साथै चित्रमा आधारित भई प्रश्नोत्तर गर्ने, प्रश्नोत्तरपछि छलफल गर्न लगाउने र निष्कर्षमा पुग्न सहयोग गर्नु आवश्यक हुन्छ जस्तै :

  (अ) चित्रमा पात्र, परिवेश, प्राप्त हुने सूचना, सबैभन्दा आकर्षक पक्ष लगायत क्षेत्रको जानकारी
  कसले बनाएको चित्र राम्रो छ ? किन ? ..................

(आ) चित्रको परिवेश र सन्दर्भका आधारमा त्यसभन्दा पूर्वको अवस्था र भावी अवस्थाको अनुमान ( कुनै एक चित्रका आधारमा)

स्याल कहाँबाट आयो होला ?

स्यालले के सोच्यो होला ?

**(च) वाक्य लेखाइ सम्बद्ध सिकाइ सहजीकरण क्रियाकलाप**

वाक्य लेखाइसँग सम्बन्धित विभिन्न क्रियाकलापहरू गराउन सकिन्छ । वाक्य लेखन अभ्यासका लागि गर्न सकिने केही नमुना क्रियाकलापहरू यहाँ दिइएका छन् । जस्तै:

(अ) सूचक शब्द हेरी वाक्य बनाउन लगाउनुहोस् । जस्तै: चिसो, हिमाल : हिमाल चिसो छ ।

(आ) निम्नानुसार जस्तै वाक्यपत्तीको प्रदर्शन गरी सरलबाट जटिल प्रकारका वाक्य निर्माणको अभ्यास गराउनुहोस् :

शुद्ध रूप कप गन । कप राख । कप वर तान । कपमा चिया भर । कपलाई पानीमा राख । ............................

(इ) चित्र प्रयोग गरी सुरुको ध्वनिबाट शब्द हुँदै सरलबाट जटिल वाक्य लेख्ने अभ्यास गराउनुहोस् । त्यसपछि चित्रका विभिन्न अङ्गहरूको नामका आधारमा वाक्य बनाउने अवसर दिनुहोस् ।

(ई) तालिकाबाट उदाहरणमा दिइएअनुसार वाक्य बनाउने अभ्यास गराउनुहोस्।(काल, वचन, पुरुष)

| | | |
|---|---|---|
| म | | गए । |
| रामलखन | घर | जान्छु । |
| सीता | | गइन् । |
| पेम्बाहरू | | जाने छ । |

जस्तै : म घर जान्छु ।

(उ) पदक्रम मिलाई वाक्य बनाउने अभ्यासगराउनुहोस्, जस्तै :

(१) बस्छु म घरमा ।

(२) गुँडमा बस्छ चरो ।

(३) खन्नुहुन्छ बा खेत ।

जस्तै : म घर जान्छु ।

**छ) बोधका आधारमा लेखाइ सम्बद्ध सिकाइ सहजीकरण क्रियाकलाप**

पाठ्यपुस्तक, विसङ्केतन पाठ, कविता आदि बोधको आधारमा समेत लेखाइ सिपको सहजीकरण र विकास गर्न सकिन्छ । यसका लागि विविध क्रियाकलापहरू गराउन सकिन्छ । यसका लागि गराउन सकिने केहीक्रियाकलापहरू यहाँ प्रस्तुत गरिएको छ ।

- **ठिकबेठिकवा सही वा गलतछुट्याउने अभ्यास**

कुनै कथा, कविता वा पाठ पढ्न लगाउनुहोस् । पढेका पाठका आधारमा शिक्षकले बोर्डमा वा अभ्यास पुस्तिकामा प्रश्नहरू लेखिदिनुहोस् र विद्यार्थीलाई कापीमा चिनो लगाएर ठिकबेठिकवा सही गलत छट्याउन लगाउनुहोस् ।

- **बालकथा वा कविताहरूका आधारमा प्रश्नोत्तर गर्ने अभ्यास**

  शिक्षकले पहिले छोटा र सजिला कथा वा कविताहरू सुनाउनुहोस् वा पढ्न लगाउनुहोस् । त्यसका आधारमा चरित्र चित्रण, घटना वर्णन, अनुभव वर्णन, कथा कथन, निर्देशन, पाठ तथा विचारको मूल्याङ्कन, बुँदा लेखन र तर्कयुक्त लेखन जस्ता क्रियाकलाप गर्न लगाउनुहोस्, जस्तै :

  को को थिए ?

  कसको नाता कोसँग थियो ?

  नाम, जन्मलगायतका तथ्य के थिए ?

  त्यहाँ के के भएको रहेछ?

  तिमीलाई कुनै पात्रको विचार कस्तो लाग्यो ?

  कुनै पात्रको स्थानमा तिमी भए के गर्थ्यौ ?

- **साधारण फाराम भर्नेअभ्यास**

  फारामका आधारमा विवरण भर्ने अभ्यास गराउनुहोस्, जस्तै :

  नाम: ............................................

  जन्ममिति:.......................................

  उमेर:......................

  विद्यालयको नाम :

  बुबाको नाम :

  आमाको नाम :

- **वर्गीकरणगर्ने अभ्यास**

  तिन समूहभित्र पर्ने १० देखि १५ ओटा परिचित शब्दहरू बोर्डमा लेख्नुहोस् । ती शब्दहरूलाई तिन ओटा (तोकिएको) शीर्षकअन्तर्गत राख्न लगाउनुहोस्, जस्तै : शब्दहरू : भात, कुर्सी, अन्डा, दौरा, रोटी, टोपी, टेबुल, सारी, दराज, अचार आदि ।

**वर्गीकरणका क्षेत्र** :

| खाना | फर्निचर | लुगा |
|---|---|---|
| | | |

- **चित्र निर्माण**

  आफूले देखे, सुने तथा अनुभव गरेका विषयमा चित्रहरू बनाउन लगाई चित्र प्रस्तुतिको विविधता र विषयवस्तुको ज्ञानसँग अन्तरसम्बन्ध जस्ता पक्षमा ध्यान दिनुहोस्, जस्तै : मन परेको चित्र बनाऊ ( विषय क्षेत्र तोकिएको अवस्थामा : स्याल) । कसैले स्याललाई विभिन्न आकृतिमा प्रस्तुत गर्नुहोस् ।

कसैले माया गर्ने, कसैले धपाएको वा लखेटेको दिने, कसैले कुखुरा चोरेको चित्रण गर्नुहोस् ।उल्लिखित अभ्यासका क्रममा छलफल गरी निम्नानुसारका निष्कर्षमा पुग्न सहयोग गर्नुहोस्  :

(अ) रूप, रङ, बसाइ, आनीबानी सम्बन्धी भएको शब्दभण्डारको लेखाइ

चित्रमा के के छन् ?

स्याल कस्तो रहेछ ?

स्यालले के गर्छ ?

(आ) छलफलका क्रममा आएका नयाँ शब्दको उच्चारण र लेखाइ जङ्गल, लट्ठी, रातो, .........

- **समानान्तरलेखाइ**

  शिक्षकले आफ्ना बारेमा केही सामान्य वाक्यहरू लेखेर देखाउनुहोस् र त्यसमा केही परिवर्तन गरी विद्यार्थीलाई उनीहरूको आफ्नै बारेमा लेख्न लगाउनुहोस्, जस्तै :

  **शिक्षक** : म शिक्षक हुँ । म पैंतिस वर्षको भएँ । मलाई चेस खेल्न मन पर्छ । मलाई मन पर्ने कवि लक्ष्मीप्रसाद देवकोटा हुन् ।  **विद्यार्थी** : म विद्यार्थी हुँ । म आठ वर्षको भएँ । मलाई फुटबल खेल्न मन पर्छ । मलाई मन पर्ने खेलाडी पारस खड्का हुन् ।

  शिक्षकले विद्यार्थीहरूसँग यस प्रकारको क्रियाकलाप गर्दा उनीहरूले बुझ्ने प्रसङ्ग एवम् भाषाको प्रयोग गर्नुहोस् ।

- **अनुमान**

  लेखनपूर्व तोकिएको शीर्षक, चित्र वा पाठका बारेमा व्यक्तिगत धारणा बनाउन वा समूहगत रूपमा छलफल गरी धारणा बनाउन लगाउनुहोस् । त्यसपछि शीर्षक, चित्र वा पाठका बारेमा बनाइएको धारणाअनुसार बुँदा टिपोट गर्न लगाउनुहोस् र टिपिएका बुँदालाई शीर्षक, चित्र वा पाठको सन्दर्भ तथा परिवेशका आधारमा लेख्न लगाउनुहोस् ।

- **पुनर्लेखन**

  कुनै कथा वा पाठ्यवस्तु पढिसकेपछि त्यसलाई आफ्नै भाषामा छोटो रूपमा लेख्न लगाउनुहोस् अथवा त्यसको मुख्य घटना वा विषयवस्तु वा आफूलाई मन परेको कुरा लेख्न लगाउनुहोस् ।

**(ज) स्वतन्त्र लेखन**

निर्देशित रूपमा अनुच्छेद लेख्न सक्षम भएका विद्यार्थीहरूका लागि कुनै शिर्षक वा विषयवस्तुमा आधारित भएर स्वतन्त्र लेखन अभ्यास गराउन सकिन्छ । यसमा विद्यार्थीहरूले स्वतन्त्र रूपमा लेखन गर्न सक्दछन् ।

**थप लेखन अभ्यास**

हरेक दिन शिक्षकले पढेका कथाबाट आफूलाई घत लागेको कुरा, पात्रको नाम, कथाको बुँदा इत्यादि लेख्न लगाउनुहोस् तर विद्यार्थीहरूको लेखाइ कमजोर छ भने शिक्षक वा अन्य विद्यार्थीहरूले सहयोग पुऱ्याउनुहोस् । लेखाइ बिस्तारै सिकिनेसिपभएकाले विद्यार्थीहरूलाई लेखन कार्यमा तनाव महसुस गराउनु हुँदैन । निम्नबमोजिमका थप लेखन क्रियाकलापहरू अभ्यास गराउनुहोस् :

- विद्यार्थीहरूको सिकाइको स्तरअनुसार कक्षाको पाठ्यपुस्तक र पढाइका सामग्रीमा लेखिएका कुराहरू आफ्नो कापीमा सार्न लगाउनुहोस् ।
- साथीहरूको नाम लेख्न लगाउनुहोस् ।
- घरका सदस्यहरूको नाम र नाता लेख्न लगाउनुहोस् ।
- आफूले लगाएका लुगाहरूको नाम लेख्न लगाउनुहोस् ।
- कक्षाकोठामा आफू वरिपरि भएका वस्तुहरूको नाम लेख्न लगाउनुहोस् ।
- घरमा आफू वरिपरि भएका वस्तुहरूको नाम लेख्न लगाउनुहोस् ।
- परिचित हुँदै अपरिचित सन्दर्भका शब्दसूचीहरू तयार पार्न लगाउनुहोस् ।
    - ✓ जस्तै : आफ्नो घरमा भएको घरपालुवा जनावर, घरमा दैनिक प्रयोग गरिने सामानहरूको नाम, मनाउने चाडपर्वहरू, आफ्ना लुगाहरू, आफ्नासाथीहरू, गर्न मन लाग्ने कामहरू,
    - ✓ विज्ञानका आविष्कारहरू
- आफूलाई मन परेको र आफूले सुनेको वाक्यांश लेख्न लगाउनुहोस् ।
- आफ्नासम्झनाहरू लेख्न लगाउनुहोस् ।
- आफ्ना परिवारका सदस्यहरूको अन्तर्वार्ता लिन र लेख्न लगाउनुहोस् । (प्रश्न सोध्नुहोस् र उत्तर लेख्न लगाउनुहोस् ।)
- कुनै कुरालाई ध्यानपूर्वक अवलोकन गरी त्यसका बारेमा लेख्न लगाउनुहोस्, जस्तै : जनावरको चाल र व्यवहार, सूर्य उदाउने र अस्ताउने, भात पकाएको आदि ।
- आफ्नो भावना र आफूलाई मनमा लागेका कुराहरू लेख्न लगाउनुहोस् ।
- आवाजलाई ध्यानपूर्वक सुन्न र त्यसका बारेमा लेख्न लगाउनुहोस् ।
- आफ्नो सपना र कल्पना लेख्न लगाउनुहोस् ।
- आफ्ना विशेष इच्छाहरू लेख्न लगाउनुहोस् ।
- कुनै वस्तुलाई विस्तृत रूपमा वर्णन गर्न लगाउनुहोस् ।
- किताबमा आफूलाई मन परेको पात्रका बारेमा लेख्न लगाउनुहोस् ।
- आफूलाई थाहा पाउन मन लागेको कुनै विषयका बारेमा प्रश्नहरू लेख्न लगाउनुहोस् ।
- आफ्नो साथी वा आफूभन्दा ठुला मानिस/प्रौढले हरेक दिन गर्ने कामका बारेमा लेख्न लगाउनुहोस् ।
- शिक्षकले पढिदिएको कथाबाट आफूलाई मन पर्ने कुरा लेख्न लगाउनुहोस् ।

**प्रशिक्षक निर्देशन** **(३ घण्टा)**

**प्रशिक्षण क्रियाकलाप**

१. प्रारम्भिक कक्षाहरूका लागि लेखाइको अवधारणा स्पष्ट पार्ने भन्ने प्रश्नका आधारमा सङ्क्षिप्त लेखन (Quick write) गर्न लगाउनुहोस् । उक्त लेखनलाई जोडीमा पढाइ गर्न लगाई सारांश (pairedreading-pairedsummarizing) लेख्न लगाउनुहोस् । त्यसपछि सहभागीहरूका नमुना लेखन प्रस्तुत गर्दै प्रतिक्रिया व्यक्त गर्न लगाउनुहोस् । सहभागीहरूबाट आएका जवाफहरूलाई बोर्डमा टिपोट गर्नुहोस् । प्रशिक्षकले अन्तमा ती जवाफहरूलाई जोड्दै लेखाइको

अर्थ र परिभाषा बताउनुहोस् ।

त्यसपछि प्रशिक्षकले लेखाइ सिप विकासका लागि तोकिएका सिकाइ उपलब्धि, क्षेत्र र क्रम, शिक्षण विधि साथै तोकिएका क्रियाकलापहरू र सामग्रीहरू बारे थप स्पष्ट पार्नुहोस् ।

| सिकाइ उपलब्धि | क्षेत्र र क्रम | शिक्षक निर्देशिका | अभ्यास पुस्तिका | सामग्री |
|---|---|---|---|---|
| | | | | |

**३. लेखाइ सिप विकासका क्रियाकलापहरू**

क. सबै सहभागीहरूका लागि शिक्षक निर्देशिका र अभ्यास पुस्तिका उपलब्ध गराउनुहोस् । तल दिइएका अभ्यासहरूमध्ये कुनै एक अभ्यास नमुना प्रदर्शन गर्नुहोस् । बाँकी अभ्यास सहभागीहरूलाई गर्न लगाउनुहोस् । अभ्यास पश्चात् पृष्ठपोषण दिनुहोस् ।

अ. **वर्ण लेखन**

कक्षा दुईको अभ्यास पुस्तिका भाग एकको दिन एकको दोस्रो क्रियाकलाप (अ पढ र लेख) लाई कक्षा दुईको शिक्षक निर्देशिकाको शैक्षणिक दिन एक, क्रियाकलाप ३ (पेज ४२-४३) प्रदर्शन गर्नुहोस् ।

आ. **चित्र वर्णन (५ मि.)**

(अभ्यास पुस्तिका, कक्षा २, भाग १, दिन ७३, अभ्यास ८) को चित्र देखाइ सो चित्रका बारेमा दुई ओटा वाक्य लेख्न लगाउनुहोस् । बालबालिकालाई यसको महत्त्व बारेमा छलफल गर्न अवसर प्रदान गर्नुहोस् ।



इ. **शीर्षक र शब्द हेरी वाक्य लेखन** (अभ्यास पुस्तिका, कक्षा २, भाग २, दिन १४४, अभ्यास (८)यस क्रियाकलापलाई शिक्षक निर्देशिकाको नमुना पाठ योजना शैक्षणिक दिन १४५ को पठन तत्त्व ६ लेखन (पेज नम्बर १६९) एक्ला एक्लै गराउनुहोस् । देखिएका कठिनाइमा सुधारका लागि छलफल गर्नुहोस् ।

ई. कक्षा २ को अभ्यास पुस्तिका भाग २ को दिन १६७ (पेज नम्बर १३५) को **आमाको काम** कथा पढ्न लगाउनुहोस् र सो कथालाई आफ्नै भाषामा भन्न लगाउनुहोस् । त्यसपछि सबैलाई आफ्नै भाषामा कथा लेख्न लगाउनुहोस् र त्यसरी तयार पारेको कथा मूल कथासँग मिले नमिलेको परीक्षण गर्न मूल कथा पढेर सुनाउनुहोस् ।

उ. कक्षा ३ को शिक्षक निर्देशिका दैनिक नमुना पाठ योजना ५०-५८ अनुरूप सो दिन भित्रका कुनै स्वतन्त्र लेखन वा सिर्जनात्मक लेखनको अभ्यास गराउनुहोस् ।

ए. कक्षा ३ को शिक्षक निर्देशिकाको दिन १८ को लेख्य चिह्नमा आधारित लिखित अभिव्यक्ति (अभ्यास पुस्तिका दिन १८, प्रश्न ६) नमुना पाठयोजना १३-१८ अनुसार अभ्यास गराउनुहोस् ।

**ख. लेखाइ सिप विकास गर्नका लागि थप क्रियाकलापहरूको छलफल**

तलका बाकसमा दिइएका लेखाइ सिपशिक्षणका क्रियाकलापहरू प्रत्येक पेजमा लेखी पत्रेदार बल

बनाउनुहोस् । सहभागीहरूलाई गोलो घेरामा उभिन लगाई बल फ्याँक्न लगाउनुहोस् । बल प्राप्त गर्ने व्यक्तिले एक पत्र झिकी त्यसमा लेखिएको क्रियाकलाप कसरी गर्ने भन्ने कुरा २/३ वाक्यमा वर्णन गर्न लगाउनुहोस् । कुनै क्रियाकलापको सम्बन्धमा अस्पष्टता भएमा प्रष्ट पार्न नमुना प्रर्दशन गरेर देखाउनुहोस् ।

- धर्काहरू कोर्ने अभ्यास
- थोप्लाथोप्ला वर्णको पूर्ण आकृति बनाउने अभ्यास
- वर्ण लेखाइ
- वर्णबाट शब्द निर्माण
- शब्दबाट वाक्य निर्माण
- प्रतिस्थापन तालिकाबाट वाक्य निर्माण
- पदक्रम मिलाई वाक्य निर्माण
- अनुलेखन
- चित्र वर्णन
- पुनर्लेखन
- श्रुतिलेखन
- समानान्तर लेखन
- स्वतन्त्र लेखन

### ६.३ पठन तत्त्वहरूको एकीकृत शिक्षण

तालिममा समावेश/प्रस्तुत गरिएका विषयमा राम्ररी सुधार ल्याउन सूक्ष्म शिक्षणको प्रयोग गरिन्छ । यो नियन्त्रित अवस्थाको शिक्षण अभ्यास पद्धति हो, जसले विशिष्ट व्यवहार प्राप्तिमा केन्द्रित योजनाबद्ध शिक्षण गराउँदछ । यस शिक्षणबाट इच्छाइएको सिपको प्राप्ति गर्न वातावरण तयार गरी तुरून्त पृष्ठपोषण प्रदान गर्न मुख्यतया एउटा घेराभित्र प्रयोग गरिने गरिन्छ । यो त्यस्तो शिक्षण प्रविधि हो, जसले नवप्रवेशी र अनुभवी दुवै शिक्षकलाई आफ्नो शिक्षणमा सुधार गर्ने मौका प्रदान गर्दछ । साना साना विद्यार्थी समूहमा ५ देखि १० मिनेटमा छोटो सिकाइ उपलब्धि एवं सिपहरूको प्रयोग गरिएको हुन्छ । यो मेहनतका साथ गरिने हुनाले शिक्षणका सिपहरू स्पष्ट परिभाषित गरिएको भिडियो टेपबाट प्रत्यक्ष अवलोकन गर्न नपाएका सहभागीले पनि यो हेरेर सुधार गर्ने अवसर पाउँछन् । राम्रो सूक्ष्म शिक्षण धेरै ठाउँमा उपयोग गर्न पनि सकिन्छ । यो पूर्ण रूपमा व्यक्तिगत शिक्षण योजना हो । शिक्षण सिकाइ क्रियाकलापको समाप्तिपछि यसमा पृष्ठपोषण दिइन्छ । कुशल, कलाकार शिक्षकको उत्पादन गर्ने भएकाले यसलाई शिक्षक तयार पार्ने यन्त्र पनि भनिन्छ । यसमा अभ्यासलाई पूर्ण रूपमा नियन्त्रण गरिएको हुन्छ । समय, विद्यार्थी सङ्ख्या, पृष्ठपोषणको तरिका र सुपरिवेक्षण आदिको नियन्त्रण गरिने हुनाले यस शिक्षणले विशिष्ट उद्देश्य प्राप्त गरी शिक्षणमा प्रभावकारिता ल्याउँछ । यो खोज विधि वैज्ञानिक र विद्यार्थी केन्द्रित हुन्छ । यो प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको तालिममा प्रशिक्षकले प्राथमिकताका साथ समावेश गर्नुपर्छ । यो प्रक्रिया हामीले माथिका विषयमा तत्त्वगत प्रशिक्षण गर्दा लागू गरेका थियौं ।

तथापि पढाइ शिक्षणका क्रममा पठन तत्त्वहरूको छुट्टाछुट्टै रूपमा शिक्षण गरिँदैन । सबै तत्त्वहरूमा सक्षमता प्राप्त गर्नु नै पढाइमा सफल हुनु हो । एउटै घन्टीमा छ ओटै पढाइ तत्त्वहरू (ध्वनि सचेतीकरण, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाह, शब्दभण्डार, बोध र लेखाइ) को एकीकृत रूपमा शिक्षण गर्नु आवश्यक छ ।यी सबै सिपहरूको एकीकृत विकास गर्न मदत गर्नका लागि यस कार्यक्रमले "म गर्छु, हामी गर्छौं, तिमी गर" प्रक्रिया अपनाई शिक्षण सिकाइ क्रियाकलापमा प्राथमिकता दिएको छ । बालबालिकालाई पढ्न सिकाउनका लागि यसलाई सबैभन्दा प्रभावकारी शिक्षण माध्यमका रूपमा लिइएको छ । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमअन्तर्गत विकास गरिएका अभ्यासपुस्तिका तथा शिक्षक निर्देशिका समेत एकीकृत शिक्षणको अवधारणामा आधारित छन् । सो निर्देशिकाबमोजिम जुनसुकै पाठ शिक्षण गर्दा पनि ध्वनि सचेतीकरणदेखि सुरु भई लेखाइसम्मका क्रियाकलापहरू समाविष्ट छन् । ती शिक्षक निर्देशिकामा दिइएका नमुना पाठ योजनाहरू र प्रत्येक घन्टीमा गरिने क्रियाकलापहरू पनि एकीकृत शिक्षणको अवधारणामा आधारित भई विकास गरिएका हुन् । दिइएका नमुना पाठहरूमा आधारित रहेर शिक्षकले एकीकृत शिक्षण गर्नु आवश्यक छ । नमुना पाठयोजनाको सुरुमा प्रत्येक तत्त्वमा विद्यार्थीहरूले हासिल गर्ने सिकाइउपलब्धिहरू समेत उल्लेख गरिएका छन् । यसबाट शिक्षकले एकीकृत शिक्षण गर्दा गर्नुपर्ने क्रियाकलापका लागि मार्गनिर्देशन प्राप्त गर्न सक्नेछन् । एकीकृत शिक्षणका नमुना पाठहरू सबै कक्षाका शिक्षक निर्देशिकामा समावेश गरिएका छन् ।

**प्रशिक्षक निर्देशन**

माथिल्ला सत्रहरूमा पढाइका छ ओटै तत्त्वहरूको पहिचान तथा सो तत्त्वहरूका केही क्रियाकलापहरूको अभ्यास समेत गरियो । अबका २ सत्रहरूमा शिक्षकले एक घन्टीमा ती छ ओटै पढाइ तत्त्वहरू (ध्वनि सचेतीकरण, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाह, शब्दभण्डार, बोध र लेखाइ) को एकीकृत रूपमा कसरी शिक्षण गर्ने भन्ने सिप शिक्षक निर्देशिकामा आधारित भई अभ्यास गरिने छ । पहिलो सत्रमा प्रशिक्षकले एउटा पूर्ण कक्षा शिक्षणको नमुना प्रदर्शनगर्नेछन् भने त्यसपछि ४५ मिनेटको तयारीपछि अर्को सत्रमा सहभागीहरूले कुनै १ पाठको पूर्ण शिक्षण सानो समूहमा वा कक्षामा प्रस्तुत गर्नुपर्नेहुन्छ । यसका लागि प्रशिक्षकले ६ जनाको समूह निर्धारण गरी प्रत्येकलाई पाठ निश्चित गरेर सो समूहका सदस्यहरूले कुनै १ पठन तत्त्वको तयारी गरी समूहमा सूक्ष्म शिक्षण गर्नुपर्नेछ । बालबालिकाहरूमा पढाइअन्तर्गतका सबै सिपहरूको एकीकृत विकास गर्न मदत गर्नका लागि यस कार्यक्रमले "म गर्छु, हामी गर्छौं, तिमी गर" प्रक्रिया अपनाई शिक्षण सिकाइ क्रियाकलापमा प्राथमिकता दिएको छ । बालबालिकालाई पढ्न सिकाउनका लागि यसलाई सबैभन्दा प्रभावकारी शिक्षण माध्यमका रूपमा लिइएको छ । तसर्थ एकीकृत शिक्षण यही सिद्धान्तमा आधारित हुनेछ । एकीकृत शिक्षणका लागि सकेसम्म सबै क्षेत्रहरूको पाठ समावेश गर्ने कुरामा प्रशिक्षकले विशेष ध्यान दिनु आवश्यक छ । यदि धेरैजसो सहभागीहरूले राम्रोसँग प्रर्दशन गरे भने उनीहरूलाई तोकेर नै प्रशंसा गनुहोस् र सहभागीहरूले सन्तोषजनक प्रस्तुति गर्न नसकेको खण्डमा समूहमा नै त्यस क्षेत्रमा व्याख्या र प्रर्दशन गरेर सहजीकरण गर्नुहोस् । यसरी नमुना शिक्षण गर्दा शिक्षक निर्देशिका र सो पाठ र पठन तत्त्वसँग सम्बन्धित सामग्रीहरूको प्रयोग गर्नु आवश्यक छ । सूक्ष्म नमुना शिक्षण प्रश्चात आवश्यक छलफल र पृष्ठपोषणको समेत विशेष भूमिका हुन्छ ।

# एकाइ ७ अन्य विषयसँग पठन सिपको अन्तरसम्बन्ध

**अपेक्षित सक्षमता**

- भाषा बाहेकका अन्य विषयसँ ग पठन सिपको सम्बन्ध पहिचान
- गणित, सामाजिक र विज्ञान जस्ता विषयको सिकाइ उपलब्धि बढाउनका लागि शिक्षणमा पढाइ सिपको उपयोग
- विभिन्न विषय शिक्षणमा राष्ट्रिय प्रारम्भिक कक्षा कार्यक्रमले विकास गरेका सन्दर्भ सामग्री

**विषयवस्तु**


**७.१ पठन सिप र अन्य विषयसँगको अन्तरसम्बन्ध**


**कसरी पढ्ने भन्ने कुरा जान्नु राम्रो हो तर कसरी पढ्ने कुरा जान्नु र कसरी व्याख्या गर्ने कुरा नजान्नु जोखिमपूर्ण हुन्छ ।**

माथिको कथनले पढाइको उद्देश्य व्याख्या वा बोध हो भन्ने बुझाउँ छ । वास्तवमा पठन सिप कुनै भाषा शिक्षणको एक अङ्ग मात्र नभई यो समग्र विषय शिक्षणको आधार हो किनकि भाषाकै माध्यमबाट अन्य विषयको शिक्षण सिकाइ सम्भव हुन्छ । प्रारम्भिक कक्षा पढाइ कार्यक्रम एकातिर प्रारम्भिक तहका बालबालिकाहरूको साक्षरतासँग सम्बन्धित छ भने अर्कातिर यसको मुख्य उद्देश्य साक्षरतासँगै सिकाइ उपलब्धिमा वृद्धि गर्नु पनि हो । यो केवल भाषाको मात्र सिप नभएर अन्य विषयको सिकाइ सुधारमा सहयोग गर्ने सिप पनि हो । हरेक विषयको ज्ञान प्राप्त गर्ने मूख्य तरिका पढाइ नै हो । कुनै विषयमा शिक्षण गर्नुपर्दा थप जानकारी हासिल गर्नका लागि पनि शिक्षकले पठन नै गर्नुपर्दछ र विद्यार्थीले पनि कुनै विषयमा थप ज्ञान हासिल गर्नका लागि पढाइ नै एउटा प्रमुख तरिका हो ।

पठनले भाषिक सिप वृद्धि भई एकै समयमा अन्य विषयको समेत बोध हुने हुनाले दैनिक जीवनमा आइपर्ने समस्या समाधानमा सहयोग पुग्छ । भाषिक सिप, पठन क्षमता एवम् बोध कमजोर भएमा अन्य विषयगत समस्या समाधानमा समेत प्रतिकूल असर पुग्न गई अपेक्षाकृत सिकाइ उपलब्धि हासिल हुन कठिनाइ हुन्छ । पढाइलाई केवल पढाइमा मात्रै सीमित राख्दा सिकाइ एवम् बोधका अन्य पक्षहरू समेत ओझेलमा पर्न गई विद्यार्थीहरूको सिकाइ प्रक्रिया कमजोर हुन जान्छ । उदाहरणको लागि गणित विषयको शिक्षण प्रक्रियामा अति सामान्य भाषिक प्रश्नमा पढाइ र बोध क्षमताको कमजोरीका कारणले विद्यार्थीले सही समाधान दिन सकेको देखिँदैन । जसले गर्दा गणित विषयको सिकाइ उपलब्धि कमजोर हुनसक्छ । सुदृढ पठन बोध सिपले अन्य विषयहरूमा र व्यक्तिको व्यक्तिगत र पेशागत जीवनमा सहयोग पुऱ्याउँ छ ।

तल दिइएका प्रश्नहरु र उत्तरहरुको अध्ययन गर्नुहोस् :









**माथिका चित्रहरु अध्ययन गरिसकेपछि निम्न कुरा थाहा पाउन सकिन्छ :**

- एउटै शब्द वा वाक्यको पनि फरक फरक विषयमा फरक फरक अर्थ लाग्छ ।
- पढाइको तरिका र task को intention को व्याख्यामा उत्तर भर पर्दछ ।
- सिकाइ पढाइमा भर पर्दछ ।
- पढाइका लागि सन्दर्भ पनि महत्वपूर्ण हुन्छ ।

भाषा बाहेकका अन्य विषयमा दिइएको निर्देशन वा पठन सामग्री सन्दर्भ अनुसार फरक फरक अर्थ लाग्ने किसिमका हुन सक्छन् । यस सम्बन्धमा निम्न कुराहरुलाई ख्याल गर्नुपर्छ :

- विद्यार्थीहरुले गणित कसरी गर्ने भन्ने जान्दछन् तर उनीहरुलाई प्रश्नले के खोजेको हो भन्ने कुरा बुझ्दैनन् ।
- अन्य विषयहरुमा समस्याहरुको (प्रश्नहरुको) प्रस्तुतिकरणको तरिकाले विद्यार्थीलाई कठिनाइ उत्पन्न गराउँ छ ।
- दिइएको समस्याको व्याख्या गर्नका लागि पढाइ सिप जरुरी हुन्छ । जस्तै : गणितमा "जम्मा" भन्ने शब्दले जोड गर्नुपर्ने कुरा बुझाउँ छ ।
- गणितीय सामग्री वा समस्या वा विज्ञानको कुनै पाठ पढ्ने कुरा अन्य किसिमको पढाइमा भन्दा फरक

हुन्छ ।

- गणित, विज्ञानमा भएका सामग्रीमा अन्य विषयका सामग्रीमा भन्दा धारणा खाँदिएका हुन्छन् । एउटै वाक्य र अनुच्छेदमा पनि धेरै जानकारी रहेका हुन्छन् । एउटै वाक्य र अनुच्छेदमा पनि धेरै जानकारी रहेको हुन्छ । त्यस्तो सामग्रीमा विसङ्केतन गर्नुपर्ने गणितीय र अगणितीय संकेतहरु रहन्छन् । अर्थ निर्माणका लागि दिइएका चित्रहरु पनि बुझ्नुपर्ने हुन्छ ।

**(क) पठन सिप र विज्ञान**

विज्ञान विषयमा विशिष्ट साङ्केतिक वा प्राविधिक शब्दहरू प्रयुक्त छन् । ती शब्दहरूको ध्वनि उच्चारणले कुनै निश्चित वस्तु बुझिन्छ । शुद्धसँग ध्वनि उच्चारण र पहिचान गरिएन भने बोध हुँदैन । साङ्केतिक चिह्नका ध्वनि र सङ्केत जोडेर भन्ने र लेख्ने अनि वैज्ञानिक अविष्कारका नयाँ शब्दका अर्थबोध गर्ने, विषयवस्तु बुझेर विषयवस्तुको भाव तथा मूल मर्म सञ्चार गर्न भाषाको आवश्यकता हुन्छ । विज्ञानका यी विषय, शब्द, रूप, सूत्र अर्थपूर्ण बोधका लागि आधारभूत भाषिक सिप राम्रो हुनुपर्छ । यदि विद्यार्थीहरू यी आधारभूत भाषाका सिपमा कमजोर भए भने विज्ञानका विषयवस्तु पढ्न, लेख्न र बुझ्न सक्दैनन् । त्यसैगरी पानीलाई वैज्ञानिक भाषामा $H_2O$ भन्ने र लेखिने गरिन्छ । यसको मतलव हो विभिन्न विषयका फरक फरक सङ्केत हुन्छन् । तिनका ध्वनि उच्चारण फरक हुन्छन् । अर्थबोध फरक हुन्छन् । तर यी विषयवस्तुको अर्थ बुझेर सिप सिक्नका लागि भाषा चाहिन्छ ।

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम अन्तर्गत विकास गरिएका विभिन्न सर्न्दभ समग्रीहरू जस्तैः हवाईजहाज, को कसरी बोल्छ ?, भुइँचालो किन ?, पुतलीको जीवन, तारा र तारामण्डल, भ्यागुताको जीवनचक्र, गुरुत्त्वाकर्षण, खानामा पाइने पोषण विज्ञान विषयको शिक्षणमा उपयोग गर्न सकिन्छ ।

**(ख) पठन सिप र गणित**

पठन सिपको सम्बन्ध गणित विषयसँग पनि हुन्छ । गणितका अंक वा सूत्रहरूलाई व्यक्त गर्न पनि हामीलाई पढाइ सिपको जरुरी हुन्छ । हामीले कुनै सूत्रलाई भाषामा व्यक्त गर्नका लागि त्यो सूत्र पढ्नु आवश्यक हुन्छ । भाषागत रुपमा लामो वाक्य वा अनुच्छेदमा व्यक्त गर्नुपर्ने तथ्यहरूलाई गणितीय भाषामा एउटा शब्दमा व्यक्त गर्न सकिन्छ । जस्तै : $\frac{1}{5}$ लाई पहिले हामीले देख्छौँ अनि त्यो पढेर कुनै वस्तुको ५ भागको एकभाग भन्नु कुरा बुझ्छौँ । यसो गर्नका लागि पनि हामीले पठन सिपको प्रयोग गर्छौं । प्राथमिक तहका बालबालिकाहरुको पाठ्यपुस्तकमा दिइएका सामान्य गणितीय समस्या जस्तै : समीर रु १०० लिएर बजार गयो, उसले रु ५० मा एक किलो चामल र रु १५ मा एउटा विस्कुट किन्यो भने उसँग अब कति रुपैयाँ बाँकी छ होला ? समाधान गर्नका लागि विद्यार्थीलाई पठन बोधको जरुरी हुन्छ । चामल र विस्कुट किनेको भनेकाले यी दुईको मूल्य जोडेर रु १०० बाट घटाउनुपर्छ भन्ने कुरा थाहा पाउन पठनबोधको जरुरी हुन्छ ।

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम अन्तर्गत विकास गरिएका विभिन्न सर्न्दभ समग्रीहरू जस्तैः आऊ गनौँ १ २ ३, चारकुने साथीहरू, बाइस पाटन त्रिपन्न ताल, ८० दिनको विश्व भ्रमण, जन्मदिनको उपहार आदि गणितसँग सम्बन्धित रमाइला किताबहरू कक्षामा नै उपलब्ध गराइएको छ । समग्र भाषा प्रयोगमा गणितीय विषयवस्तु समेत पर्दछ ।

### (ग) पठन सिप र सामाजिक शिक्षा

सामाजिक विषयको शिक्षण र सिकाइमा त पठन सामग्री नै महत्वपूर्ण माध्यम हुन्छ । हाम्रा पाठ्यपुस्तकमा हरेक विषयवस्तुमा पठन सामग्री दिइएका हुन्छन् । त्यस्तो विषयको बुझाइका लागि त्यो सामग्री पढ्नु नै पर्ने हुन्छ । चित्रमा के देख्छौ भन्ने प्रश्नको उत्तर दिनका लागि पनि चित्र पढ्नु पर्ने हुन्छ ।

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम अन्तर्गत विकास गरिएका विभिन्न सन्र्दभ समग्रीहरू जस्तैः गाई जात्रा, सानी र सुरी, मलाई माया गर्ने को को ? हजुर आमाको कथा, अर्ती र बुद्धि, व्यस्त माहुरी, जन्मदिनको उपहार आदि सामाजिक जीवनसँग सम्बन्धित रमाइला किताबहरू कक्षामा नै उपलब्ध गराइएको छ । यसकारण पठन सिप र सामाजिदक शिक्षाबिच पारस्परिक सम्बन्ध छ ।

हाम्रो सन्दर्भमा पढाइलाई भाषिक सिप मात्र मानिने र अन्य विषयमा पढाइ शिक्षणलाई जोड नदिइने भएकाले पनि विद्यार्थीहरुको पढाइको स्तर कमजोर हुनजान्छ । सामाजिक, विज्ञान, गणित विषयमा पनि उच्चारण, शब्दार्थ आदि कुरामा पनि ध्यान दिनुपर्छ ।

### ७.२ अन्य विषय शिक्षणमा पठन सिप सामग्रीको उपयोग

| | |
|---|---|
| **प्रशिक्षक निर्देशिका** | प्रशिक्षक निर्देशिकामा उल्लेख गरिएका अपेक्षित सक्षमता निर्धारण, मनोरञ्जनात्मक कक्षाकोठाको व्यवस्थापन, शिक्षक विद्यार्थी अन्तरक्रिया, समूह विभाजन, शब्दोच्चारण, सस्वर वाचन, समूह छलफल, जोडी कार्य, मूल्याङ्कन, सहजीकरण, पृष्ठपोषण, प्रश्न उत्तर, खोज, प्रर्दशन जस्ता कुराहरु सामाजिक, विज्ञान, गणित जस्ता अन्य विषयको पढाइ एवम् सिकाइ प्रक्रियामा पनि उत्तिकै उपयोगी हुनसक्छन् । |
| **शिक्षक निर्देशिका** | शिक्षक निर्देशिकामा उपयोग भएका पठन सामग्रीले केवल भाषा विषयको पठनबोध सिपलाई मात्र सहयोग नगरी सामाजिक, स्वास्थ्य, विज्ञान, वातावरण, गणित जस्ता अन्य विषयको बोध क्षमताको समेत विकास गराउँदछ । अन्य विषयका विषयवस्तु सिकाउँदा पनि “म गर्छु तिमी हेर”, “म गर्छु तिमी सहयोग गर”, “तिमी र म सँगै गरौँ”, “तिमी गर म सहयोग गर्छु”, “तिमी गर म हेर्छु ” भन्ने विधि पनि उपयोग गर्न सकिन्छ । |
| **वर्ण/अक्षरपत्ती** | कुनै एक विषय शिक्षणमा प्रारम्भिक पठन सिप विकासको निम्ति प्रयुक्त शब्दको बनोट तथा उच्चारणका लागि वर्ण/अक्षरपत्ती प्रयोग गर्न सकिन्छ । |
| **चित्र शब्द पत्ती** | चित्र वा शब्दका फ्लेक्सहरू प्रदर्शन गरी चित्रको पहिचान गर्ने, शब्द उच्चारण गर्ने, चित्रमा भएका कुराको मौखिन वर्णन गर्ने जस्तै : चित्रको रङ, आकार, नाम भन्न लगाउने जस्ता पठन सिप शिक्षण सामग्रीहरू अधिकांश विषयको शिक्षणका लागि उपयुक्त हुन्छन् जसबाट विद्यार्थीको पठन अभिरुचि जागृत हुने अपेक्षा गर्न सकिन्छ । |
| **भित्ते पात्रो** | सानासाना बालबालिकाहरूका निम्ति भित्ते पात्रोको प्रयोग त्यति धेरै प्रभावकारी नहुन सक्दछ यद्यपि शिक्षक स्वयम्ले सुरुसुरुमा दिन, गते, महिना, साल, तिथि मिति, चाडवर्प, उत्सवहरू, उनीहरूको जन्मदिन, वातावरण आदिसँग सम्बन्धित |

| | |
|---|---|
| | जानकारीहरू पत्ता लगाउन सहजीकरण गर्दा विद्यार्थीहरूको सिकाइ प्रक्रियामा सहजता ल्याउन सकिन्छ यसबाट अन्तरविषय क्षेत्रसँग सम्बन्धित विभिन्न शब्दहरूको पठन सिप विकास हुन सक्दछ । |
| **खेलपत्तीहरू** | चित्र, अक्षर, मात्रा र शब्द समावेश भएका खेलपत्तीहरूको माध्यमबाट शिक्षण गर्दा विद्यार्थीहरूको सिकाइ प्रक्रियामा सकारात्मक असर पर्दछ । यस्ता कार्यमा विद्यार्थीहरू उत्सुक हुन्छन्, खेल्छन् र सिक्दछन् । जस्तै चित्र र नाम मिलाउने, चित्रको सुरुको अक्षर चिन्ने, चित्र र मात्रा मिलाउने, जनावरका चित्र र नाम मिलाउने, शरीरका अङ्गका चित्र र नाम मिलाउने आदि । यो सिकाइ विधि अन्य विषयका शिक्षणमा पनि प्रयोग गर्न सकिन्छ । |
| **सन्दर्भ सामग्री** | बालबालिकाहरूको स्तरअनुसारका विभिन्न विषय क्षेत्रका पाठ्य सामग्रीहरूको व्यवस्थापन तथा प्रयोग, बुक कर्नर र प्रर्दशन बोर्डको उचित व्यवस्थापन तथा शैक्षिक सामग्रीको प्रयोग गरेमा बालबालिकाको पढाइ सिपमा अपेक्षाकृत उपलब्धि हासिल गर्न सकिन्छ, जसको प्रत्यक्ष सम्बन्ध बोधसँग हुने भएकाले सन्दर्भ सामग्रीको प्रयोगले समग्र विषयको पठन सिप एवम् बोध क्षमतामा वृद्धि हुन्छ । |

## प्रशिक्षक निर्देशन (९० मिनेट )

**१. मस्तिष्क मन्थन**

पढाइ भाषिक सिप मात्र हो तसर्थ भाषिक विषयमा बाहेक अन्यमा यसको आवश्यकता छैन ।

वा

गैरभाषिक विषयमा पनि पढाइको उत्तिकै महत्व छ । सबै विषयमा पढाइ बिना सिकाइ सम्भव छैन ।

यि दुई भनाइका सम्बन्धमा सहभागीहरूको प्रतिक्रिया लिनुहोस् ।

छलफलका आधारमा निम्न निष्कर्ष बताउनुहोस् : पढाइ भाषिक सिप भएतापनि सबै विषयक्षेत्रमा ज्ञान प्राप्तिको एउटा प्रमुख तरिका भनेको पढाइ हो । सामाजिक विषयको कुनै विषयवस्तुका बारेमा विद्यार्थीलाई जानकारी दिनका लागि पनि अन्य कुराहरुका अलावा पठन सामग्री नै दिइएको हुन्छ । तसर्थ गैरभाषिक विषयमा पनि पढाइको उत्तिकै जरुरी हुन्छ ।

**२. पढाइको महत्व दर्शाउने रोचक कुराहरू**



तलका बुँदाहरु पावर पोइन्टको माध्यमबाट अन्तरक्रियात्मक ढंगले (एउटा बुँदा देखाउने र एकजना सहभागीलाई सो बुँदाको व्याख्या गर्न लगाउने) प्रस्तुत गर्नुहोस् ।


- पढाइले अल्झाइमेर हुनबाट बचाउँछ ।
- पढाइ मस्तिष्कको अभ्यास गराउँछ ।
- पढाइले चिन्ता र तनावको स्तर घटाउँछ ।
- पढाइले शब्दभण्डार बढाउँछ ।

- तपाईंले पढ्दा छिमेकीले हल्लाखल्ला भयो भनेर सिकायत गर्दैनन् ।
- किताबले गोली रोकेका छन् अर्थात पढाइले तपाईंको जीवन बचाउँछ ।
- डाइनोसरले पढेनन् , उनीहरुलाई के भयो ?
- पढाइ महँगो हुँदैन । तपाईं मागेर, सापटी लिएर र अनलाइनमा पढ्नसक्नुहन्छ ।
- पढाइले व्यक्तिलाई उत्प्रेरित गर्छ ।
- ज्ञान बिकरमा भण्डार गर्न सकिन्न तसर्थ नियमित पढ्नुहोस् ।


**३. पढाइ र अन्य विषयको सम्बन्ध**

- सहभागीहरूलाई निम्न संकेतहरु पावर पोइन्ट मार्फत देखाइ प्रत्यकेको अर्थ भन्न लगाउनुहोस् ।



HCL
$H_2O$, $CO_2$, $O_2$



**सहभागीहरुले यिनीहरुको अर्थ बताउनका लागि चित्र के गरे भन्ने कुरा सोध्नुहोस् ? (पढे)**
**पढाइ भाषिक विषयका लागि मात्र नभएर अन्य विषयमा पनि उत्तिकै आवश्यक हुन्छ भन्ने कुरा बताउनुहोस्**

- सहभागीहरुलाई निम्न गणितीय समस्या पावर पोइन्टबाट देखाइ समाधान गर्न लगाउनुहोस् ।

रामले रु १०० को नोट लिएर बजार गयो । उसले रु ४५ को आधा के.जी. स्याउ किन्यो र घर फर्क्यो । अब रामसँग कति रूपैया बाँकी होला ?

**सहभागीहरुलाई उनीहरुले सो समस्या समाधान गर्दा घटाउ गर्नुपर्छ भन्ने कुरा कसरी थाहा पाए भन्ने कुरा सोध्नुहोस् ।**


**४. पढाइ : साधन र साध्य**

**पढाइ साधन र साध्य के हो भन्ने कुरा सोध्नुहोस् ?**
**छोटो छलफल पश्चात निम्न निष्कर्ष दिनुहोस् ।**

भाषिक विषयमा पढाइ साधन र साध्य दुबै हो । त्यस्तो विषयको शिक्षणमा हामी पढ्नका लागि पनि सिकाउँछौ (साध्य) र पढाइको उपयोग गरेर कसैको जीवनीका बारेमा बुझ्न पनि सिकाउँछौं । अन्य विषय शिक्षणमा जस्तै : सामाजिक विषयमा सामाजिक समस्या भन्ने पढेर हामी सामाजिक समस्याको सूची बनाउन लगाउँछौं । यसो गर्दा हामीले पढाइलाई साधनको रुपमा प्रयोग गरेका हुन्छौं ।

**५. पढाइ : सन्दर्भ अनुसार फरक फरक अर्थ लाग्छ ?**

सहभागीहरुलाई निम्न स्लाइड पालैपालो देखाइ विद्यार्थीको उत्तर सही भए नभएको र कारण सोध्नुहोस् ।







सहभागीहरुले आफ्नो कुरा राखिसकेपछि निम्न कुरा बताउनुहोस् ।

अघिल्लो प्रश्नको 'Find X' र पछिल्लो प्रश्नको 'Find the flag of Nepal' को अर्थ फरक फरक लाग्छ । अघिल्लोमा हृ को मान पत्ता लगाउनका लागि र पछिल्लोमा नेपालको झण्डा देखाउनका लागि भनिएको हो । सहभागीहरुलाई निम्न कुरा बताउनुहोस् :

एउटै शब्द वा वाक्यको पनि फरक फरक विषयमा फरक फरक अर्थ लाग्छ ।

पढाइको तरिका र task को intention को व्याख्यामा उत्तर भर पर्दछ ।

सिकाइ पढाइमा भर पर्दछ ।


पढाइका लागि सन्दर्भ पनि महत्वपूर्ण हुन्छ ।

**६. अन्य विषयमा पढाइलाई कसरी उपयोग गरिन्छ ?**

सहभागीहरुलाई उनीहरुले सामाजिक विषयमा तल दिइएको जस्तो पठन सामग्री कसरी शिक्षण गर्ने गरिएको छ ? सोध्नुहोस्

पाठ – ४

## समान व्यवहार



धेरै वर्षअघि सप्तरी जिल्लामा राम प्रवेश नाम गरेका एक जना मानिस बस्थे । त्यहाँ उनको धेरै जग्गा जमिन थियो । घर पनि ठूलै थियो । उनले काम गर्न केही मानिस पनि राखेका थिए । त्यसैले उनी आफूलाई धनी सम्झन्थे । गाउँका अरू मानिसभन्दा आफ्नो धन सम्पत्ति धेरै भएकोमा उनी घमन्ड पनि गर्थे । जति सम्पत्ति भए पनि उनी साह्रै लोभी थिए । कसैलाई एक पैसा पनि सहयोग गर्दैनथे । त्यति मात्रै होइन, उनी ज्यादै पुरानो विचारका थिए । उनले आफ्ना छोरीहरूलाई पढाएका थिएनन् । छोरीलाई पढाउनु हुँदैन भन्ने सम्झन्थे । अरू मानिससँग पनि जातका आधारमा भेदभाव गर्थे । गाउँका बूढाबूढी र गरिब मानिसलाई त उनी अति नै हेलाँ गर्थे । उनको यस्तो व्यवहार त्यस गाउँका मानिसलाई मन परेको थिएन । त्यसै कारण राम प्रवेशलाई कुनै दुःख पर्दा सहायता गर्न कोही पनि अघि सर्दैनथे ।

त्यही गाउँमा भोला नाम गरेका मानिस थिए । उनी निकै दयालु र सहयोगी थिए । गाउँका सबैलाई आपद्‌विपद र दुःख पर्दा उनी सहयोग गर्न अघि सर्थे । उनी गरिब भए पनि अरूको मदत गर्न पाउँदा खुसी हुन्थे । मानिस जातले ठूलो तथा सानो हुँदैन भन्ने कुरामा उनी विश्वास गर्थे । उनी छोरा र छोरीमा पनि भेदभाव गर्दैनथे । उनले छोरा र छोरी दुवैलाई पढ्न पठाएका थिए । उनको छिमेकमा विभिन्न जातका मानिसहरू बस्थे तर उनी सबै छिमेकीहरूसँग समान व्यवहार गर्थे । छिमेकीले

शिक्षण निर्देशन :

समान व्यवहार गर्दा र नगर्दाको अवस्थामा देख पर्ने समस्याहरू झल्कने कथा वा आफ्नै समुदायका घटनाहरूका उदाहरणहरू दिएर शिक्षण गर्नुहोस् ।

८ मेरो सामाजिक अध्ययन तथा सिर्जनात्मक कला, कक्षा – ५

**सहभागीहरुको विचार सुनिसकेपछि निम्न कुरा बताउनुहोस् :**

सामाजिक, विज्ञान जस्ता विषयमा पठन सामग्रीमा आधारित भएर विषयवस्तु निर्धारण गरिएको हुन्छ । तर शिक्षकले पढेर सुनाउने, विद्यार्थीलाई पढ्न लगाउने र पढिसकेपछि मात्र अभ्यास क्रियाकलाप गर्न लगाउने गरिन्छ ।

यस्तो कार्यमा पढ्नुभन्दा वा पढ्दै गरेको अवस्थामा गर्नुपर्ने कुनै कार्य नदिइने भएकाले विद्यार्थीहरुले दिइएको अभ्यासलाई स्वतन्त्र अभ्यासको रुपमा गर्छन् । तसर्थ त्यस्ता अभ्यासमा दिइएका प्रश्नहरु भाषिक विषयमा गर्ने जसरी नै पढाइका साथसाथ गराउनुपर्छ । पठन सामग्रीको सुरुमा यो पाठ पढ्नका लागि नभनिएतापनि यस्तो पाठ शिक्षणका क्रममा पढाइलाई जोड दिनुपर्दछ ।

### ७. सन्दर्भ सामग्रीको अन्य विषय शिक्षणमा प्रयोग

सहभागीहरुलाई दिइएको सन्दर्भ सामग्रीको बण्डलबाट केही सामग्रीहरु (कम्तिमा १० ओटा) छान्न भन्नुहोस् र त्यस्ता सामग्री अन्य विषयको शिक्षणमा कसरी उपयोग गर्न सकिन्छ भन्ने कुरा समूहमा छलफल गरी निम्न ढाँचामा प्रस्तुत गर्न लगाउनुहोस् ।

| क्र.सं. | सामग्रीको नाम | कसरी प्रयोग गर्ने |
|---|---|---|
| | | |
| | | |
| | | |

प्रारम्भिक कक्षा पढाइ कार्यक्रममा उपलब्ध सन्दर्भ सामग्रीहरु र शिक्षण सामग्रीहरु अन्य विषय शिक्षणमा पनि उपयोग गर्न सकिन्छ भन्ने कुरा निष्कर्षमा बताउनुहोस् ।

**ट. प्रश्नोत्तर**

सहभागीहरुलाई यो सेसनको विषयमा कुनै प्रश्न भए सोध्न भन्नुहोस् र जवाफ दिई सेसन टुंग्याउनुहोस् ।

# एकाइ ८ :कक्षाकोठा व्यवस्थापन

| **अपेक्षित सक्षमता** |
| --- |
| ● कक्षाकोठा व्यवस्थापनको अर्थ तथा महत्त्व बोध |
| ● कक्षा कोठामा सामग्री व्यवस्थापनका तरिका पहिचान |
| ● कक्षाकोठामा छापामय वातावरण प्रवर्धन तथा प्रयोग |
| ● शैक्षणिक व्यवस्थापनका विविध पक्षहरूको आत्मसातीकरण तथा उपयोग |
| ● पढाइ सिपविकासका लागि कक्षाकोठा पुस्तकालयको उचित व्यवस्थापन तथा उपयोग |
| ● फरक, क्षमता भएका बालबालिकाका लागि शिक्षण र सामग्री प्रयोग |

**विषयवस्तु**

**८.१ कक्षाकोठा व्यवस्थापन अवधारणा**

कक्षाकोठामा शिक्षण सिकाइ सहजीकरण गर्नका लागि योजना बनाउनु, त्यसको उपयुक्त सङ्गठन गर्नु र व्यवस्थित सजावट तथा कार्य विभाजन र समन्वय समेत गरी कक्षाकोठालाई सिकारु एवम् सिकाइ मैत्री बनाउनु कक्षाकोठा व्यवस्थापन हो । कक्षाकोठा व्यवस्थापनलाई समय, स्रोत, साधन, क्षेत्रफल, सिकारुको व्यवहार आदि सबैका दृष्टिले उचित व्यवस्थापन गर्ने कार्यका रूपमा परिभाषित गर्ने गरिन्छ जसले शिक्षण सिकाइ क्रियाकलापलाई बढी उपयोगी, बालमैत्री, समावेशी, लैङ्गिक मैत्री तथा प्रभावकारी बनाउन मद्दत गर्छ । कक्षाकोठाभित्रको शैक्षिक, भौतिक, मानवीय स्रोत, सामग्री, सिकारुको बसाइ लगायतको व्यवस्थापन कार्यहरू कक्षाकोठा व्यवस्थापनभित्र पर्दछन् । यो कार्यले सिकाइका लागि सहजकारी वातावरण पनि सिर्जना गर्छ ।

**कक्षाकोठा व्यवस्थापनका केही उद्देश्यहरू**

- सिकारुको कक्षाकोठाभित्र हुने व्यवहारलाई सिकाइसँग आबद्ध गर्नु
- सकारात्मक सिकाइ वातावरण सिर्जना गर्नु
- शिक्षक विद्यार्थीबिच असल शैक्षिक सहसम्बन्ध विकास गर्नु
- सिकारुलाई सिकाइप्रति बढी जिम्मेवार बनाई आकर्षित गर्नु
- समय, स्रोत, साधन तथा क्षेत्रफलको व्यवस्थापनलाई सिकाइ मैत्री बनाउनु
- बालबालिकामा रहेका गैर सिकाइमूलक व्यवहारको व्यवस्थापन गर्नु
- स्वतन्त्र, सहज, सिर्जनामुखी, सिकाइ वातावरण निर्माण गर्नु

**कक्षाकोठा व्यवस्थापनका केही उपयोगी क्षेत्रहरू**

| | |
| --- | --- |
| कक्षाकोठाको भौतिक व्यवस्थापन | ● कक्षाको आकार, तापक्रम, हावा आदि महत्त्वका क्षेत्र हुन् ।<br>● सबै बालबालिकालाई शिक्षकले सहजरूपमा देख्न सक्ने गरी कक्षाकोठाको बसाइ व्यवस्थापन गर्ने<br>● बालबालिकाहरूको बसाइ व्यवस्थापन गर्दा एकले अर्कोलाई हेर्न सकिने गरी व्यवस्थापन गर्ने<br>● कक्षाकोठामा समूह कार्य तथा अन्य शैक्षिक क्रियाकलाप सञ्चालन गर्न आवश्यक |

| | |
|---|---|
| | ठाउँ रहने गरी कक्षाकोठाको व्यवस्थापन गर्ने<br>● कम्प्युटर, तथा अन्य विद्युतीय उपकरणहरूलाई घाम, पानी, धुलो आदिबाट सुरक्षित हुने गरी प्रयोग पश्चात् दराजमा वा अन्य कपडाले छोपी सुरक्षित स्थानमा राख्ने<br>● शिक्षकको डेक्स, टेबल आदि भएका कक्षाकोठाको कुनै कुनामा वा सबैलाई अवलोकन गर्न सकिने स्थान पहिचान गरी व्यवस्थापन गर्ने<br>● कक्षाकोठाको कुनै एक कुनामा बालबालिकाका लागि एक बुक कर्नर व्यवस्थापन गर्ने<br>● बालबालिकाको पोर्टफोलियोलाई दराजमा व्यवस्थित गर्ने |
| शैक्षिक सामग्रीको व्यवस्थापन | ● दैनिकरूपमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि अत्यावश्यक शैक्षिक सामग्रीहरू शिक्षक दराजमा वा शिक्षक डेक्समा व्यवस्थित गर्ने<br>● कक्षाकोठामा नियमित रूपमा प्रयोगमा आउने शैक्षिक सामग्रीहरू सहज रूपमा पहुँच हुने गरी व्यवस्थापन गर्ने<br>● सन्दर्भ सामग्री पठन सिपसँग सम्बन्धित शैक्षिक सामग्रीहरू कक्षाकोठाको बुक कर्नर वा वुक डिस्प्ले दराजमा राख्ने<br>● शैक्षिक सामग्रीहरू शिक्षकको दराज वा शिक्षक डेक्स वा डिस्प्ले दराजको अन्तिम खण्डमा राख्ने<br>● शिक्षक तथा विद्यार्थी निर्मित शैक्षिक तथा अन्य प्रवर्तनात्मक सिर्जनाहरूलाई सबै बालबालिकाले हेर्न र कक्षा शिक्षणमा प्रयोग गर्न मिल्ने गरी प्रदर्शन गर्ने<br>● विद्यार्थी तथा शिक्षक निर्मित प्रवर्तनात्मक शैक्षिक सामग्रीहरू छपाइयुक्त कक्षाकोठाको अवधारणाअनुसार कक्षाकोठाका भित्ताहरूमा, कालोपाटीको दायाँ बाँया, वा डोरीको व्यवस्थापन गरी प्रदर्शन गर्ने |
| सकारात्मक सिकाइ वातावरण विकास | ● बालबालिकाहरूप्रति मिठो बोली वचन प्रयोग गरी छलफल, अन्तरक्रिया तथा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने<br>● कृपया, धन्यवाद, स्यावास्, क्षमा गर्नुहोस जस्ता शब्दहरूको अत्यधिक प्रयोग गरी सकारात्मक वातावरण सिर्जनामा सहज हुने<br>● सबै बालबालिकाहरूको नाम याद गर्ने र सकेसम्म सबैको नाम बोलाएर सम्बोधन गर्ने<br>● सबै बालबालिकाहरूलाई शैक्षिक गतिविधिमा सक्रिय बनाउने, यसका लागि आवश्यक पुनर्बल प्रदान गर्ने<br>● उपलब्ध सूचना सहज र सरलरूपमा विद्यार्थीहरूलाई प्रवाह गर्ने<br>● सकेसम्म सकारात्मक भनाइ, सन्देशहरू प्रवाह गरी नकारात्मक सोच विकास हुने अवस्थालाई हटाउने<br>● सुझाव दिँदा जहिले पनि सकारात्मक हुने, सिधै नकारात्मक टिप्पणी नगर्ने<br>● सामूहिक भावनाको विकास गर्ने, समूहमा बस्ने,सामूहिक छलफल गर्ने, सामूहिक निष्कर्षमा पुग्ने कार्य संस्कृति विकास गराउने<br>● कक्षाकोठामा आधारित शिक्षक विद्यार्थी बैठक सञ्चालन गरी सिकाइ समस्याका बारेमा छलफल गर्ने |

- सबै बालबालिकाले उच्च शैक्षिक उपलब्धि हासिल गर्न सक्छन् भन्ने सकारात्मक अपेक्षाका साथ शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने

**कक्षाकोठा व्यवस्थापनका प्रकार**

**(क) भैतिक व्यवस्थापन**

खास गरी निम्न स्रोत साधनहरूको उपयुक्त प्रयोग, व्यवस्थापन तथा संरक्षणसँग सम्बन्धित प्रक्रिया भौतिक व्यवस्थापनसँग सम्बन्धित छ ।

- कोठा (स्थल)
- डेस्क वा टेवल तथा बेन्च वा कुर्सीहरू
- कालोपाटी र सेतोपाटी
- झ्याल ढोका र प्रकाश
- सजावट
- शैक्षिक सामग्री
- कम्प्युटर तथा प्रोजेक्टर
- सजावट (खानेपानी, कक्षाका नियम, जवचार्ट, सिकाइरविषयगत कुना, विद्यार्थी सिर्जना आदि)

विद्यार्थीको उमेर रुचि र चाहना तथा स्वास्थ्य अनुकूल हुने गरी भौतिक व्यवस्थापन मिलाउनुपर्ने हुन्छ । सबै सामग्रीको कक्षाकोठा सुन्दर देखिने र विद्यार्थीमैत्री तथा सिकाइ अनुकूल हुने गरी व्यवस्थापन गर्न जरुरी हुन्छ । कक्षामा विषयवस्तु र प्रयोग गरिने शिक्षण विधिअनुसारको फर्निचर व्यवस्थापन, कालोपाटी वा पर्दाको रखाइ, कम्प्युटर तथा प्रोजेक्टरको रखाइ, शैक्षिक सामग्रीहरू (नक्सा, ग्लोव, गणितीय तथा विज्ञान प्रयोगशाला) को व्यवस्थापन, विषयगत कुनाहरूको उचित स्थानमा व्यवस्था, सिकारुले सिर्जना गरेका चित्र सामग्री तथा साहित्यहरूको भित्तामा प्रदर्शन, तथा भित्ते लेखन, खानेपानी र फोहोर राख्ने भाँडा तथा सरसफाइको अवस्था समेत कक्षाकोठाको भैतिक व्यवस्थापनअन्तर्गत पर्दछन् । पाटी भए नटल्किने तथा सफा हुनुपर्छ ।ह्वाइटबोर्डलाई पनिसफा राख्नुपर्छ भने प्रोजेक्टर भए टाढाबाट सिकारुले स्पष्ट र सफा देख्न सक्ने अक्षर बनाउनुपर्छ । पाटी तल एउटा दराज भए शिक्षकका सामग्री राख्न सजिलो हुन्छ । बच्चाले पालो गरी भए पनि प्रयोग गर्ने सानो कालो पाटीसमेत बनाउँदा अझ उपयोगी हुन्छ । सामान्यतया सिकारुको दाँया वा बाँया पछाडिबाट प्रकाश आउनुपर्छ र यसले कालोपाटी, गोजीतालिका वा प्रोजेक्टरको स्लाइडमा प्रकाश पार्नु हुँदैन । सिकारुका पाठ्यपुस्तक तथा कापीहरू सुरक्षित हुने गरी डेक्समुनि घर्रा बनाइदिने, सानो बच्चाका लागि भुइँबसाइ र राउन्ड टेबलहरूको व्यवस्था र खेलका सामग्रीहरूको उपलब्धता हुनुपर्छ ।यी सबैको कुशलतापूर्वक व्यवस्थापन गरी भैतिक व्यवस्थापनलाई मजबुत र आकर्षक बनाउन सकिएको खण्डमा मात्रै कक्षाकोठामा शैक्षणिक तथा मनोवैज्ञानिक वातावरणको व्यवस्थापन गर्न सकिन्छ । शिक्षा नियमावली २०५९ संशोधनसहितले कानुनी रूपमै कक्षाकोठामा विद्यार्थीहरूका लागि हुनुपर्ने क्षेत्रफल पूर्व प्राथमिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ र अन्यका लागि १ व.मि., कक्षाकोठाको उचाइ ९ फिट, कक्षाकोठामा प्रकाश तथा बत्ती र हावाको प्रबन्ध, झ्यालढोकाको अवस्था, सामुदायिक विद्यालयमा प्रति कक्षा विद्यार्थी सङ्ख्या हिमाल, पहाड र तराईका लागि क्रमश: ४०, ४५ र ५० जना र संस्थागतमा औसतमा ३३ जना हुनुपर्ने मापदण्ड, सबै विद्यार्थी एकै पटक उभिन सक्ने खेलमैदान, छात्र

छात्राका लागि शौचालयलगायतका पूर्वाधार तयार गरिसकेपछि मात्र विद्यालय सञ्चालनका लागि अनुमति दिने व्यवस्था गरेको छ ।

**(ख) बसाइ व्यवस्थापन**

- शिक्षण विधिको छनोट
- विद्यार्थी बसाइ व्यवस्थापन र क्रियाकलाप
- समूहविभाजन
- विद्यार्थी कार्य विभाजन
- कक्षामा अनुशासन

शिक्षक, विद्यार्थी, पाठ्यक्रम, अनुशासन, अचारसंहिता, वातावरण र नेतृत्व कक्षाकोठासँग अन्तरसम्बन्धित रहेका छन् । यी सबै पक्षको उचित व्यवस्थापन गर्न सक्यो भने मात्र कक्षाकोठा व्यवस्थापनले सार्थकता पाउँछ । कक्षामा शिक्षकले शिक्षक केन्द्रित विधिहरू प्रश्नोत्तर, प्रदर्शन, व्याख्यान आदि प्रयोग गर्दा र धेरै विद्यार्थी सङ्ख्या भएको अवस्थामा दुई वा तिन लहरमा बसाउने परम्परागत तरिकाको बसाइ व्यवस्थापन अपनाउन सकिन्छ, जहाँबाट सबै विद्यार्थीले शिक्षकलाई देख्न र सुन्न सक्छन् । तर शिक्षकले सबै खालका सिकारुलाई ध्यान दिने र eye concact गरी राख्न बिर्सनु हुँदैन र सकेसम्म सबै सिकारुका नजिक पुग्ने प्रयास समेत गर्दा सिकारु शिक्षकतिर ध्यान केन्द्रित गर्दछन् । विद्यार्थी केन्द्रित शिक्षण विधि समस्या समाधान, प्रयोगात्मक तथा परियोजना आदिमा भने सिकारुलाईसमूहसमूहमा राखेर काम गर्ने स्वतन्त्रता दिँदा वेश हुन्छ । यस्तो व्यवस्थामा उनीहरूले एक अर्काबाट सिक्छन् सिकाउँछन् । शिक्षकले उनीहरूको प्रगति हेर्न तथा सहयोग चाहिने भए बिचबिचमा त्यहाँ पुग्ने र कमजोरलाई थप मदत तथा उत्प्रेरित गर्ने भूमिका निभाउनु राम्रो हुन्छ । शिक्षकले समूहविभाजन गर्दा भने सिकारुको क्षमता, रुचि, समुदाय, विविधता तथा मिश्रित आवश्यकताअनुसारका समूहनिर्माण मनोरञ्जनात्मक तरिकाले गरी समूहनेता छनोटमा समेत सहजीकरण गरिदिँदा सजिलो हुन्छ । विद्यार्थी बसाइ व्यवस्थापन गर्दा उनीहरूको उमेर, शारीरिक अवस्था र विद्यार्थी सङ्ख्या, कक्षाकोठाको आकार तथा उपलब्ध साधन स्रोतले समेत फरक पार्ने भएकाले सोहीअनुसार बसाइ व्यवस्थापन गरिनुपर्दछ । कक्षाकोठामा बसाइ व्यवस्थापन गर्दा बच्चाको उमेर, उचाइ, शारीरिक अवस्थाअनुसारका बसाइका साधन छनोट गर्नुपर्दछ । सिकारु सोझो रूपमा बस्ने भुइँमा खुट्टा राख्न मिल्ने र डेक्स वा बेन्च १० देखि १५ डिग्री छड्के हुने गरी मिलाउनुपर्दछ । चाहे चकटी बेञ्च कुर्ची वा कार्पेट जे भए पनि मौसम अनुकूल समेत हुने गरी बनाउनुपर्छ । यसरी सिकारुको उचाइ, हेर्ने र सुन्ने क्षमता, उमेर, कक्षामा प्रकाश र हावाको व्यवस्था, कालोपाटी, अन्य सामग्रीको रखाइ, र सञ्चालन गर्ने सिकाइ सहजीकरण क्रियाकलापको अवस्थालाई विचार गरेर बसाइ व्यवस्थापन मिलाउनु राम्रो मानिन्छ ।

कक्षाकोठामा सबै सिकारु शिक्षण सिकाइ क्रियाकलापमा संलग्न हुन र ध्यानपूर्वक शिक्षकका कुरा सुन्न, शिक्षक समक्ष जिज्ञासा राख्न र उपयुक्त सञ्चार तथा पृष्ठपोषण लिन दिनका लागि एक खालको अनुशासनमा बाँधिन शिक्षकको सहयोग तथा सबै सिकारुको संलग्नता र सहमतिमा कक्षाकोठाको नियम तथा आचारसंहिता निर्माण तथा पालना गर्ने र त्यसलाई सबैले देख्ने ठाउँमा राख्ने व्यवस्था गरिएको हुन्छ । कक्षामा नेतृत्व क्षमता विकास गर्ने, समय पालना गर्ने, सामग्री व्यवस्थापन गर्ने र सरसफाइ समेत गर्ने व्यवस्थापनका लागि मनिटरको छनोट समेत गरिन्छ । यसले अनुशासन कायम गर्नका लागि थप सहयोग

पुगेको हुन्छ । सिकारुका कार्य विभाजन, समूह विभाजन, उत्तरदायित्व र जिम्मेवारी प्रदान गर्ने जस्ता क्रियाकलापलाई व्यवस्थित गर्ने काम समेत मनिटरको व्यवस्थाबाट सहज हुन्छ ।

अत: कक्षाकोठा व्यवस्थापनका पक्षहरू हेर्दा यसलाई कुशलतापूर्वक असल सिकारुमैत्री, उत्तम सिकाइ र सिकारु सक्रियता तथा सिकाइ सहजीकरण प्रक्रियालाई सफल र व्यवस्थित गर्नका लागि प्राथमिक रूपमा शिक्षकको दायित्व भए पनि कक्षाकोठालाई व्यवस्थित, सुरक्षित र स्वच्छ तथा सूचनामुलक समेत बनाउनका लागि वि.व्य.स., प्र.अ., अभिभावक, विद्यार्थी र सम्बन्धित सरोकारवालाहरूको उत्तिकै सकारात्मक सहयोग हुनु तथा जुटाउनु आवश्यक देखिन्छ । यसो हुन सकेमा मात्र पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उपलब्धिर सक्षमताको प्राप्तिका साथमा सक्षम असल र व्यावहारिक नागरिक उत्पादन गर्ने हामी सबैको दायित्वले सार्थकता पाउने कुराको अपेक्षा गर्न सकिन्छ ।

**(ग) शैक्षिक सामग्रीको व्यवस्थापन**

- शैक्षणिक सामग्री
- शिक्षकको डेक्स वा बुक डिस्प्ले दराजमा सुरक्षित रूपमा राख्ने
- कक्षाकोठाको डिस्प्ले बोर्डमा राख्ने
- कक्षाकोठाको भित्ताहरूमा सिकारुले सहजरूपमा देख्न सकिने गरी व्यवस्थापन गर्ने
- डोरीको सहयाताले बालबालिकाले सहजरूपमा देख्न सक्ने गरी कक्षाकोठाको वरपर प्रदर्शन गर्ने

**(घ) सन्दर्भ सामग्री वा बुक कर्नरको व्यवस्था**

- यसका लागि एक छुट्टै दराज र डिस्प्ले बोर्डको व्यवस्था गर्ने
- बालबालिकाको सिकाइको स्तरअनुसार किताबको स्तरीकरण गरी सिकारुले सहजरूपमा पहुँच हुने गरी व्यवस्थापन गर्ने
- उज्यालो ठाउँ भएको कक्षाकोठाको कुनामा व्यवस्था गर्ने
- नयाँनयाँ सामग्रीको हकमा बुक डिस्ल्पे दराजमा प्रदर्शन गरी सिकारुको ध्यान आकृष्ट गर्न सक्ने गरी व्यवस्थापन गर्नै
- तह र पढाइ स्तर निर्धारण गरिएका विभिन्न विषयका किताबहरू

**(ङ) छापामय वातावरण**

प्रारम्भिक उमेर समूहका बालबालिकाहरूले वातावरणसँग अन्तरक्रिया गरेर नयाँ नयाँ ज्ञान निर्माण गर्छन् । यसका लागि सिकारुको मौखिक भाषिक सिपलाई साक्षरतायुक्त छपाइ वतावरणसँग तालमेल गर्न जरुरी हुन्छ । त्यसैले नेपाली भाषा शिक्षण गर्ने प्रत्येक शिक्षक छपाइ वातावरणका बारेमा जानकार हुनुपर्छ । छपाइयुक्त वातावरण सिर्जना तथा व्यवस्थापन कौशल विकास गरी प्रयोगमा ल्याउनुपर्छ । छपाइयुक्त वातावरण अन्तर्गत निम्न पक्षहरू पर्दछन् :

- प्रदर्शन गरिएका छपाइसम्बन्धी सामग्रीहरू ( अनुच्छेद, भनाइ तथा सन्देश, वाक्य...)
- विभिन्न प्रकारका तस्वीरहरू ( शिक्षक तथा विद्यार्थी निर्मित, बजारबाट खरिद भएका, अन्य निकायबाट सहयोग स्वरूप प्राप्त भएका )

- ग्राफ तथा अन्य चार्टहरू
- बालपत्रिका तथा अन्य समाचार बुलेटिन
- चित्र किताब, अभ्यास किताब, तथा अन्य छपाइ सामग्री
- परियोजना कार्य र तिनको प्रतिवेदनहरू
- पोस्टर, कार्यविवरण, कक्षाकोठानियम आदि
- बालबालिका निर्मित किताब
- शिक्षक निर्मित किताब
- सन्दर्भ सामग्रीका रूपमा रहेको किताबहरू

**छपाइले युक्त कक्षाकोठाविकासका लागि के गर्ने ?**

- सचेतना अभिवृद्धि गर्ने
- छपाइसम्बन्धी आवश्यक सामग्री (स्रोत) को व्यवस्था र उपलब्धता सुनिश्चित गर्ने
- शिक्षकको पेसागत विकास गरी छपाइले युक्त कक्षाकोठाविकास गर्न सहयोग गर्ने
- साक्षरता सिप विकासका लागि आवश्यक सिकारुको सिकाइ चाहनाअनुसारका शैक्षिक सामग्री ( छपाइ) विकास गर्ने
- कक्षाकोठामा गरिने शिक्षण सिकाइ क्रियाकलापलाई शैक्षिक सामग्रीको प्रयोग र शैक्षिक सामग्रीको विकासमा आधारित गराउने र यसबाट तयार भएका सामग्री कक्षाकोठामा व्यवस्थापन गर्ने

**छपाइले युक्त वातावरणको विशेषता**

छपाइलेयुक्त साक्षर वातावरणका निम्न विशेषताहरू हुन्छन्:

- कक्षाकोठामा, घरमा तथा पुस्तकालय कक्षमा जताततै सिकाइ सामग्रीको उपलब्धता हुन्छ । छपाइमा आधारित पठन सामग्री, अभ्यास सामग्री तथा सिकाइ सामग्रीको व्यवस्था गरिएको हुन्छ, जुन सिकाइ सिपसँग आबद्ध हुन्छ ।
- बालबालिकाहरूलाई शिक्षक, उपल्लो कक्षाका विद्यार्थी, अभिभावक तथा अन्य सबैले पठनका लागि प्रोत्साहन गरिएको हुन्छ र पठनका लागि आवश्यक पर्ने सामग्रीको व्यवस्था गरिएको हुन्छ ।
- युवा तथा प्रौढहरूले आनन्दका लागि, मनोरञ्जनका लागि पठन गर्ने अवस्था सिर्जना गरिएको हुन्छ र बालबालिकाहरूले मनोरञ्जन तथा आनन्दका लागि पठन कार्य गर्ने वातावरण प्राप्त गर्दछन् ।
- अभिभावकहरूले बालबालिकाले स्वतन्त्र रूपमा पठन कार्य गर्ने अवस्था सिर्जना गर्नुका साथै सही तरिकाबाट पठन कार्य गर्नका लागि निर्देशित गर्ने गर्दछन् ।
- अभिभावक तथा युवाले आफ्नो तथा बालबालिकाको वरपर भएका छपाइ सामग्रीको व्याख्या, सामग्रीमा भएको सूचना आदिको बारेमा बालबालिकाहरूलाई बताई पठन संस्कृति विकास गर्न मदत गर्छन् ।

- शिक्षकले कक्षाकोठामा छपाइलेयुक्त वातावरण सिर्जना गर्ने प्रयत्न गर्छन्, बालबालिकालाई पठन गर्न लायक तथा लेखनका लागि उपयुक्त व्यवस्था गर्छन् ।

**छपाइलेयुक्त वातावरण निर्माणका लागि सामग्री विकास गर्दा के के पक्षहरूमा ध्यान दिनुपर्छ ?**
नयाँपन,आकर्षक, संवेगको उचित सम्बोधन,चित्र तथा ग्राफको उच्चतम प्रयोग,तथासिकारुको पूर्व सिकाइमा आधारित छपाइ सामग्रीको प्रयोग गरी कक्षाकोठालाई बढी सिकाइ मैत्री बनाउनमा बालबालिकाको पूर्व सिकाइमा आधारित शैक्षिक सामग्रीको विकास र प्रयोग गर्नु सान्दर्भिक हुन्छ ।

**प्रशिक्षक निर्देशन (९० मि.)**

**सम्भावित क्रियाकलाप**

१. प्रशिक्षकले सहभागीहरूलाई कक्षाकोठा व्यवस्थापनको परिचय र उद्देश्य माथि छलफल प्रस्तुत गर्नुहोस् ।

२. सहभागीहरूलाई तिन समूहमा वर्गीकरण गरी कक्षाकोठाको भौतिक व्यवस्थापन, शैक्षिक सामग्रीको व्यवस्थापन र सकारात्मक सिकाइ वातावरण व्यवस्थापनमध्ये एक एक ओटा शीर्षकमा दिइएको विषयवस्तुका आधारमा समूहको निचोड प्रस्तुत गर्न लगाउनुहोस् । कक्षाकोठाको भौतिक व्यवस्थापन उचित छ, छैन थप गर्नुपर्ने कुराहरू प्रशिक्षकले प्रस्तुत गर्नुहोस् ।

३. सहभागीहरूलाई आफूलाई मन लागेको (कविता, कथा, चित्र, तालिका, सूची, भनाइ,.....) न्युजप्रिन्टमा लेख्न लगाई आफ्नो नजिक टाँस्न लगाउनुहोस् । सहभागीहरूका रचना टाँसी सकेपछि कक्षाकोठाको वातावरण कस्तो भयो छलफल गर्नुहोस् । सहभागीहरूलाई दुई समूहमा वर्गीकरण गरी एक समूहलाई छापामय कक्षाकोठाको परिचय र अर्को समूहलाई त्यसको महत्त्व न्युज प्रिन्टमा लेख्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् । सहभागीको विचारलाई एकीकृत गरी प्रशिक्षकले आधारभूत तालिम प्याकेजमा समावेश गरिएको छापामय कक्षाकोठा शीर्षकमा भएको विषयवस्तु प्रस्तुत गरी छलफल गर्नुहोस् ।

४. छापामय कक्षाको एउटा दृश्य सामग्री प्रस्तुत गर्ने अवलोकन गर्नलाई यसको लागि के के सामग्री उपयोग गर्न सकिन्छ व्यक्तिगत रूपमा भन्न लगाउनुहोस् । प्रशिक्षकले न्युज प्रिन्टमा टिप्दै जानुहोस् । टिपिएको सूचीमा छुटेका कुरा स्पष्ट गर्ने पाठ पत्रमा भएको सम्भाव्य सामग्रीका सूची प्रस्तुत गनुहोस् ।

५. छापामय कक्षाकोठा तयार गर्न शिक्षक निर्मित सामग्रीको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । तसर्थ सहभागीहरूलाई निम्न पाँच समूहमा वर्गीकरण गरी शिक्षक निर्मित सामग्री तयार गर्न लगाउनुहोस् ।

**समूह कार्यः**

(क) सग्ला अक्षरले बनेका दुई कथा

(ख) स्वर व्यञ्जन मात्रा प्रयोग भएका (एक कविता एक कथा)

(ग) आधा अक्षर प्रयोग भएका कविता र बालबोली सूची

(घ) जोडेमोडेका शब्द प्रयोग भएको बालगीत,नामाङ्कन सहितको चित्र

| | |
|---|---|
| (ङ) | कक्षाकोठाको नक्साङ्न, ग्राफ शब्द तालिका<br>यसले सिकाइमा हुने प्रभाव अन्तरक्रियात्मक शैलीमा प्रस्तुत गर्नुहोस् । |

## ८.२ सिकाइ र व्यवस्थापन

कक्षाकोठाविद्यार्थी केन्द्रित हुनुपर्छ । कक्षा शिक्षणमा सरिक शिक्षक विद्यार्थीमैत्री, खुल्ला र आत्मीय हुनुपर्छ । कक्षाकोठाभित्र हुने शिक्षणका लागि कक्षाकोठामा रहेको सिकारुको सिकाइ विविधतामा आधारित क्रियाकलाप सञ्चालन गरिनुपर्छ । शिक्षकले आफ्नो सिकारुको चाहनाअनुसारको पाठ्यवस्तु तय गर्न सक्नुपर्छ । कक्षाकोठाभित्र समूह कार्य गर्न सक्ने क्षेत्रफल व्यवस्थापन गर्नुपर्छ । सिकारुले सहजरूपमा शिक्षण सिकाइ क्रियाकलापमा सरिक हुने वातावरण तयार गर्नुपर्छ । शैक्षिक सामग्रीहरूको उचित व्यवस्थापन गर्नुपर्छ । यी सबै कार्यहरूको व्यवस्थापन गरी कक्षा शिक्षणलाई सहज, प्रक्रियामुखी तथा गुणस्तरीय बनाउने गरी गरिने कक्षाकोठाभित्रको मानवीय, शैक्षिक, प्राज्ञिक तथा भौतिक पक्षको व्यवस्थापन नै वास्तविक अर्थमा कक्षाकोठा व्यवस्थापन हो ।

शैक्षणिक क्रियाकलाप सञ्चालनका लागि बालबालिकाहरूलाई विभिन्न समूहमा विभक्त गर्न सकिन्छ । समूहमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने कार्यले शैक्षिक गुणस्तरमा सुधार गर्न मदत गर्छ । यसप्रकारको समूहमा आधारित शिक्षण सिकाइका लागि समूह बनाउँदा सामान्यतया ठुलो समूह, सानो समूह, जोडी बनाउने अभ्यास रहेको छ ।यस्ता समूह कार्य सञ्चालन गर्दा अवलम्बन गर्नुपर्ने व्यवहारगत सिपहरू यसप्रकार छन् :

- ध्यानपूर्वक सुन्नुहोस् ।
- स्पस्ट रूपमा विचार तथा भावना व्यक्त गर्नुहोस् ।
- समूह कार्यमा सक्रिय सहभागी हुन प्रोत्साहित गर्नुहोस् ।
- तर्क गर्ने, सुन्ने, सामूहिक सहमतिमा निर्णय लिनुहोस् ।
- सबै सहभागी सदस्यको विचार तथा भावनाको उच्च सम्मान तथा कदर गर्नुहोस् ।
- तोकिएको शीर्षकको सीमामा रहेर छलफल तथा विमर्श गर्नुहोस् ।
- समस्या केलाउने, समस्याका कारण खोजी गर्ने र समाधानका लागि विकल्पहरू खोजी गर्न सक्रिय हुने गर्नुहोस्।
- समूह कार्यको नेतृत्व लिनुहोस् ।
- समूहकार्यको निष्कर्ष टिपोट गर्नुहोस् ।
- अन्य सदस्यको विचार तथा भावनाका लागि प्रश्न सोध्नुहोस् ।

सिकारुमैत्री सिकाइ वातावरणका लागि तलका क्षेत्रहरू समेटेर कक्षा व्यवस्थापन गर्नु राम्रो हुन्छ ।

- शिक्षकको भाषा शैली र प्रस्तुति
- सञ्चार व्यवस्था तथा शिक्षण विधि
- सहयोगात्मक सिकाइ वातावरण
- शैक्षणिक सामग्रीहरूको उपलब्धता

- कक्षाको परिवेश
- सिकारुको उमेर रुचिसंवेग ख्याल
- सिकारुको कार्य विभाजन
- सिकारुको सिकाइ तत्परता
- उचित शिक्षकको व्यवहार प्रदर्शन (बिषय)
- शिक्षक र विद्यार्थी सम्बन्ध
- सामाजिक, उमेर वा अवस्थाले पार्ने प्रभावको ख्याल
- उत्प्रेरणा
- तनाव व्यवस्थापन
- शिक्षणमा मनोविश्लेषणको उपयोग
- उदाहरणीय क्रियाकलापसहित सहजीकरण
- समय व्यवस्थापन
- शिक्षण सिकाइको सङ्गठन
- समूह कार्य
- सामग्रीको प्रयोग
- सिकारुको सक्रिय सहभागीता
- विविध सिकाइ क्षमताको प्रयोग
- मूल्याङ्कन र गृहकार्य

**समूहमा क्रियाकलाप सञ्चालन गर्दा प्रयोग गर्न सकिने केही उदाहरण**

**क्षमतामा आधारित समूह**

प्रारम्भिक कक्षामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा क्षमतामा आधारित सिकाइ समूह बनाई शिक्षण गर्न सकिन्छ । यसप्रकारको सिकाइ समूह बनाउँदा उच्च, मध्यम तथा निम्न सिकाइ क्षमता भएका सिकारुहरूलाई अलग अलग सिकाइ समूह बनाउने गरिन्छ । यसो गर्दा सिकाइ सक्षमताअनुसारको सिकाइ क्रियाकलापमा सबै प्रकारका सिकारुहरूले सहभागी हुने अवसर प्राप्त गदर्छन् । उच्च सिकाइ क्षमता भएका बालबालिकाले उनीहरूको उच्च तहको सिकाइ चाहनाअनुसारको सिकाइ क्रियाकलापमा सहभागी हुने अवसर प्राप्त गर्छन् । त्यसैगरी मध्यम तथा न्यून सिकाइ क्षमता भएका बालबालिकाहरूले आफ्नो सिकाइ समस्यामा केन्द्रित सिकाइ क्रियाकलापमा सहभागी हुने अवसर प्राप्त गर्छन् ।

यसप्रकारको सिकाइ समूहमा केही हदसम्म सबै प्रकारको सिकाइ क्षमता भएका बालबालिकालाई सिकाइमा सुधार गर्न मदत पुग्ने गरेको छ । अर्कोतर्फ न्यून सिकाइ क्षमता भएका बालबालिकाहरूमा हीनताबोध हुने, नकारात्मक सोचको विकास हुने र सिकाइ क्रियाकलापतर्फ बढी ध्यान नदिने अवस्था पनि अनुसन्धानले पुष्टि गरेको छ । अत: शिक्षक बढी चनाखो भई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । न्यून सिकाइ क्षमता भएका बालबालिकाहरूमा बढी ध्यान केन्द्रित गरी सिकाइ सहजीकरणमा प्राथमिकता दिनुपर्छ ।

**शिक्षकले ध्यान दिनुपर्ने पक्षहरू**
*सही रूपमा सिकारुको क्षमता पहिचान गर्ने, क्षमताका आधारमा सिकाइ समूह निर्माण गर्ने, क्षमताका आधारमा सिकारुको सिकाइ चाहना पहिचान गर्ने, पहिचान गरिएका सिकाइ चाहनाअनुसारका शिक्षण सिकाइ क्रियाकलाप तय गरी सञ्चालन गर्ने, प्रत्यक्ष शिक्षण गर्ने, सिकारुको निरन्तर अनुगमन गरी सिकाइको अवस्था यकिन गर्ने, सिकाइ अवस्थाअनुसार प्रत्येक सिकारुलाई आवश्यक सहयोग गर्ने, धेरै सिकाइ समूह नबनाउने, निरन्तर रूपमा सिकाइ समस्या समाधानमा केन्द्रित व्यक्तिगत पृष्ठपोषण प्रदान गर्ने ।*

**मिश्रित क्षमतामा आधारित समूह**

भिन्न उमेर समूह बढीमा २ वर्षको फरकका विद्यार्थीहरूलाई मिश्रित समूहमा राख्न सकिन्छ । उमेरका आधारमा मात्र नभईसिकारुको सिकाइ क्षमताका आधारमा भिन्न भिन्न सिकाइ क्षमता भएका बालबालिकाको मिश्रित समूह तयार गर्ने कार्य गरिन्छ । केही उच्च सिकाइ क्षमता भएका र केही न्यून सिकाइ क्षमता भएकालाई मिलाएर सिकाइ समूह तयार गरिन्छ । यसरी सिकाइ समूह तयार गर्दा दुवै पक्ष लाभान्वित हुने गर्छन् ।

बढी वा उच्च सिकाइ क्षमता भएका बालबालिकाले आफ्नो सिकाइको प्रयोग गर्ने अवसर प्राप्त गर्छन् । उनीहरूले आफ्नो समूहमा रहेको कमजोर सिकाइ क्षमता भएका सिकारुलाई सिकाइ कार्यमा सहजीकरण गर्ने गर्दछन् । कम सिकाइ क्षमता भएका साथीहरूको सिकाइमा सुधार गर्ने कार्यको नेतृत्व लिन सक्छन् । उनीहरूमा भएको सिकाइमा थप निखार ल्याउन सक्छन् । उनीहरूमा व्यक्तिगतरूपमा आत्मसम्मान तथा आत्मविश्वासको स्तरमा बढोत्तरी आउँछ । त्यसैगरी कमजोर सिकाइ क्षमता भएका बालबालिकाले आफ्नै साथीबाट बढी स्पस्ट र सहज रूपमा सिक्ने अवसर प्राप्त गर्छन् । साथीसँगको सहयोग र सहकार्यमा सिक्ने संस्कारको विकास हुन्छ ।

यसको शैक्षिक तथा प्राज्ञिक महत्त्व निम्नअनुसार बुँदागत गर्न सकिन्छ:

- सिकारुलाई कम जान्ने र बढी जान्ने भनेर स्पस्ट रूपमा विभक्त गरिँदैन । अत: सबैले समानताको अनुभूति गर्छन् ।
- धेरै प्रकारका सिकारूप्रति शिक्षकको पहुँच सुनिश्चित गर्न सहजता पुग्छ ।
- कम जान्ने सिकारुका सिकाइ समस्या पहिचान गरी सिकाइ गरिन्छ, यसबाट निदानात्मक शिक्षण सिकाइ वातावरण सिर्जना हुन्छ ।
- सिकाइमा सबैको अपनत्वभाव, सामूहिकता जस्ता भावनाको विकास हुन्छ, जसले सिकाइका लागि सहजकारी वातावरण सिर्जना गर्छ ।
- बृहत् स्वरूपको सामाजिक अन्तरक्रिया तथा सञ्जालीकरणको अवस्था सिर्जना हुन्छ ।
- सिकारुको सिकाइप्रति उत्प्रेरणा बढ्छ, जसले आत्मसम्मानको अवस्था सिर्जना गर्छ ।
- सिकाइमा सबैको समान अवसरको अवस्था सिर्जना हुन्छ र समानतामा आधारित शिक्षणको वातावरण विकासमा मदत गर्छ ।
- एकापसमा विश्वास गर्ने, एकले अर्कोलाई सहयोग गर्ने, सहकार्य गर्ने, सहनशील हुने, धैर्य लिने जस्ता

सकारात्मक सिकाइ संस्कृति विकास हुन्छ ।

- प्रतिस्पर्धालाई सहयोगी भावनाले प्रतिस्थापित गर्ने वातावरण विकास हुन्छ ।
- शिक्षकले नयाँ नयाँ शिक्षण शैली विकास गर्न सक्छन् ।

**मिश्रित क्षमतामा आधारित शिक्षणका रणनीतिहरू**

मिश्रित क्षमतामा आधारित समूह शिक्षणका सन्दर्भमा अवलम्बन गर्न सकिने केही शैक्षणिक रणनीतिहरू देहायबमोजिम रहेका छन् :

- बहुपक्षीय सिकाइ विधिको प्रयोग ( धेरै प्रकारका शिक्षण विधिको अवलम्बन)
- सिकारुको शैक्षिक चाहना अनुसारको शिक्षण विधि, शैक्षिक सामग्री र शैक्षणिक क्रियाकालापको विकास र कार्यान्वयन
- परम्परागत शैक्षिक विधि तथा प्रक्रियामा सुधार र समूह शिक्षणमा जोड
- ससाना समूह निर्माण र समूह शिक्षण
- सिकारुको पूर्वज्ञानको पहिचान र उक्त ज्ञानमा आधारित भई उच्च शैक्षिक उपलब्धिमा आधारित शैक्षिक क्रियाकलाप सञ्चालन
- सिकारुको सिक्ने तरिका र चाहनामा आधारित शिक्षण र सिकाइको उच्चतम उपयोग कला विकासमा जोड

शिक्षकले ध्यान दिनु पर्ने पक्षहरू

*उपयुक्त र सकारात्मक शैक्षिक वातावरण सिर्जना गर्ने । सिकारुको सिकाइप्रतिको जिम्मेवारी स्पष्ट गर्ने । सिकाइसँग सम्बन्धित सूचना, निर्देशन स्पष्ट पार्ने । विविध सिकाइ क्षमता भएका बालबालिकाहरूलाई सिकाइप्रति उच्च उत्प्रेरणा प्रदान गर्ने । सबै खाले बालबालिकाको सिकाइप्रति ध्यान केन्द्रित गर्ने । कमजोर विद्यार्थीलाई सिकाइ सहयोग गर्न पर्याप्त समय प्रदान गर्ने । सबै खालका बालबालिकालाई सिकाइ प्रक्रियामा समानरूपमा सक्रिय बनाउने । सिकारुशिक्षक सहसम्बन्ध असल बनाउने । कमजोर विद्यार्थीप्रति सकारात्मक सोचका साथ शिक्षण सिकाइ कार्य सञ्चालन गर्ने । निरन्तररूपमा सिकारुको सिकाइको लेखाजोखा गरी सुधारात्मक सिकाइ योजना कार्यान्वयन गर्ने । समन्वय, सहकार्य, एकापसी सहयोगलाई सिकाइको अभिन्न अङ्गका रूपमा विकसित गर्ने । सिकारुलाई आफ्नो सिकाइको स्वप्रतिबिम्बन गर्न अभिप्रेरित गर्ने ।*

**जोडीमा हुने सिकाइ**

यसमा कक्षा शिक्षण कार्यलाई सिकारुको जोडी तयार गरी सञ्चालन गरिन्छ । प्रारम्भिक कक्षाहरूमा यो विधि निकै उपयोगी मानिन्छ । जोडीमा छलफल तथा अन्तरक्रिया गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुन्छ । जोडीमा एक आपसमा आआफ्ना विचार, भावना, सूचना आदि साटासाट गर्ने कार्य हुन्छ । एकले अर्कोलाई सिकाउने कार्य हुन्छ । पठन सिप विकास कार्य पनि जोडीमा गर्न सकिन्छ । उनीहरूमा पठन सिप, पठन वेग विकास, पठनको शुद्धता तथा सुझबुझ विकास गर्न जोडी सिकाइले प्राथमिकता दिनुपर्छ । सिकाइलाई अन्तरसम्बन्धित बनाउन, एकले अर्कोलाईसिकाइमा आधारित पृष्ठपोषण प्रदान गर्न, सिकाइमा समान स्तर तथा बुझाइको विकास गर्न यो तरिकालाई उत्तम मानिएको छ । यसका करिबकरिब समान सिकाइ स्तर भएका जोडीले एकापसमा सहयोग गरी सिक्ने कार्य गर्छन् । जोडी सिकाइ कार्य

सञ्चालन पूर्व शिक्षकले जोडी सिकाइ योजना तयार गर्नु राम्रो हुन्छ । जोडी सिकाइ योजना बनाउँदा शिक्षकले ध्यान दिनुपर्ने केही प्रमुख कुराहरू यसप्रकार छन् :

- कक्षाकोठातथा सिकारुको सन्दर्भ र अवस्था
- सिकाइको उद्देश्य
- सिकाइको लागि तय गरिएको पाठ्यक्रम तथा पाठ्यवस्तु
- प्रत्येक सिकारुको सिकाइ क्षमता, सिकाइको स्तर, गति र चाहना
- सिकाइ क्रियाकलापमा सहयोग गर्ने तरिका, विधि, तथा रणनीति
- सहयोग गर्न लाग्ने समय
- आवश्यक शैक्षिक सामग्री र तिनको प्रयोग गर्ने स्पस्ट तरिका र आधार
- जोडी सिकाइका क्रममा गरिने अनुगमन तथा सहयोग रणनीति
- पृष्ठपोषण
- जोडीसिकाइमा जोडीले सिकेको सिकाइ उपलब्धिको मूल्याङ्कन

**जोडी सिकाइ समूहमा आधारित शिक्षण किन** ?

- सिकारुले व्यक्तिगत सिकाइका लागि बढी समय प्राप्त गर्छन् र सिकाइ समस्या समाधान गर्न सहयोग पुग्छ ।
- विद्यार्थी विद्यार्थीबिच सिधा अन्तरक्रिया हुन्छ, यसले सिकारुलाई बढी सक्रिय बनाउँछ र जोडीमा रहेको दुवैको सिकाइमा सहभागिता उच्च रहन्छ ।
- आफूले जानेको ज्ञान तथा सिपजोडीमा रहेको अर्को साथीलाई हस्तान्तरण गरिने भएकाले ज्ञान तथा सिपमा निखार ल्याउन मदत पुग्छ ।
- सिकारुले सिकाइका लागि बढी सहज वातावरण पाउँछन् र खुलारूपमा आफ्ना विचार, भावना तथा तर्क गर्ने अवसर प्राप्त हुन्छ ।
- शिक्षकलाई अतिरिक्त समय प्राप्त हुन्छ र यो समय शैक्षिक पाठ योजना विकास, सामग्री विकास आदि कार्यमा उपयोग गर्न सक्छन् ।

**जोडी सिकाइका क्रममा ध्यान दिनुपर्ने पक्षहरू**

- समूह अन्तरक्रियामा ध्यान दिने र अन्तरक्रियालाई प्रोत्साहन गर्ने
- दुवै पक्ष (जोडीका सदस्य)को सक्रिय सहभागिता सुनिश्चित गर्ने
- समस्या समाधान, समालोचनात्मक सोच, व्यक्तिगत भनाइ तथा विचारको स्थानान्तरण तथा सहयोगात्मक र सहकार्यात्मक सिकाइमा जोड दिने
- सिकाइको, सूचनाको सही तरिकाबाट आदान प्रदान कार्यलाई उच्च प्राथमिकता दिने
- एकआपसमा सुमधुर सम्बन्ध तथा सहयोगात्मक वातावरणमा अन्तरक्रिया सञ्चालन गर्ने
- कार्यसम्पन्न गर्नमा जोड दिने र आवश्यक सहयोग गर्ने
- सिकारुलाई जोडी सिकाइमा हुने अन्तरक्रिया, छलफल, तथा विचार आदान प्रदान कार्यका लागि अभिप्रेरित गर्ने

| | |
|---|---|
| **प्रशिक्षक निर्देशन** | **(६० मि)** |

**सम्भावित क्रियाकलाप**

१. कक्षाकोठा व्यवस्थापनअन्तर्गत शैक्षणिक व्यवस्थापनमा केके कुरा पर्दछन्, सहभागीलाई भन्न लगाई बोर्डमा टिपोट गर्दै छलफल गर्नुहोस् ।

२. कक्षामा शिक्षक विद्यार्थी सम्बन्ध शीर्षकमा चारजना सहभागीलाई प्रवचन दिन लगाउनुहोस्, अरू सहभागीलाई प्रवचनमा समावेश भएका मुख्यबुँदा टिपेर प्रस्तुत गर्न लगाउनुहोस् ।

३. सहभागीलाई दुई समूहमा वर्गीकरण गर्नुहोस् र एक समूहलाई जोडी सिकाइ र अर्को समूहलाई मिश्रित समूह सिकाइ परिचय र सञ्चालन प्रक्रियाका बारेमा बुँदा टिपोट गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

## ८.३ कक्षाकोठा पुस्तकालय

**कक्षाकोठा पुस्तकालय**

कक्षाकोठा पुस्तकालय हरेक कक्षाकोठाको एकीकृत अङ्गका रूपमा रहेको हुन्छ । शिक्षण सिकाइ क्रियाकलापलाई सहजीकरण गर्न कक्षाकोठामा आवश्यक पुस्तकहरू व्यवस्थित गरेर राखिएको हुन्छ । पुस्तकहरूलाई विषयका आधारमा कक्षाकोठा पुस्तकालयमा वर्गीकरण गरेर वा व्यवस्थित गरेर राख्नुपर्छ ।

**पुस्तक छनोट**

कक्षाकोठा पुस्तकालयका लागि पुस्तक छनोट एक विवेकपूर्ण कार्य हो, किनकि विद्यालयको साधन, स्रोत सीमित हुने भएकाले चाहिएको जति सबै सामग्री प्राप्त गर्न सकिँदैन । स्रोत र साधनको परिधिभित्र रहेर काम गर्नु पर्ने हुँदा सीमित सामग्रीहरू मात्र छनोट गर्न सकिन्छ । तसर्थ विद्यालयले कक्षा हेरी पाठ्यक्रमलाई उपयोगी हुने सामान्य ज्ञान, विज्ञानसँग सम्बन्धित सूचनामूलक, चाखलाग्दा र ज्ञानवर्द्धक पुस्तकहरू छनोट गर्नुपर्छ । त्यस माथि कक्षा १देखि ३ सम्मका बालबालिकाहरूका लागि चित्रमय पुस्तकहरू उपयोगी हुन्छन् । जसमा चित्रले नै आधाभन्दा बढी विषयवस्तु बयान गरी रहेका हुन्छन् र बाँकी सरल शब्दावलीको प्रयोगबाट प्रसङ्गलाई रोचक ढङ्गबाट बुझाइ रहेको हुन्छ ।

१ देखि ३ कक्षा सम्मका बालबालिकाको पढ्ने बानीका साथसाथै लेख्दै पढ्दै गर्नुपर्ने हुँदा थरीथरीका शैक्षिक तथा मनोरञ्जनात्मक खेलौना सङ्कलन गरी राख्नुपर्छ र पुस्तक दराज सँगसँगै बकेटमा खेलौनाहरू पनि सङ्कलन गर्न आवश्यक हुन्छ । सूचना प्रविधिको विकासका कारण विद्युतीय सामग्रीहरू जस्तै सिडी, डिभिडी, कम्प्युटर, टेप पनि कक्षाकोठामा राख्न सके कक्षाकोठा पुस्तकालयले पूर्णता प्राप्त गर्छ ।

**दर्ता तथा लेनदेन प्रक्रिया**

प्रायः पुस्तकालयमा प्राप्त हुने पुस्तकहरू खरिद गरी वा अनुदानबाट आउने गर्दछ । यसरी प्राप्त हुने नयाँ पुस्तकहरूको रेकर्ड राख्नको लागि एउटा रजिस्टर पुस्तिका राख्ने गरिन्छ । जसमा प्रत्येक पुस्तकको विस्तृत विवरण लेखिन्छ । जस्तै पुस्तक प्राप्त भएको मिति, क्रम सङ्ख्या जसलाईAcc.No भनिन्छ ।त्यसैगरी पुस्तकको नाम, लेखकको नाम, प्रकाशक, वर्ष, प्राप्ति स्रोत आदिको उल्लेख गरिनुको साथै पुस्तकको मूल्य समेत लेखिन्छ । यसलाई कक्षाको शिक्षकले एउटा रजिस्टरमा तयार गरी राख्नुपर्छ । यस Acc.Noको नेपालीमा प्रचलित नाम नभएकाले यसको नाम प्राप्ति सङ्ख्या या प्रवेश सङ्ख्या हो । जसरी घरमा कसैको

नयाँ प्रवेश भए जस्तै पुस्तकालयमा नयाँ पुस्तक आउँदा त्यसलाई प्रवेश वा प्राप्ति सङ्ख्याको रूपमा जनाउनको लागिAcc.No. भनिएको हो ।

पुस्तकहरू प्राप्ति भएपछि यसरी Accession Register मा दर्ता गरिन्छ :

**दर्ता रजिष्टर नमुना**

| मिति | प्राप्ति सङ्ख्या | लेखक | शीर्षक | प्रकाशन स्थान र प्रकाशक | प्रकाशन मिति | संस्करण | पृष्ठ | मूल्य | स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| २०७४-०२-०१ | ०१ | मैनाली गणेश | नेपालको अर्थशास्त्र | काठमाडौँ रत्न पुस्तक भण्डार | २०७४ | द्वितीय | २५० | ४५० | खरिद |

यस रजिस्टरमा दर्ता गर्नुका साथसाथै पुस्तकले प्राप्त गरेको प्राप्ति सङ्ख्या पुस्तकको पूर्ण शीर्षक पृष्ठको पछाडिपट्टिको पृष्ठमा लेखिन्छ । साथै पुस्तकालय तथा विद्यालयको छाप लगाउने गरिन्छ । पुस्तकको कुनै भित्री पृष्ठमा पनि एकरूपताको हिसाबले सो नम्बर राखिन्छ । कम्प्युटर प्रयोग गर्ने विद्यालयहरूमा कम्प्युटरको सहयोगले डाटावेस बनाएर राखिन्छ । यसरी Accession Registerबाट हामीले पुस्तकालयमा भएको पुस्तकहरूका बारेमा सम्पूर्ण विवरण थाहा हुन्छ । यसपछि यी पुस्तकहरूलाई विषयअनुसार वर्गीकरण गरी दराजमा मिलाएर राखिन्छ ।

कक्षाकोठा पुस्तकालयमा राखिएको पुस्तकहरूलाई प्रयोग गर्ने व्यवस्था मिलाइने गरिन्छ । यसलाई लेनदेन प्रक्रिया भनिन्छ । यसका लागि सर्वप्रथम कक्षाकोठा पुस्तकालय सञ्चालनको लागि सामान्य नियम विनियम बनाउनुपर्छ । यसलाई कक्षाकोठाको भित्तामा टाँसेर राखी दिनुपर्छ र शिक्षकले बालबालिकाले कक्षामा पठनपाठन गर्दा सम्झाई बुझाई दिनुपर्छ । अब पुस्तक लेनदेनको लागि विभिन्न तरिकाहरू हुन्छन् तर सजिलोको लागि एउटा लेनदेन पुस्तिका (Circulation Register) प्रयोग गर्नु राम्रो हुन्छ । यसलाई यसरी बनाउन सकिन्छ :

**पुस्तक लेनदेन लेजर नमुना**

| क्र.सं. | पुस्तकको नाम | दर्ता नं. | फिर्ता गर्ने मिति | फिर्ता मिति | पुस्तक लानेको दस्तखत | कैफियत | क्र.सं. |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |

जसमा प्रत्येक पृष्ठमा माथि उल्लेख गरिएको अलग अलग विद्यार्थीले पुस्तक लेनदेन गर्ने गरी विवरण राखिन्छ । साथैयसको व्यवस्थाको लागि रजिस्टरको सुरुमा विद्यार्थीहरूको सूची (Student Index) राखिन्छ, जसले कुन पृष्ठमा कसको विवरण रहेको छ सजिलै थाहा हुन्छ । पुस्तकको लेनदेन गर्दा समय तोकेर या पुस्तकालयको नियमानुसार गर्दा सबै विद्यार्थीले पढ्ने र प्रयोग गर्ने अवसर प्राप्त गर्न सक्दछन् । यति भएपछि पुस्तकको लेनदेनको कार्य सम्पन्न हुन जान्छ ।

**सामग्रीको संरक्षण तथा संवर्धन**

यस्तो दराज राख्दा खेरी केही मात्रामा वातावारणमैत्री र सुरक्षाको उपायहरू अपनाउन जरुरी हुन्छ । पुस्तकमा कतैबाट मुसा,किरा आदिले आक्रमण नगर्ने गरी र ओसिलो अवस्थाबाट मुक्त रहने गरी पुस्तकहरू राखिनुपर्छ । भविष्यमा यस कक्षाकोठा पुस्तकालय (Book corner) को संरक्षण र संवर्धन गरी यसलाई दिगो बनाउनका लागि शिक्षकले विशेष ध्यान दिनुपर्छ । विद्यालयको स्यानो आकारको Book corner मा धेरै पुस्तक नहुने हुँदा बजारमा पाइने सामान्य कीटनाशक जस्तो कपुरका दाना र Began Spray का मदतबाट किरा मार्न सकिन्छ । कक्षाकोठाको ढोका राम्ररी बन्द गर्ने व्यवस्था भएमा मुसाबाट जोगिन सकिन्छ ।

**पुस्तकालयमा हुनुपर्ने पढाइ गतिविधिहरू**

**प्राथमिक पढाइका क्रियाकलाप**

१. **सस्वर पढाइ(Reading Aloud)**

विद्यार्थीहरू कथा सुन्न मन पराउँछन् । कथाप्रति रुचि जगाउन ठुलो आवाज, हाउभाउ, आरोह, अवरोहका साथ शिक्षकले पुस्तक पढ्ने क्रियाकलाप नै सस्वर वाचन हो । यसबाट विद्यार्थीले सुन्ने सिपको विकास गर्नुका साथै, सुनेका कुरा बुझ्ने तथा विभिन्न विधाका पुस्तक तथा कथाका विभिन्न पक्षका बारेमा जानकारी पाउन सक्छन् । यसअन्तर्गत शीर्षकका बारेमा छलफल गर्दै “अब के होला ?” भन्ने प्रश्न गर्नुका साथै केही मुख्य चित्रहरू पनि देखाउन सकिन्छ ।

२. **साझा पढाइ(Shared Reading)**

यसमा विद्यार्थी र शिक्षक दुवैले सँगसँगै एकै समयमा पढ्ने क्रियाकलाप गरिन्छ । यो दुई चरणमा गर्न सकिन्छ । पहिलो चरणमा शिक्षकले सबै किताब पढेर सुनाउँछन् र विद्यार्थीहरूले अक्षर देखेतापनि मौनतापूर्वक सुन्छन् । दोस्रो चरणमा शिक्षकले सिसाकलम अथवा औँलाले अक्षरहरू देखाउँदै सँगसँगै पढ्ने तथा “अब के होला ?” भन्ने प्रश्न गरी उत्सुकता बढाउँदै कथा अघि लानुपर्छ ।

३. **जोडी पढाइ(Paired Reading)**

जोडी पढाइ भनेको दुई जनाले एउटै किताब सँगसँगै वा पालै पालो पढ्ने क्रियाकलाप हो । यस क्रियाकलापबाट विद्यार्थीहरूले नयाँ वा नचिनेको शब्द साथीको सहयोगबाट सिक्न सक्छन् । विद्यार्थीको जोडी बनाउँदा एउटै पढाइ तह भएका वा एकजना अलि माथिल्लो तहको र अर्को त्योभन्दा तल्लो तहको गरी बनाउन सकिन्छ । माथिल्लो पढाइ तह भएको विद्यार्थीले अर्को साथीलाई पढ्नमा सहयोग गर्न सक्छ । यसले विद्यार्थीमा सिकाउने क्षमताको पनि विकास हुन्छ । नोट: जोडी छनोट विद्यार्थीलाई स्वतन्त्र तरिकाले गर्न दिन सकिन्छ । उनीहरूको इच्छाअनुसारको जोडी बनाउने अथवा शिक्षकले जोडी बनाइदिने ( एक जान्ने र अर्को अलि कम जान्ने) तर कहिल्यै तिमी जान्ने, तिमी नजान्ने चाहिँ भन्नु हुँदैन । शिक्षकले वर्षको एक दुई पटक बालबालिकाको पढाइ तह आँकलन गर्न सकिन्छ ताकि बालबालिकाले पुस्तकालय घन्टीमा प्रयोग गर्दै आएको पुस्तक उसको पढाइ तहसँग मिल्ने होस् । यसका लागि आवश्यक समय २० - ४० मिनेट मिनेट हुन सक्छ ।

## ४. स्वतन्त्र पढाइ(Independent Reading)

यस क्रियाकलापको मुख्य उद्देश्य विद्यार्थीहरूलाई आफ्नो रुचि, स्तरअनुसारका किताब छानेर स्वतन्त्र रूपले पढ्न सक्ने बनाउने रहेको छ ।

**निर्देशित पढाइ**

कक्षाकोठा पुस्तकालय अथवा पुस्तककुनाको एउटा महत्त्वपूर्ण प्रयोग निर्देशित पढाइ पनि हो । निर्देशित पढाइ भन्नाले अलिक कमजोर पढाइ सिपभएका विद्यार्थीलाईशिक्षक वा उक्त विद्यार्थीभन्दा राम्रो पढ्न सक्ने विद्यार्थीको सहयोगमा पढ्ने बानी विकास गराउनु हो । निर्देशित पढाइले कमजोर विद्यार्थीलाई पठन सिप विकास गराउनमा अतिरिक्त सहयोग पुऱ्याउने मात्र नभई बालबालिकाको पठन सिप विकासमा प्रभावकारी रूपमा प्रयोग गर्ने एक तरिका हो । यसलाई सन्तुलित साक्षरता कार्यक्रमको एक महत्त्वपूर्ण तत्त्वका रूपमा पनि लिइन्छ । यसमा मूलत: आवश्यक निर्देशन तथा सहयोगसहित बालबालिकालाई उनीहरूको स्तरअनुसारको पुस्तक पढ्न प्रेरित गरिन्छ । यसमा शिक्षकले विशेष गरी विद्यार्थीको पठन स्तर परीक्षण गरी उचित तवरले समूहीकृत गर्ने,ती समूहलाई स्तर सुहाउँदा पठन सामग्री छनोट गरी दिने, उनीहरूले पढेको अवलोकन गर्ने एवम् आवश्यकताअनुसार निर्देशन तथा सहयोग गर्ने भूमिका निर्वाह गर्नुपर्छ ।

**निर्देशित पढाइको महत्त्व/फाइदा**

- विद्यार्थीहरूले आफ्नो स्तर अनुसारको समूहमा रहेर आफ्नै स्तरका पुस्तक पढ्ने अवसर पाउने
- समूहमा रहेर पनि व्यक्तिगत तवरमा अभ्यास गर्न पाउने
- आवश्यकताअनुसार शिक्षकको सहयोग पाउने
- पढाइका लागि आवश्यक अनुमान गर्ने, जोड्ने, अवलोकन गर्ने जस्ता सिपको विकास हुने
- धेरै प्रयोग हुने शब्दहरू पहिचान गर्ने सिपको विकास हुने
- भर्खर पढ्न सिक्दै गरेका बालबालिकालाई बायाँबाट दायाँ क्रमश: पढ्ने बानीको विकास हुने
- लेख्य चिह्न एवम् मात्राहरूको प्रयोगबारे अझ स्पष्ट हुँदै जाने
- आफ्नो गल्ती सुधार्ने अभ्यास हुने
- कथाको विभिन्न भाग एवम् पात्र बारेको सिकाइ सुदृढ हुने
- पठन प्रवाह तथा बोध दुवैको विकासमा सहयोग हुने

**निर्देशित पढाइका सामान्य सिद्धान्तहरू**

- विद्यार्थीहरूको पढाइको स्तर पहिचान गरी समूहीकृत गर्ने (अघिल्लो सत्रमा छलफल गरिएबमोजिम गरी)
- समूहहरूको स्तरअनुसारका पुस्तकहरूको छनोट गर्ने
- समय निर्धारण गर्ने
- एक समयवा पाठमा एक वादुई ओटा मात्र तत्त्व वा विषयवस्तुमा फोकस गर्ने
- आवश्यकताअनुसार मोडलिङ गर्ने
- कमजोर समूहका विद्यार्थीसँग सँगै बसेर पढ्ने र अन्य समूहलाई आवश्यकताअनुसार निर्देशन गर्ने
- पढाइपूर्व, पढाइबिच र पढाइ पश्चात् गरिने क्रियाकलापहरू नछुटाई गराउने

**निर्देशित पढाइको क्रियाकलाप**

१. समूह निर्माण : पाँचऔँले नियम प्रयोग गरी बालबालिकाको पढाइको स्तर मापन गर्ने र सोहीबमोजिम समूहमा राख्ने

२. बालबालिकाको स्तरबमोजिमको पुस्तक छान्ने र हरेकलाई एक एकओटा पढ्न दिने

**पूर्व पढाइको चरण**

शिक्षकले पुस्तकको विषयवस्तुसँग सम्बन्धित बच्चाको पूर्वज्ञानसँग जोड्दै त्यसमा भएका केहीनयाँ शब्दसँग परिचित गराउने । यस चरणमा पाठ्यवस्तुबारेमाअनुमानपनिगर्न लगाउन सकिन्छ ।

**पढाइको चरण**

विद्यार्थीले पढ्दै गरेका बेलाशिक्षकले अवलोकन गर्नुहोस् । कुनै विद्यार्थीले सहयोग मागेमा अथवा शिक्षक स्वयम्लाई कुनै विद्यार्थी समस्यामा परेको महसुस भएमा आवश्यक सहयोग गर्नुहोस् । यसका लागि गाइडिङ प्रश्न सोध्ने, हिन्ट दिने वा यसरी पढ भनेर कुनै तरिका बताइदिने गर्न सकिन्छ ।

**पढाइपश्चात्को चरण**

विद्यार्थीले पढिसकेपछि उनीहरूको बोध जाँच गर्ने, पठन प्रवाह परीक्षणका लागि पुन: पठन गर्न लगाउने जस्ता कार्य पढाइको चरण पश्चात् गराउन सकिन्छ । यसका लागि निम्न खालका क्रियाकलाप गर्न लगाउन सकिन्छ ।

- कुनै कथा पढेको भए त्यो कथा मन पर्‍यो कि परेन । किन मन पर्‍यो वा परेन सबै साथीहरूलाई सुनाउन लगाउने
- छोटोमा आफूले पढेको कथा कक्षामा सुनाउने
- एक भन्दा बढी विद्यार्थीले एउटै सामग्री पढेको भए आआफ्नो विचार भन्न लगाई तुलना गर्न लगाउने
- भूमिका अभिनय गर्न लगाउने

**सस्वर पठन**

संसारको शिक्षा पद्धतिको थालनी मौखिक शिक्षा पद्धतिबाट भएको देखिन्छ । नेपालको शिक्षा पद्धतिको इतिहास पनि गुरुकूल प्रणालीमा प्रचलित थियो । गुरुले मौखिक रूपमा भनेका कुरालाई चेलाहरूले सस्वर वाचन गर्नु पर्दथ्यो । हिन्दू धर्मग्रन्थ वेद, पुराण आदिलाई श्रुति र स्मृति भनिनाको कारण पनि त्यही हो । हिन्दू धर्मका वेद, पुराण, रामायण महाभारत हुन् वा बौद्ध धर्मको त्रिपिटक, इस्लामको कुरान होस् वा इसाइको वाइवल सबै सस्वर पढिन्छन् । अत: सस्वर पठनको प्रचलन सबै सभ्यतामा पाइन्छ । विद्यार्थीको श्रुतिबोध विकास गर्न सस्वर पठनक्रियाकलाप गराउनुपर्दछ । पाठ्यक्रमले उल्लेख गरेकासिकाइ उपलब्धि पुरा गर्न गणित,विज्ञान, स्वास्थ्य तथा सामाजिक विषयका पाठमा केन्द्रित रहेर यो क्रियाकलाप गराउनु उपयोगी हुन्छ ।

पढाइका माध्यमबाट बालबालिकाहरूले कति बुझे भनेर थाहा पाउन सकिन्छ । पढाइलाई पनि सस्वर पढाइ वा सस्वर पठन र मौन पढाइ वा मौन पठन गरी दुई भागमा विभाजन गर्न सकिन्छ । सस्वर पठनका माध्यमबाट बालबालिकाले आफ्नो पढाइको गति बढाउन, लयहालेर पढ्न, गति र यतिको विचार गरेर हाउभाउपूर्ण ढङ्गले अभिव्यक्ति दिन सक्छन् । अर्को शब्दमा भन्दा कुनैपनि लिपिबद्ध सामग्रीमा भएको

विचार, भाव र ज्ञानलाई बुझ्न आवाज निकालेर पढिने काम नै सस्वर पठन हो वा लिखित सामग्रीलाई अरूले सुन्नेगरी पढ्ने काम नै सस्वर पठन हो भनेर परिभाषित गर्न सकिन्छ । यसबाट पढाइसम्बन्धी कमी कमजोरी हटाउन सकिन्छ ।

बालबालिकाको ध्यानदिने बानी शिशु अवस्थादेखि नै सुरु हुन्छ । उनीहरूले ध्यान दिएर पढेनन् भने पढाइमा राम्रो गर्न सक्दैनन् । प्रत्येक बालबालिकाको सिक्ने र बुझ्ने गति फरक हुन्छ । बालबालिकाले ठोस र मानक भाषा स्पष्ट रूपमा बोल्न वा उच्चारण गर्न सकेनन् भनेर उनीहरूलाई हतोत्साही गर्नु हुँदैन । उत्साही शिक्षकबाट पर्याप्त सहयोग र स्वतन्त्रता पाएर पढ्न पाउनु अरू कुराका तुलानामा १०० गुणा महत्त्वपूर्ण हुन्छ । त्यसैले शिक्षकको सजीव अभिनय र प्रभावकारी वाचन कलाका माध्यमबाट राम्रा राम्रँ लेखक कविका रचनासित विद्यार्थीलाई परिचित गराउन सकिन्छ ।

**सस्वर पठनको उद्देश्य र महत्त्व**

- उच्चारण गर्दा हुने गल्तीलाई सच्याउन सहयोग गर्छ ।
- पाठक वा विद्यार्थीको बोलाइमा परिवर्तन ल्याई अभिव्यक्तिमा विविधता ल्याउन सहयोग गर्छ ।
- हाउभाउ स्पष्टसँग प्रर्दशन गर्न सकिन्छ ।
- पठनमा सजीवता आउँछ ।
- विभिन्न लेख्य चिह्नको प्रयोगसम्बन्धी अवधारणाको विकास गर्न सहयोग पुग्छ ।
- भाषाको विकासमा सहयोग गर्छ ।
- पाठ्यक्रमले अपेक्षा गरेको उद्देश्य हासिल गर्न सहयोग गर्छ ।
- बालबालिकाको कल्पना शक्तिको विकासमा सहयोग गर्छ । आलोचनात्मक सोचाइको विकासमा सहयोग गर्छ ।
- आफ्ना मनमा लागेका कुरा स्पष्टसँग राख्न र अरूले भनेका कुरा ध्यान पूर्वक सुन्ने बानीको विकास गर्न सहयोग गर्छ ।
- शब्द र ध्वनि सचेतना हुन्छ, पठन वेगमा सुधार हुन्छ, बोलाइ क्षमतामा विकास हुन्छ ।

**स्वतन्त्र पढाइ**

स्वतन्त्र पढाइ भनेको बालबालिकाले पढ्ने सामग्री आफैँ छानेर पढ्नु हो । स्वतन्त्र पाठकले आफ्नो पढ्ने स्रोत र सामग्री साथै पढ्ने ठाउँको पनि आफैं निर्धारण गर्छन् । स्वतन्त्र पढाइले पाठकलाई ज्ञान, सिप, धारणा, बोध, शब्द ज्ञान साथै आनन्द दिने गर्दछ । प्रौढ पाठकले स्वतन्त्र पाठ पढेर कसैलाई जानकारी गराउनु पनि पर्दैन । के कति बुझियो भनेर कुनै प्रश्नको उत्तर पनि दिनु पर्दैन । त्यसैले यो पढाइलाई स्वयम सेवक, समय भएको बेलाको पढाइ, स्वतस्फूर्त वा विद्यालयको समय बाहिरको पढाइ भनेर पनि चिनिन्छ । स्वतन्त्र पढाइ पढ्ने सिप विकास भएर पढ्ने बानीको विकास भएपछि मात्र स्तस्फूर्त रूपमा विकसित हुन्छ । यसमा पाठकको अपनत्व धेरै हुन्छ र स्वतन्त्र पाठकले ९० देखि १०० प्रतिशत शुद्ध पढ्न सक्नुपर्छ ।

स्वतन्त्र पढाइमा सहयोग गरिनु हुँदैन र पाठकले राम्रो पठन प्रवाह, शब्द ज्ञान र पाठको बोधमा वास्तविक रूपले स्वतन्त्र हुनुपर्छ । तर प्राथमिक तहका बालबालिकाहरू कमैले मात्र उनीहरूको फुर्सदको समयमा

पुस्तक छानेर पढ्ने गर्छन् । कक्षा ५ मा पुगेका विद्यार्थीले पनि लगभग ५ प्रतिशतले मात्र विद्यालय बाहिरको खाली समयमा पढेर समय बिताउँछन् । प्राथमिक तहका २३ प्रतिशत बालबालिकाहरूले किताब छान्दा पढ्नका लागि छानेका हुँदैनन् (Greancy 1980) । अर्डशन र फिल्डिङको १९८८ को अध्ययनअनुसार २ प्रतिशतभन्दा कम मात्र बालबालिकाहरू खाली समयमा आफैँ पढ्ने गर्छन् । १९८०UNESCOको अध्यायनअनुसार पनि बालबालिकाहरूमा पढाइ र आनन्दको सम्बन्ध नभेटिएकाले स्वतन्त्र पढाइमा कमी आएको कुरा खुलेको छ ।

बालबालिकाहरूको स्वतन्त्र पढ्ने सिप विकासमा शिक्षकको निर्देशन, सामग्री छनोट, पाठको स्तर मूल्याङ्कन गरी पढाइमा टेवा साथै बुझाइ विकासमा गरिने निरन्तर सहयोगले अमूल्य भूमिका खेलेको हुन्छ । एउटा स्वतन्त्र सफल पाठक हुनका लागि पर्याप्त समय र निरन्तर अभ्यास जरुरी हुन्छ । धेरै अध्ययनले देखाएअनुसार स्वतन्त्र पाठकको तह उनीहरूले पाएको पठन सामग्री पढ्ने अवसरमा भर पर्दछ । उपयुक्त पढ्ने सामग्रीहरू र वातावरण नै बालबालिकाहरूलाई उत्प्रेरित गरेर जीवनमा राम्रो पाठक बनाउन सहयोग गर्ने आधार बन्न सक्छन् । जसका लागि योजनाकार, शिक्षक र अभिभावकले असल भूमिका खेल्नुपर्छ । जो विद्यालयमा पुस्तक पढ्न थाल्छन्, उनीहरू नै विद्यालय बाहिर पनि खाली समयमा नियमित पुस्तक पढ्ने जोस र जाँगर देखाउँछन् । तर धेरै जसो ठाउँमा शिक्षक र अभिभावकले पनि पढ्नेसिपमा सहयोग पुऱ्याए भने मात्र स्वतन्त्र पढ्ने बानीको विकास हुन्छ । स्वतन्त्र पढाइ बालबालिकाको सफलता र असफलताको मुख्य आधार पनि मानिएको छ ।

यसरी तहगत स्वतन्त्र पढाइ गर्दा शब्दभण्डार, बोध पठनको साथै अरू सामान्य ज्ञानमा तुलनात्मक रूपमा धेरै वृद्धि हुने र राम्रो पाठक भएर अरू विषयमा पनि राम्रो नतिजा प्राप्त गर्न सक्ने कुरा Krashen को 1993को अध्ययनले देखाएको छ । तह मिल्ने पठन सामग्रीको अवसर पाएमा बालबालिकाहरूले ९५ प्रतिशतभन्दा माथि शुद्ध र बुझेर पढ्न सक्षम हुन्छन् ।धेरै कठिन पढाइका सामग्रीहरूले वेग पढाइ प्रवाहमा असर पर्दछ र बोध हुँदैन, जसले गर्दा नैराश्यता आउँछ अनि बालबालिकाहरू पढ्न छाड्छन् ।

**स्वतन्त्र पढाइको महत्त्व**

स्वतन्त्र पढाइले पाठकलाई ज्ञान, सिप, धारणा, बोध, शब्द ज्ञान साथै आनन्द दिने गर्दछ ।

- बाल बालिकाहरूको स्वतन्त्र पढने सिप विकासमा शिक्षकको निर्देशन, सामग्री छनोट, पाठको स्तर मूल्याङ्कन गरी पढाइमा टेवा साथै बुझाइ विकासमा गरिने निरन्तर सहयोगले अमूल्य भूमिका खेलेको हुन्छ ।
- एउटा सफल पाठक हुनका लागि पर्याप्त समय र निरन्तर अभ्यास जरुरी हुन्छ ।
- धेरै अध्ययनले देखाए अनुसार स्वतन्त्र पाठकको तह उनीहरूले पाएको पठन सामग्री पढ्ने अवसरमा भर पर्दछ ।
- बालबालिकाहरूमा पढाइ र आनन्दको सम्बन्ध नभेटिएकाले स्वतन्त्र पढाइमा कमी आएको कुरा खुलेको छ ।

**स्वतन्त्र पढाइका लागि चार मुख्य पक्षहरू**

- **सामग्री छनोटः** बालबालिकालाई उनीहरूलाई मन पर्ने विषयका किताबहरू छान्न दिनुपर्छ । आफैँले छानेर पढ्न पाएभने उत्प्रेरणा जाग्दछ र नैरास्यता हट्छ । यसका लागि सबै कक्षामा राम्रो पुस्तकालयको जरुरी हुन्छ । धेरै, विविध तहका, फरक शीर्षक र सबै विधाका पुस्तकहरू भएभने छानेर पढ्न सहज हुन्छ । साथै राम्ररी व्यवस्थित गरिएको पुस्तकालय, सजिलै किताब छान्न पाउने वातावरणको पनि आवश्यकता हुन्छ ।
- **रणनीतिः**विद्यार्थी राम्रो र स्वतन्त्र पाठक हुन अघिसफल पाठक हुनु जरुरी हुन्छ । त्यसका लागि शिक्षकले उनीहरूको Decodingसिपर बोध गर्ने क्षमता कति छ भनेर थाहापाउनुपर्छ । Decodingगराउने रणनीतिले उनीहरूलाई नजानेका शब्दहरूमा अगाडि बढ्न सहयोग गर्दछ र अब के गर्ने भन्ने सहयोग गर्दछ । बोधको रणनीतिले बालबालिकाहरूलाई उनीहरूले पढेको कुरा सोच्न, बोध गर्न, दृश्यावलोकन गर्न, पाठमा भएका विषयहरूलाई बुझेर अर्थ लगाउन, पाठ बुझेर आफ्नोतरिकाले सारांश गर्न साथै प्रश्नको उत्तर दिन मदत गर्दछ ।
- **समयः** स्वतन्त्र र स्तस्फूर्त पाठकका लागि पर्याप्त अभ्यास चाहिन्छ । निरन्तर पठन अभ्यासले मात्र विद्यार्थी राम्रो पाठक बन्न सक्छ । त्यसैले स्वतन्त्र पाठक बन्नका लागि पऱ्याप्त पढ्ने समयको जरुरी हुन्छ । यसका लागि निरन्तर र लामो समयको आवश्यकता हुन्छ जसले गर्दा बालबालिकाहरूले सोच्ने र बोध गम्य विचार लिएर पाठ वा किताब पढ्ने बानी बसाल्न सक्दछन् ।
- **उद्देश्यः** वास्तविक रूपमा स्वतन्त्र पढाइ गरेपछि वा पढ्दा के उद्देश्य लिएर पढ्ने हो स्पष्ट हुनु जरुरी हुन्छ । यदि पाठकको पढ्ने उद्देश्य स्पष्ट गरिएन भने केवल किताब पढेर सक्ने काम मात्र पुरा हुन्छ । शिक्षकद्वारा विद्यार्थीहरूलेपढेको सुनिदिने, उद्देश्यअनुसार राम्ररी पढेको वा नपढेको सुनिदिने, अवलोकन गर्ने आदि क्रियाकलाप गर्नु आवश्यक हुन्छ । के उद्देश्यका लागि बालबालिकाले पढेका हुन् त्यसै क्षेत्रलाई बलियो बनाउनका लागि शिक्षकले हरदम सहयोग गर्नुपर्छ ।

**प्रशिक्षक निर्देशन** **(६० मि)**

**सम्भावित क्रियाकलाप**

१. कक्षाकोठा पुस्तकालयका बारेमा प्रशिक्षकले समीक्षात्मक प्रस्तुति गर्नुहोस् ।

२. कक्षाकोठा पुस्तकालयको अवधारणा स्पष्ट पारिसकेपछि कक्षाकोठा पुस्तकालयमा रहने पुस्तक तथा पत्रपत्रिकाको छनोट गर्न कुन कुरामा ध्यान दिनु पर्ला भनेर सहभागीहरूको धारणा लिनुहोस् । आएका धारणाहरूलाई बोर्डमा टिपोट गर्नुहोस् । सहभागीको धारणा लिँदा अपेक्षा गरिएको प्रतिक्रिया आयो भने प्रशिक्षकले सहमति जनाउनुहोस् । यदि अपेक्षित प्रतिक्रिया नआएमा कक्षाकोठा पुस्तकालयका लागि आवश्यक पुस्तक तथा पत्रपत्रिका छनोट गर्दा कुन कक्षामा अध्ययन गर्ने विद्यार्थीका लागि पुस्तक छनोट गर्ने हो, सो तहका विद्यार्थीहरूको ज्ञान, सिप र क्षमताको आँकलन गरेर छनोट गर्नुपर्ने कुरालगायत निम्नलिखित बुँदा याद गर्नुपर्ने कुरा बताउनुहोस् ।

३. प्रशिक्षकले सहभागीहरूलाई कक्षाकोठा पुस्तकालयकालागि पुस्तक छनोट गरिसकेपछि पुस्तकालय व्यवस्थापन गर्दा कुन कुन कुरामा ध्यान दिनुपर्छ ? आआफ्नो कापीमा लेख्नुहोस् भनेर ३ मिनेटको समय दिनुहोस् । सहभागीहरूले लेखेका बुँदाहरूलाई सँगैका साथीले लेखेका बुँदासँग तुलना गर्न

थप दुई मिनेट समय दिएर अनुरोध  गर्नुहोस् । दुवैको समान धारणालाई मेटाकार्डमा लेखेर सबैले देख्नेगरी पिनबोर्डमा टाँस्ने सूची तयार गर्नुहोस् ।

४. सहभागीहरूलाई बक्समादिइएको शीर्षक छोपेर सामग्री पढ्न दिनुहोस् । दुई मिनेटको समयमा पढ्न दिई त्यसपछि सहभागीहरूमध्ये ३/४ जनालाई उक्त सामग्री पढेर के बुझ्नुभयो भनीप्रश्नगर्नुहोस् । सकभर फरक फरकबुझाइभएका सहभागीहरूबाट जवाफलिने प्रयास गर्नुहोस् । त्यसपछिउक्त सामग्रीशीर्षक सहितपुन:प्रदर्शन गरी पढ्न लगाउनुहोस्  र अघिको बुझाइ र अहिलेको बुझाइतुलनागर्न लगाउनुहोस् । त्यसपछि अघिल्लो पटक भन्दा पछिल्लो पटक त्यही कुरा पढेर बुझ्न किन सजिलो भयो भनीप्रश्न सोध्नुहोस् । छलफल गराउँदै निर्देशित पढाइ किनआवश्यक छ र झन् प्रारम्भिकतहमायसको झनै महत्त्व रहने कुरालाई उजागर गर्नुहोस् ।

५. सहभागीहरूलाईनिर्देशित पढाइ भनेको के हो भनीप्रश्नगर्ने र TIPS (Think Ink Pair Share) विधिमार्फत छलफल गराउनुहोस् । त्यसपछि प्रशिक्षकले बक्समादिइएबमोजिम परिभाषा स्पष्ट पार्नुहोस् ।

६. प्रशिक्षकले सहभागीहरूलाई सस्वर पठन किन गरिन्छ ? सस्वर कुन कुन कुरामा ध्यान दिनुपर्छ ? आआफ्नो कापीमा लेख्नुहोस् भनेर ३ मिनेटको समय दिने । सहभागीहरूले लेखेका बुँदाहरूलाई सँगैका साथीले लेखेका बुँदासँग तुलना गर्न थप दुई मिनेट समय दिएर अनुरोध गर्नुहोस् । दुवैको समान धारणालाई मेटाकार्डमा लेखेर प्रस्तुत गर्न लगाउने । प्रस्तुत गरिएका बुँदामा अन्य सहभागीहरूको प्रतिक्रिया लिने । मेटाकार्डलाई सबैले देख्नेगरी पिनबोर्डमा टाँस्न लगाउने । अपेक्षित सबै जिज्ञासाको समाधान नआएको भए प्रशिक्षकले थप बुँदाहरूको चर्चा गर्दै सेसनको अन्त्य  गर्नुहोस्  ।

७. शिक्षकले कक्षाकोठा पुस्तकालयबाट कुनै एक पुस्तक (उदाहरणका लागि यस सत्रमा ज्ञाननिष्ठ ज्ञवालीले लेखेको केटाकेटीको पुस्तकालय (बाल कथा) शीर्षकको पुस्तक) लिनुभयो । सबै विद्यार्थीलाई सहज हुने गरी विद्यार्थीको बसाइ व्यवस्थापन गर्नुभयो । त्यसपछि छानिएको पुस्तकको शीर्षक, लेखक तथा चित्रहरूबारे छोटो चर्चा गरेर शिक्षकले पुस्तकमा लेखिएको कथा यति, गति र लय मिलाएर पढ्नुभयो । आफूले पढिसकेपछि कक्षाका एकजना विद्यार्थी (श्याम) लाई पढ्न लगाउनुभयो र अरूलाई ध्यानपूर्वक सुन्नु भन्नु भयो । श्यामले पढिसकेपछि उसलाई धन्यवाद दिँदै श्यामले कस्तो पढे? तिमीहरू सबैजना एकपटक पढी हेर त भनेर पुन: पढ्न लगाउनु भयो ।

(क) नमुना पढाइ(ख) जोडी पढाइ(ग) सस्वर, मौन पढाइ(घ) निर्देशित पढाइ

८. **स्वतन्त्र** :पढाइ पाँच समूहमा विभाजन गरी उपलब्ध सन्दर्भ सामग्रीमध्ये एक वादुई ओटा सामग्री छनोट गर्न लगाउनुहोस् । पढाइ स्तरकाबालबालिकाहरूलाई समूहीकृत गरी ती छानिएका सामग्रीप्रयोग गरी कक्षामा उपयोग गर्न सकिने एक एकओटा क्रियाकलाप तयार गर्न लगाउनुहोस् । सुधारका लागि अन्तरक्रिया गर्नुहोस् ।

**८.४विविध सिकाइ क्षमता भएका विद्यार्थीहरूका लागि शिक्षण**

मनोवैज्ञानिकहरूका अनुसार व्यक्तिको जन्मजात गुण (वंशाणुगत गुण), सामाजिक, सांस्कृतिक तथा पारिवारिक पृष्ठभूमि, घर, परिवार र विद्यालयको परिवेश, उमेर आदिका कारण व्यक्तिको सिकाइ क्षमतामा विविधता हुन जान्छ ।एउटै कक्षामा एकभन्दा बढी उमेर समूह र क्षमताका विद्यार्थी रहन सक्छन् । विभिन्न उमेर र सिकाइ क्षमताका बालबालिकाहरू सबैलाई एकै ठाउँमा राख्दा सबैलाई मिल्ने गरेर शिक्षण गर्न कठिन हुन सक्छ । सामान्यतया समान उमेरका विद्यार्थीहरूको शारीरिक संवेगात्मक, मानसिक तथा सामाजिक विकास उस्तैउस्तै प्रकारको हुन्छ । हाम्रो देशमा उमेरका आधारमा शिक्षण गर्ने नभई कक्षागत आधारमा शिक्षण गर्ने परिपाटी रहेको छ । यस्तो अवस्थामा शिक्षकलाई निम्नलिखित पक्षमा अप्ठ्यारो सिर्जना हुन्छ :

- विद्यार्थीका साझा रुचि, क्षमता र बौद्धिकताअनुसार आवश्यकता र समस्या पहिचान पक्ष
- विद्यार्थीलाई क्रियाकलापमा सहभागी गराउने र मूल्याङ्कन गर्ने पक्ष
- विद्यार्थीको मानसिक क्षमता बौद्धिकताअनुसार सिकाइको कठिनाइस्तर संलग्न गराई समस्या समाधान गराउने पक्ष
- विद्यार्थीको सिकाइमा तीव्र क्षमता र मन्द क्षमताको व्यवस्थापन गर्ने पक्ष

यी जटिलताको समाधान गर्न यस्तो कक्षामा शिक्षकले उमेरअनुसार समूह विभाजन गरी भिन्नभिन्न कार्यमा संलग्न गराउन सक्छन् ।त्यसैगरी भाषिक परिवेश, पहिलो वा  दास्रो भाषा सिकाइको माध्यम, शैक्षणिक रणनीतिका कारणहरूले पनि सिकाइ क्षमतामा विविधता सिर्जना हुने गर्दछ भने परिवारको आर्थिक सामाजिक अवस्था, अभिभावकको सहयोग साथै सिकाइको वातावरणलेपनि बालबालिकाको सिक्ने तत्परता एवम् क्षमतामा प्रभाव पार्छ । वैयक्तिक विभिन्नता एवम् फरक शारीरिक तथा मानसिक अवस्थाले पनि सिकाइमा प्रभाव पार्दछ । कुनै बालबालिका बढी जेहेनदार वा मेधावी हुन्छन् भने कुनै सिकाइ क्षमता कमजोर भएका अर्थात् सिकाइमा सङ्घर्षरत हुन्छन् ।

प्रारम्भिक कक्षाका सन्दर्भमा पढाइ सिपको विकासलाई आधारभूत मानिएकाले यस्ता फरक किसिमका बालबालिकाको उचित ढङ्गबाट पढाइ सिपको विकास गराउन सकिएन भने उनीहरू जीवनका हरेक पक्षहरूमा झन् झन् पछि पर्ने सम्भावना हुन्छ । तसर्थ भाषा शिक्षण र त्यसमा पनि पढाइ शिक्षणका सन्दर्भमा फरक पृष्ठभूमिबाट आएका, फरक फरक सिकाइ क्षमता भएका तथा शारीरिक एवम् मानसिक रूपमा सामान्य विद्यार्थीभन्दा फरक भएको विद्यार्थीको पहिचान गरी शिक्षकले सोही बमोजिम पढाइका क्रियाकलापहरू सञ्चालन गर्नु जरुरी हुन्छ।

यी जटिलताको समाधान गर्न यस्तो कक्षामा शिक्षकले उमेरअनुसार समूह विभाजन गरी भिन्नभिन्न कार्यमा संलग्न गराउन सक्छन् । समान उमेरका विद्यार्थीले अक्सर मिल्दोजुल्दो वा एकै प्रकारको क्रियाकलाप गर्नमा समान प्रकारको रुचि पनि राख्ने हुनाले शिक्षकलाई विभिन्न क्रियाकलापहरू तर्जुमा र कार्यान्वयन गर्न टेवा पुग्दछ । उमेरअनुसार रुचि भिन्न हुने भएकाले यस्तो कक्षामा एउटै विषयलाई पनि रूचिगत रूपमा स्तरीकरण गरी शिक्षण गर्नु आवश्यक हुन्छ । सधैँभरि एकै कक्षामा उमेर समूह बनाउँदा कम उमेरका विद्यार्थीलाई तिरस्कार गरेको महसुस हुन सक्ने भएकाले समय समयमा सिकाइ क्षमता बौद्धिकताअनुसार समान सिकाइ क्षमताका आधारमा समूह बनाई शिक्षण गर्न सकिन्छ । विभिन्न सिकाइ क्षमताका विद्यार्थीको

कक्षा व्यवस्थापन विभिन्न कारणले समस्याप्रद हुन्छ । यस अवस्थामा शिक्षकलाई निम्नलिखित पक्षमा समस्या पर्न सक्छ :

- विद्यार्थीको क्षमता के आधारमा निर्धारण गर्ने र तिनलाई कसरी वर्गीकरण गर्ने ?
- एउटै कक्षाका भिन्नभिन्न क्षमताका विद्यार्थीलाई कसरी विभिन्नताका आधारमा शिक्षण गर्ने ?
- सामग्री, विषयवस्तु, समय, विधि, मूल्याङ्कन साधन र समूह व्यवस्थापन कसरी गर्ने ?

**सिकाइ क्षमताका आधारमा निम्नानुसार कक्षाव्यवस्थापन गर्नु उपयुक्त हुन्छ :**

- कक्षामा मन्द क्षमता, मध्यम क्षमता र तीव्र क्षमता भएका विद्यार्थीको तिन छुट्टाछुट्टै वा कहिलेकाहीँ मिश्रित समूह बनाउनुहोस् ।
- उच्च, मध्यम र कम क्षमता भएका समूहमा शिक्षण गर्दा विषयवस्तुको छनोटमा ध्यान दिनुहोस् ।
- कम क्षमता भएका विद्यार्थीहरूलाई एउटै समूहमा राखी रहँदा उनीहरूको उपलब्धि सदा नै कम हुने आशङ्का पनि हुने हुनाले यस किसिमको समूह निर्माण गर्दा शिक्षकले बढी सतर्कता अपनाउनुपर्छ । अत: उनीहरूलाई क्रमश: उपलब्धिको आधारमा राम्रो समूहमा प्रवेश गर्ने मौका दिनुपर्छ ।
- भिन्नभिन्न समूहका लागि भिन्नाभिन्नै विषयवस्तु दिई छुट्टाछुट्टै क्रियाकलाप गराउनुहोस् ।
- शिक्षकले सामूहिक रूपमा सहजकर्ताको भूमिका निर्वाह गर्ने र विद्यार्थीका प्रतिक्रिया बुझ्ने, उनीहरूका रुचि र क्षमताअनुसारका कक्षाकार्य, गृहकार्य र परियोजना कार्यमा सहभागी गराउनुहोस् ।
- क्षमताअनुसारको भूमिका दिने र सोअनुसार सहजीकरण गर्ने गर्नुहोस् ।
- जान्ने विद्यार्थीबाट नजान्ने विद्यार्थीलाई सहयोग गर्ने वातावरण सिर्जना गर्ने गर्नुहोस् ।

**(क) फरक क्षमता तथा पढाइमा पछिपरेका विद्यार्थीहरू**

औसतभन्दा बौद्धिक क्षमता कम भएका बालबालिकालाई समाजमा मन्दबुद्धि वा सुस्त मनस्थिति भएका पनि भनिन्छ । उनीहरू अरूभन्दा तुलनात्मकरूपमा ढिलो बुझ्ने र क्रियाकलाप पनि ढिलो नै गर्ने गर्दछन् । उनीहरू चाडै बिर्सन्छन् । त्यसैले उनीहरूलाई सिकाउँदा विशेष प्रकारको शिक्षण पद्धति सहित राम्रो सिपर धारणा दिने गरी आफू दक्ष भएर सिकाउनुपर्छ । मन्दबुद्धि वा सुस्त मनस्थिति भएका बालबालिका पनि एकै प्रकारका हुँदैनन् । मन्दताको मात्राअनुसार यिनीहरूको क्षमतामा पनि विविधता आउँछ । प्रायजसो यिनीहरू चार प्रकारका छन् ।

**ढिलो सिक्ने: बुद्धिलब्धि ७८ देखि ८९**(Slow Learner)

- सामान्य विद्यार्थीहरूको तुलनामा ढिलो सिक्ने गर्दछन् ।
- अन्य वयवहारमा खासै भिन्नता हुँदैन ।
- अभिभावक तथा शिक्षकको नियमित सहयोग पाएमा आधारभूत शैक्षिक सिपहरू सिक्न सक्छन् ।

**हलुका मन्दता: बुद्धिलब्धि ५० देखि७०** (Mildly retarded)

- सामान्य विद्यार्थीहरूको तुलनामा केही भिन्नता देखिन्छ ।
- सामान्य कुराहरू बुझ्दछन् तर लामो अवधिसम्म सम्झन सक्दैनन् ।
- ध्यानकेन्द्रित गर्न र स्मृति क्षमतामा कमजोर हुन्छन् ।
- अमूर्त कुराहरू बुझ्न सक्दैनन् ।

- विशेष सहयोग पाएमा आधारभूत कुराहरू सिक्न सक्छन् ।

**मध्यम मन्दताः बुद्धिलब्धि ३५ देखि ५०**(Moderately retarded)

- आधारभूतसिपसिकाउन सकिन्छ ।
- सिकाउनलाई विशेष सहयोग र सामग्रीको आवश्यकता पर्दछ ।
- सामान्य लेखपढ गराउन सकिन्छ तर तहगत शिक्षा दिन सकिँदैन ।
- भाषा विकास सुस्त हुन्छ ।
- क्रियात्मक व्यवहारमा पनि मन्दता अथवा असन्तुलन देखिन्छ ।

**अति गम्भीर मन्दताः बुद्धिलब्धि २० देखि ३५** (Severely retarded)

- धेरै सहयोग र सुरक्षाको आवश्यकता पर्छ ।
- नगन्य सिपहरू मात्र सिकाउन सकिन्छ ।
- क्रियात्मक सन्तुलन हुँदैन । त्यसैले उठाउन बसाउन समेत सहयोग गर्नुपर्छ ।
- स्वावलम्बी तालिमको आवश्यकता दक्ष व्यक्तिबाट दिनुपर्छ ।

**(ख) पढाइमा बहुविविधताको सम्बोधन/व्यवस्थापन**

नेपालको संविधानमा मौलिक हकअन्तर्गत आधारभूत शिक्षामा सबैको पहुँचको सुनिश्चितता गर्दै आधारभूत शिक्षालाई अनिवार्य र निशुल्क गरेको छ । त्यस्तै अपाङ्गता भएका व्यक्तिलाई कानुनबमोजिम नि:शुल्क उच्च शिक्षाको हकका साथै दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाका माध्यमबाट कानुनबमोजिम नि:शुल्क शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ । यसरी अपाङ्गता भएका व्यक्तिलाई परिवार, समुदाय वा राज्यले विशेष कृपा गरेर शिक्षा दिएको भन्ने गलत अवधारणाबाट प्रेरित नभई मानव भएकै नाताले नैसर्गिक अधिकारका रूपमा अरू व्यक्तिले जस्तै शिक्षाको अवसर पाउनुपर्ने मान्यताका साथ विशेष आवश्यकता शिक्षाको अवधारणा आएको हो । शिक्षकले यो कुरा बुझ्न जरूरी छ कि साङ्ग व्यक्तिले प्रचलित साधारण तरिकाबाट शिक्षा प्राप्त गर्छन् भने विशेष आवश्यकता भएका बालबालिकाले उनीहरूको अवस्थाअनुसार आवश्यकता अनुकूलको शिक्षा पाउनुपर्छ । नेपाल बहुविविधतायुक्त देश हो । नेपाल भौगोलिक रूपमा सानो देश भएर पनि यहाँ १२५ जातजाति र १२३ भाषा (राष्ट्रिय जनगणना, २०६८) रहेका छन् । सामाजिक विविधताका रूपमा जातीय, भाषिक, सांस्कृतिक, लैङ्गिक विविधता पाइन्छ भने भौगोलिक तथा प्राकृतिक विविधताले पनि वर्गीय विविधता सिर्जना गरेको पाइन्छ । यस बाहेक क्षमतागत अर्थात् गरिब र धनी, सक्ने र नसक्ने, पहुँच भएका र नभएका, अपाङ्गता, विशेष आवश्यकता भएका तथा असामान्य अवस्था पनि हाम्रो समाजमा विद्यमान छ । यस्तै सिकाइ र सिक्ने क्षमतागत विविधता पनि रहेको पाइन्छ । यस्तो विविधता भएको वर्ग, क्षेत्र र समाजबाट आउने बालबालिका पनि बहुविविधतायुक्त हुनु स्वाभाविकै हो । समग्रमा नेपाली समाजमा देखिने बालबालिकाका बहुविविधताका सवाल यस प्रकार छन् :

- लैङ्गिक विभेद : छात्र र छात्रा बिच हुने फरक व्यवहार
- भाषिक विविधता : शिक्षणको माध्यम, मातृभाषा, सरकारी कामकाजको भाषा र तिनको प्रयोगले सिकाइमा पर्ने प्रभाव एवम् पहिलो भाषा, दोस्रो भाषा र बहुभाषिक स्थिति
- जातीय विविधता : जातीयता, पिछडिएको जाति, वर्ग, दलित, उच नीचको व्यवहार

- जनजातिगत विविधता : लोपोन्मुख, अल्पसङ्ख्यक, अति पिछडिएको वर्ग तथा सीमान्तकृत एवम् पछाडि पारिएको वर्ग समुदाय
- सांस्कृतिक विविधता : बहुसांस्कृतिकता, फरक फरक मूल्य मान्यता, आस्था, विश्वास
- भौगोलिक विविधता : स्थान/क्षेत्रगत विविधता, सुगम दुर्गम र सेवा सुविधा उपलब्धताको अवस्था
- अपाङ्गता विविधता : शारीरिक अपाङ्गता र मानसिक अपाङ्गता
- वर्गीय विविधता : धन/गरिब, सक्ने/नसक्ने, पहुँच पुग्ने/ नपुग्ने, टुहुरा, हेपिएको असहाय आदि
- क्षमतागत विविधता : जान्ने/ नजान्ने, सक्ने /नसक्ने, उत्प्रेरित /अउत्प्रेरित
- अन्य विविधता : जेलमा रहेका, अनाथालयमा रहेका, शरणार्थी, द्वन्द्वपीडित, बाल श्रमिक, सडक बालबालिका, एड्स प्रभावित आदि

**(ग) कक्षाकोठाको विविधता पहिचान गर्ने तरिका**

- विद्यार्थीहरूको सामाजिक, पारिवारिक, धार्मिक, सांस्कृतिक र आर्थिक पृष्ठभूमि थाहा पाउने
- संवेगात्मक अवस्था पहिचान गर्ने
- विद्यार्थीहरूको सिकाइको गति पत्ता लगाउने
- विद्यार्थीहरूले गर्ने त्रुटिक्षेत्र पहिचान गरी कुन भाषिक परिवारबाट आएको हो जानकारी लिने
- विद्यार्थीहरूको दैनिक क्रियाकलापको अवलोकन गरी साथीहरूसँगको व्यवहार, खाजा खाने, प्रक्रिया/शैली, सङ्गत, समूह निर्माण, खेल्ने समूह आदिको अवलोकन गर्ने
- कक्षामा विद्यार्थीहरूको बसाइको अवस्था पहिचान गर्ने
- कक्षामा बोलेको, शैक्षणिक पाटीमा लेखेको, सुन्ने, देख्ने, प्रक्रिया के कस्तो छ पहिचान गरेर देख्ने र सुन्ने क्षमताको पहिचानका लागि स्वास्थ्यकर्मीबाट सहयोग लिने
- सुस्तमनस्थिति, बहिरा, आत्मकेन्द्रित संवेगात्मक असन्तुलन भएकाहरूका बारेमा तालिम प्राप्त व्यक्ति वा तत्सम्बन्धी चिकित्सकहरूको सहयोग, सल्लाह र परामर्श लिने

**(घ) विशेष आवश्यकता समूह**

अ. **सुस्तश्रवण एवम् बहिरा** :सुन्ने क्षमता कमजोर हुनु सुस्तश्रवण हो अर्थात् श्रवण हुन नसक्नु वा त्यसको असमर्थता हुनु नै सुस्त श्रवण हो भने पटक्कै नसुन्ने अवस्था बहिरो अवस्था हो । सुस्तश्रवण मात्रात्मकरूपमा घटीबढी हुन सक्दछ । सुन्ने क्षमता मापनको एकाइ डेसिबलमा निर्धारण गरिएको छ । २०५६ पौष ५ गते प्रकाशित नेपाल राजपत्रमा उल्लेख भएअनुसार सुन्ने क्षमता ६५ डेसिबलदेखि ८० डेसिबलभन्दा कम भई कान कम सुन्ने, स्पष्टसँग बोल्न नसक्ने, सुन्नलाई कानमा श्रवण यन्त्र प्रयोग गर्नुपर्ने अवस्थालाई सुस्त श्रवण मानिएको छ । त्यस्तै सुन्ने क्षमता ८० डेसिबलसम्मको आवाज नसुन्ने, अस्पष्ट बोल्ने वा बोल्न नसक्ने वा सञ्चारको लागि साङ्केतिक भाषा प्रयोग गर्ने अवस्थालाई बहिरा मानिएको छ । उक्त कानुनी परिभाषाअनुसार सुन्ने क्षमताको मात्रा ६५ डेसिबलदेखि माथिको कान कम सुन्नेलाई मात्र सुस्तश्रवण अन्तर्गत समेटिएको देखिन्छ । चलनचल्ती र अन्तर्राष्ट्रिय चलनअनुसार सुन्ने क्षमता ३५ डेसिबलसम्मलाई सामान्य र त्यसभन्दा बढी सुन्ने क्षमताको मात्रा चाहिने सबैलाई सुस्त श्रवणअन्तर्गत राख्ने गरेको पाइन्छ ।

आ. **शारीरिक अपाङ्ग** : शारीरिक अपाङ्ग भन्नाले कुनै व्यक्तिमा जन्मजात रोग वा दुर्घटनाबाट

चोटपटक लागि शरीरको कुनै भागमा देखापर्ने असमर्थता हो । यस्तो शारीरिक अपाङ्गपन प्रत्यक्ष देख्न सकिने हुनाले शारीरिक अपाङ्ग बालबालिकालाई सजिलै छुट्याउन सकिन्छ । सरकारले शारीरिक अपाङ्गलाई जन्मजात वा जन्मपश्चात्, दुर्घटना वा रोगले गर्दा भएको शारीरिक कमजोरी वा विकृतिका कारण दैनिक जीवनयापनका कार्यहरू गर्न असक्षम व्यक्तिलाई शारीरिक अपाङ्ग मानिने छ भनी परिभाषित गरेको छ ।

इ. **कमजोर सिकाइ क्षमता** : कमजोर सिकाइ क्षमता भएका बालबालिका बहिरा, दृष्टिविहीन, सुस्तमनस्थिति जस्ता प्रष्टसँग देखिने अपाङ्गपन भएका बालबालिका होइनन् । कुनै पनि बालबालिकामा सिकाइ असक्षमता भएको मान्न प्रष्ट रूपमा उनीहरूको क्षमता र सिकाइको प्राप्तिमा भिन्नता देखिनुपर्छ । यस्तो क्षमता र प्राप्तिबिचको भिन्नतालाई छोटो अवधिसम्म मात्र देखिएमा त्यसलाई सिकाइ असक्षमता भएको मानिँदैन भन्ने कुरामा प्रष्ट हुनुपर्दछ । सिकाइ असमर्थता वा असक्षमता शब्दको प्रयोग डा. सायुयल कर्कले सन् १९६३ बाट गरेका छन् । उनको भनाइअनुसार “सिकाइ असमर्थता भन्नाले भाषा, बोली, पढाइ र सञ्चारसँग सम्बन्धित सिपहरूको विकासमा गडबडी वा अवरोध भएका बालबालिकाको समूह हो ।” यस अघि यस्ता बालबालिकालाई विभिन्न विज्ञद्वारा आआफ्नो दृष्टिकोणले कसैले मस्तिष्कमा खराबी, कसैले मस्तिष्कले न्यूनतम मात्राले काम नगरेको त कसैले स्नायुमा खराबीपन भएकाले पढ्नमा असमर्थता, बोल्ने प्रक्रियामा असमर्थता आदि भनेर परिभाषित गरेका थिए । अमेरिकामा सिकाइ असक्षमता भएकाहरूका लागि काम गर्ने संस्थाहरूको राष्ट्रिय सहपरिषद्ले सन् १९८१ मा दिएको परिभाषाले यसलाई अझ स्पष्ट पारेको छ । उक्त परिभाषा अनुसार “सुनाइ, बोलाइ, पढाइ, लेखाइ, तार्किक अथवा गणितीय क्षमता प्राप्त गर्नमा सामूहिक विषमताको व्यवहार प्रदर्शनले गर्दा उपलब्धिको प्राप्तिमा पर्ने कठिनाइहरू नै सिकाइ असक्षमता हो, जसको सम्बन्ध व्यक्तिको आन्तरिक गडबडीसँग रहन्छ । व्यक्तिमा हुने यस्ता व्यवहारहरू केन्द्रीय स्नायु प्रणालीकै अवरोध वा गडबडीको कारणले हो भन्ने पूर्वानुमान गरिएको छ ।”

ई. **बहुअपाङ्ग** : कुनै बालबालिका वा व्यक्तिमा दुई वा दुईभन्दा बढी अपाङ्गपना रहेको हुन्छ भने त्यस्तो बालक वा व्यक्तिलाई बहुअपाङ्ग भनिन्छ । कुनै बालबालिका वा व्यक्तिमा संयुक्त रूपमा देख्न र सुन्न सक्ने क्षमताको कमी छ वा देख्न र सुन्न सक्ने क्षमता पटक्कै छैन भने बहिरा दृष्टिविहीन भनिन्छ । यो जन्मजात पनि हुन सक्छ । त्यसैले कसैमा देख्न नसक्ने तथा शारीरिक अपाङ्गता मिसिएको, कसैमा सुन्न, देख्न र एवम् सुस्तमनस्थिति मिश्रित वा मस्तिष्क पक्षघात समेत भएको हुन सक्छ । नेपाल सरकारले मिति २०५६/९/५ मा प्रकाशित सूचनाअनुसार बहुअपाङ्ग निर्धारण गर्न तोकेको मापदण्डमा बहुअपाङ्गताको भने उल्लेख छैन ।

उ. **संवेगात्मक असन्तुलन** : बालविकास अनुरूप बालबालिकामा देखिनुपर्ने स्वाभाविक व्यवहारको सट्टा प्रतिकूल व्यवहारको विकास हुँदै गएमा त्यसलाई संवेग वा व्यवहारमा देखिने असन्तुलन भनिन्छ । अमेरिकन विज्ञ कफम्यानका अनुसार “संवेगात्मक एवम् व्यवहारगत अवरोध भएका बालबालिका त्यस्ता हुन् जो आफ्नो वातवारणसित प्रतिक्रिया जनाउँदा समाजले स्वीकार नगरेका वा आफैँलाई असन्तोषजनक लाग्ने कार्य गर्दछ, तर जसलाई समाजले स्वीकारेका र आफैँलाई सन्तुष्टि दिने

व्यवहार सिकाउन सकिन्छ ।" बालबालिकाले देखाउने अस्वाभाविक व्यवहारलाई चार आयामबाट हेर्न सकिन्छ : गति, अवधि, स्थान निरूपण र परिणाम । गति भन्नाले यस्तो व्यवहार कहिलेकाहीँ हुन्छ, अवधि भन्नाले यस्तो व्यवहार कतिसमयसम्म कायम रहन्छ, निरूपण भन्नाले यस्तो व्यवहार गर्दा देखाउने शारीरिक अवस्था वा चाल र परिणाम भन्नाले यस्तो व्यवहार गर्दा प्रयोग भएको बल भनेर बुझ्नुपर्दछ ।

यसरी माथि उल्लिखित विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिलाई उनीहरूको आवश्यकताअनुसार अरू सामान्य व्यक्तिमा भन्दा विशेष किसिमले शिक्षा दिनुपर्ने भएकाले त्यस प्रकारबाट दिइने शिक्षा नै विशेष आवश्यकता भएकालाई दिइने शिक्षा हो । माथि उल्लिखित हरेक प्रकारको असक्षमता वा अपाङ्गताअनुसार फरक फरक किसिमले उनीहरूका आवश्यकताअनुसार शिक्षा दिनुपर्दछ । त्यसैले यसलाई विशेष आवश्यकता शिक्षा भनिएको हो ।

ऊ. **फरक मातृभाषा** : एउटै कक्षाकोठाभित्र पनि विविध भाषिक तथा आर्थिक सामाजिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरू हुन्छन् । पढाइ सिप विकासको सन्दर्भमा भाषिक पृष्ठभूमिले महत्त्वपूर्ण भूमिका खेल्दछ । उदाहरणका लागि नेपाली भाषाको पढाइमा नेपाली नै मातृभाषा भएका विद्यार्थीको तुलनामा अन्य मातृभाषा भएका विद्यार्थीलाई स्वाभाविक रूपमा केही कठिन हुन्छ । विभिन्न अध्ययनहरूले देखाएअनुसार विद्यालय आउनु अघि नै बालबालिकाले आफ्नोमातृभाषामा झण्डै ५००० शब्दहरू सिकिसकेका हुन्छन् । नेपाली भाषाको कक्षामा पहिले नै धरै शब्द जानेका बालबालिका र अन्य मातृभाषाका बालबालिकाको सिकाइ समान नहुनु स्वभाविक हो । बालकले सर्वप्रथम सिकेको भाषा पहिलो भाषा हो । यसलाई मातृभाषा पनि भनिन्छ । यो भाषा उसले आफ्नै घरपरिवारबाट सिक्दछ । यसको सिकाइ सर्वप्रथम ध्वनिसुनाइ, ध्वनि विभेद, ध्वनि पहिचानबाट हुन्छ र विस्तारै चार पाँच वर्षमा त भाषिक व्यवहार गर्न सक्षम भैसकेको हुन्छ । उसको पहिलो भाषिक सिकाइ सहज हुन्छ । पहिलो भाषा सिकिसकेपछि बालकले सिकेको भाषालाई दोस्रो भाषा भनिन्छ । पहिलो भाषा सिकाइ जस्तो सहज वातावरण नहुने भएकाले दोस्रो भाषाको सिकाइ सहज र स्वाभाविक हुन सक्दैन । तसर्थ पहिलो भाषाको सिकाइ र दोस्रो भाषाको सिकाइ यसको सिकाइ प्रकृतिअनुसार भिन्नहुन्छ । दोस्रो भाषाको सिकाइलाई पनि पहिलोको जस्तै सहज वातावरण प्रदान गर्ने हो भने यसको सिकाइ पनि सजिलो हुन्छ ।

**दोस्रो भाषा शिक्षणका समस्या**

- पहिलो भाषा सिकाइजस्तो सहज वातावरण नहुनु
- दोस्रो भाषाको आवश्यकताअनुसार पठन सामग्री अभाव
- द्विभाषिक र बहुभाषिक कक्षामा भाषा शिक्षणको सिद्धान्त नअपनाइनु
- यथेष्ट शैक्षिक सामग्रीको अभाव
- दोस्रोभाषाका रूपमा भाषा शिक्षण गर्ने शिक्षक सक्षमतामा कमी
- उत्प्रेरणा, हौसला र उपचारात्मक शिक्षणमा कमी

**दोस्रो भाषा शिक्षण गर्दा देखा पर्ने समस्या समाधानका उपायहरू**

- धेरै सुनाइ र बोलाइमा जोड
- तुरून्त पृष्ठपोषण प्रदान र सिकाइमा टेवा

- चित्र प्रयोग
- ठोस वस्तुको प्रयोग
- त्रुटि विश्लेषण र पहिचान
- भूल र प्रयत्न सिद्धान्तको उपयोग
- पहिलो भाषा सिकाइ वातावरण सिर्जना
- सामान्य भाषा उपयोग
- अभ्यास तथा सबलीकरण प्रक्रिया अवलम्बन
- विविध शिक्षण सामग्री उपयोग
- आवश्यकताअनुसार व्यक्तिगत सहयोग
- श्रव्य दृश्य सामग्री उपयोग
- उपचारात्मक शिक्षण योजना निर्माण तथा उपयोग
- शिक्षक र विद्यार्थीबिच निकट सम्बन्ध विकास
- शिक्षकले विद्यार्थीको भाषा बोल्ने प्रयास
- सामग्रीको प्रयोगमा जोड
- विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग
- खेल र सिकेका कुराको नाटकीकरण वा अभिनय
- अवलोकनबाट सिकाइ
- निरन्तर मूल्याङ्कन
- परियोजन कार्य
- केही शिक्षण विधि

**दोस्रो भाषा र भाषिकाका बालबालिकालाई शिक्षण गर्दा शिक्षकले सोच्नु पर्ने थप पक्षहरू**

- व्याकरण अनुवाद पद्धति(पुरानो विधि, अर्को भाषामा अनुवाद गरी सिकाउने व्याकरणका नियम घोकाउने, स्वभाविक सिकाइनहुने पद्धति) ।
- प्रत्यक्ष पद्धति(पहिलो भाषालाई प्रतिबन्ध, सुनाइ र अनुकरणमा जोड, स्वभाविक वातावरण निर्माण, उच्चारण भूमिका निर्वाह प्रश्नोत्तरश्रुतिलेखनमा जोड) ।
- श्रुति भाषिक पद्धति(औचार्य श्रव्य प्रक्रियामा जोड भिन्नता विश्लेषण सिद्धान्तमा जोड, अभ्यास गर्ने बानी निर्माण, नियन्त्रित भाषिक वातावरण) ।
- साञ्चारिक पद्धति(प्रत्यक्ष र श्रुति भाषिक मिश्रण, वाक्य संरचनालाई सन्दर्भअनुसार प्रस्तुत सन्दर्भयुक्त दृश्य सामग्री उपयोग) ।

त्यस्तै आर्थिक तथा सामाजिक रूपमा कमजोर तथा अशिक्षित परिवारका बालबालिकाले घरमा भाषा एवम् शब्दभण्डार विस्तार गर्ने धेरै अवसर नपाउन सक्छन् जबकि शिक्षित तथा राम्रो आर्थिक अवस्था भएका परिवारमा रेडियो, टेलिभिजन, पत्रपत्रिका, बौद्धिक छलफल जस्ता माध्यमहरूले पनि बालबालिकाको भाषा विकासमा सहयोग पुऱ्याइरहेका हुन्छन् । तसर्थ फरक भाषिक तथा आर्थिक सामाजिक पृष्ठभूमिका बालबालिकालाई अतिरिक्त शैक्षणिक सहयोग आवश्यक हुन्छ ।

त्यसैगरी कक्षाकोठाभित्र सबै बालबालिकाको शारीरिक तथा मानसिक अवस्था समान नहुन सक्छ । यस्ता फरक अथवा विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकालाई पनि विशेष ध्यान पुऱ्याउनु जरुरी हुन्छ । धेरै नै गम्भीर प्रकृतिका अपाङ्गता भएका बालबालिकालाई छुट्टै विशेष व्यवस्था गर्नुपर्ने भएतापनि सामान्य किसिमका अपाङ्गता वा शारीरिक मानसिक समस्या भएका बालबालिकालाई भने शिक्षकले अतिरिक्त शैक्षणिक सहयोग गर्न सकेमा उनीहरूको सिकाइ प्रवर्धन गर्न सकिन्छ ।

कक्षाकोठामा देखिने अर्को महत्त्वपूर्ण भिन्नता भनेको सिक्ने तरिका तथा क्षमता हो । कुनै विद्यार्थी अत्यन्तै छिटो सिक्छन् भने कोही ढिलो सिक्ने हुन्छन् । यस्तो अवस्थामा औसत विद्यार्थीलाई मात्र हेरेर शैक्षणिक क्रियाकलाप गराइयो भने ती दुवै खालका विद्यार्थीको सिकाइ प्रभावित हुन्छ । तसर्थ शिक्षकले ती दुवै खाले

विद्यार्थीलाई समेत समायोजन गर्ने किसिमका तरिकाहरू अपनाउनु जरूरी हुन्छ ।

**प्रशिक्षक निर्देशन ८.४** **(६० मि)**

**सम्भावित क्रियाकलाप:**

१. प्रशिक्षकले हामी आफूमा नै कस्तो फरक फरक क्षमता हुन्छ भन्ने विषयमा एउटा खेलको तय गर्नुहोस् । जस्तैः सबै सहभागीलाई A4 sizeको कागज दिनुहोस् । सबैलाई यो कागज एउटै निर्देशनमा चार पटकसम्म पट्याउन/दोबार्न भन्नुहोस् । पट्याएको कागजलाई दाँयापट्टिको कुना च्यात्न भन्नुहोस् । च्यातिएको कागज फेरि पट्याएको अवस्थाबाट फुकाउन भन्नुहोस् । अब सबैलाई आआफ्नोकागज देखाउने अवसर दिनुहोस् । सबैको कागज एकै ठाउँमा च्यातिएको नहुन सक्छ । अब तलका प्रश्नहरूमा छलफल गर्नुहोस् । १. के निर्देशन सबैले सुन्नु र बुझ्नुभएको थियो ? २. किन सबैलाई दिइएको कागज एकै ठाउँमा च्यातिएन ?

निष्कर्ष :एकै पटकमा एकै तरिकाले भन्दैमा सबैपाठकले सबैकुरा बुझेर ठिकतरिकाले सहीकाम गर्न सकिन्छ भन्ने हुँदैन । सबै प्राणीमा बहुबौद्धिकता हुन्छ र एउटै कुरा वा विषयको सिकाइमा पनि फरक फरक सिकाउने विधि, क्रियाकलाप, अभ्यास, वातावरण र समयले प्रभाव पार्दछ । यो विषय प्रशिक्षक र शिक्षकले बढी ध्यान दिएर क्रियाकलाप गर्नु राम्रो हुन्छ ।

२. विभिन्न पृष्ठभूमि, आवश्यकता तथा क्षमता भएका विद्यार्थीका विशेषताहरू: सबै सहभागीहरूलाई तलको बक्समा दिइएको तालिका वितरण गरी पढ्न लगाउनुहोस् । पढ्दै जाँदा हरेक वाक्यमा सहमत वा असहमतमारेजा लगाउनुहोस् । सबैले पढिसकेपछि ५/५ जनाको समूहमा ती बुँदाहरूमाथि छलफल गर्न लगाउनुहोस् । कुनै समूहमा कुनै बुँदामाथि फरक विचार आएमा सो सम्बन्धमा पुरै समूहमा छलफल गराउनुहोस् ।

| क्र.स. | विशेषताहरू | सहमत | असहमत |
|---|---|---|---|
| १. | पढाइमा सङ्घर्षरत विद्यार्थी भनेका बहिरा, दृष्टिविहीन र सुस्तमनस्थिति जस्ता प्रष्टसँग देखिने अपाङ्गता भएका बालबालिका मात्र हुन् । | | |
| २. | जुनसुकै मातृभाषा भएका बालबालिका भए पनि पढाइ सिप विकासमा खासै फरक पर्दैन । | | |
| ३. | सबै बालबालिकाको सिक्ने तरिका र गति फरक हुनसक्छ । | | |
| ४. | कक्षामा अरूभन्दा छिटो सिक्ने बालबालिका ठुला चुनौती होइनन् किनकि उनीहरूले सिक्नुपर्ने कुरा सिकिरहेकै हुन्छन् । | | |
| ५. | बिहान टन्न खाना खाएर आएका बालबालिकाको तुलनामा खाना नखाई आएका बालबालिकाले राम्रो सिकाइ नगर्न सक्छन् । | | |
| ६. | कक्षामा अरूभन्दा ढिलो सिक्ने विद्यार्थी मानसिक रूपमै कमजोर हुन्छन् । उनीहरूलाई विशेष ध्यान दिनु जरूरी छैन । | | |
| ७. | अशिक्षित एवम् मजदुरी गर्ने अभिभावकका तुलनामा पढेलेखेका अभिभावक भएका घरमा बालबालिकाले भाषिक विकासको अवसर | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बढी पाउँछन् । | | | |
| | ८. | कुनै विषयका बारेमा प्रश्नहरू सोधेको सोध्यै गर्ने र त्यसका कारणहरू/तर्कहरू खोज्ने व्यक्ति सिकाइमा सङ्घर्षरत व्यक्ति हो । | | | |
| | ९. | सामान्य किसिमका मात्र अपाङ्गता भएका बालबालिकालाई अलि ध्यान दियो भने उनीहरूको पढाइ सिपको विकास थप राम्रो हुन सक्छ । | | | |
| | १०. | मस्तिष्कमा खराब, स्नायुमा खराबीका कारण पढाइ र बोलाइमा असमर्थ छ भने मात्र उक्त विद्यार्थीले पढाइमा सङ्घर्ष गर्नुपर्छ । | | | |

माथिका तालिकाका आधारमा छलफल गरिसकेपछि प्रशिक्षकले सत्रमा छलफल गर्न खोजिएका विषयवस्तुबारे प्रष्ट पार्नुहोस् ।

३. फरक पृष्ठभूमि, क्षमता र आवश्यकता भएका बालबालिका पहिचान: किन र कसरी छलफल गर्न लगाई बाकसमा दिइएको निचोड प्रशिक्षकले प्रस्तुत गर्नुहोस् । सहभागीहरूलाई पहिलो चरणमा ६ ओटा समूहमा विभाजन गरी तिन ओटा समूहलाई भाषा पढाउने शिक्षकले विद्यार्थीको भाषिक तथा आर्थिक सामाजिक पृष्ठभूमि, शारीरिक एवम् मानसिक अवस्था र सिक्ने क्षमता तथा तरिका थाहा पाउन किन जरूरी छ भन्ने विषयमा छलफल गर्न लगाई बुँदा टिप्न लगाउनुहोस् । अरू तिन समूहलाई विद्यार्थीको भाषिक तथा आर्थिक सामाजिक पृष्ठभूमि, शारीरिक एवम् मानसिक अवस्था र सिक्ने क्षमता कसरी थाहा पाउन सकिन्छ भन्ने बारेमा छलफल गर्न लगाई बुँदा टिप्न लगाउनुहोस् । दुवै खाले समूहले छलफल गरिसकेपछि दोस्रो चरणमा पहिलो तिन समूहसँग पछिल्ला तिन समूह मिसाई जम्मा तिन समूह बनाउन लगाउनुहोस् र पहिलो चरणमा गरेको छलफल आदानप्रदान गर्न लगाउनुहोस् । अन्त्यमा प्रशिक्षकले निम्न बुँदाका आधारमा छलफलको निष्कर्ष प्रदान गर्नुहोस् ।

१. विद्यार्थीहरूको पारिवारिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक परिवेश बुझी सोहीअनुसार उनीहरूलाई सहयोग गर्न

२. विद्यार्थीहरूको पृष्ठभूमिका कारणले पार्ने असरलाई कम गर्न मनोवैज्ञानिक किसिमको निराकरण प्रक्रिया अपनाई शैक्षिक स्तर बढाउन

३. विद्यार्थीको अवस्था बुझी शिक्षण सिकाइमा प्रोत्साहित र उत्प्रेरणा प्रदान गर्न

४. सबै विद्यार्थीहरूलाई अरूको भाषा, धर्म, संस्कृति, परम्परा आदिलाई आदर गर्ने भावना बढाउन

५. जात, जाति, जनजाति, पेसा, वर्गलगायतका समाजका सबै पक्षप्रति समान र सम्मानजनक व्यवहार गर्ने परम्पराको विकास गराउन

६. दृष्टिविहीन, अपाङ्ग, बहिरा, सुस्तमनस्थिति भएकाहरूको भावनाको कदर गर्दै उनीहरूलाई अन्य सामान्य व्यक्तिसहरको व्यवहार गरी उनीहरूको आत्मविश्वास बढाउन

७. विद्यार्थीहरूको मातृभाषाले पार्ने असर बुझी निराकरणका उपाय अपनाई पढाइलाई

प्रभावकारी बनाउन

८. विभिन्न सामाजिक परिवेशबाट आएका विद्यार्थीहरूबिच हुने द्वन्द्व निराकरण गर्न

९. विद्यार्थीहरूको पढाइ छाड्ने, कक्षाबाट भाग्ने आदि कारण पत्ता लगाई यस क्रमलाई कम गर्न

४. बालबालिकाको फरक पृष्ठभूमि, क्षमता र आवश्यकताले पढाइ सिप विकासमा पार्ने प्रभाव
प्रत्येक सहभागीलाई एक एकओटा मेटा कार्ड प्रदान गरी बालबालिकाको फरक पृष्ठभूमि, क्षमता र आवश्यकताले पढाइ सिप विकासमा पार्ने एक एकओटा प्रभाव लेख्न लगाई सबैले लेखिसकेपछि अगाडि टाँस्न लगाउनुहोस् । त्यसपछि उल्लिखित बुँदाहरूका आधारमा छलफल गराउनुहोस् र सहभागीहरूको जानकारीका लागि प्रशिक्षकले निम्न तालिकामा दिइएका NEGRP - परीक्षण प्रतिवेदन (२०१४) को सारका केही बुँदाहरू प्रस्तुत गर्नुहोस् ।

१. सबै भौगोलिक क्षेत्रका विद्यार्थीहरूमा कक्षा २ बाट कक्षा ३ मा जाँदा सबै उपकार्यहरूको औसत अङ्कमा वृद्धि भएको थियो ।

२. छात्रछात्राहरूले सबै उपकार्यहरूमा लगभग समान रूपमा कार्य गरेकाले प्रारम्भिक कक्षाको पठनपाठनमा कुनै लैङ्गिक विभेद देखिँदैन ।

३. केही सीमित विद्यार्थी बाहेक सबैजस्तो विद्यार्थीहरूको मात्रा र निरर्थक शब्द उपकार्यको नतिजा सन्तोषजनक पाइएन ।

४. भौगोलिक क्षेत्रगत रूपमा हेर्दा विद्यार्थीको उपलब्धि बिचठुलो असमानता रहेको देखिन्छ ।

५. मातृभाषा नेपाली नहुनेहरूको उपलब्धि स्तर नेपाली मातृभाषा हुनेको भन्दा कमजोर देखियो ।

६. विद्यार्थीको परिवारको सामाजिक, आर्थिक अवस्थाले पनि औसत प्राप्ताङ्कमा फरक पाइएको छ ।

७. यो प्रतिवेदन वा निष्कर्षहरूले पढाइ कार्यक्रमलाई अगाडि बढाउन विद्यालय व्यवस्थापन, शिक्षण प्रक्रिया र समुदायको विद्यालयमा सहयोग महत्त्वपूर्ण हुने कुरा दर्साएको छ ।

८. शिक्षकसँग सन्दर्भ सामग्री वा शिक्षक निर्देशिका हुनु र नहुनुले पनि उपलब्धि स्तरमा प्रभाव पारेको छ ।

९. जुन विद्यालयका शिक्षकले पढाइ सिपमा सङ्घर्षरत विद्यार्थीलाई सुधारात्मक सहयोग गर्न बढी ध्यान दिए त्यस्ता विद्यालयका विद्यार्थीको पढाइ गतिको औसत प्राप्ताङ्क त्यस्तो अवसर नपाएका विद्यार्थीको प्राप्ताङ्क भन्दा उच्चतम थियो ।

१०. जुन विद्यालयको पढाइ सुधारका प्रयासहरूमा समुदायले सहयोग गरे, ती विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले बढी राम्ररी कार्य सम्पादन गरेको पाइयो ।

११. प्रारम्भिक कक्षाको परीक्षण अध्ययनमा कक्षा १ - ३ का सङ्घर्षरत विद्यार्थीहरूप्रति यस कार्यक्रमका प्रयास बढी लक्षित हुनुपर्ने उल्लेख गरेको छ ।

५. फरक सिकाइ क्षमता भएका बालबालिकाहरूलाई छुट्टै राखेर सिकाउनु हुँदैन । समूह, जोडी तथा कुनै कुनै क्रियाकलाप स्वतन्त्र रूपमा गर्न लगाएर सिकाउनु जरुरी हुन्छ र सिकाउँदा विभिन्न सिद्धान्तहरू अपनाएर सिकाउनु राम्रो हुन्छ । प्रशिक्षकले कक्षाकोठाभित्र अपनाउन सक्ने शैक्षणिक क्रियाकलापहरू एवम् विद्यालय, अभिभावक तथा समुदायसँगको अन्तरक्रिया तथा सहकार्यमा गर्न सक्ने कार्यहरूबारे छलफल गर्दै तलको सूची हरेकलाई पढ्न दिनुहोस् । सहभागीहरू तल दिइएका क्रियाकलापमा सहमत हुनुहुन्छ कि हुनुहुन्न र हाम्रो परिवेशमा यी क्रियाकलापहरू कक्षाकोठाभित्र लान सकिन्छ वा सकिन्न सोचेर दिइएको कोठामा लेख्न लगाउनुहोस् ।

| क्रियाकलाप | छु/छैन | सकिन्छ/ सकिँदैन |
|---|---|---|
| (क) के तलका क्रियाकलापमा तपाईँ सहमत हुनुहुन्छ ? | | |
| (ख) यो क्रियाकलाप कक्षाकोठाभित्र लान सकिन्छ ? | | |
| नेपाली भाषामा मौखिक सिपहरू विकास गर्न पर्याप्त समय दिइनुपर्ने | सहमत | असहमत |
| | | |
| भौगोलिक तथा क्षेत्रगत भिन्नता न्यून गर्न तराई क्षेत्रमा रहेका विद्यार्थीलाई थप सहयोग र ध्यान दिनुपर्ने | | |
| विद्यार्थीहरूलाई मातृभाषामा शिक्षण गर्दै क्रमशः नेपाली भाषामा जोड्नुपर्ने | | |
| कमजोर आर्थिक अवस्था भएका परिवारका विद्यार्थीहरूलाई विद्यालयमा बढी समय दिइनुपर्ने | | |
| प्रतिकूल परिस्थिति भएका विद्यार्थीका आवश्यकता बेलैमा पहिचान गरी ती विद्यार्थीहरूले सामना गरिरहेका चुनौतीहरूलाई सम्बोधन गर्नुपर्ने | | |
| नेपाली भाषाको अर्थबोध गर्न सङ्घर्षरत गैर नेपाली मातृभाषी विद्यार्थीहरूलाई थप विशिष्ट सिकाइ अवसरहरू प्रदान गर्नुपर्ने | | |
| पढाइ सुधारका लागि पारिवारिक तथा सामुदायिक सहयोग बढाउनुपर्ने | | |
| पढाइ सिपमा अपेक्षित सुधार गर्न अतिरिक्त समयमा सुधारात्मक शिक्षण गर्नुपर्ने | | |
| विद्यालयका प्रधानाध्यापक र शिक्षकले स्थानीय परिवेशअनुसारका पढाइ सुधार गर्न व्यवधान गर्ने तत्त्वको पहिचान गरी तिनलाई प्राथमिकता दिनुपर्ने | | |
| सङ्घर्षरत विद्यार्थीहरूलाई सहयोग गर्न वृहत्तर सचेतना कार्यक्रम आवश्यक पर्ने | | |
| पढाइ सिपसुधार गर्न स्थानीय पहल कदमीको परिचालन र सहयोग जुटाउनुपर्ने | | |
| शिक्षकका दृष्टिकोणहरूलाई निरन्तर रूपमा व्यवहारमा उतार्न शिक्षकसँग खास खास सिप, ज्ञान तथा सामग्रीहरू उपलब्ध हुनुपर्ने | | |
| शिक्षणमा बाल केन्द्रित सक्रिय सिकाइ शिक्षण विधिलाई विषयवस्तु सापेक्ष शिक्षण अभ्याससँग समाहित गराउनुपर्ने | | |
| शिक्षकले परम्परागत शिक्षणभन्दा फरक ढङ्गले शिक्षण गर्ने | | |
| संरचनात्मक सिकाइ सिद्धान्तको प्रयोग गरी शिक्षण गर्ने | | |

<table>
<tr><td>पढाइ सिपको विकासमा पर्याप्त समय दिनुपर्ने र सुधारात्मक शिक्षणमा जोड दिनुपर्ने</td><td></td><td></td></tr>
<tr><td>पढाइमा सुधार गर्न पढाइका तह अनुसार बहुपुस्तकहरू उपलब्ध हुनुपर्ने</td><td></td><td></td></tr>
<tr><td>पढाइमा सुधार गर्न शिक्षकको पेसागत विकास गरी नवीन शिक्षण तौरतरिकाहरू प्रयोगमा ल्याउनुपर्ने</td><td></td><td></td></tr>
<tr><td colspan="3">६. सहभागीहरूलाई पहिलो र दोस्रो भाषा सिकाइको अन्तर बताउन लगाउनुहोस् र प्रशिक्षकले माथि दिइएको विषयवस्तु प्रस्तुत गर्नुहोस् ।सहभागीहरूलाई दुई समूहमा वर्गीकरण गरी एउटा समूहलाई दोस्रो भाषा सिकाइको क्रममा आउने समस्या र अर्को समूहलाई दोस्रो भाषा शिक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरूको सूची तयार गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक सहभागीलाई एक एकओटा मेटाकार्ड प्रदान गरी बालबालिकाको फरक पृष्ठभूमि, क्षमता र आवश्यकताले पढाइ सिप विकासमा पार्ने एक एकओटा प्रभाव लेख्न लगाई सबैले लेखिसकेपछि अगाडि टाँस्न लगाउनुहोस् । त्यसपछि उल्लिखित बुँदाहरूका आधारमा छलफल गराउनुहोस् ।</td></tr>
</table>

# एकाइ ९ :मूल्याङ्कन तथा उपचारात्मक शिक्षण

**अपेक्षित सक्षमता**

- प्रारम्भिक तहका लागि उपयुक्त मूल्याङ्कन प्रक्रिया पहिचान
- पठन सिप विकासका लागि तत्त्वगत निरन्तर मूल्याङ्कन प्रक्रिया अवलम्बन
- उपचारात्मक शिक्षण तरिकाहरू पहिचान तथा उपयोग

**विषयवस्तु**

## ९.१ विषयवस्तु

सिकाइ प्रक्रियामा मूल्याङ्कनलाई अलग राख्न सकिँदैन । यो शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्ग हो । शिक्षण सिकाइका क्रममा बालबालिकाले के कति सिक्न सके वा के कस्ता कुरामा सिकाइ प्रभावकारी हुन सक्यो वा सकेन र सुधारका पक्षहरू कहाँ कहाँ हुन सक्छन् भनेर लेखाजोखा गर्ने कार्य नै विद्यार्थी मूल्याङ्कन हो । शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीले कस्तो सिकाइ हाँसिल गरे भन्ने कुराको निर्धारण गर्न लेखाजोखा गर्ने प्रक्रियालाई नै मूल्याङ्कन भनिन्छ । मूल्याङ्कनले सिकाइलाई थप सहयोग गर्दछ ।

गर्नेमूल्याङ्कन औपचारिक वा अनौपचारिक तरिकाले गरिन्छ । शिक्षकले विद्यालयमा आफ्ना कक्षाका विद्यार्थीहरूको सिकाइ सिप, विषयगत सक्षमता थाहा पाउनलाई एकाइ परीक्षा लिने, विद्यार्थीहरूको बानी व्यवहार थाहा पाउन सामान्य अलिखित अवलोकन गर्ने, कक्षाबाट बाहिर निस्किनुभन्दा अगाडि प्रश्नोत्तर गर्ने आदि अनौपचारिक मूल्याङ्कन पद्दति हुन् । निश्चित समय अवधिभित्रमा गरिने, योजनाबद्ध, अभिलेख राख्ने, कुनै निश्चित मूल्य मापदण्डमा रहेर गर्ने, औपचारिक निर्णय गर्नका लागि गरिने मूल्याङ्कनलाई औपचारिक मूल्याङकनभनिन्छ । उद्देश्यअनुसार मूल्याङ्कनलाई दुई प्रकारमा विभाजन गरिएको पाइन्छ । मुख्यतया शैक्षिक क्षेत्रमा उद्देश्यको आधारमा निर्माणात्मक मूल्याङ्कन (कार्य क्षमता सुधारका लागि गरिने मूल्याङकन) र निर्णयात्मक मूल्याङ्कन (कार्य क्षमता जाँचका लागि गरिने मूल्याङ्कन) विधि चर्चित भएको पाइन्छ ।

### (क) निर्माणात्मक मूल्याङ्कन

विद्यार्थीको योग्यता मापन गर्नुभन्दा पनि उसको सबल र सुधारात्मक पक्ष पत्ता लगाएर सुधार गराउन आवश्यक रणनीति बनाउन गरिने मूल्याङकनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । त्यसैले यस किसिमको मूल्याङ्कनलाई सुधारात्मक तथा रचनात्मक मूल्याङ्कन पनि भन्ने गरिन्छ । प्रत्येक पाठ वा एकाइको अध्ययन पश्चात् विद्यार्थीहरूको सिकाइ अवस्थाको निरन्तर रूपमा लेखाजोखा गरी पठनपाठनमा सुधार गर्न एवम् सिकाइ उपलब्धिको निरन्तर प्रगतिको लेखाजोखा गर्न, पृष्ठपोषण उपलब्ध गराउन शैक्षिक सत्रको बिचबिचमा गरिने मूल्याङ्कनलाई नै निर्माणात्मक वा सुधारात्मक वा रचनात्मक मूल्याङ्कन भनिन्छ ।निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली पनि निर्माणात्मक मूल्याङ्कन कै अभिन्न पाटो हो, जसले विद्यार्थीहरूको नियमित सिकाइमा सुधार गर्ने तथा विद्यार्थी र शिक्षकलाई सिर्जनात्मक वा रचनात्मक बनाउने कार्य गर्दछ ।

**निर्माणात्मक मूल्याङ्कनका उद्देश्यहरू**

(क) सिकाइमा सुधार ल्याउनु

(ख) बालबालिकाको सिकाइमा देखिएका सुधारात्मक र सबल पक्षहरू पत्ता लगाउनु

(ग) शैक्षिक क्षति हुनबाट जोगाउनु

(घ) सिकाइमा निरन्तर रूपमा प्रेरित गराइराख्नु

(ङ) शिक्षण प्रक्रियामा निरन्तर सुधार गर्नु

(च) शैक्षणिक प्रक्रियाको नियमित रूपमा अनुगमन गर्नु आदि

**निर्माणात्मक मूल्याङ्कनका साधनहरू**

(क) कक्षाकार्य वा समूह कार्य

(ख) एकाइ परीक्षा

(ग) साप्ताहिक परीक्षा

(घ) मासिक परीक्षा

(ङ) परियोजना कार्य

(च) व्यवहार अवलोकन

(छ) विद्यार्थीको हाजिर

(ज) कार्यात्मक साक्षरता जाँच

(ङ) गृहकार्य

**(ख) निर्णयात्मक मूल्याङ्कन**

विद्यालयले विद्यार्थीहरूको योग्यता र सिप सक्षमताको स्तर निर्धारण गरेर विद्यार्थीहरूलाई उत्तीर्ण गर्ने वा अनुत्तीर्ण गर्ने अन्तिम निर्णय गर्नका लागि गरिने मूल्याङ्कन निर्णयात्मक मूल्याङ्कन हो । नेपालको शिक्षा ऐनले व्यवस्था गरेअनुसार त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाद्वारा विद्यार्थीको योग्यता मूल्याङ्कन गर्ने नीति लिएको पाइन्छ । आधारभुत तह कक्षा १ देखि ३ सम्म शतप्रतिशत निरन्तर मूल्याङ्कन विधिका प्रावधान छ भने कक्षा ४ र ५ मा ५०, ५० प्रतिशत निरन्तर मूल्याङ्कन विधि र आवधिक परीक्षा लिने व्यवस्था गरिएको छ । निर्णयात्मक मूल्याङ्कन धेरै जसो औपचारिक तरिकाले गरिन्छ चाहे त्यो लिखित, प्रयोगात्मक वा मौखिक विधि किन नहोस् । तर कुनै बेला अनौपचारिक तरिकाले गरेको मूल्याङ्कनका आधारमा पनि निर्णयहरू गरेको पाइन्छ । निर्णयात्मक मूल्याङ्कन गोप्य र निश्चित मूल्य मापदण्डमा रहेर गरिन्छ । यसमा परीक्षक र परीक्षार्थीबिच सिक्ने सिकाउने कार्य पूर्णरूपले निषेध गरिएको हुन्छ । विद्यार्थीहरूले आफ्नो नतिजा थाहा पाउन निश्चित समय पर्खिनुपर्ने हुन्छ । विभिन्न पद पूर्तिका लागि लोक सेवा आयोगले लिने परीक्षा, प्रवेश परीक्षा, छात्रवृत्तिका लागि लिने परीक्षा आदि निर्णयात्मक मूल्याङ्कनका उदाहरण हुन् ।

**निर्णयात्मक मूल्याङ्कनका उद्देश्यहरू**

(क) विद्यार्थीको सिकाइ उपलब्धि सुनिश्चित गर्नु

(ख) विद्यार्थीहरूलाई श्रेणीकरण गर्नु

(ग) विद्यार्थीलाई कक्षा चढाउन वा दोहोऱ्याउनका लागि निर्णय लिनु

(घ) विद्यालय विद्यालय बिचमा शैक्षिक स्तरको तुलना गर्नु ।

**निर्णयात्मक मूल्याङ्कका साधनहरू**

(क) प्रथम त्रैमासिक परीक्षा

(ख) अर्ध वार्षिक परीक्षा

(ग) वार्षिक परीक्षा

(घ) स्तरयुक्त परीक्षा

(ङ) प्रवेश परीक्षा (च) बोर्डको परीक्षा

**९.१.२ नेपालमा निरन्तर विद्यार्थी मूल्याङ्कन**

विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न उनीहरूको निरन्तर मूल्याङ्कन गर्ने अभ्यास विद्यालय शिक्षाको सुरुवातसँगै भएतापनि यस विधिलाई औपचारिक अभिलेखको रूपमा प्रयोग गर्नुपर्ने प्रावधान सबैका लागि शिक्षा कार्यक्रमलाई सार्थक र प्रभावकारी बनाउनका लागि आधारभूत प्राथमिक शिक्षा कार्यक्रम सँगसँगै शैक्षिक सत्र २०५६/०५७ देखि केही जिल्लामा परीक्षणको रूपमा कार्यान्वयन गरिएको थियो । परीक्षणकालमा विषयगत सिकाइ उपलब्धिको सूची बनाई हासिल भईसकेको उपलब्धिमा रेजा लगाउने प्रावधान राखिएको थियो । तर यो उपयुक्तहुँदाहुँदै मूल्याङ्कनकर्तालेे झन्झटिलो मानेकोहुँदा पाठको आधारमा रेजा लगाउने व्यवस्था गरियो । निरन्तर विद्यार्थी मूल्याङ्कनको अन्तिम उद्देश्य विद्यार्थीले तोकिएको सिप तथा ज्ञानसँग सम्बन्धित सबै सिकाइ उपलब्धि हासिलगरी तिन ओटै रेजा प्राप्त गर्न सक्ने बनाउनु हो ।

प्राथमिक शिक्षा पाठ्यक्रम (कक्षा १-३),२०६२ र प्राथमिक शिक्षा पाठ्यक्रम (कक्षा४-५),२०६५ मा यो मूल्याङ्कन प्रक्रियाका बारेमा पाठ्यक्रममा नै स्पष्ट उल्लेख गरिएको छ । हाल विद्यालय शिक्षामा कक्षा १-३ मा शतप्रतिशत, कक्षा ४-५ मा ५० प्रतिशत तथा कक्षा ६ र ७ मा ४० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको अवलम्बन गर्नुपर्ने व्यवस्था छ । विद्यार्थीहरूको प्रगति अभिलेख निम्न तरिकाले राख्नुपर्ने व्यवस्था छ :

(क) पाठगत आधारमा विद्यार्थीले कक्षामा सिकेका कुरालाई पाठ्यक्रममा दिइएको अनुसूची अनुसारको फाराममा तोकिएका मापदण्डका आधारमा एकदेखि तिन ओटासम्म रेजा (√) चिह्न लगाउने ।

(ख) अति उत्तम सिकेकालाई तिन ओटा रेजा (√√√), उत्तम सिकेकालाई दुई ओटा रेजा (√√) र सामान्य सिकेकालाई एउटा रेजा (√) दिने ।

(ग) प्राथमिक शिक्षा पाठ्यक्रममा निम्नलिखित ५ ओटा मापदण्डलाई निरन्तर विद्यार्थी मूल्याङ्कनको आधार मान्ने कुरा उल्लेख गरिएको छ । तर पाठगत मूल्याङ्कन गर्दा सोही पाठ अन्तर्गतको सिकाइ उपलब्धिलाइ आधार मान्नुपर्ने हुन्छ ।

| क्र.स. | मापदण्ड | अति उत्तम | उत्तम | सामान्य |
|---|---|---|---|---|
| १. | कक्षा कार्य (कक्षा सहभागिता) | √√√ | √√ | √ |
| २. | परियोजना कार्य | √√√ | √√ | √ |
| ३. | व्यवहार परिवर्तन | √√√ | √√ | √ |
| ४. | सिर्जनात्मक कार्य | √√√ | √√ | √ |
| ५. | हाजिरी | √√√ | √√ | √ |

(घ) पाठगत आधारमा रेजा दिइसकेपछि हेरक त्रैमासिकमा रेजाका आधारमा विद्यार्थीहरूलाई निम्नलिखित तरिकाले क, ख, ग श्रेणीमा छुट्याउने :

- ७० प्रतिशतदेखि १०० प्रतिशतसम्म - **क** श्रेणी
- ४० प्रतिशतदेखि ६९ प्रतिशतसम्म - **ख** श्रेणी
- ४० प्रतिशतभन्दा तल - **ग** श्रेणी

तर आधारभूत तहको पाठ्यक्रम (कक्षा ६-८), २०६९ मा भने निम्न लिखित तरिकाले श्रेणी विभाजन गरिएको पाइन्छ :

- ८० प्रतिशतदेखि १०० प्रतिशतसम्म - **कश्रेणी**
- ६० प्रतिशतदेखि ७९ प्रतिशतसम्म - **खश्रेणी**
- ६० प्रतिशतभन्दा तल - **गश्रेणी**

(ङ) पाठगत रेजाहरूको प्रतिशत निकाल्ने तरिका :

$$\text{सूत्र : रेजा प्रतिशत} = \frac{\text{विद्यार्थीले पाएका जम्मा रेजा} \times १००}{\text{जम्मा पढाइ भएका पाठ संख्या} \times ३}$$

**९.१.३ निरन्तर विद्यार्थी मूल्याङ्कन**

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियामा औपचारिक वा अनौपचारिक दुवै तरिका अपनाउन सकिन्छ । यो विधि निर्माणात्मक वा निर्णयात्मक दुवै प्रयोजनका लागि गर्न सकिन्छ । शिक्षकले अध्यापनका क्रममा गराउने नियमित क्रियाकलापहरू जस्तै श्रुति लेखन, अनुलेखन, सस्वर वाचन, गृहकार्य, कक्षा कार्य, परियोजना कार्य, अवलोकन भ्रमण प्रतिवेदन, अतिरिक्त क्रियाकलाप आदि नियमित क्रियाकलाप गराउँदा मूल्याङ्कनको कुनै निश्चित समय सीमा निर्धारण गरिएको हुँदैन र प्रश्नपत्र पनि गोप्य राखिएको हुँदैन । विद्यार्थीहरूले क्षमता प्रदर्शन गरेकै समयमा उनीहरूकै अगाडि मूल्याङ्कन गरेर रेजा दिइन्छ । यसकारण यो मूल्याङ्कन खुला र अनौपचारिक जस्तै हुन्छ ।

**(क) निरन्तर विद्यार्थी मूल्याङ्कनको विशेषता**

- ✓ निरन्तर विद्यार्थी मूल्याङ्कन औपचारिक वा अनौपचारिक दुवै तरिकाले गर्न सकिन्छ ।
- ✓ यसलाई निर्माणात्मक वा निर्णयात्मक दुवै प्रयोजनका लागि प्रयोग गर्न सकिन्छ ।
- ✓ शिक्षकद्वारा पठनपाठनका लागि गरिने दैनिक क्रियाकलाप नै निरन्तर विद्यार्थी मूल्याङ्कनका साधन हुन् । जस्तैः गृहकार्य, हाजिर, सस्वर वाचन वा मौन पठन आदि ।
- ✓ यसले विद्यार्थीको वास्तविक चरित्र तथा सामाजिक व्यवहारको मूल्याङ्कन गर्छ । जस्तै **जाँड, रक्सी, चुरोट सेवन** गर्ने विद्यार्थीहरूले पनि जाँचमा खान हुँदैन लेखेर राम्रो अङ्क प्राप्त गर्न सक्छन् । तर शिक्षकहरूले दैनिक अवलोकनका क्रममा त्यस्ता विद्यार्थीको व्यवहार थाहा पाएर मूल्याङ्कन गरिसकेका हुन्छन् ।
- ✓ यसले फरक फरक प्रतिभाका बालबालिकाहरूको क्षमता प्रदर्शनलाई सन्तुलनमा राख्छ ।जस्तै कोही विद्यार्थी कुनै विषयमा उत्कृष्ट प्रतिभा प्रदर्शन गर्न सक्षम हुन्छन् भने कोही अर्को विषयमा सक्षम हुन्छन् । यसले सबै प्रकारका प्रतिभालाई मूल्याङ्कन गर्ने भएकाले असमान प्रतिभा भएका विद्यार्थीलाई सन्तुलनमा राख्न मदत गर्छ ।

- ✓ हरेक विद्यार्थीलाई सधैँ सक्रिय बनाइ राख्न मदत गर्छ । जस्तै: हरेक क्रियाकलापको सिर्जनात्मक पक्षको पनि मूल्याङ्कन गरिने भएकाले विद्यार्थीले खाली समयमा पनि सिर्जनात्मक कार्य गरेर आफूलाई सक्रिय बनाउन सक्छन् ।
- ✓ शिक्षकले निर्देशनात्मक भूमिका खेल्ने र विद्यार्थीहरूलाई सक्रिय गरेर तिनीहरूको क्षमता प्रदर्शनको मूल्याङ्कन गर्ने काम हुन्छ ।
- ✓ विषयगत सिपको मूल्याङ्कन गर्नका लागि फरक फरक मापनयोग्य सूचक हुन्छन् । जस्तै भाषागत विषयको मापन गर्ने सूचक र विज्ञानका विषयवस्तुको ज्ञान मापन गर्ने सूचक फरक फरक हुन्छन् ।

**(ख) निरन्तर विद्यार्थी मूल्याङ्कनको महत्त्व**

- ✓ विद्यार्थीको सिकाइ उपलब्धिको वैधता र विश्वसनीयतामा सुधार गर्न
- ✓ विद्यार्थीको सहजतापूर्वक निरन्तर रूपमा सही मूल्याङ्कन गर्न
- ✓ सिकाइस्तर कम भएका विद्यार्थीहरूलाई सुधारात्मक शिक्षण गर्न
- ✓ विद्यार्थीहरूमा पाठ्यक्रमले निर्धारण गरेका ज्ञान, सिप र व्यवहारलाई दिगो रूपमा स्थापित गर्न
- ✓ विद्यार्थीको प्रभावकारी सिकाइ र कार्य व्यवहारमा सहयोग पुऱ्याउन
- ✓ विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक हुने अतिरिक्त समय र स्रोतको बचत गर्न
- ✓ बालमैत्री सिकाइ र मूल्याङ्कनको वातावरण बनाउन
- ✓ विद्यार्थीहरूमा परीक्षाबाट हुने डर हटाउन
- ✓ कक्षाकोठामा विद्यार्थीको नियमित उपस्थितिमा वृद्धि गर्न
- ✓ कक्षा छाड्ने र दोहोऱ्याउने दरमा कमी ल्याउन
- ✓ तह पुरा गर्ने दर र सिकाइ उपलब्धि स्तरमा वृद्धि गर्न

**(ग) निरन्तर विद्यार्थी मूल्याङ्कनका साधन**

- ✓ छलफल तथा समूह कार्य
- ✓ गृहकार्य
- ✓ कक्षा कार्य (श्रुति लेखन, अनु लेखन, सस्वर वाचन, मौखिक प्रश्नोत्तर, प्रतिप्रश्नोत्तर आदि)
- ✓ सिर्जनात्मक कार्य (अतिरिक्त क्रियाकलाप)
- ✓ स्व/ आत्म मूल्याङ्कन
- ✓ परियोजना कार्य
- ✓ व्यवहार परिवर्तन तथा अवलोकन
- ✓ व्यक्तिगत फायल (कार्य सञ्चयिका)
- ✓ एकाइ परीक्षा

- ✓ कार्यात्मक सक्षरता मापन
- ✓ अभिभावक सम्पर्क

**सिकाइ उपलब्धिको न्यूनतम मापदण्ड (बेन्चमार्किङ)**

सिकाइ उपलब्धि मापनको लागि न्यूनतम सिकाइ उपलब्धि मापदण्ड तयार नभईसकेको हुनाले पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर मापन केन्द्र र प्रारम्भिक कक्षा पढाइ कार्यक्रमबिच भएको गोष्ठीअनुसार पठन प्रवाहमा कक्षा २ र ३ का लागि पठन प्रवाह प्रति मिनेट ४५ शब्द मानिएको छ । बोध ज्ञान सक्षमता मापनका लागि बढीमा ६० शब्दको कथाबाट ४ ओटा पाठमा आधारित तथ्यगत प्रश्नोत्तर र २ ओटा विषयवस्तुको मूल मर्म वा भावयुक्त प्रश्नोत्तर गर्ने सहमति भएको छ ।

**९.१.४ प्रारम्भिक कक्षा पढाइ र निरन्तर विद्यार्थी मूल्याङ्कन**

अनुसन्धानले विकासोन्मुख मुलुकहरूमा गुणस्तरीय शिक्षाको विकास हुन नसक्नुको मुख्य कारण पढाइ सिप कमजोर भएको देखाएको छ । नेपाल प्रारम्भिक कक्षामूल्याङ्कन प्रतिवेदन २१ जुलाई २०१४ अनुसार औसत पठन प्रवाह शुद्ध उच्चारणसहित कक्षा २ मा १४.२ शब्द र कक्षा ३ मा २७.२ शब्द प्रति मिनेट गरेको पाइएको थियो भने शून्य शब्द सस्वर वाचन गर्ने विद्यार्थी प्रतिशत कक्षा २ मा ३७ र कक्षा ३ मा १९ प्रतिशत पाइएको प्रतिवेदनले देखाएको छ । त्यसैगरी उनीहरूले सस्वर वाचन गरेकै कथाबाट जम्मा ६ ओटा बोध प्रश्नोत्तर सोधिएका थिए, जसमा कक्षा २ का ५० र कक्षा ३ का २७ प्रतिशत विद्यार्थीले कुनैपनि प्रश्नको जवाफ दिन नसकेको प्रतिवेदनले देखाएकोछ । पढाइको यो औसत स्तर अन्तर्राष्ट्रिय स्तरको तुलनामा निकै कम हो । यसकारण विद्यार्थीहरूले सुरुमा पढ्न नै सिक्नुपर्ने आवश्यकता देखिन्छ । पढाइ सिपमा कमजोर भएका विद्यार्थीहरू गणित, विज्ञान, सामाजिक शिक्षा, स्वास्थ्य र शारीरिक आदि विषयमा पनि स्वतः कमजोर हुन्छन् । विद्यार्थीहरू पढाइ सिपमा सक्षम भएपछि मात्र विषयवस्तुगत अन्य कुनै पनि विषय सिक्नका लागि पढ्न सक्छन् ।

| सक्षमता | श्रीलङ्का | नेपाल | बङ्गलादेश | भारत |
|---|---|---|---|---|
| वर्ण पहिचान(प्रति मिनट) | ४८ (२१.१) | ४१ (१९.६) | ३७.४ (१३.१) | १६.३३ (१३.८७) |
| परिचित शब्द पठन(प्रति मिनट) | २५ (१२.८) | २० (१०.५) | १४.१ (९.९) | ६.१३ (१०.४१) |
| सस्वर वाचन (६० शब्दको) | ३९ (२२.३) | ३८.८ (१५.९) | १५.६ (१३.०) | १०.२४ (१९.५९) |
| बोध (६ प्रश्न) | ३ (१.७) | ३.३ (१.८) | | ०.७७ (१.६१) |
| श्रुतिलेखन | ३ (१३ मध्ये) | ३.४ (१३ मध्ये) | ४ (९ मध्ये) | १.१८ (११ मध्ये) |

स्रोत: धीर झिङ्ग्रमका प्रस्तुति २०७० बैशाख

**पठन तत्त्वगत सिपहरू र सक्षमता मूल्याङ्कन विधि**

यसमा विशेष गरेर प्रारम्भिक कक्षा पढाइलाई केन्द्रित गरेर निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विधि उल्लेख गरिएको छ । यहाँ उल्लिखित सूचाङ्कले अन्य विषयवस्तुगत पाठ्य सामग्रीहरूको सिपसिकाइलाई मूल्याङ्कन नगर्न सक्छ । प्रारम्भिक कक्षा पढाइ कार्यक्रममा पनि ५ किसिमका पठन तत्त्वहरू छन् । तिनीहरूका मूल्याङ्कन गर्न फरक फरक सूचाकाङ्कले मात्र वास्ताविक सिपसिकाइको सक्षमता मापन गर्न सकिन्छ ।

(क) **ध्वनि सचेतीकरण**ः ध्वनि सुन्ने, सुनेका ध्वनि पहिचान गर्ने र आवश्यकताअनुसार ध्वनिलाई प्रयुक्त स्थानमा प्रयोग गर्न सक्ने सिपलाई ध्वनि सचेतीकरण भनिन्छ ।ध्वनि सचेतीकरण पढाइको एउटा सूक्ष्म र सुरुवातको सिप हो । यो सिप वयस्क सिकारुकालागि समान्य हुन सक्छ तर कलिला बालबालिकाका लागि निकै कठिन हुन्छ । अझ फरक मातृभाषाबाट आएका बालबालिकालाई झन बढी कठिन हुन्छ । यसकारण कठिनाइ पहिचान गर्न निरन्तर विद्यार्थी मूल्याङ्कन आवश्यक छ र कठिनाइअनुसार त्यस बालबालिकालाई सक्षम बनाउन उचित टेवा दिनुपर्छ ।

(अ) **लय पहिचान गर्न र लय मिलाएर गाउन**

(क) लययुक्त ध्वनिको शब्द पहिचान गर्ने **(ताराबाजी)**

(ख) लययुक्त ध्वनिको शब्द जोडी पहिचान गर्ने **(आए आइन्)**

(ग) लयको ध्वनि सुनेअनुसार लय मिलाएर गाउन **(ताराबाजी लै लै, मामा आए घोडा, माइजु आइन् डोली)**

(आ) **सुनेर वर्णका ध्वनि पहिचान गर्न र भन्न**

(क) शब्दको पहिलो वर्णको ध्वनि पहिचान गरेर भन्ने (कलम □क)

(ख) शब्दको बिचको वर्णको ध्वनि पहिचान गरेर भन्ने (कमल □म)

(ग) शब्दको अन्तिम वर्णको ध्वनि पहिचान गरेर भन्ने (मकल □ल)

(इ) **वर्णलाई जोडेर शब्द भन्न र शब्दलाई छुट्याएर वर्ण भन्न**

(क) वर्णलाई जोडेर शब्द भन्ने र शब्दलाई छुट्याएर वर्ण भन्ने (क ल म□ कलम) ( मकल □ म क ल)

(ख) उस्तै उस्तै ध्वनि आउने अक्षर संरचना जोडेर शब्द भन्ने र शब्दलाई छुट्याएर अक्षर संरचना भन्ने (झट पट□ झटपट) (मलजल □ मल जल)

(ई) **मूल शब्दको सुरु वा अन्त्यमा वर्ण जोडेर नयाँ शब्द भन्ने र सुरु वा अन्त्यमा लागेका वर्ण झिकेर मूल शब्द छुट्याएर भन्ने (अ ज्ञानी** □ अज्ञानी ) (हजुर बा□ हजुरबा)

(ख) **लेख्य वर्ण सचेतीकरण**

वर्ण (स्वर वर्ण, मात्रा र व्यञ्जन वर्ण)का लेख्य सङ्केत र ध्वनिलाई जोड्ने सिप लेख्य वर्ण सचेतीकरण हो । सिकिसकेका वर्णहरूबाट बनेका शब्द चिनेर शब्दको शुद्धसँग ध्वनि उच्चारण गर्ने

र लेख्ने सिप हो ।

**(अ) स्वर र व्यञ्जन वर्णहरूको लेख्य सङ्केतलाई ध्वनिसँग जोड्न**

(क) वर्णको ध्वनि उच्चारण गर्दै वर्ण लेख्ने ( अ ☐ अ)

(ख) आफ्नो नामको पहिलो वर्णको ध्वनि उच्चारण गर्ने र लेख्ने (फुलानी ☐फु)

(ग) हलन्त लागेको वर्ण वा आधा वर्णको ध्वनि शुद्धसँग उच्चारण गर्ने र लेख्ने (च् , न् , प् ख् घ् ☐ च , न , ८ , ख ,घ )

**(आ) मात्रा लागेका वर्ण र शब्दको ध्वनि उच्चारण गर्न र लेख्न**

(क) वर्णमा मात्रा लगाई नयाँ ध्वनि उच्चारण गर्ने र लेख्ने ( क + ी ☐ की)

(ख) आफ्नो नाममा कुन मात्रा लागेको छ पहिचान गर्ने र पुरा नाम लेख्ने (फ + ू ☐ फूलानी)

(ग) मात्रा लागेका सरल शब्द बनाई पढ्ने र लेख्ने (क + ा + क + ी ☐ काकी)

**(इ) जोडेमोडेका शब्द पहिचान गरी पढ्न र लेख्न**

(क) वर्ण जोडेर शब्द पढ्ने र लेख्ने र शब्दको वर्ण छुट्याएर पढ्ने र लेख्ने (को दा लो☐ कोदालो) (पिपल ☐पि प ल)

(ख) आधा वर्ण प्रयोग भएका शब्दलाई जोडेर र छुट्याएर पढ्ने र लेख्ने (सज्जन ☐ स ज्ज न) (झ म क्क ☐ झमक्क)

**(ई) विसङ्केतन पाठ पढ्न र लेख्न**

(क) पढिसकेका वर्णहरू प्रयोग गरी लेखिएका पाठ शुद्धसँग पढ्ने र लेख्ने (काग आए । चाका खाए । काग अघाए । काग गए ।)

(ख) विसङ्केतक शब्दका वाक्य र अनुच्छेदको श्रुति लेखन गराउने

**(ग) पठन प्रवाह**

पढिसकेका वर्ण वा शब्दलाई चिनेर वाक्यको अर्थ बुझेर शुद्धसँग उपयुक्त गतिमा हाउभाउ र लय मिलाएर सस्वर वाचन गर्नु पठन प्रवाह हो ।

(अ) पढिसकेका शब्दका अनुच्छेद विसङ्केतन गर्दै शुद्धसँग पढ्न

(क) पढिसकेका वर्णहरू जोडेर लेखिएका शब्दलाई चिनेर शुद्ध उच्चारणगरी पढ्ने (ढकजी ढाका ओढी आए । ढुकुटी ढकढक ढकढकाए । ढाका झिकाए । ढाका ओढी टाढा गए ।)

(आ) हाउभाउ सहित लय मिलाएर पढ्न

(क) स्वर आघातका आधारमा हाउभाउ प्रदर्शन गर्दै उपयुक्त लयमा शुद्धसँग अनुच्छेद पढ्ने

(इ) उपयुक्त गतिमा शुद्धसँग पढ्न

(क) पाठका सूचनाहरू स्मरण हुने गरी उचित गतिमा सस्वर पठन गर्ने (प्रति मिनेट कम्तीमा ३० शब्द शुद्धसँग पढ्ने)

**(घ) शब्दभण्डार:शब्दको अर्थ बुझ्ने, शब्दलाई वाक्यमा प्रयोग गर्ने, मूल शब्दमा उपसर्ग वा प्रत्यय थपेर नयाँ शब्द निर्माण गर्ने ।**

(अ) चित्रका माध्यमबाट शब्दभण्डार विकास गर्न

(क) चित्र हेरेर त्यस वस्तुको नाम भन्ने

(ख) चित्रसँग मिल्ने शब्दमा जोडा मिलाउने

(आ) शब्द पहिचान, अर्थबोध र प्रयोग गर्न

(क) शब्दको अर्थ भन्ने

(ख) उस्तै लय आउने शब्द पहिचान गरी भिन्दा भिन्दै अर्थमा वाक्य बनाउने

(इ) नयाँ शब्दको खोजी र निर्माण गर्न

(क) बाल सन्दर्भ सामग्री पढेर नयाँ शब्द पत्ता लगाउने

(ख) आधार शब्दमा उपसर्ग वा प्रत्यय थपेर नयाँ शब्द निर्माण गर्ने

(ग) स्थानीय भाषिका शब्दहरू चिन्ने र भन्ने

(ई) शब्दहरूका उचित प्रयोग र धारणासँग तालमेल गर्न

(क) पूर्वज्ञानका आधारमा शब्दलाई धारणासँग जोड्ने

(ख) शिष्टाचार शब्द पहिचान गरी उपयुक्त स्थानमा प्रयोग गर्ने

**(ङ) बोध**

बोध पढाइको अभिन्न र महत्त्वपूर्ण भाग हो । पाठ पढ्दा त्यस पाठको मूल मर्मसहितको बुझाइ बोध हो । बोध दुई स्तरका हुन्छन् । पहिलो स्तर पाठका तथ्य र घटना बुझेर व्याख्या गर्न सक्ने सक्षमता र दोस्रो स्तर त्यस पाठको विषयवस्तुगत मूल मर्म बुझेर आफ्नो व्यक्तिगत अनुभव वा उदाहरणसहित व्याख्या गर्न सक्ने सक्षमता हो ।

(अ) चित्र हेरेर घटना पहिचान गरी वर्णन गर्न

(क) शीर्षकको नाम सुनेर कथाको पूर्वानुमान गर्ने

(ख) चित्र हेरेर कथाको पूर्वानुमान गर्ने

(ग) चित्र हेरेर कथाको घटनाक्रम सिलसिलेवार मिलाएर भन्ने

(आ) कथा/कवितामा आधारित तथ्यगत घटना हुबहु भन्न वा लेख्न

(क) सस्वर वाचन गरेको कथा/कविताका सुरुको प्रसङ्ग बताउने वा लेख्ने

(ख) सस्वर वाचन गरेको कथा/कविताका मध्य भागको प्रसङ्ग बताउने वा लेख्न

(ग) सस्वर वाचन गरेको कथा/कविताका अन्तिम भागका प्रसङ्ग बताउने वा लेख्ने

(इ) कथा/कविता वा वर्णनले दिन खोजेको तथ्यपरक र भावयुक्त सन्देशभन्न वा लेख्न

(क) सस्वर वाचन गरेको पाठ कुन विषयवस्तुसँग सम्बन्धित छ ? भन्ने वा लेख्ने

(ख) सस्वर वाचन गरेको पाठसँग मिल्दोजुल्दो अनुभव वा उदाहरण भन्ने वा लेख्ने

(ग) सस्वर वाचन गरेको पाठले दिन खोजेको मूल सन्देश पहिचान गरेर भन्ने वा लेख्न

**(च) लेखाइ**

आफूले जानेका वा सिकेका कुरा, विचार, क्षमता सबैले बुझेर पढ्न सक्ने भाषामा, सफा, राम्रो अक्षरमा लेखेर व्यक्त गर्ने सिप लेखाइ हो ।

(अ) लेखाइ पूर्व तयारी

(क) कापी, किताब र कलम सही ढङ्गले समाउने

(ख) लखाइका आधारभुत आकारहरू जस्तै सिधा वा बाङ्गोटिङ्गो रेखा कोर्ने

(ग) वर्णहरूको अनुलेखन

(आ) मात्रा सहितको वर्ण लेख्न

(क) वर्णानुक्रमअनुसार लेख्ने

(ख) मात्रा लगाई वर्ण लेख्ने (बाह्रखरी लेखन)

(ग) स-साना वाक्य तथा अनुच्छेदहरूको अनुलेखन

(इ) पूर्ण लेखाइको अभ्यास गर्न

(क) सस्वर वाचन गरेका पाठको शब्द/वाक्य/अनुच्छेद अनुलेखन गराउने

(ख) सस्वर वाचन गरेका पाठको शब्द/वाक्य/अनुच्छेद श्रुति लेखन गराउने

(ग) चित्र वा सान्दर्भिक विषयवस्तुको शीर्षकमा स्वतन्त्र शब्द/वाक्य/अनुच्छेद लेख्ने

९.१.५अपेक्षित उपलब्धिका आधारमा तत्त्वगत सिप, निरन्तर मूल्याङ्कन तालिकामा समावेश गरिएको छ । शिक्षकले यसलाई कक्षा डायरी, अफिसमा गरेर राख्न सक्नु हुन्छ र यसका आधारमा टेवा, पृष्ठपोषण, सहयोग वा पुनः शिक्षण गर्न सक्नुहुन्छ ।

**निरन्तर विद्यार्थी मूल्याङ्कन तथ्याङ्कतालिका कक्षा १**

**विद्यालयः** **कक्षाः १** **शिक्षकः** **विषयः**

| | पठन तत्त्व → | ध्वनि सचेतीकरण | | | लेख्य वर्ण सचेतीकरण | | | पठन प्रवाह | | | शब्दभण्डार | | | बोध | | | लेखाइ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यार्थीको रोल नं. | विद्यार्थीको नाम ↓ | लय पहिचान गरेर गाउन | सुनेर ध्वनि पहिचान गर्न | जोड्ने छुट्याउने | लेख्य सङ्केतलाई ध्वनि सँग जोड्न | जोडेर र छुट्याएर लेख्न | जोडेमोडेका शब्द पहिचान गर्न | विसङ्केतक शब्द शुद्धसँग पढ्न | हाउभाउ र लय मिलाएर पढ्न | शुद्धसँग उचित गतिमा पढ्न | चित्र हेरेर शब्द भन्न | वाक्यमा प्रयोग गर्न | नयाँ शब्दको खोजी र निर्माण | चित्र हेरेर वर्णन गर्न | तथ्यगत घटना पहिचान गर्न | पाठको मूल मर्म पहिचान गर्न | अनुलेखन् | श्रुति लेखन् | चित्र वा विषयवस्तुको शीर्षकमा स्वतन्त्र लेखन | व्यक्तिगत जम्मा रेजा सङ्ख्या |
| | सूचक नं. → | | | | | | | | | | | | | | | | | | | |
| १ | सावित्री | □□□ | □□ | □□ | □□ | □□ | □ | □□ | □ | - | □□□ | - | □ | □□□ | □□ | □□ | □□ | □ | □ | २९ |
| २ | शिव | - | □□□ | □□□ | □□ | □□ | □□□ | □□ | □□ | □ | □□□ | □ | □□ | □□ | □□ | □□ | - | □□□ | □□ | ३५ |
| ३ | फूलानी | □□□ | □□□ | □□ | □□ | □□ | □□ | □□ | □ | □ | □□□ | □□ | - | □□□ | □□□ | □ | □□□ | □□ | □ | ३५ |
| ४ | पेम्वा | □□□ | - | □□□ | □□□ | - | □□□ | □□□ | □□□ | □ | □□ | □□ | □□ | □□□ | □□ | □□ | □□□ | □□□ | □ | ३८ |
| ५ | मघनी | □□ | □□ | □□ | □□ | □□□ | - | □□ | □□ | □□ | □□□ | □ | □□ | - | □□□ | □ | □□□ | □□ | □ | ३२ |
| ६ | सिफक | □□ | □ | □ | □□ | □□□ | □ | - | □ | □ | □□ | □ | □ | □□ | □ | - | □□ | □ | □ | १९ |
| ७ | लक्ष्मी | □□□ | □□□ | - | □□□ | □□□ | □□□ | □□□ | □□□ | □□□ | □□□ | - | □□□ | □□□ | □□ | □□ | □□□ | □□ | □□□ | ४५ |
| ८ | पठन सिपगत जम्मा रेजा सङ्ख्या | १६ | १२ | १३ | १६ | १५ | १३ | १४ | १३ | ८ | १९ | ६ | ११ | १६ | १४ | ८ | १६ | १४ | ७ | |

# निरन्तर विद्यार्थी मूल्याङ्कन तालिका कक्षा २

**विद्यालयः** **कक्षाः २** **शिक्षक :** **मितिः**

| | पठन तत्त्व → | ध्वनि सचेतीकरण | | | | लेख्य वर्ण सचेतीकरण | | पठन प्रवाह | | | शब्दभण्डार | | | बोध | | | लेखाइ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यार्थीको रोल नं. | विद्यार्थीको नाम ↓ | बालगीत लय पहिचान गरी हाउभाउ मिलाएर गाउन | ध्वनि पहिचान गरी शब्द छुट्याउन | कथा, कविता, वर्णन सुनेर शब्दको पहिचान गरी भन्न र प्रतिक्रिया गर्न | मूल शब्दको अगाडी वा पछाडी प्रत्यय जोडेर र छुट्याएर नयाँ शब्दको निर्माण गर्न | देवनागरी लिपिका सबै वर्णको ध्वनि र लेख्य सङ्केतलाई प्रयुक्त तरिकाले प्रयोग गरी लेख्न र पढ्न | जटिल संरचना भएका शब्द शुद्धसँग पढ्न र लेख्न | शब्द चिनेर शुद्धसँग पढ्न | हाउभाउ सहित लय मिलाएर पढ्न |ससाना अनुच्छेद उपयुक्त गतिमा शुद्धसँग पढ्न | शब्द पहिचान गरी अर्थ लगाउन | नयाँ शब्द पहिचान गरेर वाक्यमा प्रयोग गर्न | शब्दहरूका उचित प्रयोग र धारणासँग तालमेल गर्न | चित्र हेरेर घटना पहिचान गरी वर्णन गर्न | कथा/कवितामा उल्लेखित तथ्यका आधारमा भन्न र लेख्न | कथा/कविता वा वर्णनले दिन खोजेको विषयगत सन्देश भन्न वा लेख्न | सस्वर वाचन गरेका पाठको शब्द/वाक्य/अनुच्छेद अनु लेखन् गराउन | सस्वर वाचन गरेका पाठको शब्द/वाक्य/अनुच्छेद श्रुति लेखन् गराउने | चित्र वा सान्दर्भिक विषयवस्तुको शीर्षकमा स्वतन्त्र शब्द/वाक्य/अनुच्छेद लेख्ने | व्यक्तिगत जम्मा रेजा सङ्ख्या |
| | सूचक नं. → | | | | | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | |
| पठन सिपगत जम्मा रेजा सङ्ख्या | | | | | | | | | | | | | | | | | | | | |

## निरन्तर विद्यार्थी मूल्याङ्कन तालिका कक्षा ३

**विद्यालय:** **कक्षा: ३** **शिक्षक:** **मिति:**

| | **पठन तत्त्व →** | **ध्वनि सचेतीकरण** | | | **लेख्य वर्ण सचेतीकरण** | | **पठन प्रवाह** | | | **शब्दभण्डार** | | | **बोध** | | | **लेखाइ** | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **विद्यार्थीको रोल नं.** | **विद्यार्थीको नाम ↓** | कविताको लय अनुसार हाउभाउ मिलाएर गाउन | सुनेर शब्दका ध्वनि छुट्याएर भन्न | ध्वनि जोडेर र छुट्याएर भन्ने | जटिल संरचनाका ध्वनि सुनेर लेख्न र पढ्न | शब्दहरूका रूप बिन्याससगत अर्थ छुट्याएर लेख्न र पढ्न | वाक्य पढ्ने | हाउभाउ सहित लय मिलाएर पढ्न | उपयुक्त गतिमा शुद्धसँग पढ्न | वाक्यअनुसार शब्दको अर्थ छुट्याउन | रूप तत्त्वका आधारमा शब्दका अर्थ पत्ता लगाउन | नयाँ शब्दको खोजी र निर्माण गर्न | सन्दर्भ सामग्रीका स्रोत प्रयोग गरी पाठको बारेमा पूर्वानुमान गर्न | कथा/कवितामा उल्लिखित घटना हुबहु भन्न वा लेख्न | कथा/कविता वा वर्णनले दिन खोजेको विषयगत सन्देश भन्न वा लेख्न | सस्वर वाचन गरेका पाठको अनुच्छेद अनु लेखन गराउने | सस्वर वाचन गरेका पाठको अनुच्छेद श्रुति लेखन गराउने | चित्र वा सान्दर्भिक विषयवस्तुको शीर्षकमा स्वतन्त्र अनुच्छेद लेख्ने | व्यक्तिगत जम्मा रेजा सङ्ख्या |
| | सूचक नं. → | | | | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | |
| पठन सिपगत जम्मा रेजा सङ्ख्या | | | | | | | | | | | | | | | | | | | |

पठन सिपसक्षमता अभिवृद्धिका लागि अभ्यास पुस्तिकामा हरेक पठन तत्त्वका धेरै किसिमका क्रियाकलापहरू छन् । प्रभावकारी शिक्षणको निम्ति कम्तीमा एक पटक सबै किसिमका क्रियाकलापको निरन्तर विद्यार्थी मूल्याङ्कन अनिवार्य हुन्छ ।शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा प्रारम्भिक कक्षा पढाइको अभ्यास पुस्तिकामा हरेक ७ दिनमा पुनरावृत्ति राखिएका छन् । त्यस पुनरावृत्तिको दिन विद्यार्थीलाई 'तिमी गर' विधि अपनाउँदै निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नुपर्छ । यसरी मूल्याङ्कन गर्दा पालैपालो कक्षाका सबै विद्यार्थीलाई ६ दिनसम्म पढाइएका क्रियाकलापमध्येका अभ्यासहरू गराउँदै विद्यार्थीको सक्षमता जाँच गरेर रेजा दिनुपर्दछ । निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने क्रममा कठिनाइ भएका विद्यार्थीलाई शिक्षकले टेवा दिएर सँगसँगै अभ्यास गराउनुपर्छ । तर टेवा दिएर ठिक गरेको अवस्थामा रेजा दिन मिल्दैन । शिक्षकको टेवाले पनि सुधार गर्न नसकेका विद्यार्थीहरूलाई उपचारात्मक कक्षाको व्यवस्था गर्नुपर्छ ।

शैक्षिक सत्रको अन्तिममा विद्यार्थीहरूलाई कक्षा चढाउने वा पुन:सुधारको लागि कक्षा दोहोऱ्याउन लगाउने निर्णय गर्नुपर्ने हुन्छ । त्यसकारण वर्ष भरि निरन्तर विद्यार्थी मूल्याङ्कन गरेर दिइएको रेजालाई निर्णायक मूल्याङ्कनमा परिणत गर्न तलको सूत्र प्रयोग गरेर विद्यार्थीले प्राप्त गरेको रेजालाई प्रतिशतमा निकाल्न सकिन्छ ।

$$\text{सिप सिकाइ} = \frac{\text{जम्मा प्राप्त रेज संख्या}}{\text{जम्मा क्रियाकलाप संख्या} \times ३} \times \textbf{पूर्णाङ्क}$$

- **सिप सिकाइ** : विद्यार्थीले प्राप्त गरेका व्यक्तिगत जम्मा रेजाबाट माथिको सूत्र प्रयोग गरेर निकालिएको योगफल ।
- **जम्मा रेजा**: निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियामा सहभागी भै प्राप्त गरेको विद्यार्थीको व्यक्तिगत रेजा सङ्ख्या ।
- **जम्मा क्रियाकलाप सङ्ख्या**: वर्ष भरिमा शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गरेका क्रियाकलाप सङ्ख्या ।
- **पूर्णाङ्क**: पाठ्यक्रमले निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि निर्धारण गरेको सिकाइ उपलब्धिको अधिकतम अङ्क ।
- **अधिकतम रेजा ३**: प्राय:जसो पाठको हरेक क्रियाकलापमा विद्यार्थीलाई ३/३ ओटा अभ्यास राखिएका छन् । त्यसैले कुनै पनि एउटा क्रियाकलापमा विद्यार्थीले अधिकतम ३ ओटा मात्र रेजा प्राप्त गर्न सक्छ ।

यस वाहेक तोकिएको सिकाइ उपलब्धि पुरै हासिल गरेको मा ३ रेजा, आधा जस्तो मात्र भए २ रेजा र न्यून उपलब्धि भए १ मात्र रेजा दिने । तर निरन्तर मूल्याङ्कन पद्धतिको मुल मर्म भनेको ३ भन्दा कम रेजा प्राप्त गर्ने विद्यार्थीलाइ उपचारात्मक शिक्षण पद्धति अवलम्वन गरी निश्चित अवधिभित्र ३ ओटै रेजा प्राप्त गर्न सक्ने गरी शिक्षण सिकाइ गर्नु हो ।

**८.१.६ उपचारात्मक शिक्षण**

एउटै कक्षाकोठा भित्र फरक फरक प्रतिभा र क्षमता भएका विद्यार्थीहरू हुन्छन् । एउटै शिक्षण विधिले कक्षाकोठा भित्रका सबै विद्यार्थीहरू एकनासले सिक्न सक्दैनन् । कोही विद्यार्थी तीक्ष्ण त कोही विशेष टेवा

आवश्यक खालका हुन्छन् । तीक्ष्ण देखिएका विद्यार्थीहरूमा उच्च मनोविज्ञानको विकास हुन्छ र त्यस्ता विद्यार्थीहरूले हरेक क्रियाकलापमा सक्रिय सहभागी जनाउँछन् । तर सिकाइमा विशेष टेवा आवश्यक पर्ने खालका विद्यार्थीहरूमा हीनता बोध र लाजको भावना उत्पन्न हुन्छ । दैनिक कक्षाकोठामा हुने सिकाइ क्रियाकलापमा यस्ता विद्यार्थीहरूको सक्रिय सहभागिता न्यून हुन्छ । त्यसैले शैक्षिक समस्याहरू समयमा पहिचान गरी समाधानका उपायहरू खोजेर कार्यान्वयन गर्न उपचारात्मक शिक्षण विधि प्रयोग गरिन्छ । शिक्षकहरूले ती विशेष टेवा आवश्यक पर्ने खालका विद्यार्थीहरूको शैक्षिक उपलब्धि उकास्नुलाई चुनौतीको रूपमा लिने गर्छन् ।तर यस्ता चुनौतीहरूलाई शिक्षकहरूले पेसागत सिकाइको अवसर मान्नु पर्छ । शिक्षकहरूले शैक्षणिक समस्याको पहिचान र समाधानका उपाय दैनिक निरन्तर विद्यार्थी मूल्याङ्कन र कार्यमूलक अनुसन्धान गरेर पत्ता लगाउनु पर्छ र आफ्नो पेसागत क्षमता विकास गरेर गुणस्तरीय शिक्षालाई टेवा दिन पर्छ ।विद्यार्थीहरूमा सिकाइ क्षमतामा विविधता हुनुका विभिन्न कारणहरू छन् । ती मध्ये केही यसप्रकारका छन्-

१. पढाइप्रति उत्प्रेरणाको कमी
२. पारिवारिक तनाव हुनु
३. स्वास्थ्य तथा शारीरिक समस्या हुनु
४. कमजोर स्मरण शक्ति र बोध क्षमता हुनु
५. भाषिक असमानता (घरमा बोलिने भाषा र विद्यालयमा बोलिने भाषा फरक फरक हुनु)
६. विद्यार्थीहरूको कमजोर आत्मविश्वास र अपेक्षा
७. कक्षाकोठाको कमजोर सिकाइ मैत्री वातावरण
८. सिकाइ शैली फरक हुनु

विद्यार्थीहरूमा फरक फरक सिक्ने क्षमता र सिक्ने तरिका हुन्छन्, ती सिक्ने क्षमतालाई शिक्षकले बुझ्नुपर्ने हुन्छ । जस्तै कोही विद्यार्थी सुनेर, कोही दृश्य तथा अवलोकन गरेर, कोही आफैँ प्रयोग गरेर, कोही साथीहरूसँग समूहमा काम गरेर, त कोही खेलको माध्यमले सिक्छन् । शिक्षकहरूले विद्यार्थीहरूको सिक्ने क्षमताका आधारमा फरक फरक विषयवस्तुको फरक फरक शिक्षण विधि अपनाएर प्रभावकारी शिक्षण गर्नु उपचारात्मक शिक्षणलाई बल पुऱ्याउनु हो ।

**९.१.७प्रशिक्षक निर्देशन**

क्रियाकलाप: १

- मूल्याङ्कनको अवधारणा र प्रकार बारेमा समूह छलफल र प्रस्तुति गर्न लगाउनुहोस् ।
- प्रशिक्षकले  प्रणाली र प्रारम्भिक कक्षा पढाइ कार्यक्रममा निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता र महत्त्वको बारेमा छलफल गर्नुहोस् ।
- प्रशिक्षकले दिइएको निरन्तर विद्यार्थी मूल्याङ्कन फारमको प्रयोग कसरी गर्ने भन्ने कुरा फारम देखाई स्पष्ट पार्नुहोस् ।
- रेजा दिँदा ध्यान दिनुपर्ने कुराहरू स्पष्ट पार्नुहोस् ।

**क्रियाकलापः २**



**सिकाइ उपलब्धिमा आधारित पठन तत्त्वहरूका पढाइ सिपपाठपत्र अध्ययन र प्रस्तुतीकरण**

- सहभागीहरूलाई ७ समूहमा विभाजन गर्नुहोस् ।
- माथि दिएका पाठपत्र अध्ययन गर्न ६ ओटा पठन तत्त्व र एउटा निरन्तर विद्यार्थी मूल्याङ्कनको परिचय खण्ड प्रत्येक समूहलाई दिनुहोस् ।
- अध्ययनका लागि १० मिनेट, प्रस्तुतीकरण तयारीका लागि ३ हृ६.१८ मिनेट र प्रस्तुतीकरण र पृष्ठपोषणका लागि ८ मि जम्मा ३५ मिनेट समय दिनुहोस् ।

**क्रियाकलापः ३**

**निरन्तर विद्यार्थी मूल्याङ्कन नमूना परीक्षण**

- पाठपत्र प्रस्तुत गरेका समूहले आफूले प्रस्तुत गरेको पठन तत्त्वको मात्र नमुना निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नुहोस् ।
- नमुना परीक्षण गर्दा सहभागी साथीहरूलाई नै केही समयका लागि कक्षा १, २ वा ३ का विद्यार्थी मानेर मूल्याङ्कन गर्नुहोस् ।
- प्रत्येक समूहले कम्तीमा ५/५ जना सहभागी विद्यार्थीहरूको नमुना मूल्याङ्कन परीक्षण गर्नुहोस् ।
- पढ्नका लागि सङ्घर्ष गरिरहेका विद्यार्थीलाई शिक्षकले टेवा दिएर पढ्न कोसिस गराउनुहोस् ।
- अन्तिममा सातौँ समूह (निरन्तर विद्यार्थी मूल्याङ्कनको परिचय खण्ड प्रस्तुति गर्ने समूह)ले नमुना निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने समूहहरूको प्रस्तुतीकरण अवलोकन तथा मूल्याङ्कन गरी पृष्ठपोषण तथा सुझाव प्रस्तुत गर्ने ।

| **१.ध्वनि सचेतीकरणः** | **२. लेख्य वर्ण सचेतीकरणःध्वनि जोडेर शब्द लेखः** | **३.पठन प्रवाहःकथा सस्वर वाचन गर ।समय १ मिनेट** |
| --- | --- | --- |
|  ब<br><br>बस, किताब, खबर, हिसाब, दरबार, बतास, बयर, गड्बर, अब | <br><br>**वर्ण छुट्याएर लेखः**<br><br> | *मीना बाटामा हिँड्दै थिइन् । उनले एउटा बिरालो देखिन् । बिरालो सानो थियो । त्यो म्याँउ म्याँउ कराइ रहेको थियो । बिरालोको ढाडमा घाउ थियो । घाउ देखेर मीनालाई माया लाग्यो । मीना त्यसको छेउमा गइन् । उनले बिरालोलाई नजिकैको औषधी पसलमा लगिन् । डाक्टरले बिरालोको जाँच गरे । अनि बिरालोको घाउमा औषधी लगाए । मीनाले बिरालोलाई बोकिन् र खानेकुरा दिइन् । बिरालो कराउन छाड्यो । मीनाले* |

<table>
<tr><td></td><td></td><td>डाक्टरलाई धन्यवाद दिइन् । मीना खुसी भइन् ।</td></tr>
<tr><td>४.शब्दभण्डारः<br>उस्तै लय आउने शब्द प्रयोग गरी वाक्य बनाऊ ।<br>भुसुक्क ☐ ............<br>मुसुक्क☐ ............<br>सुटुक्क ☐ ............</td><td>५. बोधःसस्वर वाचन गरेको कथाको तथ्यपरक रभावयुक्त सन्देश भन वा लेख<br><table>
<tr><th></th><th>प्रश्न</th><th>उत्तर</th></tr>
<tr><td>१</td><td>मीनाले बाटोमा के देखिन् ?</td><td></td></tr>
<tr><td>२</td><td>बिरालो कस्तो थियो ?</td><td></td></tr>
<tr><td>३</td><td>मीनाले बिरालोलाई किन माया गरिन् ?</td><td></td></tr>
<tr><td>४</td><td>मीनाले बिरालोलाई कहाँ लगिन् ?</td><td></td></tr>
<tr><td>५</td><td>बिरालो किन कराउन छाड्यो ?</td><td></td></tr>
<tr><td>६</td><td>मीना किन खुसी भइन् ?</td><td></td></tr>
</table></td><td>६. लेखाइदिइएको कथाको अनुच्छेद श्रुति लेखन गराऊ ।<br>मृग र वृष<br><br>पृथ्वी हराभरा थियो। प्रकृति पनि सुन्दर थियो। एउटा मृग जङ्गलको तृणमा चर्दै थियो। जङ्गलमा अचानक वृष आइपुग्यो। मृग र वृषमा झगडा पर्‍यो। 'कृपया यो मेरो चर्ने स्थान हो,' मृगले भन्यो। 'होइन यो त मेरो स्थान हो,' वृषले भन्यो। अचानक जङ्गलमा पानीको वृष्टि भयो। आकाश धुम्म भएकाले दृष्टि पनि बन्द भयो। त्यसपछि मृग र वृष मिलेर ओडारमा गए। उनीहरूको झगडा पनि बन्द भयो।</td></tr>
</table>

**क्रियाकलापः ४रेजालाई प्रतिशतमा रूपान्तरण गर्ने विधि**

१. सबै समूहले आफूले गरेको नमुना निरन्तर विद्यार्थी मूल्याङ्कन फारमको रेजा जोडेर अङ्कमा लेख्नुहोस् ।

२. माथि दिएको सूत्र प्रयोग गरेर विद्यार्थीको व्यक्तिगत र पठन तत्त्वको छुट्टाछुट्टै प्रतिशत निकाल्नुहोस् ।

३. सबैको प्रतिशत निकालिसकेपछि तुलना गर्नुहोस् ।

४. कुन पठन तत्त्वमा धेरै विद्यार्थीहरू कमजोर छन्, पहिचान गर्नुहोस् र त्यो पठन तत्त्वलाई नयाँ रणनीति प्रयोग गरी उपचारात्मक शिक्षण गर्न सुझाउनुहोस् ।

**क्रियाकलापः ५ उपचारात्मक शिक्षण**

- प्रशिक्षकले उपचारात्मक पाठपत्र प्रस्तुति गर्नुहोस् ।
- कमजोर पहिचान भएका विद्यार्थीलाई केन्द्रित गरेर नयाँ शिक्षण रणनीति पहिचान र प्रयोग सम्बन्धमा अन्तरक्रिया गर्नुहोस् ।

# एकाइ १० :बालबालिकाको सिकाइ सुधारका लागि अभिभावक तथा समुदायसँगको सहकार्य

**अपेक्षित सक्षमता**

- बाल बालिकाको पठनसिपविकासका लागि अभिभावक तथा समुदायको भूमिका पहिचान
- बालबालिकाको पठनसिपविकासका लागि अभिभावक तथा समुदायको सक्रियता अभिवृद्धि गर्नमा शिक्षकको भूमिका विश्लेषण
- राष्ट्रिय प्रारम्भिक कक्षा पठन कार्यक्रममा सामाजिक तथा सामुदायिक परिचालनअन्तर्गतका क्रियाकलापहरूको समीक्षा

## १०.१ बालबालिकाको सिकाइमा **अभिभावक तथा समुदायको भूमिका**

शिक्षक र अभिभावकबिचको आपसी छलफल र सहकार्यले विद्यार्थीका लागि पढाइ अवसरहरूको व्यापकतामावृद्धि गर्छ । त्यसैगरी विद्यार्थीले विद्यालयमाभन्दा बढी समय घरमा बिताउने भएकाले घरमा उपलब्ध हुने पढाइलेखाइको वातावरणले बालबालिकाहरूको पढाइ सिपविकासमा ठुलो प्रभाव पार्दछ । यस्तो प्रभावलाई पढाइ सिपविकास अनुकूल बनाउन अभिभावकको भूमिका महत्त्पूर्ण रहन्छ ।राष्ट्रिय/प्रारम्भिक कक्षापढाइ कार्यक्रमको सफलता विद्यार्थी, शिक्षक, अभिभावक तथा समुदायका अन्य सदस्यहरूले स्थानीय स्तरका कार्यकलापहरूमा लिने दायित्व र स्वामित्व ग्रहणमा भर पर्दछ । यसका अतिरिक्त, स्थानीय स्तरका प्रारम्भिक कक्षा पठन कार्यकलापहरू समुदायको नेतृत्वमा सञ्चालित भए मात्र यसले दिगो सफलता प्राप्त गर्दछ । सङ्घ संस्था, नगर शिक्षा समिति, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक सङ्घले खेल्न सक्ने एउटा महत्त्वपूर्ण भूमिका भनेको समुदायका सदस्यहरूलाई परिचालन गरी खास समस्याहरूको पहिचान गरी स्थानीय तहमै यसको समाधान गर्नु हो । बालबालिकाको पढाइ सिपविकासमा अभिभावकले खेल्न सक्ने भूमिकालाई निम्नानुसार बुँदागत गर्न सकिन्छ :

- बालबालिका / छोराछोरीले पढेको नियमित सुनिदिने
- सम्भव भएसम्म बच्चासँगै बसेर पढ्ने, छलफल गर्ने। आवश्यकताअनुसारमाथिल्लो कक्षामा पढ्ने बालबालिकाको सहयोग लिने
- घरमा पुस्तक, पत्रपत्रिका आदि पठन सामग्री उपलब्ध गराउने वा विद्यालयको पुस्तकालय/पुस्तक कुना वा सामुदायिक पुस्तकालयहरूको प्रयोग गर्न प्रेरित गर्ने
- कक्षामा पढाइ भएका विषयवस्तु दाहोऱ्याउन एवम् भोलिपल्ट पढाइ हुने विषय वस्तुलाई एकपटक आफैँले पढी अफठ्यारा वा नबुझेका कुरा कक्षामा शिक्षकलाई सोध्न बालबालिकालाई प्रेरित गर्ने
- विद्यालय एवम् शिक्षकसँग नियमित अन्तरक्रिया तथा सरसल्लाह गर्ने
- अभिभावक समूहमा आफ्ना बालबालिकाको पढाइ सम्बन्धी छलफल गर्ने र सम्भव भएसम्म समुदायमा यसका लागि उपयुक्त वातावरण निर्माणमा सहकार्य गर्ने
- विद्यालय, समुदाय, बालक्लब, अभिभावक समूह आदिसँगको सहकार्यमा पढाइ मेला आदि कार्यक्रम आयोजना गर्ने

- बालबालिकालाई पुस्तक एवम् अन्य पठन सामग्रीको उचित हेरचाह गर्न सिकाउने

**१०.२ कक्षाकोठा बाहिर शिक्षकको भूमिका**

विद्यालयमा बालबालिकाले ६ घण्टा र घरमा १८ घण्टा समय विताउने भएकाले उनीहरूको सिकाइमा शिक्षकका अतिरिक्त अभिभावकको महत्त्वपूर्ण भूमिका रहन्छ । तथापि हाम्रो जस्तो सामाजिक परिवेशमा समुदायका सबै अभिभावकहरू आफ्ना बालबालिकाको पढाइप्रति उत्तिकै जागरुक वा सचेत नहुन पनि सक्छन् । तसर्थ उनीहरूको यससम्बन्धमा सचेतना तथा सक्रियता बढाउनमा शिक्षकको भूमिका अत्यन्त महत्त्वपूर्ण रहन्छ । यसका अतिरिक्त पढाइसम्बन्धी समुदायको सचेतना अभिवृद्धि गर्न अनि बालक्लव,पठन समूह जस्ता माध्यमबाट स्वयम् बालबालिकालाई थप सक्रिय तुल्याउने कार्यमा पनि शिक्षकले महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छन् । समग्रमा यी सबै भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न शिक्षकले निम्न तरिका अपनाउन सक्छन् :

- अभिभावकहरूसित प्रारम्भिक कक्षापढाइको महत्त्वबारे कुराकानी गर्ने
- आफ्ना छोराछोरीको पढाइ सिप विकासमा कसरी संलग्न हुने भन्नेबारे अभिभावकहरूसँग छलफल गर्ने
- छोराछोरीलाई पढ्न सिक्ने क्रममा अभिभावकको महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने कुरा उनीहरूलाई बुझाउने
- छोराछोरीले ठुलो स्वरले पढेको सुन्ने काममा आमाबाबु र परिवारका अन्य सदस्यलाई संलग्न गराउने
- बालबालिकालाई घरमा पढ्नका निम्ति समय दिनुपर्छ भन्ने कुरा अभिभावकलाई बुझाउने । घरमा केवल १० मिनेट पठन गर्नाले पनि बालबालिका राम्रा विद्यार्थी बन्न सक्छन् ।
- बालबालिकालाई घरमा दिनहुँ पढ्न प्रोत्साहित गर्ने
- उनीहरूले पढेको सुनिदिने । सुनेको आधारमा छलफल र प्रश्न उत्तर गर्ने
- विद्यार्थीहरूलाई पढ्नका लागि विद्यालयमा प्रत्येक दिन केही समय छुट्याउने
- कक्षाकोठा पुस्तकालयको नियमित एवम् उचित प्रकारले उपयोग गराउने
- समय समयमा विद्यालयमा अभिभावकलाई बोलाई अन्तरक्रिया गर्ने ।विद्यालय र समुदायमा बालक्लब तथा पठन समूहहरू खोल्न सहयोग गर्ने
- अभिभावक एवम् समुदाय समेतको सहभागितामा पढाइ मेला, हाजिरी जवाफ, वक्तृत्व कला जस्ता विविध कार्यक्रमहरूको आयोजना गर्ने
- सामुदायिक पुस्तकालय तथा अध्ययन केन्द्रसँग सहकार्य गर्ने ।

यसरी अभिभावकहरूसँग अन्तरक्रिया एवम् सहकार्य गर्ने क्रममा विभिन्न चुनौती एवम् व्यवधानहरू पनि आइपर्न सक्छन् । केही सम्भावित चुनौती तथा तिनको समाधानका उपाय यसप्रकार हुन सक्छन् :

| व्यवधानहरू | समाधान |
|---|---|
| शिक्षक र अभिभावकहरू प्राय: जसो एउटै भाषा बोल्ने गर्दैनन् । | उनीहरूलाई दोभाषेको काम गर्न सक्ने कुनै साथी वा हुर्केका छोरा वा छोरी साथ लिएर आउन भन्ने । उनीहरूका भाषा बुझ्ने कुनै शिक्षक भएमा निजसँग सहयोग माग्ने |
| विद्यार्थीहरू शिक्षकको जिम्मामा हुने | शिक्षकले बालबालिकाको पढाइमा अभिभावकको महत्त्वपूर्ण |

| | |
|---|---|
| भएकाले उनीहरूलाई पढाउने र सिकाउने जिम्मा पनि शिक्षककै हो र त्यसमा अभिभावकको कुनै भूमिका हुँदैन भन्ने कतिपय अभिभावकको बुझाइ हुन्छ । | भूमिका हुन्छ भन्ने कुरा बुझाउने र सिकाइका लागि विद्यालय बाहिर पनि पढ्न जरूरी छ भनेर सम्झाउने<br>शिक्षक र अभिभावक दुवैले एकअर्कासित सम्पर्क राख्न सक्छन् भनेर सम्झाउने<br>बालबालिकाले विद्यालयमा राम्रोसँग पढून् भन्नाका लागि तपाईँ अभिभावकसँग मिलेर काम गर्ने तत्परता देखाउने |
| प्राय: जसो अभिभावकहरू आफ्ना छोराछोरीका पठन समस्याप्रति अनभिज्ञ हुन्छन् । त्यसकारण छोराछोरीले पठन सिप सिक्ने काममा आफूहरू संलग्न हुनुपर्छ भन्ने उनीहरू ठान्दैनन् । | अभिभावकहरू पढेलेखेका नभए पनि आफ्ना छोराछोरीहरूलाई पढ्न सिकाउनका लागि उनीहरूले धेरै काम गर्न सक्छन् ।<br>सजिलै गर्न सकिने निम्न बमोजिमका केही क्रियाकलापहरूबारे अभिभावकलाई सुझाव दिने,<br>● घरमा पढ्नका लागि उपयुक्त शान्त वातावरण तयार पार्ने<br>● आफ्ना छोराछोरीले ठूलो स्वरले पढेको सुन्ने<br>● छोराछोरीलाई घरधन्दाको अरू कामभन्दा अगाडि नै पठन गर्न लगाउने<br>● छोराछोरीलाई सामुदायिक पुस्तकालयमा लिएर जाने<br>● छोराछोरीलाई पठन समूहहरू (क्लब/चक्र)मा जान प्रोत्साहित गर्ने र परेमा समुदायका हुर्केका अरू बालबालिकाको सहयोग लिने । |
| अभिभावकहरूसित आफ्ना छोराछोरीको साथमा बसेर उनीहरूलाई पढ्न सिकाउने समय हुँदैन । | बाजेबज्यैले नाति नातिनीको छेउमा बसेर उनीहरूले पठन गरेको सुन्न सक्छन् । त्यस बाहेक दाजु वा दिदीले पनि भाइ बहिनीलाई पठनमा सघाउन सक्छन् । आमाले खाना पकाइरहेको बेलामा पनि उनले सुन्ने गरी छोराछोरीले पढ्न सक्छन् । |

**१०.३ सामाजिक तथा सामुदायिक परिचालन**

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको सामाजिक तथा सामुदायिक परिचालन अवयवले विद्यार्थीको सिकाइमा समुदाय तथा परिवारको संलग्नता अभिवृद्धि गर्ने उद्देश्य राख्दै विद्यालय व्यवस्थापन समिति तथा अभिभावक शिक्षकसङ्घहरूलाई पूर्ण रूपले सक्रिय तुल्याउन अभिभावकहरू विद्यालयमा नियमित रूपले उपस्थित हुने वातावरण सिर्जना गर्ने कुरामा जोड दिएको छ । शिक्षा मन्त्रालय, शिक्षा विभाग, विकास साझेदारहरू, जिल्ला शिक्षा कार्यालय, गैर सरकारी संस्था, नगर शिक्षा समिति, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक सङ्घ तथा अन्य समूहलाई सबल गराई सामाजिक तथा सामुदायिक परिचालन कार्यकलापहरूको स्वरूप तयार गर्न, योजना निर्माण गरी लागू गर्न, अनुगमन र

मूल्याङ्कन गर्न सामाजिक तथा सामुदायिक परिचालनको आवश्यकता हुन्छ ।

सामाजिक तथा सामुदायिक परिचालन एउटा क्षमता अभिवृद्धि गर्ने प्रक्रिया हो । यसमार्फतसमुदायका सदस्यहरू, समूहहरू अर्थात् सङ्घ संस्थाहरूले आफ्नै पहल वा अरूको सहयोगमा प्रारम्भिककक्षाका बालबालिकाहरूको पठन बानी तथा पठन क्षमता विकास गर्नका लागि सहभागितामूलक र दीर्घकालीन योजना निर्माण गर्ने तथा कार्यकलाप सञ्चालन र मूल्याङ्कन गर्ने गर्दछन् ।

सामाजिक तथा सामुदायिक परिचालनले विद्यमान सामाजिक सम्बन्धको जगमा टेक्दै नयाँ सम्बन्धको निर्माण गरी सरोकारवालाहरूका साझा लक्ष्य र उद्देश्य प्राप्त गर्न उनीहरूलाई सक्षम बनाउँछ । सामाजिक तथा सामुदायिक परिचालन यस्तो आधार हो जसले सरोकारवालाहरूलाई आफ्ना बालबालिकाहरूलाई पढाइ सिपसिक्न र असल पाठक बन्ने सुनिश्चित गराउन सक्षम बनाउँछ ।

यस राष्ट्रिय प्रारम्भिक कक्षा पढाइकार्यक्रमको रणनीतिका निम्ति समुदाय भनेको कक्षा १-३ का विद्यार्थीहरूलाई पठन सिपसिक्न र असल पाठक बन्नका लागि सक्षम बनाउन साझा रुचि राख्ने व्यक्तिहरूको समूह हो । स्थानीय परिवेशको आधारमा यो समुदायले निम्नलिखित साझेदारहरूलाई समेट्न सक्छ :

(क) विद्यालयका शिक्षक, प्रधानाध्यापक र विद्यार्थीहरू

(ख) विद्यार्थीका अभिभावक तथा परिवारका सदस्यहरू

(ग) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घ

(घ) कर्मचारीहरू (सरकारी, स्थानीय निकाय तथा सङ्घसंस्थाहरू)

(ङ) विद्यालयसँग सम्बन्ध भएका अन्य व्यक्तिहरू, जस्तै गाउँ शिक्षा समितिका प्रतिनिधिहरू, सामुदायिक सिकाइ केन्द्र,आमा समूहहरू, बालक्लबहरू आदि ।

**१०.३.१छलफल र जनचेतना**

प्रारम्भिक कक्षा पढाइ प्रवर्धन गर्नका लागि गरिने छलफल र जनचेतना अभियानलाई समुदायमा पढाइ संस्कृतिको विकास गर्नेमहत्त्वपूर्ण चरणको रूपमा लिइन्छ । विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, गाउँ शिक्षा समिति तथा नगर /वडा शिक्षा समितिहरूले जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्र, सामुदायिक सिकाइ केन्द्र (सा.सि.के.) तथा अन्य सङ्घ संस्थाको सहयोगमा पढाइ सिपमा भएको प्रगति, जस्तैः कक्षामा आधारित प्रारम्भिक कक्षा पठन सिपपरीक्षणका परिणामहरू, को बारेमा जानकारी प्रदान गर्नका लागि सामुदायिक मञ्चहरूको व्यवस्था गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । बालबालिकाको पढाइको स्तर बुझ्न र बालबालिकाको पठन सिपविकासका लागि समुदायले कसरी सहयोग गर्न सक्दछ भन्ने जानकारी प्राप्त गर्नका लागि अभिभावक तथा परिवारलाई सहयोग पुऱ्याउने उद्देश्यले कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पढाइ मूल्याङ्कनको तथ्याङ्कको बारेमा समुदायहरूलाई जानकारी प्रदान गर्न सकिन्छ ।

**छलफल र जनचेतनाका केही कार्यकलापहरू**

- **प्रारम्भिक कक्षा पढाइबारे छलफल गर्न सामुदायिक बैठकहरू सञ्चालन गर्नेः**प्रारम्भिक कक्षा पढाइ

तथा सिबिएग्रा परिणामबारे गरिने संवाद प्रवर्धन गर्नका लागिसमय तालिका (निर्धारित मिति र समयमा) तयार गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घसँग सहकार्य गर्ने । बैठकमा अभिभावकहरूको सक्रिय सहभागिता बढाउने उपायहरूमाथि छलफल गर्ने ।

- **सिबिएग्रा/पढाइको नतिजाबारे छलफल गर्ने**:विद्यालयको सूचनापाटीमा वा समुदायमा सिबिएग्रा/पढाइको नतिजा टाँस गर्ने । रेडियो तथा टेलिभिजनबाट सार्वजनिक सेवा-विज्ञापनहरूमार्फत नतिजा प्रसारण गर्नुका साथै पत्रपत्रिकामा प्रकाशित गर्ने ।
- **परिवारका सदस्यहरूलाई विद्यालयको भ्रमण गर्न प्रोत्साहित गर्ने**: प्रारम्भिक कक्षा पढाइ कार्यकलापहरूबारे छलफल गर्न विद्यालयमा कार्यक्रमहरूको आयोजना गर्ने, उदाहरणका लागि, कक्षाकोठामा प्रारम्भिक कक्षा पढाइ बारे छलफल गर्न अभिभावक तथा शिक्षक भेटघाट कार्यक्रमको आयोजना गर्ने । शिक्षकहरूले विद्यार्थीहरूको पढाइमा सुधार गर्नका लागि कसरी सहयोग गरिरहेका छन् भन्ने कुरा अभिभावकलाई बुझाउन सहयोग गर्ने ।
- **साथी/दौंतरी छलफलको प्रवर्धन गर्ने**:विद्यालयपश्चात् प्रारम्भिक कक्षा पढाइ कार्यकलापलाई सहयोग गर्ने अभिभावकको पहिचान गर्ने । तालिम प्राप्त गरेपछि सिकेका कुरा साथी तथा सहकर्मीसँग आदानप्रदान गर्ने । प्रारम्भिक कक्षा पढाइ कार्यकलापको महत्त्वबारे जानकारी नभएका अभिभावकहरू एवम् विद्यार्थीलाई सहयोग गर्ने ।
- **स्थानीय समुदायलाई पठन सिप सिकाइको महत्त्वबारेमा बुझाउने मुख्य सन्देशहरूको पहिचान गर्ने** :नगर शिक्षा समिति/गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ तथा सामुदायिक सिकाइ केन्द्रहरूले स्थानीय सूचना सामग्रीहरू निर्माण गर्न सहकार्य गर्ने । सामुदायिक सिकाइ केन्द्र खास गरी न्यून स्तरको साक्षरता भएका परिवारप्रति लक्षित गर्ने सूचना सामग्रीहरूमा केन्द्रित भई सूचना सामग्री निर्माण तथा प्रसारण गर्न स्थानीय रेडियो स्टेसनहरूसँगसहकार्य गर्ने।
- **बालक्लब तथा अन्य समूहहरूसँग सहकार्य गर्ने**:सूचना सामग्री समावेश भएका स्थानीय नाटक मञ्चन गर्ने, चाडपर्व तथा अन्य समुदायमा आधारित प्रा.क.प.कार्यकलाप प्रस्तुत गर्नका लागि बालक्लब तथा अन्य स्थानीय समूहहरूसँग सहकार्य गर्ने ।
- **सार्वजनिक समारोहमा प्रारम्भिक कक्षा पढाइका सार्वजनिक सेवा विज्ञापन प्रसारण गर्ने**:सार्वजनिक समारोह तथा सार्वजनिक यातायातमा प्रारम्भिक कक्षा पढाइका सार्वजनिक सेवा विज्ञापन प्रसारण गर्ने । सार्वजनिक सवारी साधनहरूलाई पोस्टर, स्टिकरजस्ता घुम्ती पोस्टर बोर्डको रूपमा प्रयोग गर्ने ।

### १०.३.२ पढाइमा परिवार र घरायसी संलग्नता

बालबालिकाको पठन सिपविकासका लागि परिवार र घरायसी सहभागिता एक महत्त्वपूर्ण पक्ष हो । प्रभावशाली स्थानीय अगुवाहरूले अभिभावकहरूलाई विद्यालयपश्चात् पढाइ कार्यकलापहरूमा सहभागी हुन तथा बालबालिकालाई कथा सुनाउने समयजस्ता परिवारमा आधारित कार्यकलापहरूमा संलग्न गराउनुको महत्त्वबारे बुझाउन सक्दछन् । सामुदायिक परिचालकहरू प्रारम्भिक कक्षा पढाइ कार्यकलापका लागि महत्त्वपूर्ण स्रोत हुन् र उनीहरूले सम्बन्धित घरपरिवारमा पुगी वयस्क व्यक्तिहरूलाई साना बालबालिकाहरूको पठन सिपविकासका लागि प्रोत्साहित गर्न सक्छन् । विशेषत: उनीहरूले स्थानीय

परिवेश अनुरूप प्रारम्भिक कक्षाका विद्यार्थीहरूलाई पठन सिपप्रति प्रोत्साहित/सहयोग गर्न परिवारलाई आकर्षण गर्ने किसिमका कार्यकलापहरूको पहिचान गर्न सक्दछन् ।

**पारिवारिक संलग्नता कार्यकलाप**

- **स्थानीय पढाइ सामग्रीको विकास गर्ने**:समुदायका जेष्ठ एवम् अन्य जानकार सदस्यहरूलाई पोस्टर वा साधारण पुस्तकहरू तयार पार्नका लागि लोककथाहरू सङ्कलन गर्न प्रोत्साहित गर्ने । सामग्रीहरूको विकास गर्नका लागि स्थानीय लेखक तथा कलाकारहरूको पहिचान गर्न समुदायका सदस्यहरूसँग परामर्श गर्ने । विचारहरूको सिर्जना गर्नका साथै लोककथाको पहिचान गर्नका लागि सामुदायिक मञ्च, शिक्षक अभिभावक सङ्घ र विद्यालय व्यवस्थापन समितिको बैठकहरूलाई उपयोग गर्ने ।
- **प्रारम्भिक कक्षा पढाइ कार्यकलापलाई समावेश गर्न टोल पढाइ समूह (टो.प.स.) जस्ता समुदायमा आधारित स्थानीय संस्थाहरूस''ग सहकार्य गर्ने** :टोल पढाइ समूह प्रारम्भिक कक्षा पढाइ कार्यकलापहरूलाई प्रवर्धन गर्नका लागि सहकार्य गर्ने समुदायका सदस्यहरूको एक अनौपचारिक समूह हो । टोल पढाइ समूहलाई विद्यालय तहमा शिक्षक अभिभावक सङ्घसँग जोड्न र/वा आमा समूह, बालक्लब, खानेपानी उपभोक्ता समूह जस्ता समुदायमा आधारित संस्थाहरूसँग आवद्ध गराउन सकिन्छ ।
- **घरमा पढ्न र विद्यालयपश्चात्का पढाइ कार्यकलापहरूमा पठन सिपलाई प्रोत्साहन गर्न परिवारलाई उत्प्रेरित गर्ने तरिकाहरू पत्ता लगाउने** :घरमा कथा भन्ने र सुन्ने समय छुट्याउन प्रोत्साहित गर्ने ।अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई पारिवारिकर लोककथाहरू भन्ने । ठुला दाजुदिदीहरूले साना भाइबहिनीहरूलाई पुस्तकालय तथा पढाइ कुनाबाट ल्याइएका किताबहरू पढेर सुनाउन सक्दछन् ।आफ्ना बालबालिकाहरूलाई पढाइ कुना, समुदाय तथा विद्यालय पुस्तकालय, सामुदायिक सिकाइ केन्द्र वा बालबालिकाहरूसँग सम्बन्धित पुस्तकहरू प्राप्त गर्न सकिने ठाउँहरूमा लैजान अभिभावक तथा परिवारका सदस्यहरूलाई प्रोत्साहित गर्ने । यो कार्य पनि छलफल र जनचेतना अभियानको एउटा अङ्ग हुन सक्छ ।

**प्रशिक्षक निर्देशन**

**सम्भावित क्रियाकलाप (९० मि)**:

१. बालबालिकाको पढाइ सिपविकासमा अभिभावक तथा समुदायको भूमिका पहिचानका लागि मामला अध्ययन एउटा प्रभावकारी तरिका हुन सक्छ । एउटा नमुना क्रियाकलापका रूपमा तल दिइएका मामलाहरू समूहमा अध्ययन गर्न लगाई निम्न प्रश्नहरूका आधारमा छलफल गराउनुहोस्

**प्रश्नहरू**:

१. दिइएको केसमा राम्रो अभ्यास के पाउनुभयो ?

२. यसमा शिक्षक र अभिभावकको कस्तो भूमिका देखियो ?

३. यसमा चुनौतीहरू के के हुन सक्छन् ?

४. तपाईंको परिवेशमा प्रयोग गर्न सक्ने सम्भावना कत्तिको देख्नुहुन्छ ?

५. यस्तै अरू सम्भावनाहरू के हुन सक्लान् ?

**मामलाहरू:**

**मामला १**. *रमेश कक्षा १ मा पढ्छन् । उनका बुबाआमा दुवैजना पढ्न लेख्न जान्दैनन् । आफू निरक्षर भएकाले भोग्नुपरेको समस्या आफ्ना छोरा छोरीले भोग्नु नपरोस् भन्ने कुरामा उनीहरू सचेत छन् । छोराको पढाइ राम्रो बनाउन के गर्न सकिएला भनेर उनीहरू बेला बेलामा विद्यालयमा गएर वा शिक्षकलाई भेटेर सल्लाह समेत लिने गर्दछन् । शिक्षकबाटै पाएको सल्लाहअनुसार आफूले पढ्न नजाने पनि सम्भव भएसम्म हरेक बेलुका सुत्नुभन्दा अगाडि कम्तीमा १० मिनेट भए पनि उनीहरू रमेशले पढेका कुरा सुनिदिने गर्दछन् । कहिलेकाहीँ आफूले नभ्याउँदा रमेशका हजुरबुबालाई भए पनि त्यसरी पढेको सुन्न लगाउँछन् । रमेशले कुनै कुरा पढ्न नसक्दा उनीहरू आफूलेसहयोग गर्न त सक्दैनन् तर कक्षा ६ मा पढ्ने रमेशकी दिदीलाई पढ्न लगाई रमेशलाई सुन्न लगाउँछन् । यसरी पढ्ने सामग्री उनीहरू आफैँ किनिदिन सक्दैनन् । तसर्थ विद्यालयका पुस्तकालयबाट पुस्तकहरू सापटी लिन उनीहरू रमेशलाई प्रोत्साहित गर्छन् र पुस्तकको जतन गर्न पनि सिकाउँछन् । यसका साथै आफ्नो छरछिमेकमा रहेका अन्य बालबालिकाहरूले पुस्तकालयबाट सिकेका नयाँ नयाँ कुराहरूबारे जानकारी लिन्छन् र यस बारेमा आफ्ना छोराछोरीलाई जानकारी गराउँछन् । मासिक रूपमा गाउँटोलका सबै अभिभावक जम्मा भई आफ्ना बालबालिकाको सिकाइका बारेमा समीक्षासमेत गर्छन् ।*

**मामला २**. *रमिला कक्षा ३ मा पढ्छिन् । उनका बुबाआमा दुवैजना किसान हुन् । उनका बुबाले कक्षा सातसम्म पढेका छन् भने आमाले कक्षा ५ पास गरेकी छिन् । त्यसैले उनीहरू सामान्य लेखपढ गर्न सक्छन् । पहिले उनीहरू छोरीको पढाइमा खासै सहभागी हुँदैनथे । तर विद्यालय एवम् शिक्षकहरूले बारम्बार रमिला पढाइमा अत्यन्तै कमजोर भएकोले घरमा अलि ध्यान दिन अनुरोध गरेपछि उनीहरू त्यसतर्फ अलि सचेत भए । शिक्षककै सल्लाहअनुसार उनीहरूले छोरीलाई विद्यालयको पुस्तकालयबाट हप्तामा कमसेकम दुई ओटा पुस्तक लिएर आउन लगाए । बेलुका घरमा सबै काम सकिसकेपछि रमिलालाई अगाडि राखी सुरु सुरुमा आफैँले औँलाले देखाउँदै पढेर सुनाउने अनि उनलाई पनि पढ्न लगाउने गर्न थाले । यो क्रम चल्दै जाँदा विस्तारै रमिलाको पढाइ सिपमा सुधार हुँदै जान थाल्यो । अहिले रमिला हप्तामा चार ओटासम्म पुस्तक पढ्छिन् । कुनै कुनैमा बुबाआमाको केही सहयोग चाहिन्छ । यद्यपि उनले पढेको भने बुबाआमाले सधैँ सुनिदिन्छन् । त्यति मात्र नभएर लामो विदाका बेला घर नजिकै रहेको सामुदायिक पुस्तकालयबाट समेत पुस्तक ल्याई रमिला मात्र नभई बुबाआमा समेत पनि आफूलाई काम लाग्ने खालका पुस्तक पढ्न थालेका छन् ।*

**मामला ३**. *सुनिता कक्षा २ मा पढ्छिन् । उनका बुबाआमा दुवैजना शिक्षित छन् । उनीहरू सुनिताको पढाइ सिप विकास गराउन विद्यालयको पठनपाठनले मात्रै पुग्दैन, घरमा पनि समय दिनुपर्छ भन्ने कुरामा सचेत छन् । त्यसैले विभिन्न किसिमका बालसाहित्य सम्बन्धी पुस्तकहरू मात्र नभई बालपत्रिकाहरू समेत घरमा ल्याइदिने गर्छन् । यसका साथै रेडियो टेलिभिजनमा पनि ज्ञानवर्धक र शैक्षिक कार्यक्रम हेर्न, सुन्न प्रेरित गर्छन् । घर वरिपरि, समुदायमा, विद्यालयमै वा अन्यत्र कतै देखिने, भेटिने सूचना पाटीमा लेखिएका एकदमै सामान्य सूचना वा नाम मात्र वा सङ्केत चिह्नहरू आदि पढ्न समेत उनीहरू सुनितालाई प्रेरित गर्छन् । साथै आफू घर बाहिर जाँदा वा अन्य बेलामा सानासाना*

*नोटहरू लेखी सो पढ्नुपर्ने वातावरण सिर्जना गर्छन् । यसका साथै सुनितामा कक्षामा अर्कोदिन पढाइ हुने विषयवस्तु आफैंले एक पटक घरमा अध्ययन गर्ने र नयाँ तथा अप्ठ्यारा कुराहरू भोलिपल्ट कक्षामा शिक्षकलाई सोध्ने बानीको समेत विकास भएको छ । सुनिताका बुबाआमा आफ्नो टोल छिमेकमा अलि जान्ने सुन्ने भएको नाताले अन्य अभिभावकहरूमा पनि बालबालिकाको पढाइमा अभिभावकहरूको सहभागिता सम्बन्धी सचेतना फैलाउने, समुदायका बालबालिकाहरूका लागि पढाइ/सिकाइ समूह/केन्द्रको व्यवस्था गर्ने आदि कार्यमा नेतृत्व लिन्छन् । साथै विद्यालय र शिक्षकहरूसँग पनि समय-समयमा अन्तरक्रिया गर्दछन् ।*

**मामला ४**.*मुकुन्द कक्षा ३ मा नेपाली विषयका शिक्षक हुन् । उनी पाठ्यपुस्तकमा आधारित शिक्षण सिकाइले मात्र विद्यार्थीमा पठन सिपको पर्याप्त विकास गराउन सकिँदैन भन्ने कुरामा सचेत छन् । त्यसैले उनी विभिन्न किसिमका खोज र प्रयोग गर्ने गर्छन् । उनको कक्षामा केही विद्यार्थीहरू धेरै कमजोर छन् । त्यसैले उनले ती विद्यार्थीहरू लगायत अन्यको पढाइ सिप विकासमा सहयोग पुग्छ कि भनेर कक्षाका सम्पूर्ण विद्यार्थीहरूलाई चार/चार जनाको समूहमा विभाजन गरेका छन् । यी समूहहरू ६-८ हप्ताका लागि उही रहन्छन् र यिनको मुख्य काम भनेको समूहमा रहेर विभिन्न सामग्रीहरू पढ्नु हो । यस्ता पढाइ समूहमा अलि राम्रो विद्यार्थीले अलि कमजोरलाई सहयोग गर्ने, पढेका विषयवस्तुमा छलफल गर्ने, भोलिपल्ट पढाइ हुने विषयवस्तुको पूर्वतयारी गर्ने जस्ता अभ्यासहरू हुन्छन् । त्यसैगरी व्यक्तिगत रूपमा आत्ममूल्याङ्कन गर्ने, समूहमा एकले अर्काको मूल्याङ्कन गरी पृष्ठपोषण आदानप्रदान गर्दै एकले अर्कालाई सहयोग गर्ने समेत गर्दछन् । यस प्रकारको क्रियाकलापले विद्यार्थीहरूमासमूह सिकाइ संस्कृतिको विकास हुनुका साथै मुकुन्दलाईपनि पूर्वतयारीका साथ कक्षामा जान एवम् निरन्तर विद्यार्थी मूल्याङ्कन र उपचारात्मक शिक्षण गर्नमा समेत सहयोग पुगेको छ ।*

**मामला ५**.*गत हप्ता श्री बाल जागृति प्रा. वि.मा पढाइ मेलाको आयोजना गरियो । उक्त मेला विद्यालयको बालक्लबको अगुवाइमा सञ्चालन भएको थियो र कक्षा १-३ का विद्यार्थीलाई लक्षित गरिएको थियो । यद्यपि कक्षा ४ र ५ का विद्यार्थीले पनि सहजीकरण गरेका थिए । उक्त मेलामा कक्षा १-३ का स्तर सुहाउँदा विभिन्न किसिमका पढाइ सामग्रीहरू राखिएका थिए, जसका लागि विद्यालयकै पुस्तकालय र नजिकैको सामुदायिक पुस्तकालयका अतिरिक्त स्थानीय केही अभिभावकहरू समेतले पुस्तक उपलब्ध गराएका थिए । मेलाको मुख्य क्रियाकलाप भनेको विद्यार्थीहरूले आगन्तुकहरूलाई पढेर सुनाउने थियो । यसका अलावा बालबालिका र अभिभावक मिलेर कुनै पुस्तक पढी सो सम्बन्धी छोटो प्रस्तुति गर्ने, पढेका आधारमा चित्र बनाउँने, कथा भन्ने वा भूमिका अभिनय गर्ने जस्ता क्रियाकलापहरू पनि समावेश गरिएका थिए । शिक्षक र अभिभावक सहितको अवलोकन तथा मूल्याङ्कन समितिद्वारा मेलामा उत्कृष्ट प्रदर्शन गरेका विद्यार्थीहरू छनोट गर्ने र उनीहरूलाई पुरस्कृत गर्ने व्यवस्था समेत गरिएको थियो । पुरस्कारका रूपमा केही नयाँ पुस्तकहरू वितरण गरिएको थियो, जसका लागि स्थानीय स्रोत केन्द्र एवम् गैर-सरकारी संस्थाहरूले सहयोग गरेका थिए ।*

सबै मामलामा छलफल गरिसकेपछि बालबालिकाको पढाइ सिप विकासमा अभिभावक तथा समुदायको भूमिकाबारे सूची तयार पार्न लगाउनुहोस् ।

| | |
|---|---|
| २. | सहभागीहरूलाई ४ समूहमा विभाजन गरी कक्षाकोठा बाहिर बालबालिकाको पढाइ अभ्यास बढाउनमा शिक्षकले कस्तो कस्तो भूमिका खेल्न सक्छन् भन्ने विषयमा छलफल गरी फ्लिप चार्टमा लेख्न लगाउनुहोस् । ग्यालरी वाकको माध्यमबाट सबै समूहको प्रस्तुतिमा छलफल गराउँदै प्रशिक्षकले छुटेका कुरा थप गर्नुहोस् । |
| ३. | अघिल्लो क्रियाकलापबाट देखिएका भूमिका निर्वाह गर्ने क्रममा शिक्षकलाई कस्तो खालको चुनौती आइपर्न सक्छ भनी अघिकै समूहमा छलफल गरी टिपोट गर्न लगाउनुहोस् । समूहहरूले लेखिसकेपछि एउटा समूहबाट आएका चुनौतीहरूको समाधान अर्को समूहलाई लेख्न लगाउनुहोस् । अन्त्यमा आवश्यकताअनुसार प्रशिक्षकले निचोड दिनुहोस् । |
| ४. | राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रममा सामाजिक तथा सामुदायिक परिचालन, पैरवी र जनचेतना एवम् परिवार र घरायसी संलग्नताका बारेमासङ्क्षिप्तप्रस्तुतिसहित छलफल गराउनुहोस् । |

## एकाइ ११

# परियोजना कार्य

तालिम कार्यशाला खण्ड सम्पन्न गरेपछि सञ्चालन गरिने दोस्रो स्वध्ययन अभ्यास खण्डमा प्रत्येक प्रशिक्षार्थीले देहायअनुसारको विशिष्टीकरण मापदण्ड बमोजिम परियोजना कार्य सम्पादन गर्नुपर्ने छ ।

**७.१ परियोजना कार्य बिशिष्टीकरण मापदण्ड**

स्वाध्याय अभ्यासका लागि जम्मा ४ ओटा कार्य निर्धारण गरिएको छ । प्रत्येक परियोजनाको परिणामका (Output) रूपमा प्रत्येक प्रशिक्षार्थीले प्रतिवेदन स्वरूपको अलगअलग दस्तावेज शैक्षिक तालिम केन्द्र वा अगुवा स्रोत केद्र समक्ष अनिवार्य रूपमा पेश गर्नुपर्ने तथा प्रशिक्षकसमक्ष प्रस्तुतीकरण गर्नुपर्ने छ ।

**क. प्रारम्भिक कक्षा पढाइ सम्बन्धी तालिम विश्लेषण**

- तालिमको संक्षिप्त समीक्षा
- तालिमले कक्षामा पुर्‍याएको सहयोग
- बालबालिकाको सिकाइमा आएको परिवर्तन

**ख. तत्त्वगत रुपमा पठन सिप शिक्षणको विवेचना**

- तालिम पश्चात् शिक्षक निर्देशिकाको एक हप्तासम्मको प्रयोगको प्रतिविम्बन
- तत्त्वगत शिक्षणमा भएको सहजता तथा कठिनाइहरुको विवेचना
- कठिनाइ न्युनीकरण गर्न गरिएका प्रयासहरु

**ग. कक्षाकोठा पुस्तकालयको उपयोग**

- उपलब्ध सन्दर्भ सामग्रीको प्रयोग गरी गरिएका तिनओटा क्रियाकलापको वर्णन
- ति क्रियाकलापका सबल तथा सुधार गर्नुपर्ने पक्षको विवेचना
- सन्दर्भ सामग्रीको प्रयोगप्रति बालबालिकाको उत्साहको अध्ययन
- सन्दर्भ सामग्रीले पठन सिप विकासमा खेलेको भूमिका विश्लेषण

**घ. कक्षाकोठा भित्रका सिकाइ विविधता व्यवस्थापन**

- विविध सिकाइ क्षमता भएका बालबालिकाहरुको अध्ययन
- तिनको पठन सिप विकासका लागि अपनाएका उपायहरु
- ति उपायहरुको सफलता तथा चुनौति विश्लेषण
- चुनौतिको सामना गर्न सम्भावित उपायहरु

**ङ. समुदाय परिचालन कार्यक्रम अध्ययन**

- प्रारम्भिक कक्षा पढाइ कार्यक्रम अन्तर्गत समुदाय परिचालन कार्यक्रमले समुदायमा गरेका क्रियाकलापहरूको अध्ययन
- उक्त कार्यक्रमहरुले बालबालिकाको पठन सिप विकासमा पुर्‍याएको सहयोगको विश्लेषण
- बालबालिकाको पठन सिप विकासमा विद्यालय तथा समुदायको सहकार्यका थप सम्भावनाहरु

**च. भाषा बाहेकका विषयको सिकाइमा पठन सिपको प्रयोग र विश्लेषण**

- प्रारम्भिक तहको कुनै एक कक्षामा विज्ञान, गणित वा सामाजिक विषयका सिकाइ

उपलब्धिहरुको अध्ययन

- ति सिकाइ उपलब्धि हासिल गर्नमा पढाइ सिपको भूमिका विश्लेषण
- उक्त विषय शिक्षणका क्रममा पढाइ सिप शिक्षणका सम्भावना

**७.२ विद्यालयमा गरिएको अभ्यास कार्यको प्रतिवदेनको ढाचा**

**क. परिचय**

- तालिमको विषय र सञ्चालन मिति
- सिकाइ भएका मुख्य मुख्य कुरा
- सिकेका कुरा शिक्षण सिकाइमा प्रयोग गरिएको वा अभ्यास गरिएको विषय र मिति

**ख. अभ्यास कार्यको तयारी**

- अभ्यास कार्यको योजना
- प्रधानाध्यापक र अन्य शिक्षकसँ ग  बैठक : आफूले सिकेका कुराको जानकारी र अभ्यास कार्य अवलोकन र पृष्ठपोषण माग गर्नका लागि
- सामग्री निर्माण , आदि ।

**ग. अभ्यास कार्य**

- अभ्यास अवधिमा शिक्षण सिकाइ गरिएका मुख्य मुख्य विषय वस्तुमा शिक्षण सिकाइका क्रियाकलाप, सिकाइको लेखाजोखा
- सहकर्मी शिक्षक, प्रधानाध्यापक र रोष्टर प्रशिक्षक वा विद्यालय निरीक्षक वा स्रोत व्यक्तिबाट कक्षा अवलोकन, प्राप्त पृष्ठपोषण र त्यसको कार्यान्वयन (अवलोकन गर्ने व्यक्तिले सम्बन्धित पाठ योजनामा हस्ताक्षर गरेको हुनु पर्ने)

**घ. अभ्यास कार्यको अवधिमा गरेको परियोजना कार्य वा कार्यमूलक अनुसन्धान**

- कुन अध्ययन कार्य कसरी गरियो
- अध्ययन कार्यबाट शिक्षण सिकाइमा कुनै सहयोग पुगेको भए त्यसको अनुभव

**ङ. अभ्यास कार्यको अनुभव**

- समग्र विद्यार्थीको सिकाइमा परेको प्रभाव
- कमजोर ठानिएका विद्यार्थीको सिकाइमा परेको प्रभाव

**च. अभ्यास कार्यको समग्र अनुभव र निष्कर्ष**

**छ. अभ्यास कार्यमा प्रधानाध्यापकको अनुभव सहितको हस्ताक्षर (अनुभव प्रधानाध्यापक स्वयंले लेखेको हुनु पर्ने छ )**

**ज. शिक्षकको नाम र हस्ताक्षर**

**विद्यालयका नाम**

**सम्पर्क फोन**

(अभ्यास कार्यका लागि तयार गरिएका १५ ओटा पाठ योजनाको खाका अनुसूचिमा संलग्न हुनुपर्ने छ)